२८६

# भक्तपुर मासिक

Bhaktapur Monthly
भाद्र २०७७

ISSN 2705-4454
9 772705 445004



## ङातापोल्हँ मन्दिर जीर्णोद्धार सम्पन्नपछिको

## निर्देशक समिति बैठक


- 'गणतन्त्रका शासकमा सामन्ती भाषा र पक्षपात चालु रहनु राम्रो लक्षण होइन'
- 'नपालाई नगरवासीहरूको सकारात्मक साथ र सहयोग'
- भक्तपुर काण्डः राज्यद्वारा रचित एक असफल षड्यन्त्र
- भक्तपुर नगरको ऐतिहासिकता
- कान्तिपुरका मल्लकालीन दरबारिया भारदारहरू
- नबिराउनु, नडराउनू
- रणजित मल्ल र सातबहाले राजकुमारहरू
- थोमस अल्वा एडिसन
- गानोडर्मा च्याउ र उपयोगिता
- भक्तपुर नपाका गतिविधिहरू



प्रमुख सुनिल प्रजापति कोभिड १९ रोग नियन्त्रणको लागि भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा निगरानीको लागि भदौ १ गतेदेखि नपाका कर्मचारीहरू खटाउन आयोजित बैठकमा (साउन ३२ गते)



प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर प्रकोप व्यवस्थापन केन्द्रको बैठक (भाद्र ३ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०　　फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०　　भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क १० ★ नेसं ११४० ★ विसं २०७७ भाद्र ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)



'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘कठोर परिश्रमबाटै मानिसले सबैथोक पाउन सक्छ ।’**

**- चार्वाक**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘गणतन्त्रका शासकमा सामन्ती भाषा र पक्षपात चालु रहनु राम्रो लक्षण होइन’ | नारायणमान बिजुक्छेँ | ३ |
| २) | ‘नगरवासीहरूले नपाका हरेक निर्णयलाई सकारात्मक रूपमा लिई साथ र ... | प्रमुख प्रजापति | ६ |
| ३) | ‘समन्वय र सहकार्यले मात्रै कोरोनाबाट बचाउन सकिन्छ’ | प्रमुख सुनिल प्रजापति | ८ |
| ४) | भक्तपुर काण्ड : राज्यद्वारा रचित एक असफल षड्यन्त्र | विवेक | १२ |
| ५) | भक्तपुर काण्ड : राजनैतिक इतिहासमा कालो दिन | उकेश कवां | १४ |
| ६) | गोविन्द दुवालसँगको अन्तरवार्ता | गोविन्द दुवाल | १५ |
| ७) | ‘भक्तपुर काण्ड’ सम्बन्धी पुस्तकहरूबारे | समा | १७ |
| ८) | भक्तपुर नगरको ऐतिहासिकता | डा. हरिराम सुवाल | २० |
| ९) | नबिराउनु, नडराउनू | रसिक | २२ |
| १०) | कान्तिपुरका मल्लकालीन दरबारिया भारदारहरू | डा. बलराम कायस्थ | २४ |
| ११) | नेवारी संस्कारमा गरुड पुराण र त्यसभित्र लुकेको मानव विज्ञान | डा. वीरेन्द्रप्रसाद कायस्थ | ३१ |
| १२) | रणजित मल्ल र सातबहाले राजकुमारहरू | ओम धौभडेल | ३३ |
| १३) | तलेजु भवानीलाई महिष बलि र परिकार | रविन्द्र मुनंकर्मी | ३८ |
| १४) | महान वैज्ञानिक थोमस अल्वा एडिसन | राजेन्द्रबहादुर कायष्ठ | ४० |
| १५) | गानोडर्मा च्याउ र उपयोगिता | सबिन ख्याजू | ४९ |
| १६) | पुर्वजहरूको निर्माण प्रविधिबारे ध्यान दिने कि ? | गणेशभक्त शिल्पकार | ५१ |
| १७) | भक्तपुर नगरापलिकाको बैठक निर्णय | – | ५८ |
| १८) | भक्तपुर काण्डको भर्त्सना कार्यक्रम | – | ६२ |
| १९) | भक्तपुर काण्ड पञ्चायतले योजनाबद्ध तरिकाले रचेको षड्यन्त्र | – | ६३ |
| २०) | भक्तपुर नपामा भक्तपुर काण्डको भर्त्सना | – | ६४ |
| २१) | स्वयम्सेवकहरूबीच अभिमुखीकरण कार्यक्रम | – | ६५ |
| २२) | सम्पदा पुनःनिर्माणमा समुदायको सहभागिता प्रभावकारी | – | ६६ |
| २३) | लोकप्रिय कवि घिमिरेको निधन | – | ६७ |
| २४) | भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा निगरानीको लागि कर्मचारीहरू खटाइयो | – | ६८ |
| २५) | काठमाडौ उपत्यकामा निषेधाज्ञा | – | ६८ |
| २६) | सरकारले जिम्मेवारी बहन नगर्दा जनताले दुःख पाए | – | ६९ |
| २७) | अनलाइन माध्यमबाट पठनपाठन अगाडि बढाउनुको विकल्प छैन | – | ७० |
| २८) | राष्ट्रिय परिचयपत्र वितरण स्थगित गर्ने निर्णय | – | ७१ |
| २९) | भक्तपुर नपामा प्रमुख प्रशासकीय अधिकृतको बिदाइ र स्वागत | – | ७२ |
| ३०) | सहकारी संस्थाहरूको साधारणसभा सञ्चालनबारे अन्तरक्रिया | – | ७३ |
| ३१) | मौलिकता जोगिने गरी संरक्षण हुनु उदाहरणीय | – | ७४ |
| ३२) | खेलको प्रमाणपत्रलाई शैक्षिक मान्यता दिई रोजगारीको सृजना गर्नुपर्ने | – | ७४ |
| ३३) | ङातापोल्हँ मन्दिर संरक्षण कार्यको प्रतिवेदन | – | ७५ |
| ३४) | कोरोनासँग निहुँ नखोजौँ (सम्पादकको पृष्ठ) | – | ९२ |

**साथमा** : रङ्गीन पृष्ठ-४५/भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ-संस्थाहरूको नामावली-५४/ नेपालमा कोरोना सङ्क्रमण-५५/विश्वमा कोभिड-१९ को स्थिति-५६/परीक्षा नतिजा निकाल्दा बेथिति हटाउनु पर्ने-६६/भक्तपुरमा अत्यावश्यक बाहेकका सबै सेवा बन्द-६७/भक्तपुरमा सार्वजनिक यातायात बन्द-७०/भक्तपुरको रानीपोखरी जीर्णोद्धार कार्य पुनः सुचारु-७२/मालपोत कर र घर-जग्गा दररेटसम्बन्धी अभिमुखीकरण-७९/बजार अनुगमन-७९/ङातापोल्हँ निर्माण कथा (६)-८०/स्क्रब टाइफस के हो ? लक्षण र बच्ने उपाय-८६/पाठकपत्र-८७/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१०) -८८/SKETCHES FROM NIPAL (52) Henry Ambrose Oldfield-९० ।

# "गणतन्त्रका शासकमा सामन्ती भाषा र पक्षपात चालु रहनु राम्रो लक्षण होइन"

**- नारायणमान बिजुक्छेँ**

(नेपाल मजदुर किसान पार्टीविरुद्ध पञ्चायती राज्यस्तरबाट रचिएको २०४५ भदौ ९ को कालो दिन 'भक्तपुर काण्ड' को सन्दर्भमा नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) सँग 'श्रमिक' साप्ताहिकले लिएको अन्तर्वार्ता साभार प्रस्तुत छ)

***'श्रमिक' - अध्यक्षज्यू, नेपालको राजनीतिक इतिहासमा कालो दिनको रूपमा सम्झिइने २०४५ साल भदौ ९ गतेको 'भक्तपुर काण्ड' का नकारात्मक शिक्षाबारे केही बताइदिनु हुन्छ कि ?***

**का. बिजुक्छेँ –** भक्तपुर र केही जिल्लाका हाम्रा कार्यकर्ताहरूलाई शत्रुले आलोचना, विरोध र जोरी खोजेर होइन, प्रशंसा गरेर, फकाएर, पद र पैसाको लोभ देखाएर, गल्ती–कमजोरीको पनि तारिफ गरेर बाटो बिराउन दिएका थिए । यसकारण, शत्रुको प्रशंसा र तारिफबाट बच्नु आवश्यक छ । विरोध गर्दा शत्रु र हाम्रोबीचको भिन्नता प्रस्ट हुन्छ, को हाम्रो मित्र र को हाम्रो शत्रु प्रस्ट हुन्छ ।

**'श्रमिक' - यहाँले "भक्तपुर काण्ड" मा भक्तपुरमाथि गरिएको दमन पृथ्वीनारायण शाहले काठमाडौंमाथि विजय प्राप्त गरेपछिको सबभन्दा नृशंस भएको अभिव्यक्ति दिनुभएको थियो । बहुदलीय व्यवस्थामा हुर्किएका नयाँ पुस्ताको निम्ति यसबारे प्रकाश पारिदिनु हुन्छ कि ?**

**का. बिजुक्छेँ –** पृथ्वीनारायण शाहले मित लगाएर धोका दिएका हुनाले उपत्यकाका जनताले त्यस विश्वासघातलाई बिर्सन सकेनन् । आज पनि कतिपय परिवार सरकारी जागीर खान मान्दैनन् ।

पृथ्वीनारायण शाहले प्रत्यक्ष हमलामात्र गरेका थिएनन् । बरु दाजुभाइलाई फुटाउने, काठमाडौं, ललितपुर, भक्तपुरका जनतामाझ आपसमा वैमनश्य फैलाउने, झूटा प्रचार गर्ने, आफूले हत्या गर्न लगाएर आफ्नै दाजुभाइले हत्या गरेको भनी हल्ला फैलाउनेजस्ता कुटिल कार्यहरू गरेको आज पनि जनमानसमा गडेकै छ । २०४५ सालमा पञ्च भएका र मण्डलेहरू आज कतिपय एमाले, एमाओवादी, चौथो महाधिवेशन (जनमोर्चा) आदिमा प्रवेश गरेको देख्दा यी शासक दलहरूको नाम फरक भए पनि सारमा जनविरोधी नै हुन् भन्ने बुझ्न



साधारण जनतालाई गाऱ्हो छैन ।

बनेपा र धुलिखेल, पनौति र खोपासी, कीर्तिपुर र पाङ्गा, साँखु र भक्तपुरका जनताको माझमा झगडा लगाउने काम गरेका कथाहरू सुन्थ्यौँ । स्थानीय जनतालाई मारेर कयौँ इनारमा फालिएको हुन्थ्यो र त्यस्ता इनारको पानी जनताले प्रयोग गर्दैनथे । उपत्यकाका अन्य टोल बस्तीमा पनि यस्ता घटनाहरू भएको बताइन्थ्यो । यसकारण, काठमाडौं उपत्यकाका कतिपय परिवार इन्द्रजात्रा नै हेर्न जाँदैनन् ।

बहुदलीय व्यवस्थामा पनि शासकवर्गद्वारा फास्ट ट्र्याकको नाउँमा, रङ्गशाला र ५०–६० मिटर फराकिलो सडक बनाउने नाममा सारा गाउँ, खेतीपाती, मन्दिर र पीठहरू सबै मास्ने षड्यन्त्र चालु छ । सिधासादा जनताको उर्वर भूमि बाध्य पारी सस्तोमा किन्ने र महँगोमा बेच्ने, सेना र प्रहरी लगाउनेजस्ता कार्यले पृथ्वीनारायण शाहकै आक्रमणको

इतिहासलाई स्थानीय जनताले सम्झेका छन् । पक्षपात, झूट र बेइमानीले समाजमा आमूल परिवर्तनको कल्पना गर्न सकिन्न । समृद्धि र समाजवाद शासकको निम्ति होइन, अत्यन्त बहुमत जनताको निम्ति हो । शासकवर्गको सद्भावनाबिनाको आतङ्क, डकैती हो । यसकारण, नयाँ पुस्तालाई व्यक्तिगत स्वार्थ, पद र पैसाको निम्ति होइन, व्यापक जनताको हितमा सङ्घर्ष गर्न शिक्षित गर्नु आवश्यक छ ।

**'श्रमिक' - भक्तपुर काण्डको बेला पत्रकार, वकिल, बुद्धिजीवीलगायत थुप्रैले सहयोग गर्नुभयो । उहाँहरूको सहयोगको लागि नेमकिपा सधैं अनुग्रहित भएको पाइन्छ । ती सहयोगी बुद्धिजीवीहरूलाई आज कसरी सम्झन चाहनुहुन्छ ?**

**का. बिजुक्छें –** अन्याय र षड्यन्त्रको विरोधमा वरिष्ठ अधिवक्ता साथीहरू, पत्रकार मित्रहरू, बुद्धिजीवी र राजनैतिक नेताहरूको सहयोग र योगदानबारे हरेक साल सबैजसो वर्गीय सङ्गठनले स्मरण गर्ने गर्छन् ।

२०४५ सालको घटनाभन्दा अगाडि ऋषिकेश शाह, कृष्णप्रसाद भण्डारी, राममान श्रेष्ठलगायत बुद्धिजीवी साथीहरूले कूटनीतिबारे, अधिवक्ताहरूद्वारा बदलिँदो समाजमा नयाँ के कस्ता विषयमा अध्ययन गर्ने र गणित एवम् विज्ञानको शिक्षाबारे प्राध्यापक साथीहरूमार्फत अनौपचारिक कक्षा सञ्चालन गराइएको थियो ।

> 'शोषकवर्गको राज्यसत्ता भएसम्म कामदारवर्गमाथि अनेक षड्यन्त्रहरू भइरहन्छन्, जर्मनीमा समेत हिटलरको पालामा आफैले 'राइखस्टाग' अर्थात् संसद् भवनमा आगो लगाउन दिएर कम्युनिस्टहरूमाथि आरोप लगाइएको थियो, तर पछि सरकार आफै उदाङ्गियो । एउटा चाखलाग्दो विषय हो- त्यो आगो लगाउने व्यक्ति कुनै पार्टीभित्र कार्यकर्ताको रूपमा काम गर्ने गुप्तचर थियो । नेपालका अनेक कम्युनिस्ट भनिएका दलहरूमा त्यस्ता 'उत्तेजना फैलाउने' (एजेन्ट प्रभोकेटर) हरूको कुनै कमी छैन ।'

सम्भवतः त्यसैलाई कुनै राजनैतिक गतिविधि वा सरकारविरोधी षड्यन्त्रको योजना सम्झेका होलान् । एकपटक एक अर्थशास्त्री एवम् कूटनैतिक व्यक्तिले राजनीतिक व्यक्तिले राजासँग भेटेर कुरा गर्नु आवश्यक भएको भनेका थिए । राजालाई पनि देश र जनताको हितमा चित्त बुझाउनुपर्छ भन्नेबारे २-४ पटक छलफल भयो । अन्तमा, एक निश्चित दिनको १० बजे राजासँग भेट गर्ने कार्यक्रम तयार भयो । तर, त्यस दिन बिहान ८ बजे फोनको घण्टी बज्यो र १० बजेको कार्यक्रम स्थगित भयो । बिहान ९ बजे आएर सबै व्यहोरा अवगत गराउने जानकारी प्राप्त भयो ।

थाहा भयो, दरबारमा 'रोहितलाई भेट्नुहुन्न' भन्ने पक्षमा सेना, प्रहरी, गुप्तचर विभाग र दरबारियाहरू पनि थिए । रोहित पेस्तोल लिएर हिंड्ने, बम बनाउने आदि 'कथाहरू' रहेछन् । दरबारमा पहिले निर्धारित कार्यक्रम स्थगित भएको त्यही एकमात्र घटना थियो ।

मैले गाउँ-गाउँका साथीहरूबाट जानकारी पाउने गरेको थिएँ – हाम्रा विरोधीहरू हरेक मिर्मिरे उज्यालोमै प्रधान सेनापति, आईजी, गुप्तचर विभागका आईजी र अञ्चलाधीशकहाँ गएर पनि हाम्रो विरोधमा साम्प्रदायिक पोलहरू लगाउँथे । २०४५ भदौ ९ पछि ती रिपोर्टहरूको केही अर्थ छ भन्ने बुझें ।

२०४५ सालमा जेलबाट छुटेपछि राजासँगको पहिलो भेटमै मैले सोधेको थिएँ – 'उपत्यका कब्जापछिको २२५ वर्षपछि पनि के हामी विदेशी नै हौं ?' हामी १० वर्ष प्रवासमा रहयौं तर हामीले कुनै सरकारी नेता भेटेनौं, एक कप चिया पनि सित्तैमा खाएनौं, बरु एक कप चियाको सट्टा एक कप दूधले स्वागत गर्‍थ्यौं ।

भारतीय जनताबीच हाम्रो राम्रै आवतजावत थियो । दुवै देशका जनता आ-आफ्ना राजनैतिक व्यवस्थाबाट पीडित भएकोबारे विचार विमर्श हुन्थ्यो । जनताको स्तरमा हाम्रो सम्बन्ध आपसी सद्भावनापूर्ण थियो ।

सबभन्दा उल्लेखनीय पक्ष कक्षा सञ्चालनको बेला नून र खानेकुरासमेत नारायणी, जनकपुर र सगरमाथा अञ्चलका किसान साथीहरूबाट प्राप्त हुन्थ्यो । कसै-कसैको रेलको बाटो खर्च र बिँडीको निम्ति मात्रै खर्च हुन्थ्यो । भारत सरकारका प्रतिनिधि आएर हामीलाई रासन कार्ड लिन अनुरोध गर्थे । भारतीय जनताले पाउने रासन कार्ड हामीले लिनु उचित छैन र हाम्रो काम हाम्रै गाउँ-घरबाट हुन्छ भनेर जवाफ दिन्थ्यौं ।

तर, २०४५ भदौ ९ गतेदेखि २० महिनासम्म हामीलाई नेपाली नागरिकको रूपमा होइन, 'युद्धबन्दीको' रूपमा व्यवहार गरियो । प्रहरीका हरेक जात र भाषा-भाषीले पनि हामीलाई 'ज्यानमारा' भनेर अपमान गर्थे, तिनीहरूको भाषाबाट थाहा पाउँथ्यौं – पढाइएका वाक्यहरू हुन् सबै ।

राजाले ती कुरा आफूलाई थाहा नभएको बताएका थिए । तर, अहिले जोड दिएर साथीहरूलाई भन्छु – गणतन्त्रका शासक र कार्यकर्ताहरूमा समेत त्यो सामन्ती भाषा र पक्षपात चालु छ । यो राम्रो लक्षण होइन ।

**"श्रमिक" - भक्तपुर काण्डको बेला भक्तपुरका महिला तथा विद्यार्थीले पार्टीका गतिविधि अगाडि बढाए । खासगरी "भक्तपुर काण्ड" मा ज्यान मुद्दामा फसाइएकाहरूविरुद्ध गरिएको नक्कली सर्जमिनको बेला महिलाहरूले विरोध प्रदर्शन गरे । यसलाई नेपालको महिला आन्दोलनकै प्रस्थानविन्दु मान्न सकिन्छ कि ?**

**का. बिजुक्छेँ** – २०२०–२१ सालदेखि नै महिलाहरूको रात्री कक्षा सञ्चालन सुरु भएको थियो । 'भक्तपुर काण्ड' मा सरकारको अन्याय र ज्यादतीको कारण सबै दिदी–बहिनी सडकमा आउन बाध्य भएका थिए । त्यसपछि महिला दिदी–बहिनीहरूले श्रमिक महिला सङ्गठनको महत्त्वबारे जानकारी पाएका हुन् ।

**"श्रमिक" - इतिहास दोहोरिन्छ फरक ढङ्गले भनेझैँ फेरि पनि "भक्तपुर काण्ड" दोहोरिन सक्नेबारे बेलाबेला चर्चा हुने गर्छ । पञ्चायती निरङ्कुश व्यवस्थाको अन्त भई प्रजातान्त्रिक व्यवस्था स्थापना भएको पनि तीन दशक नाघिसक्यो । अहिले कोभिड-१९ को महामारी पनि छ । यस्तै बेला अनेक षड्यन्त्रहरू हुने आशङ्का गरिन्छ । अहिले "भक्तपुर काण्ड" जस्तो त्यस्तो षड्यन्त्र हुने सम्भावना कतिको देख्नुहुन्छ ?**

**का. बिजुक्छेँ** – कोभिड–१९ को विश्वव्यापी महामारीले हरेक देशका विविध विषयमा उथलपुथल हुँदै छ । नेपालमा शासक दलका सबै नेता र कार्यकर्ताले आ–आफ्ना जिल्लाको निर्वाचन क्षेत्रका जनताको सेवाभन्दा काठमाडौँमा घर बनाउने, आ–आफ्ना छोराछोरीलाई मात्र राम्रा विद्यालय र कलेजमा भर्ना गर्ने स्वार्थी भावनाविरुद्ध जनता सचेत हुँदै छन् । सबै प्रदेश र जिल्लामा अस्पताल र स्वास्थ्य केन्द्रको बन्दोबस्त गरी सानो रोगको निम्ति पनि काठमाडौँ जानु नपर्ने गरी सन्तुलित विकास नगरेका शासक नेताहरू जनताको तारो बन्नेछन् ।

शोषकवर्गको राज्यसत्ता भएसम्म कामदारवर्गमाथि अनेक षड्यन्त्रहरू भइरहन्छन्, जर्मनीमा समेत हिटलरको पालामा आफैले 'राइख स्टाग' अर्थात् संसद् भवनमा आगो लगाउन दिएर कम्युनिस्टहरूमाथि आरोप लगाइएको थियो, तर पछि सरकार आफै उदाङ्गियो । एउटा चाखलाग्दो विषय हो – त्यो आगो लगाउने व्यक्ति कुनै पार्टीभित्र कार्यकर्ताको रूपमा काम गर्ने गुप्तचर थियो । नेपालका अनेक कम्युनिस्ट भनिएका दलहरूमा त्यस्ता 'उत्तेजना फैलाउने' (एजेन्ट प्रभोकेटर) हरूको कुनै कमी छैन ।

**"श्रमिक" - कोभिड-१९ को महामारी नियन्त्रणमा सरकार असफल प्रमाणित भएको छ । सरकार कहाँ चुक्यो ? खासमा सरकारले के गर्नु पर्थ्यो, अब नेपालीलाई जोगाउने उपाय के के होलान् ? यस्तो अवस्थामा नेमकिपाले कसरी काम गरिरहेको छ ? स्पष्ट पारिदिनुहुन्छ कि ?**

**का. बिजुक्छेँ** – दक्षिण सीमा, प्रदेश, जिल्ला र गाउँ–गाउँमा गएर जनतालाई सम्झाउने–बुझाउने, क्वारेन्टिन बनाउने र रोगीको व्यवस्थापन गर्न अस्पताल, डाक्टर र अन्य स्वास्थ्यकर्मीहरूको बन्दोबस्त गर्नुपर्ने बेला नेकपा र नेकाका नेता र कार्यकर्ताहरू काठमाडौँ बसी पार्टीको आन्तरिक बनिबनाउ झगडा खडा गर्नु भनेको स्वयम् नेकपा (एमाले+माओवादी) र प्रमुख प्रतिपक्ष दलका नेताहरूको गैरजिम्मेवारीपन र जनविरोधी चरित्र नै हो ।

**"श्रमिक" - नेकपा (एमाले+माओवादी) को "घरझगडा" अन्तिममा भागबण्डामा टुङ्गिने देखियो । अध्यक्षज्यू, यो पछिल्लो घटनाक्रमबारे के भन्नुहुन्छ ?**

**का. बिजुक्छेँ** – यो झगडा टुङ्गिने छैन, विदेशीले अर्कै उद्देश्यले गराएको नसुल्झिने झगडा हो ।

**"श्रमिक" - नेपाली कांग्रेसले पनि सत्ताको भागबण्डा घोषित-अघोषितरूपमा गर्दै छ । नेकाभित्र महाधिवेशन तयारीको क्रममा नेतृत्वबारे झगडा सुरु हुँदै छ । नेकामा देखिएको पछिल्लो उतार-चढावबारे यहाँ के भन्नुहुन्छ ?**

**का. बिजुक्छेँ** – नेपाली कांग्रेसभित्र पनि विदेशी 'बोक्सी'को रोग लागेको छ । नेकाका सभापति शेरबहादुर देउवा आफै प्रधानमन्त्री ओलीजीको सहयोगको आशामा छन् । एमाले र नेपाली कांग्रेसको सल्लाह मानेमा प्रचण्डजीले अर्को बल्ड्याङ खाने निश्चित छ !

**कोरोनाबाट बच्न पटक पटक**

**साबुन पानीले हात धोऔं ।**

**शारीरिक दूरी कायम गरौं ।**

# 'नगरवासीहरूले नपाका हरेक निर्णयलाई सकारात्मक रूपमा लिई साथ र सहयोग गर्दै आउनु भएको छ'

**- प्रमुख सुनिल प्रजापति**



*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नोबेल कोरोना महामारी रोकथाममा भक्तपुर नगरपालिकाले पछिल्लो अवस्थामा गरेका गतिविधिहरूबारे **'मजदुर'** दैनिक/**'श्रमिक'** साप्ताहिकले लिएको अन्तरवार्ता हाम्रा पाठकहरूको लागि)*

***प्रश्न*** *– काठमाडौं उपत्यकालगायत भक्तपुर जिल्लामा पछिल्ला दिनहरूमा कोभिड १९ सङ्क्रमितहरू बढ्दो क्रममा रहेको छ। हाल भक्तपुर नपामा कोभिड १९ को सङ्क्रमणको अवस्था के कस्तो रहेको छ ?*

**सुनिल प्रजापति** – यतिबेला कोभिड १९ को सङ्क्रमण देशभर भुसको आगोझैं फैलिरहेको छ। दिनको हजारभन्दा बढीमा सङ्क्रमणको पुस्टि हुँदैछ भने घना बस्ती भएको काठमाडौं उपत्यका सङ्क्रमणको केन्द्र बनिरहेको छ। भाद्र १३ गतेसम्ममा उपत्यकामा मात्र ४ हजार ९७५ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ। नगरपालिकाका जनप्रतिनिधिहरू आ–आफ्नो क्षेत्रभित्र बसोबास गर्ने जनताबीच सङ्क्रमण नफैलियोस् भनी सतर्कतापूर्वक काम गरिरहेका छन्। विपद्को बखत जतिसुकै काम गरे पनि त्यो पर्याप्त हुँदैन। त्यसैले जनताको सेवामा अहोरात्र खटिरहेका जनप्रतिनिधिहरू नै आलोचनाको पात्र पनि बनिरहेका छन्।

***प्रश्न*** *– भक्तपुर नगरपालिकाले नगरभित्रका कोभिड सङ्क्रमितहरूको लागि क्वारेन्टाइनको व्यवस्थापन के कसरी गर्दै आएको छ ?*

**सुनिल प्रजापति** – नेपाल सरकारले विदेशमा बसेका नागरिकहरूलाई नेपाल फर्काउने निर्णय गरेपछि भक्तपुर फर्कन चाहने नागरिकहरूलाई अनलाइन फाराम भर्न सूचना जारी गर्‍यो। सयौंको सङ्ख्यामा नेपाल फर्कन चाहने नागरिकहरूले फाराम भरे। त्यसको आधारमा नगरपालिकाले होटल क्वारेन्टाइन, घर क्वारेन्टाइन र नगरपालिकाको छुट्टै क्वारेन्टाइनको व्यवस्था गर्‍यो। अहिलेसम्म होटलमा ३३ जना, नपाको क्वारेन्टाइनमा ४० जना र घर क्वारेन्टाइनमा ३३ जना गरी १०६ जना क्वारेन्टाइनमा बसिसकेका छन् भने विदेशबाट आउने क्रमसँगै यो सङ्ख्या बढ्दै जानेछ। यसको लागि नगरपालिकाले होल्डिङ् सेन्टर, क्वारेन्टाइन र सम्पूर्ण रेखदेख गर्नका लागि ९ जना कर्मचारीको व्यवस्था गर्दै आएको छ।

***प्रश्न*** *– सांस्कृतिक एवम् ऐतिहासिक नगर भक्तपुरको विभिन्न समयमा मनाइने यहाँका चाडपर्वहरूबारे भक्तपुर नगरपालिकाले कसरी जनतालाई अनुरोध गर्दै आएको छ ?*

**सुनिल प्रजापति** – भक्तपुर सांस्कृतिक नगर हो। यहाँ हरेक महिना कुनै न कुनै चाडपर्वहरू भइ नै रहन्छन्। नगरपालिकाले सरोकारवालाहरूसित छलफल गरी बिस्का जात्रा, गाईजात्रा, मातातीर्थ औंसी, गोकर्ण औंसी, देवाली पूजाजस्ता चाडपर्वहरूलाई औपचारिकतामा मात्रै सीमित गर्ने निर्णय गर्‍यो भने पञ्चदान, गुँला पर्व, यन्याँपुन्हीजस्ता पर्वहरू स्थगित गर्‍यो। सबै सरोकारवालाहरूसित छलफल गरेर निर्णय लिने गरेको कारण नगरपालिकाका हरेक निर्णयको प्रभावकारी कार्यान्वयन भएको छ। नगरवासीहरूले नगरपालिकाका हरेक निर्णयलाई सकारात्मक रूपमा लिइ साथ र सहयोग गर्दै आउनु भएको छ।

***प्रश्न*** *– कोभिड १९ सङ्क्रमण रोकथामको लागि भक्तपुर प्रवेश गर्ने नाकामा सुरक्षा व्यवस्थापनका कुरा पनि उठेको थियो नि !*

**सुनिल प्रजापति** – हो, कोभिडको सङ्क्रमण बढ्दै गएपछि बाहिरबाट भक्तपुर नगर प्रवेश गर्ने नाकाहरूमा कर्मचारीहरू खटाएर लगत सङ्कलन गर्ने कार्य गरियो। नगर प्रवेश गर्ने १३ वटा प्रमुख नाकाहरूमा लिएका लगतले भक्तपुरमा रामेछाप, बागलुङ, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, ओखलढुङ्गा, दोलखा, सर्लाही, रौतहट, सिराहा, पर्सा, हुम्ला र भारतबाट समेत रोजगारी र स्वास्थ्य जाँचको क्रममा दैनिक सयौंको सङ्ख्यामा आउने गरेको देखायो। सीमा नाका कडा गर्दै लाने क्रममा कतिपयलाई फिर्ता पनि पठाइएको छ। सङ्क्रमण रोक्न बाहिरका मानिसहरूको पुरै आवतजावत रोक्ने प्रयासको रूपमा त्यो काम शुरु गरिएको हो। निषेधाज्ञा जारी गरेपछि त्यो समस्या देखिएन।

***प्रश्न*** *– काठमाडौं उपत्यकामा चल्ने छोटो दूरीका सवारीसाधन आवागमन बन्द गर्ने पनि निर्णय गर्नु भयो नि होइन ?*

**सुनिल प्रजापति** – भक्तपुरबाट उपत्यकाभित्र सयौंको गाडीहरू चल्ने गर्छन्। निषेधाज्ञा जारी गर्नु अघि नगरपालिकाले रुट नं. १, ७ र ९ का समितिका पदाधिकारीहरूसँग बैठक गरी सम्पूर्ण गाडी रोक्ने निर्णय गर्‍यो। एक ठाउँका जनता अर्को

ठाउँमा आवतजावत गर्नाले सङ्क्रमण बढ्ने सम्भावनालाई ध्यानमा राखेर यो निर्णय गरिएको हो ।

***प्रश्न** – बन्द विद्यालयहरूबारे भक्तपुर नगरपालिकाले के सोचेको छ ?*

**सुनिल प्रजापति** – सरकारी कार्यालय, विद्यालय, कलेजहरू बिदा घोषणा नगरेको अवस्थामा निषेधाज्ञा लागू गर्नु अगाडि नगरपालिकाले पठन संस्कृतिको विकासको लागि सम्पूर्ण विद्यालयहरूमा शिक्षकहरूका लागि पाठ्यपुस्तकसँग सम्बन्धित किताब तथा साहित्यहरू अध्ययन गर्ने र त्यसबारे छलफल गर्ने, शिक्षकहरूलाई विद्यालयबाटै प्रविधिको प्रशिक्षण दिने र अभिभावकहरूलाई कोरोनासम्बन्धी जनचेतना फैलाउन सन्देशहरू पठाउन तथा विद्यालय कलेज वरिपरि सरसफाइ गर्न निर्देशन दियो । त्यसरी नै नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अनलाइन कक्षा सञ्चालन तथा परीक्षासमेत अनलाइनबाटै लियियो । यसले निषेधाज्ञाबीच पनि कलेजका विद्यार्थीहरूको पढाइले निरन्तरता पाइरहेको छ ।

***प्रश्न** – लकडाउनको समयमा सर्वसाधारण जनतालाई घरमै बस्न र मानिसको भीडभाड हुन नदिन नगरपालिकाले सचेतना गतिविधि कसरी अगाडि बढाइरहेको छ ?*

**सुनिल प्रजापति** – हरेक दिन फोहर सङ्कलनसँगै कोरोनाबारे सचेतनाका सन्देशहरू टोल–टोलमा गुन्जिरहेका हुन्छन् । नेपाल र नेपाल बाहिर भएका सङ्क्रमितहरूको तथा मृत्यु भएका विवरणसहित दैनिक हुने माइकिङले जनतालाई थप सचेत पार्ने कार्य भएको छ । यो सँगै टोलटोलमा विजनाषक औषधि (क्लोरिन) छर्ने काम निरन्तर भइरहेको छ भने टोल–टोलमा रहेका साबुन पानीले हात धुने व्यवस्थालाई निरन्तरता दिँदै आएको छ ।

***प्रश्न** – कोभिडको शङ्का लागेका वा स्वास्थ्यसँग सम्बन्धित कुनै समस्या देखिएका बिरामीहरूको लागि भक्तपुर नपाले कसरी सेवा प्रदान गर्दै आइरहेको छ ?*

**सुनिल प्रजापति** – कोभिडको शङ्का लागेका वा अरु कुनै स्वास्थ्यसँग सम्बन्धित समस्या देखिएमा तत्काल सेवा लिन सक्ने गरी २ जना डाक्टरहरू डा. बालकृष्ण चाँगुभारी र डा. विवेक बोयुजुलाई परामर्श सेवाको लागि तोकिएको छ । अस्पतालमा तत्काल पुग्न समस्या पर्ने बिरामीहरूलाई यो सेवाले ठूलो मद्दत मिलेको नगरवासीहरूको भनाइ छ । त्यसबाहेक जनस्वास्थ्य केन्द्रले इमर्जेन्सी सेवा र ओपिडी सेवालाई निरन्तरता दिँदै आएको छ ।

***प्रश्न** – भक्तपुर नगरपालिकाले आफ्नो छुट्टै आइसोलेसन वार्डको व्यवस्था गरेको छ वा छैन ? आइसोलेसन स्थापनाको लागि के कस्तो पहल गरिरहनुभएको छ ?*

**सुनिल प्रजापति** – अहिलेसम्म भक्तपुर नगरपालिकाले छुट्टै आइसोलेसनको व्यवस्था गरेको छैन । जिल्लाका सबै नगरपालिकाका लागि एकीकृत आइसोलेसनको व्यवस्था गरिएको छ । खरिपाटीस्थित विद्युत प्राधिकरणको तालिम केन्द्रमा २०० शय्याको आइसोलेसन र भक्तपुर अस्पतालाई कोभिड अस्पतालमा रूपान्तरण गरी त्यहाँ लक्षण देखिएका १५ र नदेखिएका १० गरी २५ शय्याको व्यवस्था गरिएको छ । भक्तपुर अस्पताल प्रादेशिक अस्पताल भएकोले पीसीआर परीक्षणको मेसिन व्यवस्थापनको लागि प्रदेशको स्वास्थ्यमन्त्रीसँग छलफल भइरहेको छ । उहाँले छिट्टै नै मेसिन भक्तपुर अस्पतालमा जडान गरी दिने आश्वासन दिनुभएको छ ।

***प्रश्न** – कोभिड १९ को सङ्क्रमण भएका व्यक्तिहरूको कन्ट्याक्ट ट्रेसिङ कतिको प्रभावकारी रूपमा भइरहेको छ ?*

**सुनिल प्रजापति** – भक्तपुर नगरपालिकाभित्र हालसम्म ५० जनाभन्दा बढी सङ्क्रमितहरू भइसकेका छन् भने तिनको सम्पर्कमा आएका ३ सयभन्दा बढीको सङ्ख्यामा कन्ट्याक्ट ट्रेसिङको काम भइरहेको छ । अहिलेसम्म सुरुमा पोजिटिभ देखिएका परिवारको सदस्यहरूमै पोजिटिभ देखिएका छन् । पीसीआर परीक्षणको रिपोर्ट ढिलो आएका कारण कतिपय सङ्क्रमितहरूले अरुलाई सार्न सक्ने सम्भावनाहरू धेरै छन् । यसर्थ नेपाल सरकारले सबै ठाउँमा आवश्यक जनशक्तिसहित पीसीआर परीक्षण मेसिनको व्यवस्था गर्न ढिलाइ गर्नुहुन्न ।

***प्रश्न** – भक्तपुर नगरपालिकाको विपद् व्यवस्थापन समितिले कोरोना रोकथामको लागि कस्तो भूमिका खेलिरहेको छ ? यसमा सरकारको तर्फबाट के कस्तो सहयोग पाउँदै आउनुभएको छ ?*

**सुनिल प्रजापति** – विपद् व्यवस्थापनसम्बन्धी एकल अधिकार संविधानले स्थानीय तहलाई दिएको छ भने त्यो साझा अधिकार सूचीमा पनि समावेश छ । अधिकांश स्थानीय तहहरूले विपद् व्यवस्थापन ऐन बनाइ कार्यान्वयन गरिरहेको छ । कोभिड पनि विपद् नै हो तर सरकारले यसलाई प्रकोप व्यवस्थापन भनेको छ । जे होस् अहिले फैलिँदै गएको कोभिडको सङ्क्रमण नियन्त्रण कुनै एक तहले सम्भव हुने देखिँदैन । यसर्थ सम्पूर्ण रूपले नियन्त्रण गर्न सङ्घ, प्रदेश र स्थानीय तीनै तहको समन्वयात्मक भूमिका अपरिहार्य छ । समन्वय बिना आ–आफ्नो तरिकाले काम गरेको खण्डमा सङ्क्रमण नियन्त्रण बाहिर जाने खतरा बढ्दै जाने सम्भावना छ । बेलैमा यसबारे ध्यान पुऱ्याउनु आवश्यक छ ।

***प्रश्न** – सङ्क्रमितहरूप्रति समाजले नराम्रो व्यवहार गरेको भन्ने गुनासो प्रति तपाइँ के भन्नुहुन्छ ?*

**सुनिल प्रजापति** – विभिन्न ठाउँमा कोरोना सङ्क्रमित स्वास्थ्यकर्मी र अन्य सर्वसाधारणहरूलाई नराम्रो व्यवहार गरेका समाचारहरू हामीले पनि पढेका छौँ । यो राम्रो कुरा होइन । स्वास्थ्यकर्मीहरू बिरामीको सेवामा निरन्तर खटिरहनुभएको छ । हामी बिरामी भएमा जाने ठाउँ भनेकै अस्पताल हो । उहाँहरूले काम गर्नुभएन भने बिरामीको उपचार कस्ले गर्छ ? उहाँहरूलाई विभिन्न कारणबाट सङ्क्रमण हुनसक्छ । स्वास्थ्यकर्मीहरू कोरोनाविरुद्ध पहिलो पङ्क्तीमा बसेर लड्ने लडाकुहरू हुनुहुन्छ । उहाँहरूलाई त झन सम्मान गर्नुपर्छ । त्यसरी नै अरु नागरिकहरू पनि आफुले चाहेर कोही सङ्क्रमित हुने होइन । उहाँहरूको मनोबल बढ्ने काम सबैबाट हुनुपर्छ । जनप्रतिनिधिहरू, कर्मचारीहरू र सबै छर–छिमेकले पनि सङ्क्रमितहरूलाई आ–आफ्नो तर्फबाट सहयोग गरौँ र कोरोना समुदायमा महामारीको रूपमा फैलन नदेऔँ ।

**प्रमुख सुनिल प्रजापतिको अनलाइनखबरसँग कुराकानी**

## केन्द्र सरकारलाई भक्तपुरको चुनौती : नाकामा सक्नुभएन, क्वारेन्टिन बनाएर देखाउनुस् !

# 'समन्वय र सहकार्यले मात्रै कोरोनाबाट बचाउन सकिन्छ'

**- सुनिल प्रजापति,**
**प्रमुख, भक्तपुर नगरपालिका**

*लकडाउनका बेला भक्तपुर नगरपालिकाले बजार व्यवस्थापन र राहत वितरण व्यवस्थित रूपमा गरेको थियो। अहिले उपत्यकामा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गर्दा हामीले फेरि एकचोटि भक्तपुर नगरपालिकालाई सम्झियौँ। सङ्क्रमण रोकथाम र बिरामीहरूको उपचारमा भक्तपुर नगरपालिकाले कसरी काम गरिरहेको होला ?*

*लकडाउनमा स्थानीयवासीका गुनासाहरू सम्वोधन गरेर प्रशंसा कमाएको भक्तपुर नगरपालिका यतिबेला सङ्घ र प्रदेश सरकारसँगै गुनासो गर्ने अवस्थामा आइपुगेको छ। सङ्घीय सरकारले समन्वयकारी भूमिका नदेखाएका कारण काठमाडौं उपत्यकामा कोरोना फैलिएको स्थानीय जनप्रतिनिधिको गुनासो छ।*

*स्थानीय तहहरूले रात दिन नभनी काम गरिरहेका बेला केन्द्र सरकारले नाका व्यवस्थापन गर्न नसकेको र स्थानीय तहलाई चिठी लेख्नेबाहेक अर्थोक काम नगरेको भक्तपुरको आरोप छ सिंहदरबारलाई। उपत्यकाका तीनै नगरपालिकाले गृहमन्त्रीलाई दिएको सुझावसमेत कार्यान्वयन हुन नसकेको भक्तपुरको गुनासो छ।*

*केन्द्रको समन्वयकारी भूमिका नहुँदानहुँदै पनि भक्तपुर नगरपालिकाले कोरोना रोकथाममा गरिरहेको काम भने व्यवस्थित नै देखिएको छ। तथापि क्वारेन्टिन बनाउने काम चाहिँ स्थानीय तहलाई नभई केन्द्र सरकारलाई नै दिइनु व्यवहारिक हुने भक्तपुर नगरपालिकाका प्रमुखको सुझाव छ।*

*राहत वितरणमा नमूना योग्य काम गरेको भक्तपुर नगरपालिकाले कोरोना सङ्क्रमण नियन्त्रण र रोकथामका लागि के-कस्ता कामहरू गरिरहेको छ त ?*

*प्रस्तुत छ, पूर्वसभासद एवं नेमकिपाका नेतासमेत रहेका भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग अनलाइनखबरका **रोयल आचार्य** ले गरेको कुराकानी–*

**भक्तपुरका नगर क्षेत्रमा कोरोनाको त्रास कत्तिको छ ?**

**सुनिल प्रजापति–** भक्तपुरमात्रै होइन, अहिले देशभरि नै महामारीको रूपमा फैलने खतरा बढेको छ। अब काठमाडौं




उपत्यकाको स्थितिमै भक्तपुरको अवस्था पनि निर्भर रहन्छ। समग्र उपत्यकामा जस्तो स्थिति छ, भक्तपुर नगरमा पनि त्यस्तै स्थिति छ भन्दा फरक पर्दैन।

हाम्रो नगरपालिका क्षेत्रभित्र शनिवारसम्म जम्मा १८ जना कोरोना सङ्क्रमित भेटिएका छन्। त्यसमा अधिकांशजसो निको भइसकेका छन्। कतिपय कुराहरूको रेकर्ड राख्न पनि धेरै गाह्रो हुने रहेछ। यद्यपि हामीले राम्रो रेकर्ड राख्ने प्रयास भने गरिरहेका छौँ। अस्ति भर्खरै एकजनाको कोरोना रिपोर्ट पोजिटिभ आएको थियो। भोलिपल्ट फेरि अर्को रिपोर्ट आउँदा नेगेटिभ देखियो रे। त्योसमेत गरेर १८ जना पुगेको हो।

यीमध्ये विदेशबाट आएकाहरू २ जना रहेका छन्। अरु पनि विभिन्न जिल्लाहरूबाट आएका छन्। यहाँका स्थानीयभन्दा पनि विभिन्न जिल्लाबाट कलकारखानामा काम गर्ने, अन्य क्षेत्रमा पेशा व्यवसाय गर्नेहरू रहेका छन्। यी सङ्क्रमितमध्ये अधिकांश ठीक भइसकेका छन्। एक/दुईदिन अघिमात्रै पोजिटिभ आएकाबाहेक अरु सबै घर गइसकेका छन्।

**लकडाउन शुरु भएपछि भक्तपुरले एकदमै छोटो समयमा व्यवस्थित ढङ्गले राहत वितरण गरेर नमूना काम गरेको थियो, क्वारेन्टिन व्यवस्थापनचाहिँ कसरी गर्नुभयो ?**

**सुनिल प्रजापति–** हामीले क्वारेन्टिन व्यवस्थापन तीन किसिमले गरेका छौँ। सबैभन्दा पहिले नेपाल भित्रन

चाहने हाम्रो नगरपालिका क्षेत्रका को–को हुन् भनेर खोजी गर्‍यौँ । त्यसका लागि हामीले अनलाइन फारम भर्ने व्यवस्था गरेका थियौँ । नेपाल सरकारले विदेशमा भएका नागरिकहरू ल्याउने भन्ने जानकारी आउनासाथ हामीले अनलाइन फारम वितरण गरेका थियौँ । हामीले आह्वान गरेपछि १५५ जनाले फारम भर्नुभयो ।

विभिन्न देशहरूबाट नाम आएको थियो । त्यसपछि हामीले कतिजनालाई कहाँ व्यवस्थापन गर्न सकिन्छ भनेर छलफल गर्‍यौँ । यसमा तीन किसिमको व्यवस्था गर्‍यौँ । जो रकम तिर्न सक्छ, उसलाई होटलमा व्यवस्थापन गर्‍यौँ । पैसा पनि नभएको र होटलमा बस्न पनि नसक्ने वा बस्न नचाहनेहरूलाई नगरपालिकाकै विभिन्न भवनहरूमा महिलाको छुट्टै, पुरुषको छुट्टै क्वारेन्टिन बनाएर व्यवस्थापन गर्‍यौँ ।

अर्को, होटलमा पनि बस्न नसक्ने र हाम्रो क्वारेन्टिनमा पनि बस्न अलि गाह्रो पर्नेहरूलाई होम क्वारेन्टिनमै बस्न भन्यौँ । अहिलेसम्म यो हिसाबले हाम्रो क्वारेन्टिनमा बस्नेहरू ४० जना थिए । यीमध्ये अहिले पनि क्वारेन्टिनमा ७ जना बस्नुभएको छ । बाँकी ३३ जना क्वारेन्टिन अवधि पूरा गरेर घर गइसक्नुभएको छ ।

होटल क्वारेन्टिनमा ३५ जना बस्नुभएको थियो । ३५ मध्ये ४ जना अहिले पनि होटल क्वारेन्टिनमै हुनहुन्छ भने बाँकी सबै अवधि पूरा गरेर घर गइसक्नुभएको छ । होम क्वारेन्टिनमा बस्नुभएकाहरू ३१ जना हुनुहुन्थ्यो, जसमध्ये ६ जना अहिले पनि हुनुहुन्छ । बाँकी २५ जनाको क्वारेनटाइन अवधि पूरा भइसकेको छ । यसले गर्दा कूल १०४ जना क्वारेन्टिनमा बस्नुभयो । यसको निम्ति भक्तपुर नगरपालिकाले ९ जना कर्मचारी व्यवस्थापन गरिरहेको छ ।

'जो जहाँ छ, त्यहीं बस्ने हो भने सुरक्षित हुन सकिन्छ । उपत्यकालाई जोगाउने हो भने पहिलो कुरा बाहिरबाट आएकाहरूलाई कडाइ गर्नैपर्छ ।'

कुनै पनि बेला प्लेन विमानस्थलमा अवतरण हुनासाथ यात्रु होल्डिङ सेन्टरमा ल्याइन्छ । यतिजना आउँदैछन् भन्ने हामीलाई थाहा हुने भइहाल्यो । त्यसका आधारमा हामीले घरहरू तयार गरेर दिउँसो होस् या राति, हाम्रा कर्मचारीहरूले उनीहरूलाई क्वारेन्टिनमा पुर्‍याउँछन् र सबै व्यवस्थापन गरिहाल्छौँ । वहाँहरूलाई गर्नुपर्ने निगरानी पनि हाम्रा कर्मचारीहरूले गर्छन् ।

प्रहरी प्रशासनसँग पनि हाम्रो समन्वय छ । प्रहरीले पनि हाम्रा क्वारेन्टिनहरूमा २४ सै घण्टा सुरक्षा दिइरहनुभएको छ । स्वास्थ्यमा कुनै समस्या आयो भने पनि हामी के गर्नुपर्ने हो, तत्कालै गरिहाल्छौँ ।

**यहाँका अस्थायी बासिन्दाहरू पनि लकडाउन शुरु भएपछि गाउँ जाने र त्यसपछि फर्कने क्रम पनि पक्कै भयो होला, यसको कसरी व्यवस्थापन गर्नुभएको छ ?**

**सुनिल प्रजापति–** लकडाउन भइरहँदा वा लकडाउन खुलिसकेपछि भक्तपुरमा धेरैजना आएको खबर छ । हामीले शुरुमा छलफल गर्दा नै यस्तो सङ्क्रमणका बेला बाहिरबाट ल्याउने हुँदैन भन्ने कुरा आएको थियो । जो जहाँ छ, त्यहीं सुरक्षित हुनुपर्छ भन्ने हाम्रो कुरा हो । यदि यहाँ कार्यरत कोही शिक्षक छ भने जहाँ हुनुहुन्छ, त्यहीं हाजिर हुनुस् पढाउनुस् हामीले भन्यौँ ।

वडाध्यक्षहरूलाई यहाँ ल्याउने सिफारिस नबनाउनुस् भनेका थियौँ । यति गर्दागर्दै पनि कता–कताबाट आइहाल्नुभएछ । अस्ति भक्तपुर औद्योगिक क्षेत्रमा एकजना मान्छे कोरोना सङ्क्रमण देखियो भन्ने सूचना आयो । त्यसपछि हामीले खोज्यौँ । त्यहाँ आएका कर्मचारीहरू अर्कै नगरपालिकाको सिफारिस लिएर आएका रहेछन् । त्यसमध्ये एकजनालाई कोरोना देखियो । बाँकी ५ जनालाई क्वारेनटाइनमा राख्नुपर्‍यो ।

त्यहाँ कार्यरत सशस्त्र प्रहरीका डीएसपीसँग मैले कुरा गरेँ । हामीले आउने स्वीकृति नै दिएका थिएनौँ, कहाँबाट आउने स्वीकृति लिएको हो, त्यही नगरपालिकाको क्वारेन्टिनमा राख्नुपर्छ हामीले भन्यौँ । डीएसपी सा'बलाई हामीले त्यही नगरपालिकामा पुर्‍याइदिनुस्, हाम्रो नगरपालिकामा ठाउँ छैन भन्यौँ ।

हामीले किन उता पठायौ त भन्दा पहिलो कुरा, हामीले सिफारिस दिएका, आउनैपर्ने व्यक्तिहरूको हामी जिम्मा लिन्छौँ । दोस्रो, यहाँका स्थानीयको हामी जिम्मा लिन्छौँ । त्यस्तो स्थितिबाहेकको हामी जिम्मा लिनुभन्दा जसले बोलाएको हो, उसैले लिनुपर्छ भनेर हामीले उतै पठायौँ । त्यसपछि सोही नगरपालिकामा लैजानुभयो ।

जो जहाँ छ, त्यहीं बस्ने हो भने सुरक्षित हुन सकिन्छ । उपत्यकालाई जोगाउने हो भने पहिलो कुरा बाहिरबाट आएकाहरूलाई कडाइ गर्नैपर्छ । शुरुमा लकडाउन हुँदा त कसैमा पनि देखिएकै थिएन । त्यसको अर्थ हो, त्यसबेलासम्म उपत्यका सुरक्षित थियो । त्यसबेला सरकारले सोचिदिएको भए अहिलेको जस्तो अवस्था आउने थिएन ।

त्योबेला के भयो भने वैशाख २४ देखि ३० गतेसम्मका ६ दिनमा गाडीहरू आवात–जावत हुन थाले । त्यसपछि देखिन थालेको हो । पछि लामो समय भइसकेपछि व्यवसायीहरूले पनि

हाम्रो व्यापार व्यवसाय सधैँ बन्द राख्नुपर्ने भनेर सरकारमा पनि प्रेसर गयो होला । त्यसपछि झन खतरा बढिरहेको छ । दिनदिनै मान्छे मरिरहेका छन् । सिराहामा आजै पनि हामीले चिनेका एकजना मान्छे कोरोना पोजिटिभ आएर बित्नुभएछ । जो जहाँ छ, त्यहीँ बस्ने हो भने यहाँ आफ्नो काम मजाले गरे हुन्छ । तर, बाहिरबाट आएर छ्यासमिस बनाइदिएपछि त डर हुने भइहाल्यो ।

हामीले नेपाल सरकार, गृहमन्त्रीज्यूलाई नै भनिरहेका छौँ, क्वारेन्टिनको व्यवस्था स्थानीयलाई नदिए हुने हो । प्रदेशले गरे हुन्छ, केन्द्रले गरे हुन्छ । कार्यविधि माथिबाट पास गरेर ल्याउने । कार्यविधिअनुसार डाक्टर चाहिन्छ, नर्स चाहिन्छ, सीसीटीभी क्यामेरा चाहिन्छ, अन्य सेवा सुविधाहरू चाहिन्छ । सबै बन्दोबस्त तपाईंहरू गरेर देखाउनुस् न ।

काठमाडौं उपत्यकामा धेरै ठूलो पनि होइन, ठिक्क स्तरको बनाइदिनुस् बरु ठाउँ लिनुस् । अरु मेयर सा'बको कुरा पनि त्यस्तै थियो । केन्द्र तथा प्रदेश सरकारबाट त वहाँहरू चिठी काट्ने काम गर्नुहुन्छ, लु यस्तो क्वारेन्टिन बनाउनुस् भनेर । सबै नगरपालिकाले यस्तो गर्ने भनेर बोलेर, चिठी काटेर काम हुने होइन नि । अहिलेको अवस्था भनेको केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार एक अर्का मिलेर काम गर्ने हो ।

> 'अहिले सबै स्थानीय सरकारलाई सोधे हुन्छ, केन्द्र सरकारले के दियो ? प्रदेश सरकारले के दियो ? जम्मा १२ लाख रूपैयाँ दिएको छ । स्थानीयले करोडौं करोड खर्च गरेका छन् ।'

तीनै तहको समन्वयमा काम हुनुपर्ने हो । स्थानीय सरकारले यो गर्नू, प्रदेश सरकराले यो गर्नू अनि सङ्घीय सरकारले यो गर्छ भने त हुने हो नि । त्यस्तो गरिदिएको भए समस्या समाधान हुने थियो । सबै कुरामा सङ्घ सक्षम हुन्छ भन्ने हुँदैन । केन्द्र सरकारचाहिँ सामान ल्याउने । अहिले सबै स्थानीय सरकारलाई सोधे हुन्छ, केन्द्र सरकारले के दियो ? प्रदेश सरकारले के दियो ? जम्मा १२ लाख रूपैयाँ दिएको छ । स्थानीयले करोडौं करोड खर्च गरेका छन् । स्थानीय तह रात दिन नभनी खटिएको छ । अनि सङ्घले चाहिँ यस्तो गर्ने, यस्तो भएन भनेर पत्राचार मात्रै गरेर हुन्छ ?

हाम्रा नागरिकको सुरक्षाका लागि हामी केन्द्रले नभने पनि गर्छौँ नि । हाम्रा नागरिकको जिम्मेवारी हामी लिन्छौँ सरकारले भनिरहनुपर्ने कुरा होइन । तर, समन्वय त हुनुपर्छ नि । यस्तो बेलामा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच एउटा पनि बैठक बसेको छैन ।

कुन काम कसरी गर्ने भनेर कुनै कार्ययोजना बनेको छैन । तीनवटा सरकार हो । महामारीको अन्त्य गर्न तीनवटै सरकारको समन्वयात्मक भूमिका अगाडि बढाउने हो । त्यो हुँदै भएन । हामीले हाम्रो तरिकाले गरिरहेका छौँ । काठमाडौंले आफ्नो किसिमले गरिरहेको छ । आफ्नो विशेषताअनुसार आफूआफैले गर्नु राम्रो तर मूल कुरा समन्वय त हुनुपर्‍यो नि । समन्वय कसले गरिदिन्छ ? अब भयावह अवस्था निम्तियो भने यसलाई नियन्त्रण गर्न गाह्रो होला ।

यसैले, हामीले आफू आफै सुरक्षित हुने भनेर भक्तपुर नगरपालिकाले केही कामहरू गरिरहेको छ । माइकिङका काम अहिले पनि निरन्तर भइरहेको छ । क्लोरिन छर्ने काम पनि रोकिएको छैन । रुटिनअनुसार काम गरिरहेका छौँ । भीडभाड हुने किसिमका बाजाहरू बजाउन निषेध जस्तै छ । ठूला ठूला चाडपर्वहरू विस्तारै स्थगित गरिरहेका छौँ ।

अहिले साउन महिना भनेको गुलाँ पर्व । महिनाभरि नै चल्ने यो पर्व स्थगित गरियो । अब पञ्चदान भोलि एक गते चल्ने हो । त्यो पनि स्थगित भएको छ । प्रत्येक घरबाट निस्कन्छन्, धेरै भीड हुने थियो । अस्ति गाईजात्राका बेला हामीले धेरै अनुरोध गर्यौं । केही प्रतिशत कमजोरी हुन जाँदा एकछिनका लागि मान्छेहरू निस्किए । मिडियाले पनि त्यहीँ किसिमको देखाइदियो । हुन पनि हो, एकछिन भए पनि भेला हुनु हुने थिएन । हामीले त पुरै कन्ट्रोल गर्न खोजेको हो ।

यति व्यवस्थित गर्न खोज्दाखोज्दै केही मान्छेहरू बाहिर निस्किए । समाजमा बिगार्ने मान्छे धेरै हुँदैनन् । तर, केहीमात्रै बाहिर आउँदा पनि धेरै देखिन्छ । अब सायद त्यस्तो कमजोरी हुँदैन । अब आउने चाडपर्वहरूका लागि हामी सम्बन्धित क्षेत्रका सरोकारवालाहरूलाई राखेर छलफल गर्छौं । यो हिसाबले भक्तपुर नगरपालिकामा काम गर्ने कर्मचारीहरूलाई सुरक्षित तवरले काम गर्ने वातावरण बनाएका छौँ ।

पहिले सबै कार्यालय भित्रै आउने गरेका थिए । अहिले एक/एकजना गरेर झ्यालबाट सेवा लिनुहुन्छ । हामीले सफाइ कर्मचारीहरूलाई पनि पालोपालो गरेर काममा खटाएका छौँ । जनस्वास्थ्यमा कार्यरत कर्मचारीहरूले पनि निकै सतर्क भएर काम गरिरहनुभएको छ । सकेसम्म हामी रोगलाई प्रवेश गर्न दिंदैनौँ भनेर काम गरिरहेका हौँ । तर, प्रवेश त गरिहाल्यो । बाहिरबाट मान्छे आइ नै रहन्छ, अब गर्ने के ?

**नाका त अब पूर्णरूपमा बन्द भइसक्यो हैन ? अझै कडाइ भएन भन्न खोज्नुभएको हो ?**

**सुनिल प्रजापति–** नाका कडाइ भएको छैन भनौँ


रोयल आचार्य

भने कडा नै छ । तर, मान्छेहरू राति राति पनि हिँडेर आइरहन्छन् । यो कुरा आफैले सोच्नु पर्ने हो । सबैले सतर्क हुने हो भने त धेरै डराउनुपर्दैन ।

**उसोभए पहिले नै नाका पूर्णरूपमा बन्द गरेको भए काठमाडौं उपत्यका सुरक्षित हुनसक्थ्यो ?**

**सुनिल प्रजापति–** अहिले गृहमन्त्रालयमा हेर्ने हो भने हामीले बोलेका सबै रेकर्डहरू छन् । हुनुपर्छ । हामीले शुरुदेखि नै भनेका छौं, कर्फ्यूचाहिँ नभनौं तर कडाइ चाहिँ गरौं । कर्फ्यू भन्यो भने फेरि प्रहरीले धेरै दुःख देलान् । हामीले यो कुरा पटक–पटक भनेका छौँ । नगरपालिका फोरमका तर्फबाट पनि धेरैपटक विद्यासुन्दरजीले भन्नुभएको छ, चिरीबाबुजीले भन्नुभएको छ । हामी सबै मेयरले भनेका हौँ । कर्फ्यू नभन्नुस्, तर कर्फ्यूकै हिसाबले जानुस्, तब उपत्यका सुरक्षित हुन्छ भनेका हौँ ।

यहाँको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकमा त्यही कुरा हामीले भनेका हौँ । त्यही भएर कर्फ्यू भन्ने शब्द हटाइएको हो । साधारण प्रहरीले यो कुरा नबुझेर फेरि ड्याङडुङ भयो भने नराम्रो हुन्छ । हामीले चाहेको त रोगबाट बचाउन हो, कसैसँग लड्ने होइन । रोगसँग लड्नका लागि हामीले एकता देखाउने हो । हामीले सकेसम्म व्यवस्थित गर्न त खोज्यौँ नै, त्यही पनि खतरा बढेको अवस्था छ ।

**अहिले दिनप्रतिदिन उपत्यकामा सङ्क्रमितको सङ्ख्या थपिने क्रममा छ, भोलि महामारीको रूप लियो भने के गर्ने भन्ने तयारी गरिएको छ ?**

**सुनिल प्रजापति–** त्यसका निम्ति हामीले टिमलाई सेनाबाट तालिम दिने कोसिस गरिरहेका छौँ । विपद् व्यवस्थापन भनेर विपद्सम्बन्धी तालिम दिएका छौँ । १२२ जना हाम्रो नगरपालिकामा हुनुहुन्छ, वहाँहरूलाई हामीले सेनासँग समन्वय गरेर तालिम दिएका छौँ । यहाँ केही कर्मचारी र धेरै खेलाडी हुनुहुन्छ । तीनवटा टोली बनाएर तालिम दिएका छौँ ।

पछि कोभिड आयो । अब कोभिडका लागिमात्रै छुट्टै तालिम दिनुपर्छ भनेर हामीले नेपाली सेनाका कर्णेलसँग पनि कुरा गरेका थियौँ । वहाँले हुन्छ पनि भन्नुभएको थियो । तर, विभिन्न व्यस्तताका कारणले होला, त्यो तालिम हुन सकेको छैन । सबै तयारी गरेर केही भइहाल्यो भने टिम नै तयारी अवस्थामा राख्न खोजेका हौँ । अन्य विपत्का लागि भनेर त हामीले तयारी गरिरहेका छौँ, कोभिडकै लागि भनेर छुट्टै भने हुन बाँकी छ ।

**भक्तपुरमा कन्ट्याक्ट ट्रेसिङमा परेका तथा अन्य शङ्काका कारण म परीक्षण गराउँछु भन्न चाहनेहरूले परीक्षण गराउन कत्तिको सहज छ ?**

**सुनिल प्रजापति–** सहजरूपमा हुन्छ । त्यसको रिपोर्टका लागि कि कोटेश्वर जानुपर्‍यो, कि मध्यपुर जानुपर्‍यो । अहिले हामीले मध्यपुर अस्पतालसँग यसका लागि समन्वय गरेका छौँ । त्यस्तो शङ्का लाग्यो र हाम्रो सम्पर्कमा आएको खण्डमा हामी पीसीआर परीक्षण गराउँछौँ । हाम्रो भक्तपुर अस्पताल छ । त्यहाँबाट गराइरहेका छौँ ।

**किट अभाव छ, गर्न सक्दैनौँ भन्नुपर्ने अवस्था छैन ?**

**सुनिल प्रजापति–** शुरुमा चाहिँ यस्तो समस्या थियो, पछि सहज भयो । पहिले हामी जनप्रतिनिधिहरू सबैले गरायौँ । सफाइ कर्मचारीहरू सबैको गरायौँ । यसले गर्दा किट सकिएछ । अभाव देखिएको थियो । त्यसपछि हामीले जिल्ला जनस्वास्थ्य कार्यालयसँग कुरा गर्‍यौँ । त्यसपछि व्यवस्था भयो । जनप्रतिनिधिहरूले दुईपटक गराइसकेका छौँ । सबैले होइन, बाहिर हिँडेका र अलि शङ्का लागेकाले ।
आज गरेर फेरि भोलि सङ्क्रमण लाग्न पनि सक्छ । यो एउटा समस्याको विषय बनेको छ । जेहोस् शङ्का लागेपछि हामीले गर्छौं, त्यस्तो समस्या छैन ।

**सङ्क्रमितहरू भेटिए उपचारका लागि राख्न आइसोलेसन बेडको व्यवस्था गर्नुभएको छ ?**

**सुनिल प्रजापति–** भक्तपुर अस्पतालले बनाइराखेको छ । हामीले पठाउने भनेको भक्तपुर अस्पतालमा नै हो । त्यहाँ सीट अभाव भएको अवस्थामा टेकु अस्पताल तथा अन्य ठाउँमा पठाउने गरिएको छ । भोलि धेरै सङ्क्रमितहरू भएको अवस्थामा भने घरमै राख्ने कुरा आइरहेको छ ।

केही निजी अस्पतालमा पनि समन्वयचाहिँ गरेका छौँ । शुरुको अवस्थामा नै हामीले अस्पतालहरूलाई राखेर कसले कतिजना सङ्क्रमित राख्न सक्नुहुन्छ भनेर सल्लाह गरेका थियौँ । कसैले ४ जना, कसैले ५ जना भन्नुभएको थियो । हामीले त्यो रेकर्ड पनि राखेका छौँ । अहिलेसम्म भक्तपुर अस्पतालले नै गरिररहेको छ ।

तस्बिर : आर्यन धिमाल

(अनलाइनखबर, २०७७।४।३२ बाट)

# भक्तपुर काण्ड : राज्यद्वारा रचित एक असफल षड्यन्त्र

विवेक

'शत्रुको कुनै पनि उपायद्वारा नष्ट गर्नु सर्वथा नीतिसम्मत हुन्छ' प्रख्यात नीति शास्त्री चाणक्यको भनाइ हो यो। उनले आफ्ना शत्रुलाई कुनै पनि षड्यन्त्र वा छलकपट गरी हत्या गर्नु शास्त्रसम्मत हुने आफ्ना नीतिशास्त्रमा व्याख्या गरेका छन्।

तत्कालीन पञ्चायती व्यवस्थाका सञ्चालकहरू विरोधीहरूलाई दबाउन जस्तोसुकै षड्यन्त्र गर्न पछि पर्दैनथे। पञ्चायती व्यवस्थालाई पंचहरू निर्दलीय दाबी गरिए पनि त्यो पञ्चहरूको एक दलीय व्यवस्था थियो। पंचहरूले जस्तोसुकै अपराध गरे पनि पंचखत माफ हुन्थ्यो भने पंचायत इतरहरूले गरेका जनपक्षीय कामलाई समेत तिनीहरू अपराध ठान्थे। नेपाल मजदुर किसान पार्टीले अशिक्षित मजदुर किसानलाई राजनैतिक रूपमा सचेत र सङ्गठित गर्दै आफ्नो हक अधिकारको लागि बोल्न सिकाउनु, प्रतिक्रियावादी सङ्घ-संस्था भित्र गएर जनताको सेवा गर्ने नीति लिनु जस्ता देश र जनताको हितमा गरेका कामलाई नै तत्कालीन पञ्चहरूले अपराध ठाने।

पार्टी प्रतिबन्धित अवस्थामा पंचायतको विरोधमा विचार प्रकट गर्नुलाई समेत गैरकानुनी मानिन्थ्यो र सजायको भागी हुनुपर्थ्यो। त्यसबेला राजनैतिक दलहरू भूमिगत रूपमा सकृय थिए। पंचायतको विरोध गर्ने राजनैतिक कार्यकर्ताहरूलाई विभिन्न अभियोग लगाई देशका विभिन्न जेलमा बन्दी बनाइएका थिए।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा प्रयोग गर्ने नीति लियो। अरु बेलाभन्दा निर्वाचनको बेला जनता बढी सडकमा आउने हुँदा निर्वाचनलाई उपयोग गर्दै पंचायतको विरोध गर्ने र जनतालाई राजनैतिक रूपमा सचेत पार्ने अवसरको रूपमा प्रयोग गर्‍यो। पञ्चायती व्यवस्था भित्रै गएर त्यसलाई कमजोर पार्ने पार्टीको नीति थियो त्यो। शान्तिपूर्ण अवस्थामा निर्वाचन बहिष्कारले प्रतिकृयावादीहरूलाई सहयोगमात्रै पुऱ्याउँछ भने प्रतिकृयावादी संस्था भित्र गएर जनताको सेवा गर्दा प्रतिकृयावादीहरूको निद्रा भङ्ग हुन्छ। त्यसैले बहिष्कारभन्दा निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नु निकै चुनौतिपूर्ण हुन्छ। एकातिर पद र पैसाको लोभ देखाएर पार्टीका राम्रा राम्रा कार्यकर्ताहरू बिगार्ने सम्भावना हुन्छ भने अर्कोतिर विभिन्न झुटा मुद्दामा फसाउने पनि उतिकै खतरा हुन्छ। सामन्तवाद र पूँजीवादलाई जरैदेखि उखेल्न निर्वाचनमा भाग लिनु आवश्यकमात्र होइन कि अपरिहार्य छ भने हाम्रै अनुभवले देखाएको छ।

आफुलाई वामपन्थी दाबी गर्ने पार्टीहरूसमेत नेमकिपाले चुनावलाई उपयोग गरेकोलाई लिएर 'पञ्चायतवादी', 'राजावादी' जस्ता आरोपहरू लगाउँथे। जस्तोसुकै आरोपहरू लगाइएता पनि पार्टीले लेनिनवादी नीतिलाई निरन्तरता दिइरहयो। राष्ट्रिय पञ्चायतमा पञ्चायत पक्षधरहरू जतिसुकै भए पनि नेमकिपाका एकै सदस्यले पनि पंचहरूले गरेका जन विरोधी कार्यको भण्डाफोर गर्थे। नेमकिपाले स्थानीयदेखि राष्ट्रिय स्तरसम्म भाग लिएको मात्र होइन अन्य पार्टीहरूलाई समेत निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नुपर्ने बाटो देखाइ दियो। नेमकिपाका जनप्रतिनिधिहरूले भक्तपुर नगरपंचायतबाट प्रकाशित हुने मासिक **'पंचायत'**मा मार्क्स, लेनिन, स्तालिन र माओका जीवनीहरू, मार्क्सवादी साहित्यहरू प्रकाशित गर्थे। त्यसैले नेमकिपाका जनप्रतिनिधिहरूलाई पञ्चहरू 'राता पञ्चहरू' अर्थात पञ्चको आवरणमा आएका क्रान्तिकारीहरू भन्ने गर्थे।

निर्वाचनमा लड्ने हरेक कार्यकर्ता सार्वजनिक हुने भएकोले पञ्चहरूलाई 'चिन्न' सजिलो हुन्थ्यो। त्यसैले निर्वाचनमा भाग लिने साथीहरू जेलमा जान तयार भएर बस्नुपर्थ्यो। जेल राजनैतिक कार्यकर्ताको अर्को घर भन्ने सोच्नु पर्ने अवस्था थियो। जेल जानु कुनै पनि राजनैतिक कार्यकर्ताको निम्ति सामान्य विषय थियो।

राजनीति सरल बाटो होइन। इन्जिनियर र आर्किटेक्टले कोरेको नक्साअनुसार अगाडि बढ्ने विषय पनि होइन। राजनीतिमा विभिन्न खालका षड्यन्त्र, जालझेल र छलकपट हुने गर्छन्। प्रतिकृयावादीहरूले रच्ने सबै षड्यन्त्रहरू सफल पनि हुँदैनन्। त्यस्तै राज्यस्तरबाट रचिएको तर असफल एक षड्यन्त्र हो – भक्तपुर काण्ड।

प्रतिकृयावादीहरूले २०४५ सालको 'भक्तपुर काण्ड' गरेर का. रोहितसँगै नेमकिपाको विचारलाई समाप्त पार्न खोजे। तर तिनीहरू सफल भएनन्। व्यक्ति मर्छ, विचारलाई कसैले चाहेर पनि समाप्त पार्न सक्दैन। पञ्चहरूले भक्तपुर काण्डमा एउटा गोलीले दुईवटा शिकार गर्न खोजे – पहिलो, कर्ण हयोजुको हत्या गर्नु। उनी पहिले नेमकिपाकै कार्यकर्ता थिए।

दोस्रो, ह्योजुको हत्यामा नेमकिपाका नेता कार्यकर्तालाई फसाउनु । नेमकिपालाई दबाएर अन्य पञ्चायत विरोधीलाई पनि तर्साउनु पंचहरूको भित्री उद्देश्य थियो ।

त्यस काण्डमा का. रोहितलगायत ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा चलाइयो । मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (क) दोस्रो पटक भक्तपुर काण्डमा प्रयोग भयो । पहिलोपटक रामराजा सिंहले सिंहदरबार, अन्नपूर्ण होटललगायतका ठाउँमा बम पड्काएपछि त्यस कानुनको प्रयोग गरिएको थियो । उक्त कानुनमा अभियुक्तलाई मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैदको व्यवस्था थियो । उक्त मुद्दामा १६ जना अभियुक्तहरूलाई मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैद (३३ वर्ष) सजाय माग गरिएको थियो भने अरुलाई जन्म कैदको माग गरिएको थियो ।

'राजनीति गुलाफको ओछ्यान होइन' भन्ने भावनाका साथ राजनैतिक कार्यकर्ताहरू पंचायतविरोधी विभिन्न गतिविधिमा सकृय थिए । जस्तोसुकै कष्टसाध्य जीवन र प्रहरीको यातनाबाट समेत विचलित नभई काम गर्न सक्नु त्यही भावनाले हो । तर सबै त्यस्ता हुँदैनन् । पार्टीभित्र लुकेका अवसरवादीहरू त्यसबेला सार्वजनिक भए । पार्टीलाई सङ्कट परेको बेला सहयोग गर्नुपर्नेमा तिनीहरू शत्रुसँग मिल्न गए । तिनीहरूले पार्टीका गुप्त कुराहरू पञ्चहरूसम्म पुऱ्याए । मुख्य मुख्य साथीहरूलाई पक्रनको निम्ति सहयोग गरे । पार्टीलाई ठूलो धोका र विश्वासघात गरे । केहीले जेलभित्र रहेका परिवारकहाँ गएर पञ्चायतको पक्ष लिने कागज गर्न दबाब दिने, जागिर बचाई दिने, मुद्दाबाट नाम फिर्ता गर्न लगाउने जस्ता कुरा गरेर आत्मसमर्पण गर्न लगाउने कोसिस गरे । ती व्यक्तिहरू अहिले कोही जागिरबाट अवकाश पाइसकेका छन् भने कोहीको मृत्यु भइसकेको छ । तर ती मान्छेहरू जीवित रहुन्जेल नेमकिपाका नेता कार्यकर्ताहरूसँग सिधा आँखा जुधाएर कुरा गर्न सक्दैनन् ।

झुटा मुद्दाका कारण कयौँ कार्यकर्ताहरूले जेल, भूमिगत र प्रवासमा कठोर जीवन व्यतित गर्नुपऱ्यो । यस्तो अवस्थामा धेरै कानुन व्यवसायीहरू, पत्रकारहरू, मानव अधिकारवादीहरू र बुद्धिजीवीहरूले नेमकिपालाई साथ दिए । यो खुशीको कुरा हो । उहाँहरूको सहयोगलाई हामीले सधैँ सम्झनुपर्छ । नेमकिपामाथि लागेको कालो बादल ७/८ महिनादेखि विस्तारै फाट्दै गयो । वास्तविकता जनतासामु आउन थाले । अन्य राजनैतिक दलहरूले समेत नेमकिपालाई दबाएजस्तै आफूलाई पनि दबाउन सक्ने सोचे र नेमकिपाविरुद्धको षड्यन्त्रको विरोध गर्न थाले । क्रमशः पञ्चायतविरोधी राजनैतिक दलका नेताहरू एउटै मञ्चमा बस्ने वातावरण बन्यो र २०४६ सालसम्म आइपुग्दा वाममोर्चा र नेकाको संयुक्त आन्दोलन गर्नसम्म त्यसले भूमिका खेल्यो । पंचायती व्यवस्था अन्त्यका विभिन्न कारणहरू मध्ये भक्तपुर काण्ड पनि एक हो भन्न सकिन्छ ।

कहिलेकाहीं नराम्रो घटनाले राम्रो परिणाम ल्याउँछ भनेको सायद यही हो । 'भक्तपुर काण्ड' नेमकिपा दबाउन पञ्चहरूले रचेको घृणित षड्यन्त्र थियो तर त्यसले पञ्चायतविरोधीहरूलाई एक ठाउँमा ल्यायो र देशमा बहुदलीय व्यवस्था स्थापना गर्ने वातावरण बनाइदियो । त्यो राम्रो हो ।

'भक्तपुर काण्ड' न पहिलो थियो न अन्तिम नै । सामन्तवादी र पूँजीवादी शासन व्यवस्थामा यस्ता षड्यन्त्रहरू भई नै रहन्छन् । यसबाट सबै राजनैतिक कार्यकर्ताहरू जोगिएर हिँड्नु आवश्यक छ ।

शासन सत्ता टिकाउन प्रतिक्रियावादीहरू कतिसम्म क्रुर ढङ्गले प्रस्तुत हुन्छन् भन्ने एक उदाहरण जर्मनीको राइखस्टाग आगलागी काण्ड पनि हो । सन् १९३३ मा जब हिटलरको उदय भयो उनले कम्युनिष्टहरूलाई दबाउन विभिन्न षड्यन्त्रहरू गरे । आतङ्कवादको विरोधको नाउँमा कम्युनिष्टहरूलाई दबाउन सुरक्षा कानुन बनाए । कम्युनिष्टहरूको घर खानतलासी गराए । त्यहाँ विभिन्न आतङ्क फैलाउने योजना बनाएको कागज फेला परेको झुटा प्रचारहरू गरे र १ दिन त्यहाँको संसद भवनमा आफ्नै गुप्तचरहरू प्रयोग गरेर आगलागी गरे । रातारात सयौँ कम्युनिष्ट नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरे । कम्युनिष्ट सांसदहरूलाई पदबाट बर्खास्त गरे । त्यसको ठाउँमा आफ्ना प्रतिनिधिहरू राखे । स्वतन्त्र प्रमाणद्वारा कुनै हिसाबमा पनि पुष्टि हुन नसक्ने उक्त काण्डमा कम्युनिष्टहरूलाई दोषी देखाए ।

यसरी संसारको इतिहासमा शासन सत्ता टिकाउन गर्ने षड्यन्त्रहरू मध्ये 'भक्तपुर काण्ड' पनि एक हो । यस्ता काण्डहरू फेरि फेरि पनि हुन सक्ने हुँदा राजनैतिक कार्यकर्ताहरू अझ बढीसचेत भएर अगाडि बढ्नु आवश्यक छ ।

आगोको सानो झिल्को पनि जङ्गलमा डढेलो लगाउन पर्याप्त हुन्छ भनेझैँ नेमकिपाको एक एक कार्यकता पञ्चहरूले खतरा देखे । जो आगोसँग खेल्छ त्यो आगोमै मर्छ जो पानी सित खेल्छ त्यो पानीमै मर्छ भने झैँ षड्यन्त्र गरेर नेमकिपालाई समाप्त पार्न खोज्ने पञ्चायती व्यवस्था आफै समाप्त भयो । निर्विकल्प भनिएको पञ्चायती व्यवस्था सदाको लागि समाप्त भयो । आजका नेकपा र नेकाका नेता र कार्यकर्ताहरूले पनि यस्ता घटनाहरूबाट शिक्षा लिएन भने पंचायती व्यवस्था झैँ छिट्टै अन्त्य हुनु अवश्यंभावी छ ।

# भक्तपुर काण्ड : राजनैतिक इतिहासमा कालो दिन

- उकेश कवां, अध्यक्ष, वडा नं. ७



भक्तपुर काण्ड नेपालको राजनैतिक इतिहासमा कालो दिनको रूपमा सधैँ सम्झिरहने छ। त्यो पञ्चायती शासक वर्गले शोषित-पीडित जनताको पक्षमा निरन्तर सङ्घर्षरत नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न रचेको षडयन्त्र थियो।

नेपाल मजदुर किसान पार्टीले नेपालको राजनीतिमा खेलेको सैद्धान्तिक, वैचारिक र व्यवहारिक सङ्घर्षले तत्कालीन शोषक, सामन्त र जालिफटाहाहरूको निद्रा खराब बनाएको थियो। राष्ट्रिय-अन्तर्राष्ट्रिय घटना र परिस्थितिको विश्लेषण गरी नेपालको राजनीतिमा पार्टीले मार्ग निर्देशन गरिरहेको थियो। मोहियानी हक, भर्पाई आन्दोलन, हरूवा-चरुवा र कमैयाहरूको पक्षमा भएको किसान आन्दोलन, साम्राज्यवाद र विस्तारवादविरुद्धको सैद्धान्तिक र वैचारिक सङ्घर्ष, प्रतिक्रियावादी सङ्घ-संस्थामा गई जनताको सेवा गर्ने र जनविरोधी गतिविधि तथा नीति नियमविरुद्धको सङ्घर्ष नै निरङ्कुश शासक वर्गको निम्ति नेमकिपा शरीरमा बिझेको काँडा बन्यो।

कर्णाली अञ्चलमा नेमकिपाको भूमिगत शैलीमा गरिरहेको पार्टी गतिविधिको सूचना पाई पार्टी कार्यकर्ता, समर्थकमाथि दमनको रणनीतिमा उत्रेको सामन्ती पञ्चायती व्यवस्थाले पार्टीलाई समूल नष्ट गर्न षडयन्त्रको ताना-बाना बुन्यो।

विचार र सिद्धान्तबिनाको राजनीति एक अवसरवादी चरित्रमा रूपान्तरित हुन्छ। त्यस्ता व्यक्तिहरू चाकरी र भनसुनलाई नै राजनैतिक गतिविधि ठान्छन्। त्यस्ता व्यक्तिहरूलाई अरुले प्रयोग गर्ने सम्भावना बढी हुन्छ।

२०४५ साल भदौ ५ गतेको भूकम्पबाट सृजित अवस्थामा 'धमिलो पानीमा माछा मार्ने' मनसायका साथ पञ्चायती शासक वर्ग र स्थानीय प्रतिक्रियावादी, अवसरवादी प्रवृत्तिका मानिसहरूले शोषित-पीडित जनताका इमानदार पार्टी नेता, कार्यकर्ताहरूविरुद्ध षडयन्त्रको जाल बुन्यो।

भक्तपुर नगर पञ्चायत (तत्कालीन) ले तत्कालै राहत कोष खडा गरी राहत कार्यक्रम घोषणा गऱ्यो। पीडित परिवारलाई सहयोग र उद्धार कार्यमा जोड दियो। बाटो खोल्ने, बेपता मानिसहरूको खोजी कार्य गरिराख्यो।

भक्तपुर काण्ड राजनैतिक षडयन्त्र भएको तथ्य खास्तोले छोपेको बिरालो म्याउ कराउँछ भने झैँ प्रधानमन्त्रीसमेत फाँसी देको नारा लगाउँदै शव ऱ्यालीमा सहभागी भए। यसले सर्वसाधारणलाई समेत षडयन्त्र बुझ्न सजिलो भयो। पञ्चायती दमनको विरुद्ध बुद्धिजीवी, पत्रकार, वकिल, सर्वसाधारण जनतासमेत सङ्घर्षको मोर्चामा सामेल भए।

निरङ्कुश पञ्चायती शासक वर्गले नेमकिपाले पूर्ण विराम लगाउने षडयन्त्र सफल हुनुको सट्टा जनताको बीचबाट बनेको पार्टी अनेक दुःख कष्टबाट सिक्दै समुद्रको छालझैँ जनताबीच नै सक्रिय रह्यो। परिणाम पञ्चायती षडयन्त्र पञ्चायत व्यवस्थाकै अन्त्यको कारक सावित भयो।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# गोविन्द दुवालसँगको अन्तरवार्ता



**प्रश्न – *भक्तपुर काण्डको समयमा तपाईं कुनै सार्वजनिक पदमा हुनुहुन्थ्यो ?***

**उत्तर –** त्यसबेला म राष्ट्रिय पञ्चायतको सदस्य थिएँ ।

**प्रश्न – *पञ्चायती व्यवस्थामा तत्कालीन नेपाल मजदुर किसान सङ्गठनले देश र जनताको कसरी सेवा गऱ्यो ?***

**उत्तर –** पञ्चायती व्यवस्थामा बहुमत जनतालाई शोषण दमन, अन्याय अत्याचार हुन्थ्यो । शोषित जनतालाई शोषण, अन्याय अत्याचारबाट मुक्त गर्न मार्क्सवाद, लेनिनवाद, माओ त्सेतुङ विचारधाराबाट निर्देशित सिद्धान्तअनुसार जनतालाई राजनैतिक र वर्गीय चेतना दिई सामन्तवादी पञ्चायती व्यवस्थाको विरोधमा राजनैतिक सङ्घर्ष, वर्ग सङ्घर्ष गर्दै सशस्त्र सङ्घर्ष गरी कम्युनिस्ट व्यवस्था स्थापना गर्ने पार्टीको दीर्घकालीन उद्देश्य हो । त्यही उद्देश्य प्राप्तिको लागि प्रतिक्रियावादी सङ्घ-संस्थामा गएर जनताको सेवा गर्ने लेनिनवादी सिद्धान्तअनुसार पञ्चायतको निर्वाचनमा भाग लिई जनताको सेवा गरेको थियो । गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतमा भाग लिई जनताको सेवा गर्दै पञ्चायतको जरा काट्ने काम गरेको थियो ।

**प्रश्न – *भक्तपुर काण्डको षडयन्त्र किन रचिएको होला सङ्क्षिप्तमा बताइदिनुहोस् ।***

**उत्तर –** तत्कालीन नेपाल मजदुर किसान सङ्गठनले पञ्चायत भित्र पनि राजनैतिक सङ्घर्ष, वर्ग सङ्घर्ष गरी भ्रष्टाचारको विरोध गरी नेपाली जनतालाई चेतना दिने र सङ्घर्ष गरेकोले नेपाल मजदुर किसान सङ्गठन भएसम्म निर्वाचनमा पञ्च उम्मेदवारहरू नजित्ने भएको महसुस गरी राज्यस्तरबाट भक्तपुर काण्ड घटाएको हो ।

**प्रश्न – *राज्यस्तरबाटै नेपाल मजदुर किसान सङ्गठनलाई दबाउनु पर्नाको कारण के होला ?***

**उत्तर –** नेपाल मजदुर किसान सङ्गठन भएसम्म राज्य सञ्चालन गर्ने भ्रष्टहरूलाई काम गर्न अप्ठ्यारो, पञ्चायतको नामले जनतालाई धोका दिन गाह्रो पर्दै गयो । वर्ग सङ्घर्षले उनीहरूको 'स्वर्ग'मा धक्का पुगेको रीस पनि थियो ।

त्यस्तै नेमकिसङ्गठन स्थापना हुनुभन्दा धेरै अगाडिदेखि नारायणमान दाइको नेतृत्वमा राजनीतिक र वर्ग सङ्घर्ष, अमेरिकी साम्राज्यवादले भियतनामी जनतालाई गरेको अन्यायको विरोध, भारतीय विस्तारवादले सुस्तामा गरेको अतिक्रमणको विरोध गरेको थियो । २०२५ साल मंसिर २२ गते भएको त्यस जुलुसको विरोधमा नेता र कार्यकर्ताहरूलाई राजकाज अपराध मुद्दा लगाएको थियो । २०२८ सालमा चोछेँ, भोलाछेँ टोलका साथीहरूलाई झुटा ज्यान मुद्दा लगायो । 'वर्ग परिचय' नाटक देखाउँदा कार्यकर्ता साथीहरूमाथि प्रहरीलाई कुट्यो भन्ने जाली मुद्दा लगायो । तर पार्टीका स्थानीय नेता र कार्यकर्ताहरूलाई मात्र सिध्याएर हुँदैन, नेपाल मजदुर किसान सङ्गठनलाई नै पूर्ण नस्ट गर्न राज्यस्तरबाट भक्तपुर काण्डको षडयन्त्र गरेको हो ।

**प्रश्न – *तपाईंको जेलको अनुभवबारे केही बताइदिनुस् न ?***

**उत्तर –** पार्टी अध्यक्ष का. नारायणमान दाइले भेटघाटको लागि आउनु हुने साथीहरूमार्फत निर्देशन पठाउनुहुन्थ्यो । राजनीति गर्ने नेता र कार्यकर्ताहरू जेलमा पनि उद्देश्य अनुसारको राजनैतिक र वर्ग सङ्घर्ष गरिरहन्छन् । राजनीतिक बन्दीहरूलाई जेल प्रशासनले दमन गर्न खोज्ने रहेछ । विशेष अदालतमा बयानको लागि बन्दीहरूलाई लाँदा हतकडी लगाउन खोज्दा हामीले विरोध गऱ्यौँ । प्रहरी प्रशासनले माथिको आदेशले लगाउनैपर्छ भन्थे । हामीले हत्तडी लगाएर गाडीमा नजाने, हिँडेरै जाने भनी हिँडेरै गयौँ ।

त्यस्तै साछी बकपत्रको लागि अदालत लैजाँदा पनि

यस्तै विवाद भयो र हिंडरै गयौं ।

***प्रश्न – भक्तपुर काण्डलाई तपाईंले कसरी लिनुभएको छ ?***

**उत्तर –** जिल्ला भूकम्प उद्धार समितिको निर्णय विपरीत जनतालाई धोका दिने, जनताबाट तिरस्कृत ह्योजुलाई नै राज्यले भूकम्प पीडितलाई राहत वितरण गर्न दियो । वितरण गर्दा भूकम्प पीडितहरूलाई नदिई क्षति नभएकाहरूलाई दिएकोले जनता आक्रोशित भए ।

आफ्नो अनियमितता, गल्ती र कमजोरीलाई ढाकछोप गर्न राज्यले हामीमाथि दोष लगायो । तर पञ्चायत आफै समाप्त भयो ।

***प्रश्न – निरङ्कुश पञ्चायत ढालेर बहुदलीय प्रजातन्त्र ल्याउन नेमकिसङ्गठनले कस्ता गतिविधिहरू सञ्चालन गऱ्यो ?***

**उत्तर –** २०१७ साल पछि राजनैतिक र मौलिक अधिकार फिर्ताको लागि नेपाल मजदुर किसान सङ्घको स्थापना नभएको अवस्थादेखि नै नारायणमान दाइको नेतृत्वमा यहाँ राजनैतिक, आर्थिक, शैक्षिकलगायतका विभिन्न गतिविधि हुने गरेको थियो । दाइ प्रवासमा हुँदा पनि सक्रय भूमिका खेल्नुभएको थियो । २०४६ सालको जनआन्दोलन सफल पार्न जेल भित्रबाट पनि निर्देशन दिनु हुन्थ्यो । यी कुरा आन्दोलनको बेला विभिन्न पार्टी, विद्यार्थी साथीहरूलाई पनि थाहा भएको कुरा हो ।

***प्रश्न – अहिलेका युवा पुस्ताले भक्तपुर काण्डबाट के सिक्नुपर्दछ ?***

**उत्तर –** अहिलेका मजदुर, किसानलगायत युवा वर्गले शोषण अत्याचारको विरोधमा राजनैतिक आन्दोलन, सङ्घर्ष नगर्ने हो भने अझ धेरै दुःख पाउन सक्छ । वर्ग भएसम्म शान्ति नहुने हुँदा वर्गीय राजनीति गर्नुपर्छ भन्ने भावनाका साथ व्यवहारमा लाग्नुपर्छ भन्ने सिक्नेछन् ।


# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## एकान्तबासमा बस्नु भएकालाई सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) रोग रोकथाम र नियन्त्रणको लागि विभिन्न देशबाट भक्तपुर फर्केका नगरवासी दाजुभाइ दिदीबहिनीहरूको लागि होटल, घर र नगरपालिकाको छुट्टै क्वारेन्टाइनको व्यवस्था गरी समुदायमा कोरोना फैलिन नदिन भक्तपुर नगरपालिकाले निरन्तर प्रयास गर्दै आएको छ । हाल नेपालमा पनि सो रोग तीव्ररूपमा बढिरहेको र काठमाडौं उपत्यकालगायत विभिन्न शहरहरूमा दैनिक सयौंको सङ्ख्यामा सङ्क्रमितहरू बढिरहको तथा भक्तपुर नगरक्षेत्रमा समेत ८० जनाभन्दा बढी सङ्क्रमित भइसकेको वर्तमान विषम परिस्थितिमा अस्पताल र आइसोलेसन केन्द्रको अभावमा घरमै एकान्तबास (आइसोलेसन)मा बस्नु भएका सङ्क्रमित परिवारलाई सम्बन्धित वडाका जनप्रतिनिधिहरूले आवश्यक सहयोग गर्दै आउनु भएको र चिकित्सकहरूमार्फत आवश्यक स्वास्थ्य उपचारमा सहयोग गर्दै आउनुभएको छ । सोही सम्बन्धमा रोगको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गएको हुँदा एकान्तबास (आइसोलेसन)मा बस्नु भएका सङ्क्रमित परिवारलाई स्वास्थ्य एवं सरसफाइलगायत अन्य कुनै समस्या परेमा देहाए वमोजिमका नगरपालिकाका चिकित्सक एवं कर्मचारीहरूलाई सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछ ।

१. डा. बालकृष्ण चांगुभारी (सम्पर्क नं. ९८६० ०५१ ०८२)
२. डा. विवेक बोयजु (सम्पर्क नं. ९८४१ ७२५ १८८)
३. प्रशासकीय अधिकृत श्री दामोदर सुवाल (सम्पर्क नं. ९८४९ ८२५ १००)
४. शाखा अधिकृत श्री गौतमप्रसाद लासिवा (सम्पर्क नं. ९८५१ १८७ ३००)
५. शाखा अधिकृत श्री दिलिपकुमार सुवाल (सम्पर्क नं. ९८४१ ४३२ ८६८)

# ‘भक्तपुर काण्ड’ सम्बन्धी पुस्तकहरूबारे

रमा

आजभन्दा ३२ वर्ष अगाडि निरङ्कुश पञ्चायती व्यवस्थाले नेमकिपाको तेजोवध गर्न रचेको राज्यस्तरको षड्यन्त्र थियो – भक्तपुर काण्ड। नेपालको राजनीतिक आन्दोलनमा कालो दिनको रूपमा भाद्र ९ को स्मरण गरिन्छ। त्यो इतिहास फरक ढङ्गले दोहोरिन सक्ने सम्भावना औँल्याई बितेका ३ दशकमा थुप्रै पुस्तकहरू प्रकाशित भए। भक्तपुर काण्डको सत्य-तथ्य उजिल्याउने ती पुस्तकहरूले राजनीतिक महत्त्व बोकेको प्रस्ट छ। नयाँ पुस्ताले ती बहुमूल्य पुस्तक र प्रकाशनहरूमार्फत नेमकिपाको सङ्घर्षशील इतिहास बुझ्ने अवसर पाउँछन्। विचार, सिद्धान्त र इमानमा कहिल्यै नझुकेको नेमकिपाको गर्विलो इतिहास २०४५ भाद्र ९ देखि बहुदल पुनः स्थापनासम्मको अवधिले पनि उजागर गर्छ।

नेमकिपाले सदैव देशको स्वतन्त्रता र सार्वभौमिकताको पक्ष लियो। बहुमत जनताको प्रजातन्त्रको पक्ष लियो। जनमतसङ्ग्रहमा बहुदलको पक्षमा वकालत गऱ्यो। नेमकिपाले सदा देश र जनताको सेवालाई राजनीति बतायो। प्रतिक्रियावादी सङ्घसंस्थाभित्र गएर देश र जनताको सेवा गर्ने लेनिनवादी नीति, क्रान्तिकारी संसदवादको नीतिमार्फत नेमकिपा सक्रिय बनेको पञ्चायती शासन व्यवस्थालाई पटक्कै मन परेको थिएन। त्यसकारण, नेमकिपाविरुद्ध षड्यन्त्रको पासो थाप्यो।

भाद्र ९ को घटनाबारे गहिरो अध्ययनपश्चात् वरिष्ठ अधिवक्ता, पत्रकार, मानवअधिकारवादी नेता र बुद्धिजीवीहरूले राज्यस्तरको सुनियोजित षड्यन्त्र भएको ठहऱ्याए। सङ्कीर्ण र असहिष्णु, वैचारिक निरङ्कुश तथा जातीय दमनको शैलीमा पञ्चायती व्यवस्था नेमकिपालाई समूल नष्ट गर्न लागिपरेको थियो। भक्तपुर काण्डको घटनाक्रम, षड्यन्त्रको प्रकृति, पञ्चायती व्यवस्थाविरुद्ध कानुनी र राजनीतिक सङ्घर्ष, महिला सङ्घर्षसँगै झूटा मुद्दामा फसाइएका भुक्तभोगी, भूमिगत र प्रवास जीवन भोगेकाहरूको अनुभव पुस्तकहरूले समेट्छ।

**‘आवाज’** (भक्तपुर काण्ड विशेष) ले भक्तपुर काण्डको नालीबेली खोतलखातल गरी यथार्थ विश्लेषण प्रस्तुत गऱ्यो। भक्तपुर काण्ड एउटा राजनैतिक सङ्घर्षको नाम हो। पञ्चायती व्यवस्था र जनताको प्रजातन्त्रका हिमायती एवम् कम्युनिस्ट विचारबीचको लडाइँ थियो। एउटा वर्गसङ्घर्षको सिलसिलाको रूपमा **‘आवाज’** ले घटनाको गुह्य व्याख्या गर्छ।

पञ्चायती शासकहरू भिन्न मत पटक्कै नसहने प्रवृत्तिका थिए। जनमत सङ्ग्रहपछि भक्तपुरबाट दुवै पटक रापस निर्वाचनमा पञ्चायत पक्षधर पराजित भए। भक्तपुर नगर पञ्चायतमा नेमकिपाका उम्मेदवारहरू निर्वाचित भए। बहुदलवादीहरूले भक्तपुरमा गरेको विकास गतिविधिले समाजका शासक, जालीफटाहा, भ्रष्ट र कालाबजारिया पाखा लागे। यही कारण पञ्चहरूबाट भक्तपुर काण्ड घटाइएको हो।

भूकम्प पीडितलाई राहत वितरण गैर सरकारी संस्थाबाट गर्न नहुने सूचना जारी हुँदाहुँदै पनि ह्योजुमार्फत ‘खाद्य किराना समिति’ बाट राहत वितरण गर्न लगाइनु घटनाको प्रारम्भ बन्यो। राहत वितरणमा ठूलो धाँधली र लापरबाही हुनु, तत्काल ठीकठीक जानकारी जिम्मेवार मानिसलाई नहुनु, दत्तात्रयको प्रहरी चौकी र गोल्मढीमा रहेका प्रहरी दलले सुरक्षा प्रदान नगरी ह्योजुलाई उत्तेजीत भीडमा छोड्नु, भीड अनियन्त्रित हुनु, ३-४ घण्टासम्म ह्योजुलाई कुटपिट हुँदा प्रहरी फोर्स पुग्दैन भनी मुकदर्शक बन्नु, राजधानीबाट १३ किमी टाढाको भक्तपुर प्रशासन निस्क्रिय हुनु, ह्योजुलाई वीर अस्पतालमा तुरुन्त उपचारको बन्दोवस्त नहुनु ह्योजुको मृत्युको कारण बन्यो।

दिउँसो फोर्स पुगेन भन्ने प्रहरी प्रशासन भाद्र ९ कै राती ११-१२ बजेतिर हत्यारा खोज्नुको सट्टा का. रोहितलगायत



थुप्रै राजनीतिक कार्यकर्ता, समर्थक जनप्रतिनिधिहरूको घर–घरमा एउटै समयमा छापामार शैलीमा ओछ्यानबाट पक्राउ गर्न सुरु गर्नु षड्यन्त्रको एउटा प्रमाण हो ।

संसारको कुनैपनि कुनामा नभएजस्तो ह्योजुको हत्यापश्चात् 'रोहितलाई फाँसी दे' 'बहुदलवादी मुर्दावाद' भन्दै राज्यको प्रधानमन्त्री जस्तो सत्ताको कार्यपालिका प्रमुखसमेत सडकमा उत्रनु अर्को प्रमाण हो ।

भक्तपुर काण्ड विषयमा अनभिज्ञ र भ्रम पालेर बसेका बुद्धिजीवी, राजनीतिज्ञ, पत्रकार, कानुन व्यवसायी, प्रहरीलगायत नेपाली नागरिकहरूमा भक्तपुर काण्ड के हो, किन र कसरी घट्यो, कसको निर्देशन र षड्यन्त्रमा भयो ? भन्ने तर्कपूर्ण विश्लेषण पुस्तकले समेट्छ । त्यतिमात्र होइन पञ्चायती प्रशासनिक आतङ्क र जनआक्रोशको सिलसिला प्रस्तुत गर्छ ।

भक्तपुरमा मात्र होइन, जुम्लाका युवाहरूलाई समेत अञ्चलाधीशले 'रोहितका समर्थकहरूको भनाइमा लाग्नेलाई ह्योजु काण्डमा रोहितलाई फसाएजस्तै फसाइदिने' धम्की दिने गरिन्थ्यो भन्ने जानकारी **'आवाज'** बाट मिल्छ ।

मुद्दाबारे अनुसन्धान सुरु नहुँदै, अदालतमा मुद्दा दायर नहुँदै का.रोहित र नेमकिपालाई दोषी ठहर गर्दै देशका प्रधानमन्त्री मरिचमान सिंहलगायत कार्यपालिका सडकमा उत्रेर 'हत्यारा रोहितलाई फाँसी दे' को नारा लगाउनु चोखो मानिसलाई दोष लगाउनु साबित भयो । पुस्तक **'फाँसी दे'** ले तत्कालीन समयमा का. रोहित र नेमकिपाविरुद्ध भएको षड्यन्त्र, सत्य र न्यायको पक्षमा भएको बौद्धिक, सैद्धान्तिक, कानुनी, व्यावहारिक सङ्घर्षबारे बताउँछ । सुबोध सिंजालीकृत पुस्तक 'फाँसी दे' ले राज्यस्तरको षड्यन्त्रलाई मिहिन ढङ्गले बुझ्न मद्दत गर्छ । का. रोहितको भनाइ पुस्तकमा उद्धृत छ – *'प्रहारको विन्दु व्यक्ति हुनासाथै सङ्घर्षको रूप नरोदनिकवाद व्यक्तिहत्यामा टुङ्गिन्छ । नरोदवाद र आतङ्कवाद निश्चय पनि मार्क्सवाद होइन । रुसमा जार अलेक्जेन्डर दोस्रोको हत्या भएको थियो तर जारतन्त्र समाप्त भएन र झापामा धर्मप्रसाद ढकाल मारिए तर झापाको समस्या टुङ्गिएन ।'* व्यक्तिहत्याको विरोध गर्ने का. रोहितमाथि हत्याको झूटो आरोप लगाउनु राजनैतिक दर्शन, सिद्धान्त, इमानदारीमाथि छलछाम, धोका नै थियो भन्ने सशक्त आवाज पुस्तकले दिन्छ ।

नेमकिपामाथि पञ्चहरूको आग्रह पूर्वाग्रह र प्रतिशोधको भावना 'विमर्श' जस्ता पत्रिकाहरूले प्रदर्शन गरे । पीतपत्रकारितामार्फत जनतालाई गलत र असत्य बताउने, अफवाह फैलाउने काम भयो । उत्तिबेला नेमकिपाका कार्यकर्ताहरूले अत्यन्त संवेदनशील र सावधानी अपनाई, दुष्टहरूको आँखा छली जनतालाई सही जानकारी दिने दायित्व पूरा गरेको एउटा दसी हो पुस्तक – **'फाँसी दे'** ।

**'जेल डायरी'** मा भक्तपुर काण्डका घटना परिघटनाको मार्मिक चर्चा छ । बिरामी पर्नुभएका का. रोहितलाई पक्रेर लगेको, प्रहरीका गाली र अभद्र शब्दहरू, मानसिक र शारीरिक यातनाको वर्णन, बन्दीगृहभित्रको असुविधा र दर्दनाक स्थितिको शब्दचित्र डायरीभित्र छ ।

का. रोहित आफूसँग लिइएको बयानमा स्पष्ट भन्नुहुन्छ, *'यदि ह्योजुको घटनाबाट मृत्यु भएको भएपनि त्यसमा मेरो नैतिक जिम्मेवारी हुनेछैन किनभने पहिलो, मलाई पूरा विश्वास छ, हाम्रो समूहले कसैको हत्या गर्दैन । दोस्रो, हाम्रो तर्फबाट त्यस्तो योजना वा भावनासमेत गरिएको वा लिइएको छैन । तेस्रो, हामी सिद्धान्ततः व्यक्तिहत्याका विरोधी हौँ । चौथो, भक्तपुरमा घटेका सबै घटनाको जिम्मेवार हामी हुनेछैनौँ ।'* डायरीमा धाँधलीपूर्ण सर्जमिनको खण्डन छ । अदालतमा निर्दोषहरूविरुद्ध मुद्दा चलाइएको विरोधमा वकालत गर्ने कानुनकर्मीहरूलाई पुस्तकले सम्मानपूर्वक सम्झेको छ । पञ्चायती राज्यस्तरको षड्यन्त्र, आतङ्क, दमन, भ्रष्टाचारको काला कर्तुतहरूको पुञ्ज– भक्तपुर काण्डको कालो पाना अदालतमा साक्षीहरू झिकाई बयान गर्ने काम नटुङ्ग्याई एक वर्ष सात महिना छब्बीस दिनमा राष्ट्रिय जनआन्दोलनको अग्निकुण्डमा भष्म भयो भन्नुहुन्छ, अध्यक्ष रोहित ।

पुस्तक **'जेलदेखि प्रजातन्त्र'** ले पनि यही सन्दर्भ सतहमा ल्याउँछ । भक्तपुर काण्ड विषयमा अनभिज्ञ र भ्रम पालेर बसेका बुद्धिजीवी, राजनीतिज्ञ, पत्रकार, कानुन व्यवसायी, प्रहरीलगायत नेपाली नागरिकहरूमा भक्तपुर काण्ड के हो, किन र कसरी घट्यो, कसको निर्देशन र षड्यन्त्रमा भयो ? भन्ने तर्कपूर्ण विश्लेषण पुस्तकले समेट्छ । त्यतिमात्र होइन पञ्चायती प्रशासनिक आतङ्क र जनआक्रोशको सिलसिला प्रस्तुत गर्छ ।

**'जेलका चिठ्ठीहरू'** पनि इतिहासको त्यो कालखण्डबारे नयाँ पुस्तालाई शिक्षित बनाउने महत्त्वपूर्ण पुस्तक हो । झूटा मुद्दामा फसाई ६७ जनालाई प्रतिवादी बनाइएको मध्ये ५३ जनालाई मृत्युदण्डको माग गरिएको र १३ जनालाई बाग्मती विशेष अदालतमा मुद्दा चलाइएको थियो । का. रोहितले जेलभित्रबाट आफ्ना भावना, संवेग, सङ्कल्प, जीवनका उकाली ओराली, जीवन परीक्षाहरूलाई अत्यन्त सुन्दर लय दिएर कामरेड शोभा प्रधानलाई लेखिएका चिठ्ठीहरूको सङ्गालो हो, **'जेलका चिठ्ठीहरू '** । एकजना कम्युनिस्ट जेलमा होस् या खुला समाजमा जनताप्रतिको कर्तव्य, परिवारप्रतिको माया कहिल्यै भुल्दैन । आफ्नो विचार र सिद्धान्तलाई थुनेर राख्दैन । बरु कुनै न कुनै

माध्यमबाट जनतासम्म पुऱ्याइरहन्छ भन्ने प्रमाण पनि हो, **'जेलका चिट्ठीहरू'** ।

अध्यक्ष का.रोहित जोड दिनुहुन्छ, *'राजनीति गुलाबको ओछ्यान होइन, खुकुरीको धारमा हिँड्नु हो । राजनीतिमा देश र जनताको सेवा गर्नु पनि पहाडको यात्राजस्तै हो । कोही अगाडि, कोही बीच र कोही पछाडि पर्छन् । कहिलेकाहीँ पछाडि पर्नेहरू यात्रा छाडेर साथीहरूबाट टाढा जान्छन् ।'* यही स्थिति २०४५ सालको भक्तपुर काण्डले व्यहोरेको थियो ।

आफूलाई रोहितको कार्यकर्ता भनी फाइँफुट्टी गर्नेले त्यतिबेला छेपारोले रङ्ग फेरेझैँ आफ्नो रङ्ग फेरेका थिए । पञ्चहरूकै माझमा गई भाषण गरेका थिए – 'तपाईँ औँलामा गन्नुस् अब रोहितको पार्टीमा बी.ए. पास गरेका कतिजता छन् ?'

यस्ता सीमित अवसरवादीहरूका कारण पनि सोझासिधा किसानहरूले थप सास्ती व्येहोर्नुपऱ्यो । भक्तपुरमा एक किसिमले नाकाबन्दीको अवस्था थियो । विकास निर्माणका कामहरू ठ्याप्पै रोकिएको स्थिति थियो । त्योभन्दा महत्त्वपूर्ण कुरा भक्तपुरका जनतालाई अत्यन्त अपमानजनक व्यवहार गरिन्थ्यो ।

पुस्तक **'भक्तपुर काण्डका संस्मरणहरू'** (२०६७) र **'मजदुर'** भक्तपुर काण्ड विशेषाङ्क (२०६८) ले पञ्चायती व्यवस्थाको षड्यन्त्र, राज्य आतङ्क, क्रुरता र दमनको पराकाष्ठा उजागर गर्छ । घटनाका भुक्तभोगी निर्दोष र सरल जनताले भोगेका कष्टपूर्ण र त्रासदीपूर्ण अवधिको मार्मिक शब्दचित्र हुन्, यी पुस्तकहरू ।

झूटा मुद्दामा बन्दी बनाइएका निर्दोष जीवनमाथिको बर्बर अत्याचार र चरम यातनादेखि जेलबाहिर परिवारले भोगिरहेको मानसिक यातनासम्म, प्रतिक्रियावादीहरूको छलछामदेखि हरियो घाँसभित्र लुकेका हरिया सर्पहरूको टोकाइ, आदि यी पुस्तकहरूमा सङ्कलित छन् । लेखपढसम्म गर्न नजानेका, नेपाली भाषा बोल्न नआउने, हाकुपटासी लगाउने महिलाहरूको वेदना, सङ्घर्ष, अदम्य साहस, धैर्य र सहनशील भई चालेका क्रान्तिकारी पाइलाहरू पुस्तकहरूले समेटेका छन् । जस्तै आँधीबेहरीबीच पनि पटक्कै विचलित नभई बटुलेका ती अनुभवहरू नयाँ पुस्ताका निम्ति एउटा महत्त्वपूर्ण ऊर्जा बन्नेमा कुनै शङ्का छैन । राजनैतिक मूल्यमान्यता, नैतिकता, सिद्धान्तप्रतिको अडान, निःस्वार्थ सेवाभाव, सङ्घर्षप्रतिको विश्वास, वर्ग शत्रुप्रति बदलाको भावना यी पुस्तकहरूबाट प्राप्त हुने शिक्षा हुन् ।

जेलबाट छुटेपछि राजा वीरेन्द्रसँगको भेटमा का. रोहितले भन्नुभएको थियो – *'बीस महिनासम्म भक्तपुरमा राज्य थिएन, अराजकता थियो । एक सय चार वर्षको राणा शासनमा*

पारिवारिक जिम्मेवारी काँधमा बोकेर, खेतीपाती, घरव्यवहार, सन्तान हुर्काउन दिनरात काम गर्ने, 'ज्यानमाराकी स्वास्नी' भन्ने गाली सहेर, 'पोइला जाऊ तिम्रो श्रीमान् अब फर्कँदैन' भन्ने कटु वचन सहेर, बलियो आत्मबलका साथ सत्यको विजय कुर्ने विकुमाया, राज्येश्वरी, कृष्णमाया, नक्कली, मैया, ताराहरूको मार्मिक संस्मरण प्रस्तुत छ ।

*पनि त्यस्तो अत्याचार थिएन । पृथ्वीनारायण शाहको उपत्यका विजयपछि यस्तो अत्याचार कहिल्यै भएको थिएन ।'*

जेलभित्रका रोहितले ह्योजुलाई मारेको हो नभनुन्जेल र कागजमा हस्ताक्षर नगरुन्जेल बाँसमा बाँधेर दुई जनाले बोकी लट्ठीले हिर्काउने, बुटले हान्ने, डोरीले बाँधेर पिट्ने, हात खुट्टा बाँधेर पाइतालामा बाँसको लट्ठीले करिब तीन चार घण्टा निरन्तर पिट्ने, युद्धबन्दीलाई झैँ व्यवहार गरेका मुटु कमाउने वर्णन यी पुस्तकहरूमा छ ।

पारिवारिक जिम्मेवारी काँधमा बोकेर, खेतीपाती, घरव्यवहार, सन्तान हुर्काउन दिनरात काम गर्ने, 'ज्यानमाराकी स्वास्नी' भन्ने गाली सहेर, 'पोइला जाऊ तिम्रो श्रीमान् अब फर्कँदैन' भन्ने कटु वचन सहेर, बलियो आत्मबलका साथ सत्यको विजय कुर्ने विकुमाया, राज्येश्वरी, कृष्णमाया, नक्कली, मैया, ताराहरूको मार्मिक संस्मरण प्रस्तुत छ ।

भूमिगतरूपमा गुप्ती कार्य गर्नु पनि बिरालोको घाँटीमा घण्टी बाँध्ने कार्य जत्तिकै खतराको कार्य थियो । प्रहरीबाट बच्न भक्तपुर छोडी गाउँ–गाउँ अन्य जिल्लामा गई साङ्गठनिक गतिविधिमा लाग्ने थुप्रै कार्यकर्ता, शिक्षकहरूको आत्मसंस्मरण पुस्तकहरूभित्र छन् । यी पुस्तकमात्र होइन **'मजदुर– किसान'**का भक्तपुर काण्ड विशेषाङ्कहरू, **'केटीहरू'** बुलेटिन, २०७६ को **'मजदुर'** परिशिष्टाङ्कले पनि तत्कालीन समयको यथार्थ बोध गराउँछ ।

नयाँ पुस्तालाई इतिहास चिनाउने, भक्तपुर काण्डजस्तो षड्यन्त्र दोहोरिने सम्भावनालाई अस्वीकार नगर्न सन्देश दिने, सङ्घर्षशील तथा ऊर्जाशील बनाइराख्ने, सधैँ सत्यका निम्ति जुट्न सिकाउने यी पुस्तकहरूको अध्ययन आउने पिँढीले पनि गर्नेछन् । भक्तपुर काण्डबारे यति महत्त्वपूर्ण विषयहरू बाहिर ल्याउने प्रकाशन गृहहरू धन्यवादका पात्र हुन् । यी पुस्तकहरूमा इतिहास बाँचिरहनेछ । ती काला दिनहरूले छोडेका घाउहरू सदा चहऱ्याइरहनेछ । महिलाहरू पनि सङ्घर्षको मैदानमा उत्रन सिके । समाजले परिवर्तनको अनुभव गऱ्यो । नयाँ पुस्तालाई एकादेशको कथाझैँ लाग्ने भक्तपुर काण्डबारे शिक्षित तथा सचेत बनाउनु आवश्यक छ ।

***(साभारः 'श्रमिक'** साप्ताहिक, भाद्र ९)*

# भक्तपुर नगरको ऐतिहासिकता



डा. हरिराम सुवाल

नेपाल विश्व मानचित्रमा भारतीय उपमहाद्वीपको उत्तरी मोहडाको मध्य भागमा अवस्थित छ। नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीन छ। नेपाल पूर्व पश्चिम ८०° १२'' देखि ८८° १२'' देशान्तरमा फैलिएको छ भने उत्तर दक्षिण २६° १२'' देखि ३०° २७'' अक्षांशमा फैलिएको छ (**पौडेल, टण्डन, भट्टराई, चौधरी, शर्मा, बिसुखें र अन्य** २०१३ : पृ. १)। नेपाल पूर्व-पश्चिम लम्बीय आकारमा ८०० किलोमिटर र उत्तर-दक्षिण १३० देखि ३४० किलोमिटर चौडाइमा फैलिएको छ (**उपाध्याय** २०६६: पृ. ७)। यसको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको छ। तर हाल यस क्षेत्रफलमाथि निकै विवाद देखिन्छ किनकि भारतले नेपालको ७१ स्थानमा ६४ हजार हेक्टरभन्दा बढी भू-भाग मिचेको विषयमा विवाद कायम छ। भौगोलिक रूपमा नेपालमा हिमाल, पहाड र तराई प्रदेश रहेका छन्। नेपालमा ६८ प्रतिशत भू-भाग पहाड, १५ प्रतिशत भू-भाग हिमाल र बाँकी १७ प्रतिशत भू-भाग तराई प्रदेशले ढाकेको छ। नेपाल पूर्णरूपमा भूपरिवेष्टित देश हो। यसको तीन सीमा पूर्व, पश्चिम र दक्षिणमा भारतले घेरेको छ भने उत्तरमा चीनको तिब्बत प्रदेश पर्दछ। नेपालमा सन् २०११ को जनगणनाअनुसार २,६४,९४,५०४ जनसङ्ख्या रहेको छ, जसमा पुरूष १,२८,४९,०४१ र महिला १,३६,४५,४६३ रहेको छ। नेपालको लैङ्गिक अनुपात ९४.२ र जनसङ्ख्या बृद्धि दर १.३५ रहेको छ। नेपालमा कुल जनसङ्ख्याको १७ प्रतिशत शहरमा र ८३ प्रतिशत गाउँमा बस्दछन्। नेपालको जनघनत्व १८० र साक्षरता प्रतिशत ६५.९ रहेको छ। नेपालमा हिन्दुहरू ८१.३, बौद्धहरू ९, इस्लामिकहरू ४.४, किरातीहरू ३.१, इसाईहरू १.४ प्रतिशत रहेको छ। साथै नेपालमा पहाडी ब्राम्हणहरू १२.१८, क्षेत्रीहरू १६.६०, मगरहरू ७.१२, थारूहरू ६.५५, तामाङ्गहरू ५.८१, नेवारहरू ४.९ रहेका छन्। भाषागत आधारमा नेपालमा नेपालीहरू ४४.६३, मैथिलीहरू ११.६७, भोजपूरीहरू ५.९८, थारू ५.७७, तामाङ्ग ५.१०, नेवारहरू ३.१९ प्रतिशत रहेका छन् (**पौडेल र अन्य** २०१३: पृ. १ र २)।

नेपालको मानचित्रमा मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत काठमाडौँ उपत्यकाको तीन जिल्लाहरूमध्ये भक्तपुर पनि एक हो। यो जिल्ला विशेषगरी धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, कला तथा शिक्षाको दृष्टिकोणले देशकै एक धरोहरको रूपमा रहेको छ। विश्वको मानचित्रमा ८५° २१'' देखि ८५° ३२'' पूर्वी देशान्तर र २७° ३६'' देखि २७° ४४'' उत्तरी अक्षांशसम्म फैलिएको छ। यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाडौँ र दक्षिणमा ललितपुर जिल्ला पर्दछ। यो जिल्लाको क्षेत्रफल ११९ वर्ग कि.मी. रहेको छ, जुन नेपालकै सानो जिल्लामा पर्दछ। यसको पूर्व पश्चिम लम्बाइ १६ कि.मी. र उत्तर दक्षिण चौडाइ ११.२ कि.मी. रहेको छ। यस जिल्लाको सरदर उचाइ समुद्री सतहबाट १,३३१ मि. उचाइमा रहेको छ। यस जिल्लाको सबैभन्दा अग्लो भूभाग नगरकोट डाँडालाई मानिन्छ जसको उचाइ २,१९१ मिटर छ (**शर्मा** २०७१: पृ. १) नगरकोट भक्तपुरकै सुन्दर र पर्यटकीय हिसाबले महत्त्वपूर्ण ठाउँ पनि हो। यो जिल्ला राजधानी काठमाडौँबाट १३ कि.मी. पूर्वमा पर्दछ। भौगोलिक बनावटको दृष्टिकोणले यो जिल्ला उपत्यकाका अरू दुई जिल्लाहरूसित मिल्दोजुल्दो छ। जिल्लाभित्रको जमिनको ढाल पूर्ववाट क्रमशः पश्चिमतिर भिरालो पर्दै गएको छ। यस जिल्लाको सबै खोला तथा नदीहरू पूर्वी सिमानाको डाँडाहरूबाट उत्पत्ति भई पश्चिममा गएर मुख्य नदी मनोहरामा मिल्न जान्छ।

भक्तपुर जिल्लाको ऐतिहासिक पृष्ठभूमितर्फ नियाल्दा यसको प्राचीन नाम खोपृङ थियो। लिच्छविहरूको आगमनपूर्व किराँतहरूले कय्यौं शताब्दीसम्म नेपालमा शासन चलाउँदा नेपाल उपत्यका र आसपासका इलाकाहरूमा अनेक नामका बस्तीहरू आवाद भइसकेको कुरा सम्बद्ध प्रमाणहरूको अध्ययनको आधारमा जान्न सकिन्छ। लिच्छविकालका शासकहरूले संस्कृतलाई राजभाषा बनाई यावत् कुराहरू संस्कृतमै लेखाएको पाइए पनि तत्कालीन अभिलेखहरूमा सम्बद्ध ग्राम एवम् प्रदेशका नामहरू उल्लेख गर्ने सन्दर्भमा ऐतङ, कडम्प्रिङ, कादुङ, किचप्रिचिङ, कुर्पासी, खकम्प्रिङ, खूलप्रिङ, खृपुङ, गणिदुङ, जोन्जोन्दिङ, टेग्वल, दुप्रङ, पिखू, माखोदुलुं, माखोपृङ, खोपृङ्ग, याप्रिङ, लोप्रिङ आदि उल्लेख हुन आएका शब्दहरूचाहिं संस्कृत भाषाका शब्दहरू होइनन्, जुन सम्भवतः लिच्छवि पूर्व शासन गर्ने किरात परिवारका भाषाबाट रहेका नामहरू हुन् कि भन्ने कुरा अनुमान लगाउन सकिन्छ (**श्रेष्ठ** २०५४: पृ. ३)।

लिच्छविकालका अभिलेखहरूमा खूलप्रिङ, खृपुङ,

खोपृङ, माखोदुलुं, माखोपृङ, आदि, शब्दहरू उल्लेख हुन आएको सन्दर्भमा भक्तपुर भेकमा अनेक नामका बस्तीहरू किराँतकालमा बसिसकेको कुरा जानिन्छ । धनवज्र बज्राचार्यले **लिच्छविकालीन अभिलेख** पुस्तकमा तुलाछेँ टोलको शिवदेव र अंशुबर्माको संयुक्त अभिलेखको व्याख्या गर्ने क्रममा लेखेका छन् –'माखोपृम् द्रङ्गका बासिन्दाहरूलाई प्रशासनसम्बन्धी केही अधिकार सुम्पेको लगत्तै पछि त्योसँगै रहेको खृपुङ्ग्रामलाई पनि त्यही अधिकार सुम्पेको यताबाट बुझिन्छ । माखोपृम् र खृपुङ्ग ग्राम भिन्नाभिन्नै बस्ती हुन् भन्ने पनि यताबाट बुझिन्छ (**बज्राचार्य** २०६५: पृ. २५४–२५५) ।' त्यस्तै धनवज्र बज्राचार्यले **लिच्छविकालीन अभिलेख** पुस्तकमा गोलमढी टोलको शिवदेव र अंशुबर्माको अभिलेखको व्याख्या गर्ने क्रममा लेखेका छन्– 'नेवारी भाषामा भक्तपुरलाई अहिलेसम्म पनि खोपः भनिन्छ । यसको पूर्वरूप खोपृङ् हो । मानदेवको पालाको देउपाटनको रत्नसङ्घको अभिलेखमा खोपृङ्ग्रामको उल्लेख परेको छ । गोलमढीको यस अभिलेखमा खोपृम् को अगाडि मा पनि जोडिएको छ । मा ले के कुरा जनाएको हो, सो बुझ्न सकिएको छैन । भक्तपुरको तुलाछेँ टोलको अभिलेखमा भने अर्कै खृपुङ् ग्रामको उल्लेख परेको छ । तर पछिसम्म पनि चलेर आएको हुनाले भक्तपुरको प्राचीन नाउँ खोपृङ् नै हो भन्ने कुरामा शङ्का छैन । स्थानभेदले मात्र यसको विभिन्न रूप देखापरेको बुझिन्छ (**बज्राचार्य** २०६५: पृ. २५१) । तत्कालीन समयमा समग्र भक्तपुर भेकलाई खोपृङ भनिन्थ्यो (**श्रेष्ठ** २०५४: पृ. ३) । विक्रमको छैटौँ शताब्दीको शुरुतिर ग्रामको रूपमा रहेको भक्तपुरको सातौँ शताब्दीको मध्यतिर शिवदेव तथा अंशुबर्माको पालासम्म आइपुग्दा तलसहितको द्रङ्ग जस्तो समृद्व बस्तीको रूपमा प्रसिद्ध भइसकेको थियो । यस कुराको प्रामाणिक पुष्टि गोलमढी टोलको शिवदेव तथा अंशुबर्माको संवत् ५१६ को संयुक्त अभिलेखबाट मिल्छ भनी डा. पुरुषोत्तम लोचन श्रेष्ठले आफ्नो पुस्तक **त्रिपूरा र युथुनियमम् राजकुल** नामक पुस्तकमा उल्लेख गरेका छन् (**श्रेष्ठ** २०५८: पृ. ३) । तुलाछेँ टोलको अभिलेखमा खृपुग्राम उल्लेख भएको र कुम्हाले टोलको अभिलेखमा माखोदुलुं उल्लेख गरिएकाले लिच्छविकालमा तुलाछेँ टोल इलाकामा खृपुङ र कुम्हाले टोल इलाकामा माखोदुलुं नामका बस्ती आवाद थिए भने बुझिन्छ (**श्रेष्ठ** २०५४ : पृ. ३) । यसरी भक्तपुरको ऐतिहासिक अभिलेखबाट यसको प्राचीन नाम विभिन्न नामबाट सम्बोधन भएको थियो भने आनन्द देवको समयदेखि यक्षमल्लको समयसम्म भक्तपुर नेपाल अधिराज्यको राजधानीको रूपमा रहेको थियो ।

हाल भक्तपुर जिल्लामा ४ वटा नगरपालिकाहरू रहेका छन् । भक्तपुर नगरपालिका र मध्यपुर नगरपालिका पुराना नगरपालिकाहरू हुन् भने सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिका नयाँ थपिएका नगरपालिकाहरू हुन् । भक्तपुर जिल्लामा कुल जनसङ्ख्या ३,०४,६५१ रहेको छ, जसमा पुरूषको सङ्ख्या १,५४,८८४ (५०.८३ प्रतिशत) र महिला १,४९,७६७ (४९.१७ प्रतिशत) रहेका छन् । भक्तपुर जिल्लाबाट विदेशमा गई बस्नेहरूको जनसङ्ख्या ९,७०१ रहेका छन् भने जनसङ्ख्या वृदि दर २.९६ प्रतिशत रहेको छ । भक्तपुर जिल्लाको घरधुरी सङ्ख्या ५०,०८६, कूल परिवार सङ्ख्या ७३,०८४, औसत परिवार सङ्ख्या ४.१५, लैङ्गिक अनुपात १०३ र जनघनत्व २५४६ प्रति वर्ग कि.मी. रहेको छ (**पौडेल र अन्य** २०१३: पृ. ४१४) । भक्तपुर जिल्लाको प्रमुख जात्राहरूमा बिस्केट जात्रा, गाईजात्रा, जिब्रो छेड्ने जात्रा आदि पर्दछन् । यहाँका प्रमुख नदीहरू मनोहरा, हनुमन्ते, तब्याखुसी, महादेव खोला र घट्टेखोला पर्दछ । यस जिल्लाको प्रमुख पर्वतहरूमा नगरकोट, सूर्यविनायक, चाँगु, तेलकोट, साँगा र खावा भञ्ज्याङ पर्दछ । साथै प्रमुख पर्यटकीय स्थलहरूमा चाँगुनारायण मन्दिर, दरबारक्षेत्र, पचपन्न झ्याले दरबार, न्यातपोल मन्दिर, भैरव मन्दिर, दत्तात्रय मन्दिर, सूर्यविनायक मन्दिर, केदार नाथको शिर डोलेश्वर महादेवस्थान, सूर्योदय र सूर्यास्त देखिने नगरकोट पर्दछन् ।

## सन्दर्भ सामग्री सूची


उपाध्याय, श्री. (२०६६) **नेपालको प्राचीन तथा मध्यकालीन इतिहास**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पौडेल, ज. प्र. (स.) (२०१३) **भिलेज डिभलपमेन्ट कमिटि एण्ड प्रोफाइल अफ नेपाल**, काठमाडौं : मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर ।

वज्राचार्य, र. (२०६५) **नेवार बौद्ध संस्कार**, काठमाडौं:नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, पु. (२०५८) **त्रिपुरा र युथुनियमम् राजकुल**, भक्तपुर : भक्तपुर नगरपालिका ।

श्रेष्ठ, पु. (२०५४) **भक्तपुर नगरको विकासक्रम–ऐतिहासिक सन्दर्भमा**, भक्तपुर, भक्तपुर नगरपालिका ।


(लेखक भक्तपुर नपा ६ नं.का वडाध्यक्ष हुनुहुन्छ ।)


कोरोनाबाट बच्न पटक पटक

साबुन पानीले हात धोऔं ।

शारीरिक दूरी कायम गरौं ।

वडाध्यक्ष डायरी

# नबिराउनु, नडराउनू

रसिक

शनिवार बिहान परिवारसँगै प्रभातफेरि गर्ने क्रममा हरेक विहान नियमित प्रभातफेरि गर्ने ज्येष्ठ नागरिकहरूको एक समूहसँग कमलविनायक पोखरीमा भेट भयो । उहाँहरूले 'जय शम्भो' भनी अभिवादन गर्नुभयो, मैले 'नमस्कार' भनी फर्काएँ । उहाँहरूको आग्रह अनुसार पोखरीको परिक्रमा सँगै गर्‍यौं ।

'योपालिको (सापारु) गाईजात्रामा घिन्ताङ्घिसी, माक प्याखँलगायतका नाचहरू र बाजा नल्याई साँचा, ताहामचा मात्र ल्याएर नगरपालिकालाई स्थानीय जनताले धेरै सहयोग गरेको हो है बाबू ।'

'हो बाजे । महामारीको रूपमा फैलिएको रोगको सङ्क्रमण हामीकहाँ पनि फैलिने सम्भावना भएकोले नगरपालिकाले गाईजात्रालाई औपचारिकतामा सीमित गर्न सबैलाई आग्रह गरेको थियो, नगरवासीहरूले नगरपालिकाको आग्रहलाई सहर्ष स्वीकार गरे ।'

मैले यति भन्नासाथ सँगै आउनुहुने अर्को ज्येष्ठ नागरिकले आफ्नो धारणा राख्नुभयो, 'ताहामचा मात्र ल्याएपनि हुलमुल त थियो नि । मान्छेहरू पनि जति भने पनि अबुझ झैँ भइदिने ।'

'होइन बाजे, ताहामचा ल्याउँदा परिवारका सदस्य र केही आफन्तहरू मात्र थिए नि । घिन्ताङ्घिसी वा बाजा वा अरु नाच ल्याइएको भए नाच्नेहरू पनि कता कताबाट को को आउँथे होला । हेर्ने दर्शकहरू पनि त भक्तपुरभन्दा बाहिरका पनि आउँथे नि, होइन र ?'

'त्यो त हो बाबू । भक्तपुरको गाईजात्रा विशेष प्रकारको हुन्छ भनेर काठमाण्डौ, पाटन, बनेपा, धुलिखेल, पनौतिलगायतका विभिन्न स्थानबाट आफन्त र अन्य मान्छेहरू थुप्रै आउँथे होला ।'

हामीसँगै विस्तारै हिंड्नुहुने बज्यैले गुनासो गर्नुभयो, 'मैले नबुझेको नि बाबू । पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति पनि भन्ने अनि घिन्ताङ्घिसी खेल्न नदिने, बाजा बजाउन नदिने र कति राम्रा राम्रा नाचहरू समेत प्रदर्शन गर्न नदिने । किन यस्तो गरेको बाबू ?'

'उहाँलाई हात समाएर डोर्‍याउँदै आउनुहुने बाजेले उत्तर दिइहाल्नुभयो, 'होइन बुढी । तिमीले कुरा बुझेनौ । पहिला हाम्रो पालामा 'भ्व ल्वय्' भनेर हैजा, झाडा पखाला लागेर सयौं बालबच्चा र बुढाबुढी मरेजस्तै अहिले पनि खतराको भाइरस आएको छ रे क्या । कोरोना भन्छ क्या रे होइन बाबू ।'

मैले मुसुक्क हाँसेर टाउको हल्लाएँ ।

'हो, त्यो भाइरसले नेपालमा पनि ५० भन्दा बढी मान्छे मार्‍यो रे । हजारौं मान्छेहरू बिरामी भएका छन् रे । त्यो रोग त मान्छेहरू सँगै बस्दा, हात मिलाउँदा, शरीर आपसमा टाँसिदासमेत सर्छ रे बुढी !'

बाजेको कुरामा थोरै सच्याउने उद्देश्यले मैले कुरा थपेँ, 'रोग लागेको मान्छेले हाछ्यूँ गर्दा वा खोक्दा वा अन्य कार्य गर्दा सँगै बसेको निरोगी मान्छेलाई थुक वा र्‍याल पर्‍यो भने तुरुन्तै सर्ने सम्भावना हुन्छ । रोगीले प्रयोग गर्ने कपडा वा रुमाल प्रयोग गर्दा, रोगीले छोएको कुनै पनि चिज छुँदा पनि सर्ने सम्भावना हुन्छ भनी डाक्टरहरूले भनेका छन् । त्यसैले त जहाँ गएपनि मास्क लगाउने, हाछ्यूँ गर्दा वा खोक्दा मुख छोप्ने, साबुन पानीले हात धुने, स्यानिटाइजर प्रयोग गर्ने कुरा रेडियो टिभीमा भनिरहन्छ ।'

अलि बुझेजस्तो गरेर बज्यैले भन्नुभयो, 'हो बाबू । हाम्रो पालामा बिफर, टिबी, हैजा, आऊँ र महारोग लागेर भकाभक मान्छे मर्थे । त्यतिबेला अहिलेजस्तो अस्पताल पनि थिएन, औषधी पनि थिएन । तर अहिले त सबै रोगको उपचार भइहाल्छ नि होइन र ?'

'अहिले सबैलाई तर्साइरहेको कोरोना भाइरसले सार्ने कोभिड १९ रोगको औषधी पत्ता लागेको छैन बज्यै । त्यसैले अमेरिका, इटाली, चीन जस्तो राम्रो र धनी देशमा समेत हजारौं मान्छेहरू यो रोग लागेर मरिसके । यो रोग हामीकहाँ पनि नआओस् भनेर सचेत बन्नुपर्छ बज्यै ।'

'यो मान्छे मार्ने रोग हाम्रो ठाउँमा नआओस् भनेर नगरपालिकाले धेरै मिहिनेत गरेको छ नि ।' हिँड्दाहिँड्दै एकैछिन थकाइ मार्न बसेका बेला अर्का ज्येष्ठ नागरिकले भन्नुभयो, 'हामीले चुनावमा जिताएर पठाएका बाबू नानीहरू र अरु भाइबहिनीहरू घर-घरमा आएर हामीलाई रोगको बारेमा बताइरहनु भएको छ, सफाइ गाडीमा फोहोर लिन आउँदा पनि माइकिङ गरिरहेको छ । स्वयंसेवक भाइबहिनीहरू पनि टोलटोलमा आउनुहुन्छ ।'

'त्यति मात्र हो र ? भीड जम्मा हुन्छ भनेर बिस्का जात्रा, मातातीर्थ औंसी, देवाली पूजा, बुद्ध जयन्तीसमेत सामान्य ढङ्गबाट मात्र मनाउन नगरपालिकाले आग्रह गरेको थियो नि ।' अघिदेखि बिस्तारै हातखुट्टा हल्लाई शारीरिक अभ्यास

गरिरहनुभएका ज्येष्ठ नागरिकले आराम लिँदै भन्नुभयो, 'यो गाईजात्राको अगाडि पनि यी बाबू नानीहरूले टोल टोलमा दाफा भजन गर्ने सांस्कृतिक गुरुहरू र मान्छे मरेको घरका सदस्यहरूलाई डाकेर सम्झाउनुभएको थियो । म पनि गएको थिएँ । रोगको विषयमा कति राम्रो कुरा बताउनुहुन्छ बाबूहरूले ।'

'जनप्रतिनिधि बाबू नानीहरूले रातदिन दुःख गरेर सबैलाई सम्झाएको कारणले योपालि त्यति भीड भएन । अझ केही उद्दण्ड केटाहरूले जबरजस्ती घिन्ताङ्घिसी ल्याउन खोजेका थिए रे भन्ने सुनेको थिएँ । हो बाबू ?'

'हामीले युवाहरूलाई पनि राम्रैसँग सम्झाएका थियौँ बाजे । खराब बानी भएका एक दुईजना त जहाँ पनि हुन्छ नै । सबै नगरवासीहरूले हाम्रो अनुरोध माने । धेरै राम्रो भयो ।'

'पराल बेरेर बनाउने भैरवको ताहामचा नल्याउने भनेको थिएन र बाबू ।' बज्यैले मेरो हात समाउँदै प्रश्न गर्नुभयो ।

'छलफल त त्यसरी नै भएको थियो बज्यै । भैरवको ताहामचा नलगेमा के के अनर्थ हुन्छ भनेर स्थानीय बाज्या अजीहरूले धेरै भनेपछि हामीले उहाँहरूको चित्त दुखाउन चाहेनौँ । फेरि उहाँहरूले परालको भैरवको ताहामचा लगेपनि घिन्ताङ्घिसी नलग्ने वचन दिनुभएको थियो, घिन्ताङ्घिसी ल्याइएन पनि ।'

'परालको भैरव ल्याउँदा त मान्छे थुप्रै जम्मा भए नि ।'

'मान्छे जम्मा भए पनि पहिलेका वर्षहरूमा भन्दा कम मात्रै मान्छे थिए है बुढी । धर्मनाश हुने कुरा भन्नुहुन्न । घिन्ताङ्घिसी ल्याइएको भए दोब्बर तेब्बर मान्छे हुन्थे होला ।'

बज्यैलाई मैले सम्झाउनुपर्नेमा बाजे आफैले सम्झाइरहनु भएको थियो ।

'त्यति भीड पनि जम्मा नहोओस् भन्ने चाहेका थियौँ बाजे । त्यो भीडमा एकजना मात्र कोरोना भाइरसको सङ्क्रमित बिरामी भएमा धेरैजनामा सर्न सक्ने खतरा हुन्थ्यो ।'

'अशुभ कुरा मनको स्यानो कुनामा पनि नराख बाबू ।' बज्यैले मेरो शीरमा आफ्नो हात राख्दै भन्नुभयो ।

'कामना त त्यही नै गर्ने हो बज्यै । तैपनि सबै जनप्रतिनिधि, प्रहरी र स्थानीय अगुवाहरू एकजुट भएर गाईजात्रालाई व्यवस्थित गर्ने त्यत्रो प्रयास गर्दा समेत केही भीड जम्मा हुँदा फेसबुकमा हामीले केही नगरेको जस्तो गरी हामीलाई गालीगलौज गरेका रहेछन् ।'

'फेसबुक भनेको के हो बाबू ।'

'त्यति पनि थाहा छैन बुढी । त्यो छ नि एकजनाले मोबाइल वा कम्प्युटरमा फोटो राख्छ र जहाँ बसेकोले पनि तुरुन्तै मोबाइल वा कम्प्युटरमा हेर्न मिल्छ । घरमा नाति नातिनाहरू ती फोटाहरू हेरेर हाँसिरहेको देखेकी छैनौ र बुढी ?'

'ए, त्यो त देखेको छु । अनि त्यसमा यी बाबू नानीलाई के भनेका छन् र भन्या चित्त दुख्नेगरी ?'

'चित्त त के दुख्नु बज्यै । 'नगरपालिका सुतेर बसेको छ कि ?', 'जनप्रतिनिधिहरू कहाँ गए ?' यस्तै यस्तै लेखेका छन् फेसबुकमा । अझ केही साथीहरूले भैरवको ताहामचा ल्याउँदा केही ठाउँमा मान्छेको भीड रहेको फोटो राख्दै लेखेका छन्, 'भक्तपुरको बासिन्दा भन्न लाज लाग्यो ।' 'धिक्कार छ मलाई ।' 'shame to us.'

बज्यैले मेरो हात बेस्सरी समातेर बिस्तारै भन्न थाल्नुभयो, 'केही चिन्ता लिनु पर्दैन बाबू । कोठाभित्र बसेर संसार नियाल्न खोज्नेहरूले काम गर्ने ठाउँमा कति दुःख गरेका हुन्छन् भन्ने बुझ्दैनन् । नगरपालिकाले कति मिहिनेत गरेको छ भन्ने हामीले बुझेका छौँ नि ।'

एकछिन अड्किएर बज्यैले पुनः सम्झाउन थाल्नुभयो, 'हेर बाबू । हाम्रो पालामा पनि किसानहरूले मोहियानी हकको आन्दोलन र बाली काट्ने आन्दोलन गरेपछि आधा जग्गा दिनुपर्ला भनेर 'भक्तपुर फोहर छ' भन्दै भक्तपुर छोडेर काठमाण्डौ भाग्नेहरू धेरै थिए । 'भक्तपुरे ज्यापुहरू फोहोरी छन्, खुल्ला ठाउँमा दिसा गर्छन्' भनी हामीलाई हेप्थे । यहाँका किसानहरूले धेरै दुःख गरेर आज भक्तपुरलाई सबैभन्दा सफा नगर बनाए, मठ मन्दिरहरू बनाएर पर्यटकहरू भित्र्याए, सुन्दर बनाए । अब 'हामी पनि भक्तपुरवासी हौँ' भन्न थालेका छन् । आपत पर्दा आफू जन्मेहुर्केको ठाउँ र आफन्तलाई छोडेर भाग्नेहरू हिजो पनि थिए, आज पनि पक्कै होलान् । स्वार्थी र अवसरवादीहरू जहाँ पनि हुन्छन् । मुख्य कुरा आफू हिँडेको बाटो सही छ भने कति पनि नडगमगाउने र बहुमत जनतालाई सही बाटोमा डोऱ्याउने कोसिसमा लाग्ने हो ।'

उमेरले सत्तरी नाघेका बज्यैले मलाई यसरी सम्झाउनुहोला भन्ने सोचेको थिइनँ । उहाँले आफ्नै शैलीमा मलाई सम्झाउन थाल्नुभयो, 'समाजको हित गर्न लाग्ने बेलामा एक दुईजनालाई चित्त नबुझ्न सक्छ । अगाडि बढ्ने बाहेक हामीसँग अर्को विकल्प छैन । गल्ती भने कदापी नगर्नू । भुसुनाले दुःख दियो भनेर हात्ती लम्कन छोड्दैन नि बाबू । नबिराउनु नडराउनू ।'

प्रभातफेरिले दिनभरिका लागि जाँगरिलो बन्ने प्रयत्न गरिरहँदा बज्यैको उत्साहपूर्ण सल्लाहले मलाई थप ऊर्जा प्रदान गऱ्यो । म हर्षित भई ज्येष्ठ नागरिकहरूसँग विदा भएँ ।

दिउँसो वडाका राजनैतिक अग्रजसँग बुझ्दा पो थाहा पाएँ, उहाँ बज्यै त उतिबेलाको किसान आन्दोलनका सक्रिय योद्धा हुनुहुँदो रहेछ । नगरको सफाइ अभियानको क्रममा कुचो समातेर अग्रमोर्चामा रहनुहुने महिला कार्यकर्ता उहाँ नै हुनुहुँदो रहेछ ।

# कान्तिपुरका मल्लकालीन दरबारिया भारदारहरू



डा. बलराम कायस्थ

**सार–** यक्ष मल्लका माइला छोरा रत्नमल्लले वि.सं. १५४१ मा कान्तिपुरलाई भक्तपुरबाट टुक्र्याएर एउटा स्वतन्त्र राज्यको रूपमा स्थापना गरेपनि त्यसपछिका वर्षहरूमा अपवादका रूपमा केही प्रभावशाली राजा (महेन्द्र मल्ल, प्रताप मल्ल) लाई छोड्ने हो भने बाँकी सम्पूर्ण राज्यकालभरि नै त्यहाँको दरबारमा प्राय:गरेर भारदारहरू नै शक्तिशाली भएर देखापरेको तथ्य थाहा हुन्छ। यद्यपि छिमेकी राज्य भक्तपुर र ललितपुर (पाटन) मा पनि गद्दीनसिन राजा कमजोर हुँदा त्यस अवस्थामा दरबारिया भारदारहरू शक्तिशाली भएका दृष्टान्तहरू नपाइने होइनन्, तापनि कान्तिपुरमा भने विशेषगरेर प्रताप मल्लको मृत्युपछि राजगद्दीमा बस्ने अधिकांश राजाहरू कमजोर र नाबालक उमेरका भएकाले दरबारमा राजाका आसेपासेहरू (भारदारहरू) वास्तविक शासकका रूपमा देखापरे। राजा नाम मात्रका भए। प्रताप मल्लको मृत्युको लगतै देवीदास चिकुटी र त्यसपछि लक्ष्मीनारायण जोशी शक्तिशाली चौतारा (प्रधानमन्त्री) बने। राज्यमा सर्वेसर्वा तिनै थिए, जसले मनलाग्दी किसिमले शासन चलाए, गर्न हुने, नहुने सबै काम गरे। तर पाप धुरीबाट कराउँछ भने जस्तै तिनको अन्त्य पनि त्यति नै दर्दनाक किसिमले हुन गएको थियो। जेहोस् कान्तिपुरका प्रभावशाली भारदारहरूमा काजी भीम मल्ल, देवीदास चिकुटी, लक्ष्मीनारायण जोशी, झुगल ठाकुर, तौढिक काजी आदि प्रमुख थिए।

**मूल शब्दावली–** मयासिङ नरदेव, भुवनलक्ष्मी, महीपतेन्द्र मल्ल, स्वामी राघवानन्द, ताडपत्र, मुसलमान काजी, प्लेग महामारी, चण्डोल, काशीराम थापा।

**काजी भीम मल्ल–** राजा लक्ष्मीनरसिंह मल्लको अन्तिम समयतिर र राजा प्रताप मल्लको शुरु समयतिर काजी भीम मल्ल कान्तिपुर दरबारका प्रभावशाली भारदारका रूपमा देखापरे। यद्यपि कुनै कुनै वंशावलीमा यिनलाई राजा लक्ष्मीनरसिंह मल्लको कान्छो छोरा पनि भनिएको पाईन्छ[१], तर अन्य श्रोतसामग्रीले यसलाई पुष्टि गरेको पाइदैन। भनिन्छ, यिनकै प्रेरणाले प्रताप मल्लले आफ्ना बाबु राजा लक्ष्मीनरसिंह मल्ललाई बन्दी बनाएर राजगद्दीमा बसेका थिए। यिनी योग्य, सक्षम र साहसिला भारदार थिए। यिनकै सल्लाह र सहयोगबाट प्रताप मल्लले सैन्य अभियान सञ्चालन गरेर राज्यविस्तार गर्न खोजे। यसक्रममा छिमेकी राज्यहरूमाथि बेलाबेलामा आक्रमण गर्ने गरेका थिए। भीम मल्लका समकालीन कान्तिपुरका अर्का भारदार मायासिंह नरदेव भीम मल्लका प्रतिद्वन्दी थिए। तर, भीम मल्लको तुलनामा यिनको स्थिति प्राय: नगण्य रूपको थियो।[२] अझ कुती, केरुङ क्षेत्र जिती तिब्बतमा नेपाली व्यापारीलाई विशेष सुविधा प्रदान गर्न र तिब्बती बजारमा नेपाली मुद्रा चलाउने शर्त स्वीकार गर्न लगाएबाट राज्य र जनतामा काजी भीम मल्लको ख्याति र प्रसिद्धि गद्दीनसिन राजाको भन्दा बढी फैलियो। तर उनको यस सफलताबाट चिढिन पुगेका विरोधी भारदारहरू, जसको नेतृत्व उनै मायासिंह नरदेवले गरेका थिए, ले राजालाई भीम मल्लले तिब्बतीहरूको सहयोग लिएर आफै कान्तिपुरको राजा बन्न खोज्दैछ भन्ने मनगढन्ते कुरा सुनाए। कान्तिपुर दरबारको षडयन्त्रकारी वातावरणको कारणले काजी भीम मल्लको हत्या हुन गयो।[३]

वास्तवमा काजी भीम मल्ल विजय अभियानका क्रममा तिब्बतको ल्हासासम्म पुगी त्यहाँका दलाई लामासँग सन्धि गरी कान्तिपुरको व्यापार तिब्बतसम्म फैलाएर फर्केका थिए। फर्केर आउँदा मङ्गलवारको दिन परेकोले उक्त दिन राजासँग भेट गर्न नहुने देखेर अर्को दिनमात्र भेट्ने विचारले उनी आफ्नै घर साँखु गई बसे। तर विरोधीहरूले यसैलाई निहुँ बनाएर राजालाई कुरा सुनाए – भीम मल्लले तिब्बतको सहयोग लिई आफै कान्तिपुरको राजा हुन खोज्दैछ। यसैकारण राजाले तत्काल उनलाई घरबाटै समातेर ल्याई मृत्युदण्ड दिए।[४] यसरी विजय अभियानका क्रममा तिब्बतको राजधानीसम्म पुगी त्यहाँका दलाई लामासँग भेटी एउटा सन्धि गरी नेपालको व्यापार तिब्बतसम्म फैलाउने वीर, साहसी एवं देशभक्त भीम मल्ललाई देशद्रोहीको आरोप लगाई मृत्युदण्ड दिइयो। यसैले उनकी श्रीमती भुवनलक्ष्मीले सती जाने बेलामा **'नेपाल दरबारमा कसैको भलो नहोस्'** भनेर श्राप दिएर गइन्।[५] **यसकारण नेपाललाई अद्यापि सतीले श्राप दिएको देश भनेर भन्ने गरिन्छ।**

भीम मल्लको आफ्नै चरित्र पनि उनको हत्याको लागि केही हदसम्म जिम्मेवार रहेको देखिन्छ। हुनत: देशभक्त

र इमानदार हुँदाहुँदै यिनले नेतृत्व दिन अक्षम र कमजोर राजा लक्ष्मीनरसिंह मल्ललाई बन्दी बनाई उनैका छोरा प्रताप मल्ललाई गद्दीमा बसालेका थिए । तर यिनको यही सत्कार्य पछि गएर उनको अमानुषिक हत्याको मूल कारण बन्न गयो । किनकि बाबुलाई पदच्युत गराउन सक्नेले मलाई मात्र के बाँकी राख्ला र ? भन्ने मनोवृत्ति महत्त्वाकाङ्क्षी एवं शंकालु व्यक्तित्व प्रताप मल्लमा देखिनु अस्वाभाविक पनि थिएन । यसैले विरोधीहरूको लहलहैमा लागेर राज्यलाई त्यत्रो आर्थिक लाभ र प्रतिष्ठा दिलाउने एक देशभक्त नेपालीको मुखसम्म पनि नहेरी काट्न लगाए । तर पछि गएर जब सत्य तथ्य कुरा थाहा पाए, तब उनी पश्चातापमा परी बौलाहा जस्ता भए । पन्ध्र वर्षसम्म असहाय भइ निष्कृय रहे, कुनै राज्यमा आक्रमण गर्ने साहस गर्न सकेनन् ।

**चौतारा चिकुटी–** प्रताप मल्ल महत्त्वाकाङ्क्षी र प्रभावशाली शासक भएकाले उनको शासनकालमा भारदारहरू उनको व्यक्तित्वका सामु दबिएका थिए । परन्तु उनको मृत्युपछि भने भारदारहरूले शिर उठाउने मौका पाए । फलस्वरूप दरबारमा राजनैतिक अस्थिरता देखापऱ्यो । आफू जीवित छँदै प्रताप मल्लले कहिले कुन कहिले कुन छोरालाई राजा बनाउने [६] अनि अन्तिम अवस्थातिर कान्छो छोरा महीपतेन्द्रलाई राज्यको उत्तराधिकारी बनाउने जस्ता परम्परा विपरित जुन निर्णय गरे, त्यसले भारदारहरूलाई आ–आफ्नो मार्ग निश्चित् गर्ने सुनौलौ अवसर प्राप्त भयो । यस स्थितिमा एकथरी भारदार उनको ईच्छा पूरा गर्न चाहन्थे भने अर्काथरी भारदार जीवित मध्येका जेठा नृपेन्द्र मल्ललाई राजा बनाउन कस्सिए । भारदारहरूबीच सहमति हुन सकेन । तीन महिनासम्म राजगद्दी खाली रह्यो । वास्तवमा त्यतिबेला प्रताप मल्लका छोराहरू सबै नाबालकै भएकाले पनि यो स्थिति उत्पन्न भएको देखिन्छ । अन्तमा मल्ल परिवारका जेठो–बाठोको नाताले पाटनका राजा श्रीनिवास मल्ल र भक्तपुरका राजा जितामित्र मल्ल कान्तिपुर आई जेठो छँदाछँदै कान्छोलाई राजा बनाउनु हुँदैन भनेर श्रीनिवास मल्लले जीवित मध्येका जेठो नृपेन्द्र मल्ललाई राजतिलक दिएर सबैलाई शान्त पारे ।[७] पार्थिवेन्द्र माइला र महीपतेन्द्र कान्छा राजा कहलाए । त्यसबेला नृपेन्द्र मल्ल बाह्र वर्षका मात्र थिए । यसैले आफ्नो राज्यमा शरण लिई बसेका कान्तिपुरका पुराना भारदार चिकुटीलाई चौतारा पदमा आसिन गराइदिए ।

राजा नृपेन्द्र मल्ल सानै उमेरका भएकाले सम्पूर्ण राजकीय अधिकार चिकुटी आफैले सर्वेसर्वा भई चलाउन थाले । राजा भएको सात वर्षपछि यिनको मृत्यु भयो । यसैले यिनका माइला भाइ पार्थिवेन्द्र मल्ललाई भक्तपुर र पाटनका राजाहरू आई राजगद्दीमा राखे । पार्थिवेन्द्रको शासनकालमा पनि चौतारा पदमा चिकुटी नै रहन सफल भए । तर चिकुटीको बढ्दो प्रभावबाट उनका विरोधीहरू भित्रभित्रै जल्न थाले । यसैले विरोधी भारदारहरू विशेषगरेर लक्ष्मीनारायण जोशी उनलाई सिध्याउने खेलमा लागे ।

चिकुटीको खास नाम देवीदास चिकुटी थियो । यिनी प्रताप मल्लकै समयका कान्तिपुरका पुराना भारदार थिए । तर प्रताप मल्लसँग राय नमिलेपछि यिनी थुनिए । पछि कैदबाट छुटेपछि तत्कालीन पाटनका राजा श्रीनिवास मल्लकहाँ शरण लिन पुगे । पछि श्रीनिवास मल्लकै कारण यिनी कान्तिपुरका चौतारा बनेका थिए । यिनको व्यक्तित्व उच्च थियो । नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लको राज्यकालभरि करीब नौ वर्षसम्म यिनी कान्तिपुरका सर्वेसर्वा बने । प्रताप मल्लसँगको टक्करबाट यिनको व्यक्तित्व र महत्त्वाकाङ्क्षा प्रताप मल्ल जतिकै उच्च र दरिलो थियो भन्ने बुझिन्छ । राज्यका सबै महत्त्वपूर्ण उच्च पदहरूमा आफ्ना हातानातालाई राखे । खस, मगर उमरावलाई आफ्नो पक्षमा मिलाई त्यतिबेला कान्तिपुरको राजनीतिमा शक्तिशाली बनेका प्रताप मल्लका मठ्याहा छोरा मान्धातासिंहलाई मार्नुका साथै आफ्ना समस्त विरोधीलाई पाखा लगाउँदै सर्वेसर्वा भई शासन चलाएका थिए । तर जुन व्यक्तिको जति छिटो उत्थान हुन्छ त्यति नै छिटो त्यसको पतन पनि हुन्छ भने झैं चिकुटीको पनि पतन शुरु भयो । विशेषगरेर उनको बढ्दो रगरगी र धाक रवाफदेखि उनका विरोधीहरू उनका विरुद्ध सशक्त हुन थाले । विरोधी भारदारहरूमा लक्ष्मीनारायण जोशी प्रमुख थिए । यिनकै सक्रियतामा चिकुटीलाई सिध्याउने षडयन्त्र तयार पारियो । यो कुरा चालपाई वि.सं. १७४० कार्तिकमा उनी सपरिवार सुटुक्क पाटन पुगे । त्यहाँ पनि सुरक्षित नहुनेदेखि काठमाडौंदेखि आठ कोश पश्चिम त्रिशूली नदीपारिको बुधसिंह भन्ने गाउँमा गई बस्न थाले ।[८]

यसरी चिकुटीको पलायनपछि पाटनका राजा श्रीनिवास मल्ल कान्तिपुर आई लक्ष्मीनारायण जोशी, बावत, जयकृष्ण र उनका छोरा श्रीकण्ठ यी चार जनाको मन्त्रीपरिषद बनाउन लगाए ।[९] उता चिकुटी भने राजनीतिबाट सन्यास लिई धर्मकर्ममा लागेका थिए । यसैबीच वि.सं. १७४४ आषाढमा खानेकुरामा विष मिलाएर ख्वाउनाले राजा पार्थिवेन्द्र मल्लको मृत्यु भयो । आफ्ना राजा पार्थिवेन्द्रमल्लको विष प्रयोगद्वारा हत्या हुँदा त्यहाँका प्रजाले ठूलो आन्दोलन गरे । 'हाम्रा राजालाई कसले विष ख्वाएको हो ? त्यसलाई पत्ता लगाई माछौं' भनी कान्तिपुरका प्रजा हनुमानढोका दरबार अगाडि जम्मा हुन थाले । यो गडबडी मच्चाउनमा चिकुटीका प्रतिद्वन्दी लक्ष्मीनारायण जोशीको हात थियो । गडबडी बढ्दै गएपछि जेठोबाठोका नाताले भक्तपुरका राजा जितामित्र मल्लले त्यहाँ आएर सबैलाई शान्त

पारी पार्थिवेन्द्रका आठ वर्षका छोरा भूपालेन्द्र मल्ललाई राज्याभिषेक दिई चौतारा पदमा लक्ष्मीनारायण जोशीलाई नियुक्त गरे। त्यसपछि चिकुटी र उनका सहयोगी भारदार वंशीधरद्वारा यो विष प्रयोग भएको हो भन्ने हल्ला पिट्न लाए। त्यसबेला चिकुटी आफ्ना केही अनुयायीका साथ देवपाटनमा आइबसेका थिए। पछि चिकुटी र उनका परिवार, वंशीधर तथा चिकुटीका अनुयायी केही खसहरूलाई स्थानीय जनता उठाई कुटी कुटी मार्न लगाए।[१०]

**चौतारा लक्ष्मीनारायण जोशी–** लक्ष्मीनारायण जोशी चतुर, धूर्त एवं महत्त्वाकाङ्क्षी राजनीतिज्ञ थिए। जालझेलमा निपुण, राजनैतिक दाउपेच खेल्न सिपालु, जनमतलाई उक्साउन सक्ने खुबी भएका प्रभावशाली भारदार थिए। यसैले त आफ्नो गन्तव्य मार्ग सुगम पार्न यिनले चौतारा देवीदास चिकुटीको निर्मम तरिकाले दमन गराउनमा सक्रिय एवं अहं भूमिका खेलेका थिए। वास्तवमा प्रताप मल्लको मृत्युपश्चात् कान्तिपुर राज्यमा देखापरेको राजनैतिक अस्थिरताका बीच एकलौटी शासनाधिकार हत्याई वि.सं. १७४० मा चिकुटीलाई तर्साएर भाग्न बाध्य गराएदेखि वि.सं. १७४७ भाद्रमा यिनको हत्या नहुँदासम्म लगभग सात वर्ष कान्तिपुरमा एकछत्र शासन गर्ने व्यक्ति चौतारा लक्ष्मीनारायण थिए। यिनको अवसानपछि अरु कुनै भारदारले त्यहाँ यिनले झैँ शक्तिशाली भई शासन गरेको पाइँदैन। यस दृष्टिले चौतारा लक्ष्मीनारायण कान्तिपुरको इतिहासमा सबैभन्दा प्रभावशाली र शक्तिशाली भारदारका रूपमा देखिन्छन्। वस्तुतः दरबारका सर्वशक्तिमान भारदारका रूपमा रहेका चिकुटीको निर्मम दमनका मूल सूत्रधार एवं राजा पार्थिवेन्द्र मल्लकी रानी ऋद्धिलक्ष्मीको प्रेमी हुनाले लक्ष्मीनारायण शक्तिशाली हुन पुगेका देखिन्छन्। भाषा वंशावलीअनुसार लक्ष्मीनारायण दरबारमै सुती, दरबारमै खाई, राजाले लगाउने पोशाक र गहना पहिरिई राजाको पलङ्ग ओछ्यानमा बस्दथ्यो, लडाइँमा पनि जाँदैनथ्यो, रातदिन रानीसँग मात्र बसिरहन्थ्यो।[११]

चिकुटी, मन्त्री वंशीधरलगायतका विरोधीहरूको दमन गरेपछि धूर्त एवं चतुर लक्ष्मीनारायण जोशी अब प्रतापमल्लका कान्छा छोरा राजकुमार महीपतेन्द्र मल्ललाई सिध्याउन चाहन्थे। यद्यपि ती राजकुमारको राजनीतिप्रति कुनै चासो थिएन, तापनि गद्दीका एकदम निकट दावेदार थिए। यसैले ती र तिनका पक्षधर भारदारहरू रहेसम्म आफ्नो भविष्य सुनिश्चित नहुने देखेर तिनको पतन गराउने उद्देश्यले राजा पार्थिवेन्द्रलाई समेत प्रभाव पारी वि.सं. १७४२ मा महीपतेन्द्रलाई शारीरिक यातना दिई थुन्न लगाए। तर केही महिनापछि थुनाबाट भागेर पाटनमा शरण लिन पुगे। तैपनि तिनी सकुशल रहेसम्म आफूलाई खतरा हुने देखेर लक्ष्मीनारायणले पाटनका राजा श्रीनिवास मल्लसँग तिनलाई सुम्पन भने। तर ज्यानको सुरक्षाको ग्यारेन्टी नदिई सुम्पन नसकिने भनियो। यसैले टेकु दोभानमा भेटी धर्मवाचा गर्ने कुरा भयो। तर लक्ष्मीनारायणका कान्तिपुरे भारदारहरूले धर्मवाचा लत्याई महीपतेन्द्रलाई जबर्जस्ती पक्रेर लान खोज्दा पाटनका प्रजा हुल उठेर आई कान्तिपुरेहरूलाई पिटपाट गरी भगाई दिए।[१२] यस घटनापछि पनि लक्ष्मीनारायण महीपतेन्द्रलाई कब्जामा लिन प्रयत्नशील थिए। महीपतेन्द्रचाहिं लुक्दै भौंतारिइरहेका थिए। आफ्ना दाजु राजा पार्थिवेन्द्रको हत्यापछि उनी झनै असहाय भए। यसक्रममा उनी पशुपतिका दक्षिण भारतीय पुजारी स्वामी राघवानन्दकहाँ शरण लिई बसेका थिए। भतिजो भूपालेन्द्र राजा भए पनि राजमाता ऋद्धिलक्ष्मी लक्ष्मीनारायणकै कठपुतली थिइन्। पशुपतिमा शरण लिइरहेको चाल पाई लक्ष्मीनारायणले आफ्ना मानिसहरूलाई महीपतेन्द्रको टाउको काटी ल्याउने आदेश दिए। त्यसै आदेश बमोजिम उनलाई लछारपछार गर्दै समातेर डोरीले बाँधेर निर्मम तरिकाले टाउको काटेर मारियो। यो घटना वि.सं. १७४४ भाद्रतिरको थियो। आफूकहाँ शरण लिई बसेका राजपुत्र बिनाकसुर अमानवीय रूपमा मारिएकाले ज्यादै क्षुब्ध भई स्वामी राघवानन्दले पशुपतिको पुजारी पद त्यागेर कान्तिपुर राज्यबाटै कहिल्यै नफर्कने गरी हिंडे।[१३]

महत्त्वाकाङ्क्षी र स्वेच्छाचारी चौतारा लक्ष्मीनारायणको राजदरबारमै उठबस हुन थालेपछि राजा पार्थिवेन्द्रकी रानी ऋद्धिलक्ष्मी यिनको प्रेमबन्धनमा परिन्। यिनीहरू बीच अनैतिक सम्बन्ध कायम हुनगयो। सम्भवतः यस अनैतिक सम्बन्धको गन्ध राजालाई भएको हुनुपर्छ। यसैले आफ्नो मार्गको अड्चन सम्झेर वि.सं. १७४४ आषाढमा खानेकुरामा विष मिलाई राजा पार्थिवेन्द्रलाई परम्धाम पुऱ्याई दिए। राजाको मृत्युपश्चात् राजमाताको ढाढस पाएका लक्ष्मीनारायण जनताका दृष्टिमा राजा सरह बन्न पुगे। शासनको सम्पूर्ण बागडोर हत्याएर पनि उनी भित्रको महत्त्वाकाङ्क्षा पूरा भएन। उनी इतिहासमै आफ्नो अस्तित्व राख्न चाहन्थे। यसैले राजा भूपालेन्द्र मल्लको मुद्राको एकापट्टि आफ्नो नाम लक्ष्मी नारायण कुँदाउन समेत उनी सफल रहे। यसरी सम्पूर्ण बागडोर हत्याई, मुद्रामासमेत नाउँ लेखाई राजकीय ठाँटबाँटका साथ उनी राजा जस्तै देखिन पुगेका थिए।

लक्ष्मीनारायणले कान्तिपुरको आन्तरिक राजनीतिमा मात्र होइन, उपत्यकाका तीनवटै मल्लराज्यहरूमा समेत ठूलो उत्पात मच्चाएका थिए। यहाँसम्मकी जसले आफूलाई कान्तिपुरको चौतारा पदमा बसालेर सत्तामा पुग्न ठूलो सहयोग गरे, तिनलाई समेत अँठ्याउन बाँकी राखेनन्। यसबाट उनी स्वार्थी र धूर्त पनि थिए भन्ने देखिन्छ। आफ्ना सम्पूर्ण विरोधीलाई तह

लगाएपछि अब उनी भक्तपुरलाई कान्तिपुरमा मिलाउने प्रयासमा लागे। यसकालागि पाटनलाई समेत आफ्नो पक्षमा मिलाए। त्यतिबेला भक्तपुरमा राजा जितामित्र मल्ल र उनका चौतारा भागीरामले मिलेर शासन गरिरहेका थिए। भागीराम जस्ता प्रभावशाली भारदार भक्तपुरमा रहेसम्म आफ्नो ईच्छा पूरा नहुनेदेखि लक्ष्मीनारायणले भागीरामलाई पदबाट हटाउन जितामित्र मल्ललाई दबाब दिन थाले। तर जितामित्र मल्ल त्यस्तो प्रभावशाली व्यक्तिलाई बिनाकसुर हटाउने पक्षमा थिएनन्। त्यसैले पाटनको सहयोग लिएर कान्तिपुरले भक्तपुरमाथि हमला गरी त्यहाँका जनतालाई दुःख दिन थाले।[१४] सङ्कटमा परेका जनतामा विद्रोह फैलियो। र बढ्दो जनअसन्तोषलाई रोक्न नसकी वृद्ध राजा जितामित्र कान्तिपुरमा शरण लिन पुगे। यता भक्तपुरका जनताले दरबार घेरे, तर भागिराम भेट्टाएनन्। अन्तमा भागीरामको घर घेरी सारा सम्पत्ति लुटी, घर भत्काई आगो लगाई दिए।[१५] त्यतिबेला भागीरामले भागेर ज्यान जोगाए। पछि स्थिति साम्य भएपछि पूर्ववत् स्थानमा फर्के।

यसरी लगभग सात वर्षको आफ्नो चौताराकालमा सत्ता सुरक्षणका निम्ति निर्दोष राजा, राजकुमार एवं भाइभारदारहरूको हत्या गरी उपत्यकाका मल्लराज्यहरूमा समेत षडयन्त्र गरी राजकीय ठाँटबाँटकासाथ ऐशआरामको जीवनयापन गरेपश्चात् अन्त्यमा वि.सं. १७४७ भाद्रमा अचानक चिकुटीको हत्याको समयमा मारिएका खसहरूको एक असन्तुष्ट समूहले आक्रमण गरी लक्ष्मीनारायणको इहलीला समाप्त गरिदिए।[१६]

**चौतारा झगल ठाकुर–** लक्ष्मीनारायणको मृत्युपछि राजमाता ऋद्धिलक्ष्मी नै शासनमा सक्रिय रहिन्। तर राजा भूपालेन्द्रको उमेर पुगेपछि आमा छोराको ठ्याक मिल्न सकेन। खासगरेर लक्ष्मीनारायणसँगको आमाको प्रेमलीला अनि आमाकै कारण बाबु पार्थिवेन्द्रको मृत्यु भएको भन्ने आशंका छोरालाई लागेपछि आमाछोराबीच कलह उत्पन्न भयो। फलस्वरूप राजा दरबार छोडी कहिले गुह्येश्वरी, कहिले साँखु त कहिले देवपाटन गई बस्न थाले। केही दिनपछि दरबार पसेर आमालाई कैद गरेर शुरुमा टोखा त्यसपछि तौथली पठाइदिए, जहाँ कैदी अवस्थामा नै तिनको मृत्यु भयो।[१७] आमाको मृत्युको लगभग छ महिनापछि वि.सं. १७५७ कार्तिक महिनामा राजा भूपालेन्द्र मल्लको पनि तीर्थयात्राको क्रममा भारतको अयोध्या नजिक देहान्त भयो। यसपछि उनका पाँच वर्षका छोरा भाष्कर मल्ल कान्तिपुरको गद्दीमा राखिए। राजमाता भुवनलक्ष्मीले राज्यको सम्पूर्ण बागडोर लिएर नायबी शासन चलाइन्।[१८] प्रभावशाली भारदार झगल ठाकुर चौतारा बने। राजा भाष्कर मल्लको राज्यकालभरि नै कान्तिपुर दरबारमा चौतारा झगल ठाकुरको प्रभाव कायम रह्यो। राजा भाष्कर मल्ल जवान भएपछि आफ्नो नाम परिवर्तन गरी महीन्द्रसिंहदेव मल्ल भएका थिए भन्ने कुरा वि.सं. १७७६ को एउटा ताडपत्रबाट थाहा हुन्छ।[१९] साथै यिनलाई जङ्गली हात्ती पक्रने कार्यमा निक्कै सोख थियो। यिनी साहसी र चञ्चले स्वभावका थिए। यसैले तराईमा गएर हात्ती पक्रेर ल्याउने गर्थे। सोहीक्रममा मुसलमानहरूसँग यिनको दोस्ती हुन गएकोले धेरै मुसलमानहरू कान्तिपुर हुले। यिनको राज्यकालमा कान्तिपुरमा मुसलमानहरूको दबदबा बढेको थियो।[२०]

कान्तिपुरको पछिल्लो समयका चर्चित एवं प्रभावशाली चौताराहरूमा झगल ठाकुर पनि एक थिए। यिनलाई झंगल ठाकुर पनि भनिने गरिन्छ। यिनको मन्त्रीमण्डलमा राजाका प्रियपात्र एक जना मुसलमानलाई पनि काजी बनाई समावेश गरिएको थियो। वास्तवमा राजा भाष्कर मल्लको राज्यकालमा उपत्यकाको समग्र राजनीतिमा कान्तिपुरको जुन महत्ता बढेको थियो, त्यसको पछाडि यिनै झगल ठाकुरको कुटनैतिक क्षमताको प्रमुख भूमिका देखिन्छ। झगल ठाकुर तत्कालीन गोहारयुगीन राजनीति (एउटासँग मिलेर अर्कोलाई पछार्ने नीति) का सिपालु खेलाडी थिए। यिनी महत्त्वाकाङ्क्षी र विस्तारवादी प्रवृत्तिका भएकाले वरिपरिका राज्यहरूमा कान्तिपुरको प्रभाव विस्तार गर्न चाहन्थे। विशेषगरेर उनी पाटनलाई कान्तिपुरको वशमा राख्न चाहन्थे। यसैले उनले भक्तपुरलाई पाटनका विरुद्ध आफ्नो पक्षमा मिलाउन खोजे। आपसी ईर्ष्या र मनमुटावको तत्कालीन अस्थिर राजनीति परिस्थितिमा आफूमाथि सङ्कट आइपरेमा एउटा राज्यले अर्को राज्यसँग गुहार माग्ने चलन थियो। पाटनले पनि कान्तिपुरको चाहनाविपरित भक्तपुरको सहायता प्राप्त गर्न सक्दथ्यो। भक्तपुर र पाटन एक जुट भयो भने कान्तिपुर एक्लैको केही जोर चल्दैनथ्यो। अतः यस स्थितिमा झगल ठाकुरले कुटनीतिद्वारा वि.सं. १७६० श्रावणमा पाटनलाई वशमा ल्याउन कान्तिपुर र भक्तपुरले संयुक्त मोर्चा बाँध्ने सम्बन्धी धरौटी समेतको सन्धिपत्र राजा भाष्कर मल्लले लेखी भक्तपुरका राजा भूपतिन्द्र मल्ललाई दिए। उक्त सन्धिपत्रका साथमा छत्तीस हजार मोहर धरौटी राखिएको थियो। यस सन्धिमा कान्तिपुरको अनुमतिबिना भक्तपुरले पाटनलाई बाटोघाटो नखोलिदिने, राजाराजाबीच गुहार माग्दा कान्तिपुरलाई प्रमुख मान्ने आदि शर्त थियो। यस सन्धिको अवधि बाह्र वर्ष राखिएको थियो, तर परिस्थितिजन्य कारणहरूले गर्दा केही वर्षपछि नै यो सन्धि तोडियो। तापनि कान्तिपुरको महत्त्वलाई यस सन्धिमा स्थान दिनु अर्थात् भक्तपुरले कान्तिपुरको सर्वोपरितालाई स्वीकार गर्नु यस सन्धिको विशेष उल्लेखनीय पक्ष थियो।

यसरी भ्रुगल ठाकुरले आफ्नो कुटनैतिक चातुर्यताद्वारा एकातिर पाटनका विरुद्ध भक्तपुरलाई सन्धिद्वारा परिबन्दमा पारे भने अर्कातर्फ पाटनसँग देखावटी रूपमा विशेष सम्बन्ध राख्नुका अतिरिक्त भित्रभित्रै त्यहाँका भारदारहरूलाई आफ्नो पक्षमा मिलाउँदै पनि थिए। यसबीच पाटनको राजगद्दी खाली हुँदा आफ्नो पहलकदमीद्वारा उनले कान्तिपुरका राजा भाष्कर मल्ललाई पाटनको पनि राजा बनाउन सफल भए। पाटनका राजा योगनरेन्द्र मल्लको मृत्युपछि उनका वैध छोरा कोही नहुँदा सर्वप्रथम छोरीका छोरा लोकप्रकाश मल्ल, त्यसपछि भानिज इन्द्र मल्ल राजा भए। तर राजा भएको तीन वर्ष नपुग्दै इन्द्रमल्लको वि.सं. १७६६ चैत्र शुक्ल पूर्णिमाका दिन मृत्यु भएकाले योगनरेन्द्र मल्लकी एक भित्रेनी रानीपट्टिका छोरा महीन्द्र मल्ल राजा भए।[२१] तर यी राजा बालकै हुँदा चैत्र शुक्ल पूर्णिमाको भोलीपल्ट गर्नुपर्ने रातो मच्छेन्द्रनाथको महास्नानका लागि नायब योगमतीले कान्तिपुरका राजा भाष्कर मल्ललाई बोलाएर मर्यादा माफिक कर्म चलाई मत्स्येन्द्रनाथको यात्रा गराइन्।[२२] महीन्द्रमल्लको पनि केही वर्षपछि मृत्यु भएकाले वीरनरसिंह राजा भए। त्यसपछि योगनरेन्द्र मल्लका भानिजका छोरा ऋद्धिनरसिंह मल्ल राजा भए। चाँडै नै यिनको पनि मृत्यु भयो। यसपछि भ्रुगल ठाकुरका पक्षधर पाटने भारदारहरूले भाष्कर मल्ललाई पाटनको पनि राजा बनाए। त्यहाँको चौतारा पद भ्रुगल ठाकुरलाई दिइयो। यसरी पाटनलाई आफ्नो वशमा पार्ने ठाकुरको चाहना सजिलै पूरा भयो। र भाष्कर मल्ल करीब पाँच वर्षसम्म कान्तिपुर र ललितपुर (पाटन) का संयुक्त राजा भए। यताबाट भ्रुगल ठाकुर कुशल कुटनीतिज्ञ भएको कुरा थाहा लाग्दछ। वास्तवमा ऋद्धिनरसिंह मल्लको मृत्युपछि खाली हुन आएको पाटनको राजगद्दीमा भक्तपुरका भूपतिन्द्र मल्ललाई नराखी कान्तिपुरका भाष्कर मल्ललाई राखिएबाट यिनी योग्य र सक्षम कुटनीतिज्ञ थिए भन्ने देखिन्छ, तर त्यसोभए पनि राजा मुसलमानहरूदेखि रिभिएका थिए। यसैले राजाले उनलाई बर्खास्त गरी उनको पदमा मुसलमानलाई काजी बनाए। यस कार्यको स्थानीय बासिन्दा र भारदारहरूले ठूलो विरोध गरे। नेपाली जनताले आफ्नो हिन्दूधर्ममा खलल आइपर्ने देखेर मुसलमानहरूलाई देशनिकाला गर्न सङ्घर्ष गरे। फलस्वरूप नेपाली र मुसलमानहरू बीच काटमारको स्थिति देखियो। केही मुसलमान मारिए। केही भाग्न सफल भए। यसै अशान्तिको मौका छोपेर भक्तपुरले कान्तिपुरमाथि आक्रमण गरेको थियो, तर सफल हुन सकेन।[२३] यसपछि पुनः भ्रुगल ठाकुरलाई नै काजी बनाइयो।

राजा भाष्कर मल्लको राज्यकालमा (वि.सं. १७७३ चैत्रमा) एउटा भयङ्कर डरलाग्दो महामारी रोग फैलियो। सयौँ वर्षको अन्तरालपछि नेपाल उपत्यकामा प्रवेश गरेको यस रोगको मुख्य लक्षण कान दुख्ने, ज्वरो आउने थियो। यो रोगले छोएपछि चाँडै मृत्यु हुन्थ्यो। यिनको समयमा आश्विनमा अधिकमास पर्न आएको थियो। यसैले त्यो वर्ष दशैं चाड मनाउन नहुने ज्योतिषीय कथन थियो तापनि यिनले त्यसको कुनै परवाह नगरी आफ्नै जिद्दीले चाड मनाउने घोषणा गरे। फलस्वरूप दैवी प्रकोप भई यस्तो महामारी फैलिएको हो भन्ने तत्कालीन ज्योतिषीहरूको भनाइ रह्यो। राजालाई महामारीबाट पर राख्नको लागि काजी भ्रुगल ठाकुरले किण्डोलमा सुरक्षित तवरले व्यवस्था गरी रानीहरू सहित राजालाई राखेका थिए। त्यसैबेला एक जना जोगी आएर देशका सम्पूर्ण ब्राम्हण, फकीर, गरीवहरूलाई ईच्छापूर्ण भोजन गराउन सके महामारी शान्त होला भनेर उपदेश दिएर गए। जोगीको उपदेश मुताबिक काजीले सम्पूर्ण ब्राम्हण, गरीवहरूलाई बोलाई ईच्छा भोजन गराए। फलस्वरूप महामारी केही शान्त भएर गयो। त्यस रोगको महामारीले गर्दा १८,७१४ मानिस मरे।[२४] दोपाया, चौपाया जीवजन्तुहरू कति मरे मरे, त्यसको कुनै लेखाजोखा नै भएन। एक दिन एउटा ज्यापू खेतबाट आइरहेको थियो। राजाले भ्र्यालको प्वालबाट त्यसलाई देखेर महामारी रोग अहिले कस्तो छ भनी सोध्न थाले। त्यस ज्यापूले महामारी रोग अहिले बिल्कुलै शान्त भइसक्यो भनी बिन्ति गरे। यति कुरा सुनेर राजा किण्डोलमा बन्दी सरह बसिरहन नसकी भ्र्यालबाट हाम्फालेर हनुमानढोका दरबारमा गए। राजाको साथमा रानीहरू पनि सँगै गए। त्यही राती राजालाई त्यस महामारीले छोयो र त्यही रोगको शिकार भएर राजा भाष्कर मल्लको वि.सं. १७७९ भाद्रकृष्ण ११ को दिनमा मृत्यु भयो।[२५] यसरी छ वर्षदेखि फैलिएको यसै महामारीमा परेर राजा भाष्कर मल्लको मृत्यु भयो। यिनी निसन्तान थिए। यसैले यसपछि कान्तिपुरमा सूर्यवंशी राजाहरूको वंश समाप्त भई अन्य वंशको शासन शुरु भयो अर्थात प्रताप मल्लको छोरापट्टिको वंश समाप्त भई चेलीपट्टिको वंश अर्थात् प्रतापमल्लका छोरा महीपतेन्द्र मल्लकी छोरीका सन्तान जगज्जय मल्ल कान्तिपुरको राजगद्दीमा आसिन भए। जगज्जय पछि उनका छोरा जयप्रकाश मल्ल राजा भए।

**तौधिक काजी–** तौधिक काजी जयप्रकाश मल्ल राजा हुँदा कान्तिपुर दरबारका पुराना भारदार थिए। तर पछि राजा जयप्रकाश मल्लसँग ठ्याक नमिलेपछि यिनी जयप्रकाशका विरोधी भएर देखापरेका थिए।। खासगरेर गोरखाले नुवाकोट कब्जा गरेपछि त्यसलाई फिर्ता लिन जयप्रकाश मल्लले आफ्ना भारदार काशीराम थापाको नेतृत्वमा पठाएको कान्तिपुरे फौजले गोर्खाली फौजको सामना गर्न नसकेपछि काशीराम थापा आफ्नै घर पलान्चोक गई बसे। बारम्बार

बोलाउन पठाउँदा पनि नआएकाले काशीराम थापादेखि जयप्रकाश मल्ल रिसाएका थिए । जयप्रकाशको क्रोधी स्वभावदेखि काशीराम परिचित थिए । तर एकपल्ट पशुपति दर्शन गर्न आउँदा काशीराम पक्रिए । उनी र उनका सहयोगीहरूको हत्या गरियो । काशीराम थापासँग मिलेको शङ्कामा कान्तिपुरका पुराना काजी भिंख्वालको पनि हत्या गरिदिए । यस्तै शङ्का तौढिककाजीमाथि गरियो । तर उनी भागेर पाटनमा शरण लिन पुगे ।

यसरी कान्तिपुरमा आन्तरिक कलह र षडयन्त्र चलिरहेकै बेला गोरखाले भक्तपुरको सहयोग लिएर चाँगु, साँखु, महादेवपोखरी, नालदूम, दोलखासम्मका इलाका आफ्नो कब्जामा लिए । यसै मौकामा तौढिक काजीले पाटनको सैनिक सहयोगद्वारा कान्तिपुरमा आक्रमण गरेर जयप्रकाश मल्ललाई सत्ताच्युत गरेर उनका दुई वर्षका बालक छोरा ज्योतिप्रकाशलाई राजगद्दीमा राखेर रानी दयावतीलाई संरक्षक बनाइदिए । आफू राज्यको सर्वेसर्वा बने । यिनले फौज पठाएर गोर्खाले जितेका भूभागलाई फिर्ता लिए । यसपछि करीव चार वर्षसम्म जयप्रकाश मल्ल पदच्यूत भएर यताउति लुकेर हिंडे । यस्तैमा वि.सं. १८०७ मा तौढिककाजीले जयप्रकाश देउपाटनमा लुकेर बसेका छन् भन्ने थाहा पाएर तिनलाई पक्रन फौज पठाए । जयप्रकाशले सो फौजलाई उल्टै आफ्नो पक्षमा मिलाई कान्तिपुर फर्केर छोरा ज्योतिप्रकाशलाई काखमा लिई कान्तिपुरको गद्दीमा बसे । रानी दयावतीलाई कैद गरे । तौढिककाजीले आत्महत्या गरे ।[२६]

**उपसंहार–** यसप्रकार कान्तिपुर स्वतन्त्र राज्यको रूपमा स्थापना भएदेखि नै त्यहाँको राजनीतिमा भारदारहरूको दबदबा चलेको थियो । जस्तोकि– कान्तिपुरलाई स्वतन्त्र राज्यको रूपमा स्थापना गर्ने संस्थापक शासक रत्न मल्लकै पालामा पनि इन्द्र मल्ल नामक एक जना प्रभावशाली भारदार देखापरेका थिए, जसले रत्न मल्ललाई कान्तिपुरमा राज्य स्थापना गर्न हरतरहले सहयोग गरेका थिए । त्यस्तै राजा महेन्द्र मल्लको पालामा पनि मोहरसिंह भन्ने एक जना भारदार थिए, जसले राजालाई खासगरेर चाँदीका आठ मासाका मुद्रा निष्काशन गर्ने कार्यमा ठूलो सहयोग गरेका थिए । यसैले राजाले पनि तिनको गुनको बदलामा त्यस मुद्रा (सिक्का) को नाम नै मोहर राखिदिए । जसलेगर्दा राजाको त्यस सिक्कालाई परन्तुसम्म **'महेन्द्रमल्ली मोहर'** नामले प्रसिद्धि मिलि रह्यो । त्यस सिक्काको गुणस्तरका कारणले पछिबाट त्यो मुद्रा तिब्बती बजारसम्म चल्न पुगेको थियो । त्यस्तै कान्तिपुरका अर्का प्रसिद्ध भारदार भीम मल्ल थिए । यद्यपि तत्कालीन दरबारिया षडयन्त्रमा परेर तिनको निर्मम रूपमा दमन भयो । तथापि उनले आफ्नो देशका निम्ति जुन कार्य गरे, त्यसबाट उनी इतिहासमा उल्लेखनीय रहे । जस्तै – नेपालको व्यापार तिब्बतसम्म पुऱ्याएर नेपालको अन्तर्राष्ट्रिय रूपमा इज्जत, प्रतिष्ठा बढाए, नेपाललाई बर्सेनि ठूलो आर्थिक लाभ दिलाए । यताबाट के देखिन्छ भने कान्तिपुरका भारदारहरू सबै नै खराब चरित्रका थिए भन्न मिल्दैन । विशेषगरेर प्रारम्भका भारदारहरू, जसले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सदैव राजा, राज्य र प्रजाकै सर्वोपरि हितका लागि समर्पित भएर काम गरेर गए । तर पछिल्ला समयका भारदारहरू भने ईमानदार र देशभक्त हुनुको सट्टा आफ्नो स्वार्थसिद्धिका लागि जस्तोसुकै नीच र पतित कार्य गर्न पनि पछि नहट्ने चरित्रहीन नेता साबित भए । जस्तोकि – चिकुटी, लक्ष्मीनारायण, झकल ठाकुरहरू । यिनीहरू सम्पन्न पारिवारिक पृष्ठभूमि भएका एवं प्रभावशाली व्यक्तित्वका धनी हुँदाहुँदै पनि यिनले राजा, राज्य र प्रजाप्रति गर्नु पर्ने आफ्नो कर्तव्य बिर्सेर व्यक्तिगत स्वार्थ र सत्तामोहमा लिप्त भइरहे । हुनतः यसमा तत्कालीन अस्थिर राजनीतिक परिस्थिति पनि उतिकै जिम्मेवार रहेको पाइन्छ । माथि नै उल्लेख गरियो कि यदि गद्दीमा आसिन राजा योग्य, सक्षम र समर्थवान भइदिएका भए यी भारदारहरू कदापि शक्तिशाली हुन पाउँदैनथे । राजाहरू कमजोर र आलाकाँचा उमेरका भएका कारणले गर्दा भारदार( चौतरिया)हरू लगामबिनाका घोडा जस्तै उन्मत्त हुन पुगेका थिए । यसैकारण कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले आफ्नो सामर्थ्य र खुबीद्वारा शासन सञ्चालन गर्न खोज्दा उनलाई पुराना भारदारहरू कसैले साथ दिएनन्, सबै उनका विरोधी हुन गए । यही कमजोर धरातलीय परिस्थितिबीच जब गोरखाली फौजले कान्तिपुरमाथि आक्रमण गऱ्यो तब त्यसको प्रतिकार गर्नुको बदला राजाले त्यतिखेरै राज्य छोडेर भाग्नु परेको थियो । यद्यपि राजा जयप्रकाश मल्ल काँतर र युद्धदेखि डराउने व्यक्ति थिएनन् । तर कतैबाट दह्रो साथ नपाउनाले राज्य छाडेर हिंड्न विवश भए । जयप्रकाशका भारदारहरू शत्रु राज्यसित मिलिसकेकाले कान्तिपुर राज्य पतन भयो । अस्तु !

## पाद टिपोट

(१) देवीप्रसाद लम्साल(सं.), **भाषा वंशावली** भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ८६ ।

(२) भक्तपुरका नरदेव मयासिङ नामक एकजना भारदार कान्तिपुर आई लक्ष्मीनरसिंहका विस्वासपात्र काजी भइबसेका थिए । पछि यिनै नरसिंह मयासिङले चुक्ली लगाई भीममल्ललाई मार्न लाएका थिए । **'भीममल्लया खं मयासिङ कड़ाओ भीममल्ल फुतकु'** अर्थात् भीममल्लको कुरा (नरदेव) मयासिङद्वारा चुक्ली लाई भीममल्ललाई सिध्यायो । – धनवज्र वज्राचार्य(सं.), **इतिहास संशोधनको प्रमाण प्रमेय** (पहिलो भाग), ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. २४२ ।

(३) ऐजन, पृ. २४२–४३ ।

(४) '...भिममल्ल आइ सिंहढोका छिरि त्रिशूल डबलि पुग्दा दश बाह्र जनाले पक्रिए तर्वारले प्रहारगरि विवेक नगरी मार्न लाया ।' –लम्साल, पा.टि.नं. १, पृ. ८५–८६ ।

(५) पुष्पराज चालिसे, **नेपालको पुरानो इतिहास र सभ्यता**, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०४८, पृ. २६० ।

(६) तान्त्रिकहरूको प्रभावमा परी प्रताप मल्लले आफ्ना छोराहरू सबैलाई एकएक वर्ष राज्य गर्न दिए भन्ने वर्णन वंशावलीहरूमा पाइएता पनि वास्तवमा चक्रवर्तीन्द्र मल्ल एक जना सिवाय अन्य राजकुमारले प्रताप मल्ल जीवित छँदै शासन गर्न पाएनन् । उनको मृत्युपछि मात्र नृपेन्द्रमल्ल र पार्थिवेन्द्रमल्ल राजा भएका देखिन्छन् । – श्यामसुन्दर राजवंशी, 'राजा नृपेन्द्र मल्लको भूमिसम्बन्धी तमसुक ताडपत्र', **प्राचीन नेपाल**, सङ्ख्या ८४, पृ. १–२ ।

(७) लम्साल, पा.टि.नं. १, पृ. ९३ ।

(८) 'सं. ८०४ कार्तिक शुक्ल ॥ अष्टमी बुधबार, थव कुन्हुया रात्रीस चिकुटी भाजुपिं भोछिं बिस्यवङ यरस, पेन्हु कुन्हु बुधसिंह धाया गामसं चोनवन । खस्तो उमराव चिक्क नाप वङ ॥' (**थ्यासफु**बाट) –वज्राचार्य, पा.टि.नं. २, पृ. २४२–४३ ।

(९) ऐजन, पृ. २३७ र २७६ ।

(१०) ऐजन, पृ. २३७–२३८ ।

(११) लम्साल, पा.टि.नं. १, पृ. ९९ ।

(१२) ऐजन, पृ. ९७ ।

(१३) 'भाद्रपद शुक्ल ११ बुधबारका दिन राघवानन्द स्वामीका घरमा लुकि रह्याका ठाउँबाट डोरीले ताना तान गर्दा...भऱ्याङ्बाट खसाली महीपतीन्द्र मल्लकन अन्यायसित जीवहरण गऱ्या । उप्रान्त शिर काटी ल्याई लक्ष्मीनारायण काजीले हेऱ्या । यहाँपछि राघवानन्द स्वामी यस्ता अन्यायी राज्यमा बस्नु छैन भनी ललितपत्तनमा आया ।'– ऐजन, पृ. ९८ ।

(१४) वज्राचार्य, पा.टि.नं. २, पृ. २७४ ।

(१५) लम्साल, पा.टि.नं. १, पृ. ९९ ।

(१६) पार्थिवेन्द्रलाई विष खुवाएको अभियोग लाई चिकुटीलाई मार्दा उनका अनुयायी केही खसहरू पनि मारिएका थिए । यसैले खसहरूको एक दल लक्ष्मीनारायणसँग बदला लिने दाउमा थियो । वि.सं. १७४७ भाद्रमा मौका पाई खसहरूको उक्त दलले लक्ष्मीनारायणउपर उनकै घरमा हमला गऱ्यो । यसबाट घाइते भएका लक्ष्मीनारायण भाग्दै राजदरबारतिर आउँदा बाटामा खसहरूले भेट्टाई मारे ।– वज्राचार्य, पा.टि.नं. २, पृ. २७४ ।

(१७) पेशल दाहाल, **नेपालको मल्लकालीन इतिहास**, पृ. ७०–७१ ।

(१८) श्यामसुन्दर राजवंशी, 'राजा महीन्द्रसिंहदेव (भाष्कर मल्ल) को तमसुक ताडपत्र,' **प्राचीन नेपाल,** सङ्ख्या ९०, पृ. १५ ।

(१९) वि.सं. १७७६ को उक्त ताडपत्रमा 'श्री माणीग्लाधिपति महाराजधिराज श्री श्री जयगजपति महीन्द्रसिंहदेव मल्ल' उल्लेख छ । यसबाट यो ताडपत्र यिनी कान्तिपुरका साथै पाटनको समेत राजा भएका बखतको हो भन्ने कुरा थाहा लाग्दछ । – ऐजन, पृ. १६ ।

(२०) ऐजन, पृ. १७ ।

(२१) यी भित्रेनी रानी योगनरेन्द्र मल्लको मृत्यु हुँदा गर्भवती थिइन् । यिनलाई इन्द्रमल्ल पक्षका भारदारहरूले देश निकाला गरिदिए । त्यसपछि यिनी गोर्खामा गई शरण लिएर बसेकी थिइन् । पाटनमा इन्द्र मल्लको मृत्यु भएपछि यी रानीका छोरा महीन्द्र मल्ललाई राजा बनाउन गोर्खाका राजा पृथ्वीपति शाहले पठाएका थिए । यदि पाटनका भारदारले महीन्द्र मल्ललाई राजा स्वीकार गरेन भने गोर्खाले हस्तक्षेप गर्ने समेत धम्की दिएर ल्याएका थिए । –सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मल्लकालीन इतिहास**, काठमाडौं: रोयल नेपाल एकेडेमी, वि.सं. २०१९, पृ. १८८ ।

(२२) 'नेपाल देशको इतिहास', **प्राचीन नेपाल**, सङ्ख्या १८, पृ.७ ।


(२३) लीलाभक्त मुनंकर्मी, **मध्यकालीन नेपाल**, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०२५, पृ. १३१ ।

(२४) राजवंशी, पा.टि.नं. १८, पृ. १८ ।

(२५) 'नेपालको इतिहास राजभोगमाला,' **प्राचीन नेपाल** सङ्ख्या ११, पृ.४ ।

(२६) लम्साल, पा.टि.नं. १, पृ. ११३–११४ ।

## कोरोना सङ्क्रमणबाट बच्न



# नेवारी संस्कारमा गरुड पुराण र त्यसभित्र लुकेको मानव विज्ञान



डा. वीरेन्द्रप्रसाद कायस्थ

संस्कार संस्कृतिमा गरिने दश कर्म वा षोडष कर्महरू पूर्वीय दर्शनबाट अनुप्राणित छन् । त्यही दर्शनको संहिता उपनिषद्, पुराण मनुष्य जीवन पद्धतिको अंश हो । मनुष्य जीवन यिनै पुराणमा आधारित छ । साथै नेवारहरूले गरिने हरेक संस्कार संस्कृतिमा विज्ञान र प्रकृतिको मूल्य र मान्यता छन् । संस्कार संस्कृतिमा ज्ञान विज्ञान खोज्नु समयको माग हो र प्राकृतिक अनि विज्ञान सम्मत समाज सम्मतका संस्कृतिको संरक्षण गर्नु भनेको आजको आवश्यकता हो ।

गरुड पुराण वैष्णव सम्प्रदायसित सम्बन्धित छ र सनातन धर्ममा मृत्युपछि सद्गति प्रदान गर्ने मानिन्छ । यसकारण सनातन धर्ममा मृत्युपछि गरुड पुराण श्रवणको प्रावधान छ । यस पुराणमा भक्ति, ज्ञान, वैराज्ञ, सदाचार, निष्काम कर्मको महिमाका साथ यज्ञ, दान, तप तीर्थ आदि शुभकर्ममा सर्व साधारणलाई प्रवृतगर्नका निम्ति अनेक लौकिक र पारलौकिक फलको वर्णन गरिएको छ । यसको अतिरिक्त यसमा आयुर्वेद, नीतिसार, एलोपेथिक उपचार आदि विषयबारे वर्णन गरेको पाईन्छ । साथै मृत जीवको अन्तिम समयमा गरिने कृत्यबारे चर्चा गरिएको छ ।

पुराण शब्दको शाब्दिक अर्थ हो पुरानो, तर आजको वैज्ञानिक युगमा यसको महत्त्व अझै बढेको छ । यो पुराण परापूर्वकालदेखि हाम्रो समाजको जीवन धडकन बनेको छ । मनुष्य जीवन यिनै पुराणमा आधारित छ ।

गरुड पुराण सुन्नु भनेको मूलतः त्यस भित्रको अन्तर वस्तु बुझ्नु हो । ज्ञान आर्जन गर्नु हो । अध्यात्म चिन्तन भनेको मूलतः प्राच्य दर्शनको वैज्ञानिक व्यवहार हो । जीवन पद्धति त्यसको सतपथको सुमार्ग हो । आफन्त बितेर दुःख भै रहेको आशौचको बेलामा अर्थात त्यस्तो दुःखद एवंम् संवेदनशील परिस्थितिमा दाजुभाइ, ईष्टमित्र, आफन्तहरूबाट सहानुभूति व्यक्त गर्न आउने र गरुड पुराण सुन्ने गरिन्छ । यो हाम्रो समाजमा परापूर्वकालदेखि नै चलिआएको छ । यस पुराणमा भयावहपूर्ण आख्यान र मृतकको आत्मा र सूक्ष्म शरीरलाई दिने यातनाको व्याख्या गरिएका छन् । वास्तवमा मानिसको मृत्युपछि सिधै दाहसंस्कार गरिन्छ, तर यस पुराणले मृत शरीरको विभिन्न अङ्ग मानिसको मृत्युपछि पनि जीवित हुन्छ, र त्यो जीवित अङ्ग दोस्रो जीवित व्यक्तिलाई प्रत्यारोपन गर्न सकिन्छ, जस्तैः आँखा, मुटु, कलेजो, मृगौला, आमाशय, सानो आन्द्रा हुन्, जुन कुरा आज प्रमाणित भएका छन् । यसकारण विविध पक्षको ज्ञान आर्जनको लागि आशौचको बेलामा गरुड पुराण सुन्ने र भन्ने गरिआएको हुनु पर्दछ । यस गरुड पुराणको अन्तर वस्तुलेः दुःखमा नआत्तिन र सुखमा नमात्तिन प्रेरित गरिएको छ । जुनसुकै बेला धीरता र संयमता मानव जीवनमा आवस्यक हुने कुराको मार्ग दर्शन गरेकोछ ।

भनिन्छ महान सोच भएका मानिसहरू ज्ञान विज्ञानका कुरा गर्छन् । मध्यम सोच भएका मानिसहरू विषयवस्तुका कुरा गर्छन् भने निच सोच भएका मानिसहरू अर्काका कुरा गर्छन् भने जस्तै केही सामन्तवादी व्यक्तिहरूले वर्तमान समयमा गरुड पुराणमा भएका ज्ञान विज्ञानतिरको ज्ञान नदिई, संतप्त परिवारजनलाई मानसिक रूपमा दान बोधतिर बढी उन्मुख गराउँदै गएको देखिन्छ ।

वेद व्यासले चार वेद, १८ पुराण रचना गरेका थिए । यी १८ पुराणमध्ये गरुड पुराण आशौचको बेलामा नै सुनाउने वैज्ञानिक आधार र यस पुराणमा उल्लेख गरेका भयावहपूर्ण आख्यान, मृतकको आत्मा र सूक्ष्म शरीरलाई दिने यातनाबारे यो लेखमा चर्चा गर्ने छु । जस्तैः एक व्यक्तिको रगत अर्को व्यक्तिलाई दिने, रगत तान्ने, सियोले ठाउँ ठाउँमा घोच्ने, विभिन्न अङ्ग झिक्ने आदि । सियोले ठाउँ ठाउँमा घोच्ने भन्नाले अकुपंचर औषधी उपचार भन्न सकिन्छ । जुन उपचार विश्वविख्यात छ । विभिन्न अङ्ग झिक्ने भन्नाले शरीरका विभिन्न अङ्ग मानिसको मृत्युपछि पनि जीवित हुन्छ, र त्यो जीवित अङ्ग दोस्रो जीवित व्यक्तिलाई प्रत्यारोपन गर्न सकिन्छ भनेको हो । जस्तैः आँखा, मुटु, कलेजो, मृगौला, आमाशय, सानो आन्द्रा जुन कुरा आज प्रमाणित भएका छन्, र एक व्यक्तिको रगत अर्को रक्त अभाव व्यक्तिलाई दिने, त्यस्तै अरु प्राकृतिक उपचार पद्धतिबारे चर्चा गरिएको छ ।

आजको वैज्ञानिक युगमा हरेक संस्कार र संस्कृति र कर्महरू गर्ने र मनाउनुको तात्विक अर्थ साथै त्यसको व्युत्पत्तिदेखि प्राकृत एवम् विज्ञानसम्मतका अन्तरवस्तुको विस्तृत अध्ययन अनुसन्धान हुन जरुरी छ ।

पुराणअनुसार सर्जरी (शल्य चिकित्सा) का प्रवर्तक सूर्य

पुत्र अश्विनी कुमारलाई मानेका छन् । त्रैतत् भन्ने एक दासले रीसले दीर्घतमा ऋषिको छेदन गरेको शिर अश्विनी कुमारले उनकै शरीरमा जोडिदिएका थिए । त्यस्तै सर्जरीको प्रवर्तक सूर्य पुत्र अश्विनी कुमारले खेल नामक राजाकी पत्नी विश्पला युद्धमा घाईते हुँदा ईस्पात (फलाम) को खुट्टा शल्य क्रियाबाट जोडिएको र प्लास्टिक सर्जरी जस्ता कुरा पुराणमा पाईन्छ । देवराज ईन्द्रले अश्विनी कुमारबाट नै सर्जरी तथा आयुर्वेदको ज्ञान प्राप्त गरेका थिए भनिन्छ । देवराज ईन्द्रले - (अपला) ऋषि अत्रिको पुत्रीलाई चर्म रोगको शल्य क्रिया गरेका थिए । आजको युगमा चिकित्सा विज्ञानको चमत्कार भनेको टेष्ट ट्यूव बेबीलाई मानिन्छ । महाभारतकालको हस्तिनापुरका महारानी गान्धारीका सयपुत्र हुन् टेष्ट ट्यूव बेबी मान्न सकिन्छ । टेष्ट ट्यूवबाट जन्मने सय पुत्रमध्ये दुर्योधन, दुशासन आदि हुन् । राजा सागरका सात हजार पुत्र र भागीरथ, पनि ट्यूव बेबी मान्न सकिन्छ । यो त्यसबेलाको चिकित्सा विज्ञानको चमत्कार मान्न सकिन्छ । सारावली नामक ज्योतिष ग्रन्थमा पनि निम्न श्लोक छन् -

*सप्तम भागे कौजे सौरयुते पंचमे सदा भवने । कृत्रिमपुत्रं विन्द्याच्छेषग्रहदर्शनान्मुक्ते ॥*

अर्थात यदि कुण्डलीमा पंचम भावमा मंगलको सप्तमांश शनिबाट युत तथा अन्य ग्रहबाट दृष्टि नभएमा त्यो जातकलाई कृत्रिम पुत्र प्राप्ति हुने छ । यहाँ कृत्रिम शब्द महत्त्वपूर्ण छन् । जुन टेष्ट ट्यूव बेबी हो ।

यसबाहेक कृत्रिम पुत्रको लागि प्रयोग गरिने औषधिहरूको पनि पुराणमा वर्णन गरिएको पाईन्छ । ती हुन् : विशल्यकरणी, सन्धानकरणी र डिक्भ प्रसवनी । जुन औषधिहरूको प्रयोगबाट भ्रूणको विकास माताको गर्भ बाहिर गरिन्छ । अर्थात : यी औषधिहरूले भ्रूणलाई माताको गर्भ समान पोषण प्रदान गर्छ ।

## आधुनिक मेडिकल विज्ञान :

पुराणमा जस्तै आजको मेडिकल विज्ञानले अन्य अङ्ग जस्तै टाउको प्रत्यारोपण पनि सम्भव हुनसक्छ ? भन्ने कुरामा बेलायतका एक पूर्व न्यूरोसर्जन तथा रोबोटिक्स विज्ञले यस विषयमा आफ्नै धारणा राखेका छन् ।

बेलायतका हल यूनिभर्सीटी टिचिङ् हस्पिटलका पूर्व क्लिनिकल प्रमुख डा. ब्रुस म्याथ्युलेखले आउँदो १० वर्षमा टाउको प्रत्यारोपण सम्भव हुने दाबी गरेका छन् । उनले रोबोटिक्स, स्टेम सेल प्रत्यारोपण र शक्तिशाली शल्यक्रिया गर्ने प्रविधिको विकास भएका कारण यो सम्भव हुन सक्ने आफ्नो धारणा राखेका छन् ।

सन् २०१७ मा एक चिनियाँ साईन्टिस्टले एउटा सफल टाउको प्रत्यारोपण गरेको दाबी गरेका थिए । जिआओपिङ रेन नामका एक चिनियाँ साईन्टिस्टले मृतक व्यक्तिको टाउको अर्को व्यक्तिको शरीरमा सफल प्रत्यारोपण गरेका थिए भनिन्छ । चीनको हार्बिन मेडिकल यूनिभर्सीटीमा गरिएको उक्त शल्यक्रिया १८ घण्टा चलेका थियो । उक्त शल्यक्रियापछि स्पाईन, नर्व्स तथा ब्लड भेसल्सको रिकनेक्ट गरिएको थियो । डेली मेलको रिर्पोट र डा. म्याथ्युका अनुसार प्रत्यारोपणको क्रममा यदि ब्रेन र स्पाइनल कर्ड साथमा राख्यो भने यो असम्भव हुँदैन । यदि यो सम्भव भयो भने जुन व्यक्तिको शरीर पूरै खराब भएको छ, त्यस्ता व्यक्तिको लागि फाईदा हुने गर्दछ । साथै मरिसकेका व्यक्तिलाई पनि जिउँदो बनाउन सकिन्छ ।

अन्तमा पुराणमा दक्ष प्रजापतिको शिर छेदन गरिएपछि यज्ञमा बलि दिइएको बोकाको टाउको उनको शरीरमा जोडिएको, महादेवबाट पार्वती पुत्रको शिर छेदन गरिएपछि पार्वतीको आग्रहमा हात्तीको शिर उनको शरीरमा जोडिएको जस्ता घटना त्यसबेलाका वैज्ञानिक कार्य हुन् । केही दशक अघिसम्म असम्भव ठानिएको मिर्गौला र कलेजो प्रत्यारोपणमा सफल भएको, र अब विज्ञानले पुराणमा उल्लेखित बोका र हात्तीको शिर मानव शरीरमा जोड्ने प्रविधिको खोजी गर्ला कि ?

## सन्दर्भ सूची :


राजोपाध्याय, हरिशरण, वि.स.२०७४, **नेवाःसंस्कृतिमा घोत्लिँदा** । प्रकाशक नेपाल साहित्य मन्दिर , भक्तपुर

ज्योर्तिविद् शर्मा गिरीन्दराज, **प्रशिक्षण र प्रवचन**बाट

प्रा.डा. जोशी मंगलराज, **प्रशिक्षण र प्रवचन**बाट

सचदेवा, सुमन ईस्वी २००७, **पुराणों में विज्ञान**, ज्योतिष मन्थन, अंक ९२ जनवरी मासिक पत्रिका,

पं. ठाकुर आद्यादत्त, ईस्वी २००२ पुराण समीक्षा , ज्योतिष मन्थन, अङ्क २ जुलाई, मासिक पत्रिका,

**नागरिक** प्रत्रिका शनिवार २५ माघ २०७६

**गरुड पुराण** हिन्दी भाषा

ईन्टनेट (गुगल)



# के गर्दै छ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३०-८:३० र शुक्रबार साँझ ६:३०-७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# रणजित मल्ल र सातबहाले राजकुमारहरू



ओम धौभडेल

पृथ्वीनारायण शाहले उपत्यका हात पार्ने क्रममा तीन राज्यको बेमेलले जति ठूलो भूमिका खेलेको थियो भक्तपुर जित्नुपछाडि रणजित मल्ल र उनका मठ्याहा सात छोराहरूबीचको फाटोले ठूलो भूमिका खेलेको देखिन्छ। भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्ल (ने.सं. ८४२–८९०) लाई नेपालको इतिहासमा एक सोझा, सिधा, सादा धार्मिक प्रवृत्तिका राजाको रूपमा चित्रण गरिएको पाइन्छ। तर नेपालको इतिहासमा विशेष गरी भक्तपुरको इतिहासमा यो राजाको समयलाई सूक्ष्म ढङ्गले केलाउनु पर्ने विभिन्न कारणहरू छन्। विशेषतः रणजित मल्लको पारिवारिक अवस्था र सातबहाले राजकुमारहरूबारे प्रथम ध्यान दिनसके त्यतिबेलाको अरु धेरै महत्त्वपुर्ण तथ्यहरू प्रकाशमा आउनसक्ने प्रवल सम्भावना छ।

रणजित मल्लको विवाह १३ वर्षको उमेरमा ने.सं. ८२६ तिर भारत बेतियाकी राजकुमारीसँग भएको देखिन्छ। यो विवाहमा भक्तपुरबाट भैरव मल्ल, वीर जोशी, गंगाराम आदि सम्मिलित भई थिमी, पाटन, मकवानपुर, पर्सा, फुतकोरी, सरसवा हुँदै बेतिया पुगेको र दुलही लिई पाटन हुँदै भक्तपुर फर्केको थियो। त्यतिबेला भक्तपुरको कान्तिपुरसँग सम्बन्ध राम्रो थिएन भन्ने थाहाहुन्छ। रणजित मल्लको यस विवाहको अवसरमा भुपतिन्द्र मल्ल स्वयम्ले उषा हरण नामक नाटक लेखी ठाउँ ठाउँमा नचाएको राष्ट्रिय अभिलेखालयको एउटा धरपौबाट थाहा हुन्छ।

तर उक्त धरपौमा रणजित मल्लकी रानीको नाम उल्लेख गरिएको छैन। रणजित मल्लको बुद्धिलक्ष्मी, ऋद्धिलक्ष्मी, जयलक्ष्मी, बुद्धिलक्ष्मी र मनमैजु गरी पाँच रानीहरू भएकोमा ब्याइते एउटै बेतियाकी राजकुमारीमात्र रहेको र अरु चारजना ल्याइते भएको विभिन्न अभिलेखहरूको आधारमा जानिन्छ। तिनमा जयलक्ष्मी सबैभन्दा बढी प्रभावशाली भएको देखिन्छ। त्यस्तै वीरनरसिंह मल्ल (देवेन्द्र मल्ल), मनोरथसिंह मल्ल, अजीतसिंह मल्ल, अवधुतसिंह मल्ल, अच्युतसिंह मल्ल, जयनारायण मल्ल र लक्ष्मीनरसिंह मल्ल नामका सात छोराहरू भएको देखिन्छ। यसमा जयलक्ष्मीका छोरा अजितसिंह मल्ल र बुद्धिलक्ष्मीका छोरा वीरनरसिंह मल्लको विशेष उल्लेख छ। अन्य राजकुमारहरू कुन-कुन रानीका छोरा हुन् स्पष्ट उल्लेख छैन।

रणजित मल्ल राजा बनेको सात वर्षमै जयलक्ष्मीका छोरा अजितसिंह मल्ललाई ने.सं. ८४९ मा युवराज घोषणा गरिसकेको प्रमाण हनुमानघाटस्थित माघ महिनामा माघ धलं बस्ने एउटा लिखत्मा उल्लेख छ। यसबाट अजितसिंह मल्ल अन्य राजकुमारहरूमध्ये जन्मले जेठो देखिन आउँछ। तर ने.सं. ८५५ तिर बुद्धिलक्ष्मी जो रणजित मल्लको एकमात्र वैधानिक रानीले वीरनरसिंह नामक राजकुमारको जन्म दिएपछि भक्तपुर दरबारमा युवराज सम्वन्धी विवाद सिर्जना हुनपुग्यो। दरबारका मुख्य भारदारको सल्लाह बमोजिम चार वर्षको बालक वीरनरसिंह मल्ललाई युवराज बनाउन रणजित मल्ल बाध्य भएपछि शुरुका युवराज अजितसिंह र उनकी आमा जयलक्ष्मीले दरबारमा विद्रोह गरेको देखिन्छ। यता आफ्नो छोरो युवराज भएको अवसरमा बुद्धिलक्ष्मीले ब्रम्हायणी द्यःछेँमा ने.सं. ८५९ मा एउटा अभिलेख राख्न लगाएको छ। जसमा रणजित मल्ल, बुद्धिलक्ष्मी र वीरनरसिंहको नाम उल्लेख छ ।

भक्तपुर दरबारमा विवाद बढ्दै जाने क्रममा जयलक्ष्मी पुनः आफ्नो छोरा अजितसिंह मल्ललाई नै युवराज बनाउन चाहन्थे भने अन्य रानीहरू पनि आ-आफ्नो छोरोलाई युवराज बनाउन चाहन्थे। तर यता चारवर्षे बालक छँदा नै युवराज घोषणा भइसकेको वीरनरसिंहको यो उपाधि बुद्धिलक्ष्मी कुनै पनि हालतमा गुमाउन चाहँदैनथिई। यसरी ने.सं. ८५९-८६० तिर भक्तपुर दरबारमा युवराजको विषयमा एक प्रकारको कलह नै उत्पन्न भएको थियो। दरबारको यो स्थितिलाई प्रत्यक्षदर्शीको रूपमा फादर क्यासिनोले आफ्नो डायरीमा उल्लेख गर्न पुगेको छ। फादर क्यासिनो र उनका एकजना इसाई साथी धर्म प्रचारको क्रममा त्यसबेला तौमढीस्थित एक घरमा डेरा लिई बसेको थियो। त्यस्तै युवराजको विषयमा दरबारभित्र कलह बढेको कुरालाई मिडियभल नेपालमा अझ बढी स्पष्टसँग उल्लेख गरेको छ। दरबारभित्र यो कलह बढ्दै गई अन्तमा युवराजको र आफ्नोसमेत ज्युज्यान खतरामा पुगेको स्वयम् बुद्धिलक्ष्मीले रचना गरेको दुई गीतहरू मार्फत स्पष्ट हुन्छ :

*भरियब, तलेजु बिहुने बरदान ॥*
*थम पिया सिमा सिसें लखया आधार बिसें*
*निदान लहिय जि माल ॥*
*बालकया मेव गति मदु सिसे पती भगवती*
*करुणान याव जि बिचाल ॥*
*धु ओ सा ओ हो ने गबे, दुख बिसे हल अथे*
*गरुडया ख्याल विया धाल*

*कोकिल कोख ओ ती भतु गिलखा व अति*
*उति धक थ्व जुगस जुल ॥*
*दुख हाङा हाङा परवत जिन ल्वहँ घनेङ मफुत*
*मदत विपतिया उधार ॥*
*कसे हल दयिबन बल कोतुङाव थन*
*चन्द्र मदु चा थे अन्धकाल ।*
*वन ज्या कसी धतुल पर उपहास जुल*
*गथे जित जुयओ उधाल*
*बृद्धीलक्ष्मी व ल्हाल साहेवया थास माल*
*तलेजुन याय प्रतिपाल ॥*

**अनुवाद**

हे भैरव, हे तलेजु वरदान दिनुहोस्
आफूले रोपेको बोटविरुवालाई मलजल दिई
हेरविचार गरी मलाई प्रतिपाल गर्नुपर्‍यो ।
हे भगवती यस भक्त बालकलाई गति पनि
दिने अरु कोही छैन, बुझेर कृपा करुणा राख्नुपर्‍यो,
विचार गर्नुपर्‍यो
बाघ र गाई एकै ठाउँमा रहन सकिएला ?
यस्तै दु:ख झमेलामा फसायो ।
आजकलको परिस्थिति नै यस्तो काग र कोइली
तथा उल्लु र सुगा बराबर मान्ने ।
पर्वत जस्तो गर्‍हौं दु:ख म धान्न सक्दिन ।
यस विपत्तीबाट मुक्ति पाउने उपाय म केही देख्दिन ।
दैवले मलाई यसरी प्रहार गर्‍यो, म बलहीन भएँ ।
मेरो जीवन चन्द्रमा नउदाएको रात झैँ अन्धकार भयो ।
मेरो कामधन्दा बिग्रे, पर उपहासको पात्र भएँ म ।
मेरो उद्धार कसरी होला ? तलेजु भवानीले साहेव (राजकुमार)को
प्रतिपाल गर्नुपर्‍यो भनी यो बृद्धिलक्ष्मी भन्छिन् ।

यस गीतबाट रानी बृद्धिलक्ष्मीले दरबारभित्रको तत्कालीन अवस्थालाई चित्रण गर्न खोजेकी छिन् । दरबारमा उठेको कचिङ्गल, आफ्ना विरोधीहरूको बढ्दो शक्ति, आफू एक्लै पर्दाका क्षणमा इष्टदेवता तलेजु, भैरवप्रति विन्तिभाव जगाई लेखिएको यस गीतले बृद्धिलक्ष्मीको मनमा उठेका तरंगहरू स्पष्टसँग देखाएको छ । आफ्नो छोरा वीरनरसिंहलाई 'साहेब' भनी उल्लेख गरेको यस गीतमा विरोधीहरूलाई बाघ, उल्लु, काग जस्ता शब्दहरूले व्यक्त गर्न खोजेको छ भने साहेबलाई गाई, सुगा, कोइलीझैँ नरम, मिजासिलो भनी बुझाउन खोजेको छ । यस गीतमा मातृत्व, आत्म-विवेचनात्मक उद्‌गार, पुत्रप्रतिको वात्सल्यता एवं दैवीभक्ति रसले भरिएको छ ।

यस्तै बृद्धिलक्ष्मीले लेखेको अर्को गीत पनि मार्मिक, सम्वेदनशील एवं महत्त्वपूर्ण छ । जुन यस प्रकारको छ -

*कलिस दनम दयिवन वील छाय खतिया चछिया रस मदु सुखमय*
*गरुड गाओम्हासन मयात विवेक । घल (र) कलहन जुल अपमान*
*अनेकन चितन नर (ल) मदु दयमती थेङ, चपस्वान भिङा ममल मचोङ*
*छलछाम मसयाव थम क्वथे लाक, जगतस दुत पदक रस प्वाक ?*
*झलिन पुक थें दुख कथन थे जाव, अमन हायाव चोङव तलेजु धकाव*
*तखत तोखता थव मुहस याव । थव दोख मेवयात चिलके दु आवङ*
*गध जुलोयो मन दाह दङाव, ढ (ध) तुली व चोल खोवी हाग्वस*
*खोयावण (न) कस मयाङा थम जतन मयाङा, तप फल पुसवस मछ्ते छु याग*
*थओ पर सिय विपतिस नाङ हाओ, दया चाय सहनस विवेक याङाव ॥*
*धरम समान मदु मेव तव धन, नरहरि सिओम्हान थुल जुन ज्ञान ॥*
*पर उपचार याय सुजनया भाव, फस धुली थेङ जिओ आथेर सियाव ॥*
*बयरी स्वम्हान थओ भालपे मतेव, भरोसा वियाव विपरित याय येओ ॥*
*मते हरि अवलाओ लिखन याय छाय्, यक मन हास चोङछि छि नाम सहाय*
*रसस विरस जुओ करमया भोग, लख मदु चओ मुखुली विजोग ॥*
*वङ नेभार थे ङन शरिर धन्दान, शतुरिन केनकल कपटया चालान ॥*
*यओ खओ हित गुरु यन विधा तान, सतगजी जित गथे जुयाये निदान*
*हरि नेम्हा (नियम) तिओ दिन कुशल याङाओ, दाय मजुयक बालक सियाव*
*बृद्धि लक्ष्मीया धन साहेबया म्हाल क ख या म्वे, गुणीकन याहुने विचाल*

**अनुवाद**

कलियुगमा दैवले किन (मलाई) जन्म दियौ ?
रस सुख भनेको क्षणभर पनि छैन ।
गरुड चढ्ने भगवानले विवेक गरेन ।
घर कलहले गर्दा अनेक अपमान भयो ।
राजा नलसित विछोड भएकी दयमन्ती नै भए जस्तो लाग्यो,
सुवासित भएर चम्पा फूल फुलेर के गर्ने ?
भमराले वास्ता गर्दैन ।
छलछाम गर्न नजानेर मेरो हात तल पर्‍यो ।
मेरो दु:खले मलाई पगालेको तातो लाहाले झैँ असह्य पोल्यो
यमराजले लगे पनि हुन्छ भनी म तलेजुको नाम जप्दै रहेँ ।
आफ्नो ठाउँ आफैले छोडेर, यस्तो हुँदैछ भने
आफ्नो दोष अरुमा म किन बिसाऊँ ?
मन चिन्ताले पोल्यो, अघिबाट आफूले केही जतन गरिएन ।
पूर्व जुनीको पुण्य तप फलको हिसाब नभएपछि के गर्ने ?
आपत विपतमै आफन्त र पराई चिनिन्छ
विवेकपूर्वक दया गर्नु, धर्म समान ठूलो अरु केही छैन ।
नरहरिलाई चिन्ने व्यक्ति नै ज्ञानी गुणी हुन्छ ।
परोपकार गर्नु सुजनको भाव हो, हावा, धूलो र जीव अस्थिर हुन्छ ।
भरोसा दिनेजस्तो स्वाँग पारेर धोका दिन्छ, यी तीनै वैरीले
हे हरि पराईको चुक्ली सुनेर अवलालाई यसरी हैरान पार्नु हुँदैन ।
हजुरको नाम सहाय एक मनले ध्यान गर्दछु ।
तर कर्मको भोग उल्टो परेछ ।

पानी नपाएकी चमेलीको मुना फत्रनै नपाई मुर्झाउन लागेको छ।
पीरले मेरो शरीरको कान्ति अस्ताउन लागेको घामझैं मलिन भयो।
कपट व्यवहारले शत्रु लाग्यो म उपर
आफ्ना हितचिन्तकहरू जति दैवले हरेर लग्यो
मलाई जे गर्दा भलो हुन्छ गर्नुहोस् हे हरि १
हाम्रो जीउ र हक संरक्षण हुने गरी नियम पालना गरियोस्।
बालकको जीउ र हक नाश हुन नपाओस्
बृद्धि लक्ष्मीको पुत्र धन साहेबले यो क ख गीत रचना गऱ्यो
गुणीजनले विवेक विचार गरुन्।

यस गीतले युवराजको विषयमा दरबारमा ठूलै कलह उत्पन्न भैसकेको र दरबारभित्र आफ्नो पक्ष लिने एकजना प्रमुख भारदारको समेत मृत्यु हुनु तथा आफ्ना शुभचिन्तकहरू एकाएक मर्नु, अर्कोतिर वीरनरसिंह र आफूविरुद्ध दरबारमा हत्या जस्तो ठूलो षडयन्त्र हुनुबाट आजित भएर ने.सं ८६० मा युवराजलाई लिई उनी थिमीमा बस्न गएका थिए। भक्तपुर दरबारमा आफ्नो पछि लाग्ने समर्थकहरूको अभावमा एक्ली महसुस गरी थिमी पुगेकी बृद्धिलक्ष्मीले थिमीले जनताको ठूलो सहानुभूति पाएका थिए। भक्तपुर दरबारको विरुद्ध थिमीले जनताले रानी बृद्धिलक्ष्मीको समर्थनमा विद्रोह गर्ने सङ्केत पाएपछि रिसाएकी रानीलाई फकाउन र सम्भावित दुर्घटनाबाट जोगिन राजा रणजित मल्ल पनि थिमीमै बस्न पुगेका थिए। जुन कुरालाई फादर क्यासिनोकै हवाला दिई 'मेडियभल नेपाल' को पृष्ठ २४६-२४७ मा उल्लेख गरेको छ र यस कुरालाई थप पुष्टि गर्नमा ने.सं ८६० मा थिमी बालकुमारीमा राखेको ताम्रपत्रबाट पनि मद्दत गर्दछ। यस घटनालाई थप पुष्टिको रूपमा 'मेडियभल नेपाल' पृष्ठ २८५-२८६ मा उल्लेख भएको छ। हुन त यो भन्दा एक वर्ष अगाडि अर्थात ने. सं. ८५९ मा भक्तपुर ब्रम्हायणी द्यःछैंमा राख्न लगाएको अभिलेखमा पनि राजा रणजित मल्ल, रानी बृद्धिलक्ष्मी र युवराज वीरनरसिंहको नाम उल्लेख भएको छ। त्यसपछि दरबारमा जन्मले जेठा छोरा सन्तान र रगतले शुद्ध सन्तानको विषयमा ठूलो कलह भई बृद्धिलक्ष्मी र युवराज ने. सं. ८६० मा थिमी पुगेको र यी दुवै गीत सम्भवतः थिमीमै लेखेको हुनुपर्दछ।

'मिडियभल नेपाल' को अनुसार दरबारमा उठेको कचिङ्गलबाट भक्तपुरका भारदार जनता विग्रहमा पर्नेदेखि बूढो राजा रणजित मल्ल आफैं थिमीमा गई रानीलाई मनाउन पुगेको थियो। साथै त्यसबेलाका मुख्य भारदार (?) ले राजालाई मठ्याहा रानी मनमैजुको कुरा नसुन्न र वीरनरसिंहलाई नै युवराज बनाउन सल्लाह दिएको थियो। तर दरबारभित्र मठ्याहा राजकुमारहरूको शक्ति बढेको देखेर राजाले त्यसो गर्न सकिरहेका थिएनन्। अन्ततः सही निर्णयको अभावमा राजा रणजित मल्लले ने.सं. ८६२ वैशाखतिर भक्तपुर लायकु दरबारमा एउटा कचहरी नै राख्नुपऱ्यो। आरोप प्रत्यारोप मै यो कचहरीले युवराज कसलाई बनाउने भन्ने निर्णय गर्न सकेन। जन्मले कान्छा भएपनि वीरनरसिंह शुद्ध सन्तान थियो भने मठ्याहातर्फको राजकुमार अजितसिंह जन्मले जेठो थियो। दुवै पक्ष आ-आफ्नो अडानमा अडिग रहेपछि सो कचहरीले कुनै ठोस निर्णय गर्न सकेन। बरु दरबारको यो कचिङ्गलमा घिऊ थप्ने कार्य यस अघि नै गोरखाका युवराज पृथ्वीनारायण शाहले गरिसकेको आभाष मिल्दछ। कुटनैतिक चातुर्यता भएका पृथ्वीनारायण शाहको लागि वीरनरसिंहसँग मित लगाउनु जति लाभप्रद थियो, त्यो भन्दा भक्तपुर दरबारमा बढेको कलह यहाँको वस्तुस्थिति बुझ्न सजिलो माध्यम बनिरहेको थियो। वास्तवमा पृथ्वीनारायण शाह आफैं युवराज हुने क्रममा ठूलो विवादमा परेको व्यक्ति थियो र गोरखा दरबारमा युवराज हुने क्रममा गर्भले जेठा वृन्दकेशर शाह र जन्मले जेठो पृथ्वी नारायण शाहबीच कसलाई युवराज बनाउने भन्ने विवादले एक पटक गोर्खा दरबार नराम्रोसँग हल्लिएको थियो। पछि वृन्दकेशर शाहको मृत्युपछि यो प्रश्न सधैंको लागि समाधान भई पृथ्वीनारायण शाह युवराज भएको विगत गोरखासँग छँदै थियो र पृथ्वीनारायण शाह र वीरनरसिंहको समस्या उस्तै उस्तै थियो। यो भएर पनि वीरनरसिंहले आफ्नो बुबा राजा रणजित मल्ल, अन्य दाजुभाइ, भाइ भारदारहरूभन्दा पनि मित पृथ्वीनारायण शाहप्रति बढी नै विश्वास गरेको देखिन्छ। एकातिर मितलाई युवराज बन्ने पालो तिम्रै हो भनेर



रणजित मल्ल र रानी जयलक्ष्मीको नाम उल्लेख भएको भक्तपुर लायकुस्थित सुनढोकाको अभिलेख।

मन्त्रणा फुक्ने अर्कोतिर आफ्ना भारदार रामकृष्ण कुँवरलाई भक्तपुर पठाई तेखाचोमा बसिरहेका मठ्याहा राजकुमारहरूलाई युवराज बनाउन उक्साउने उही गोर्खाली युवराज थियो ।

यसै बीच ने. सं. ८६६ भदौ १८ गते पृथ्वीनारायण शाहले दोलखा राज्य जिती भक्तपुरलाई दिएको अवस्थामा रणजित मल्लले आफ्नो जेठो छोरो अजितसिंह मल्ललाई त्यहाँको शासक बनाएर पठाए । यसबाट भक्तपुर दरबारभित्रको कलह एकातिर केही समयको लागि शान्त हुन पुग्यो भने अर्कोतिर अन्य राजकुमारहरू पृथ्वीनारायण शाहप्रति अझ बढी आस्वस्त हुन पुगे । यही समयमा युवराज वीरनरसिंहले आफ्नो आमा बृद्धिलक्ष्मीको नामसहित ठाउँ ठाउँमा कृतिहरू राख्न लगाएको छ । ने.सं. ८७२ मा थथुबहीमा केही मूर्तिहरू राख्न लगाएकोमा आफूलाई 'धन जुजु' भनिएको छ । त्यस्तै ने.सं. ८७४ चैत्र २ गते तौमढीस्थित भैरवनाथ कहाँ चाँदीको चदुँवा चढाएकोमा 'देवेन्द्र मल्ल' उल्लेख छ । सोही मितिमा बाराही द्यःछेँमा देवेन्द्र मल्लकै नामबाट सुनको केही सामान चढाएको छ भने तलेजुभित्र पनि विभिन्न सामानहरू चढाएको देखिन्छ ।

यता युवराज बन्न नपाएका राजकुमारहरू गोर्खालीबाट दोलखाजस्तै अरु राज्य पाउने आसमा अझ बढी आस्वस्त हुनपुगे । उता गोर्खालीहरूले एकपछि अर्को गर्दै कान्तिपुर, पाटनसमेत हात पार्दै लगे । अन्ततः ने.सं. ८९० कार्तिक शुदी ११ को दिन गोर्खाली सेनाले भक्तपुरमाथि धावा बोल्यो । दिनभर जसो भक्तपुरको किल्ला तोड्न नसक्दा रिसले जनताको खेत खेतमा पाकेको धान बालीमा आगो लगाउन पुग्यो । मध्यरातमा पूर्वतिरको च्याम्हासिंह ढोका खोल्न लगाएर भित्र पसेपछि सर्वप्रथम इताछेँतर्फको ढोका खोली त्यहाँको दश बाह्र घरमा ज-जसले ढोका खोल्न मद्दत गरेका थिएन, ती घरहरूमा आगो लगाइदिए । ती ढोकाबाट पृथ्वीनारायण शाह र सुरप्रताप शाह नगरभित्र पसी खौमा टोलको बाटुले देवलमा डेरा जमाउन पुगे । त्यसपछि गोर्खाली सेनाले यहाँको सडक गल्लीमा बन्दुकले आक्रमण गर्दै रहे । भक्तपुरवासीहरूको घर घरमा लुटपाट मच्चाए । मंगलाछेँ टोलको टक्सार घरमा घेरा हाली सबै धन दौलत लुटे । सर्वसाधारणको घरको छाना छानाबाट भक्तपुर दरबारतर्फ आक्रमण गर्दै रहे । त्यसको प्रतिकार हितिचोकमा रहेको भक्तपुरको सेनाले गर्दै रहे । अन्तमा गोर्खाली सेनाले हितिचोकको कोट घरमै आगो लगाई दियो । आफूहरू होचो ठाउँमा परेको महसुस गर्दै रणजित मल्लका छोराहरूले चौकोट दरबारमा बस्न सल्लाह दिए । सोही अनुरूप भण्डारखालको बाटो गरी लिस्नु चढेर रणजित मल्ल, तेज नरसिंह मल्ल, प्रधानहरू, राजकुमारहरू, छरिदार हेमनारायणलगायत ५१ जना चौकोट दरबारमा लुक्न पुगे । तर जयप्रकाश मल्ल एकजना गोर्खाली सेनाको गोली लागेर घाइते भयो । त्यसपछि गोर्खाली सेनाको आक्रमण झन ताण्डवपूर्ण हुनपुग्यो । देख्नेजतिलाई गोली हान्ने, सर्वसाधारणको घर लुट्ने र आगो लगाउने गर्दा थुप्रै धनजनको क्षति भएपछि छरिदार हेमनारायणले रणजित मल्ललाई आत्मसमर्पण गर्न जाहेरी गरेछ । बुढा राजा त तलेजु भवानीबाट प्राप्त तरवार लिई युद्ध गर्ने मनस्थितिमै थियो । तर उनका छोराहरूले त्यसो गर्न दिएनन् । अन्ततः छरिदार हेमनारायणले रणजित मल्लको पगरी झ्याल बाहिर झुण्डाई दिएपछि युद्ध रोकियो । बुढा राजाले आत्मसमर्पण गरिसकेपछि राजाको तर्फबाट औपचारिकता पुर्‍याउन धन जुजु, डाटिम्हे जुजु (अचुतसिंह मल्ल), काजी जसराज र जयनाथ सिंह खौमाको बाटुले देवलमा गई पृथ्वीनारायण शाह र उनका भाइ सुरप्रताप शाहलाई भेट्न गए । उनीहरूमध्ये जसराज र जयनाथलाई त्यही कैद गरिए । उता गोली लागी घाइते भएका जयप्रकाशको लागि गोर्खाली सेनाका सुवेदार अतिबल विष्टसहित उनको रेखदेख गर्न उनकै कोठामचा महन्त सिंह, कृष्ण सिंह छ्याकत, भजुवा बाहुन र चुकुती वैद्य राखियो । बेथा बढ्दै गएपछि पशुपति आर्यघाट पुर्‍याइएका जयप्रकाश मल्लको मार्ग वदी द्वितीयाको दिन निधन भयो । उनकी एउटी रानी सती गईन् । यता तेजनरसिंह मल्ललाई दरबार भित्रको लक्ष्मी चोकमा आजन्म कैद गरे । कैदमै उनको मृत्यु भयो । रणजित मल्लका छोराहरूमध्ये कति थुनिए, कति भागे लेखाजोखा भएन । उनका रानीहरूसमेत थुनिए । यता चार दिनपछि रणजित मल्ल काशी जाने भएपछि उनको विदाइ गर्न भक्तपुरबाट उनका छोरा अच्यूतसिंह मल्ल नेलसहित कान्तिपुर पुगे । बाबुको विदाइ गर्न गएका विरामी अवस्थाका अच्यूतसिंहको नेलसहित त्यही मृत्यु भएपछि आधा रातमा विष्णुमतीको मसानमा शव जलाइयो । उनकी रानीले सती जाने इच्छा गरेपछि भोलिपल्ट दुईजना गोर्खाली सेनाले भक्तपुर गई तालसिं चोकमा कैद गरिराखेका रानीलाई कान्तिपुर पुर्‍याई सती पोल्ने काम भयो । जुन घटनाले त्यहाँको वातावरण अत्यन्त मार्मिक बन्न पुग्यो ।

यी सबै दृष्य हेरी बुढो राजा वनारस प्रस्थान गर्दा उनीसँग कान्छी रानी र अवधुतसिंह मल्लमात्र हिँडेको देखिन्छ । चन्द्रागिरी पर्वतमा पुगेपछि उनले त्यहाँ लेखेको एउटा गीत निकै मार्मिक, भावुक र हृदय रुवाउने खालको छ, जुन यसप्रकारको छ :

*हाय हाय राम गथे मलुम (नी) नेपाल रे*
*शतुरिया दुर्जन फुलकत आव रे ॥ धु ॥*
*झिनयोल राज्यसं मदु सो जीत वास*
*विदेशया वास जी जुलथनि आव*
*नवदुर्गा गणेश याके जी विनती याना*
*लखलख अपराध क्षमा यावा*
*ल्हाय गोम्हायाके जिनं दुःख याके ताड्ना*

*गुयाँस फेनी आव सुनान ल्हाय् ॥*
*पिरती यानाव धन छलेयात दुरजनं नं*
*हाय हाय छु नुनगल जि जुल राम*
*सुर्यवंशी कुलमणी श्री रणजित मल्ल रे*
*तलेजु नं. बिल वैकुण्ठ वास ॥*
*हाय हाय राम ॥*

**अनुवाद**

हाय हाय राम कस्तो सोच्दै नसोचेको नेपाल भयो रे
शत्रु दुर्जनले सबै नाश गऱ्यो ।
बाह्र हजार राज्यमा छैन मलाई वास
विदेशको वास भयो आजदेखि मेरो
नवदुर्गा गणेशसँग विन्ती मैले गरैं ।
लाख लाख अपराध क्षमा गरिदेऊ ।
हाय कससित गरुँ म दुःखको व्यथा
पिरती यहाँ गरी छल्यो दुर्जनले
हाय हाय मेरो कस्तो गति भयो यो
सूर्यवंशी कुलमणी श्री रणजित मल्ल
तलेजुले दियो हाय वैकुण्ठको वास ॥

रणजित मल्लसँगै वनारस गएका अवधुतसिंह चूप लागेर बसेनन् । पृथ्वीनारायण शाहका उग्र विरोधी कर्ण सेन भेटेपछि उनीहरू बीच एउटा गोप्य वार्ता भयो । जसमा पाटनका प्रधानहरू र भक्तपुरबाट भवानीसिंह सामेल थिए । वार्ताअनुसार भवानी सिंहले पृथ्वीनारायण शाहलाई मार्ने गुप्त तानाबाना बुनियो । तर यो गोप्य वार्ताको कुरा सुराकीमार्फत् भक्तपुरको जिम्मा लिएर बसेको कालीदासले थाहा पाई पृथ्वीनारायण शाहमा जाहेर भयो । वि.सं. १८२७ चैत्र ११ गते भक्तपुर आउँदै गरेका पृथ्वीनारायण शाह सल्लाघारीको उकालो काटिसकेपछि हवाँ हवाँ पाटीनिर आइपुग्दा सर्दार भवानी सिंह र अरु केही सहयोगी सिपाहीले म्यानबाट तरवार निकाल्न खोज्दा म्यानमै अड्केछ । त्यहीबेला तुरुन्त गोर्खाली पक्षका हर्ष पन्थले तरवार झिकी भवानी सिंहलाई काटेछ । जसमा पाटनका केही प्रधानहरू, मल्लहरू र नगरकोटी गरी तीन सय जवानको ज्यान गएको उल्लेख छ । त्यसबेला भक्तपुरमा बसिराखेका रणजित मल्लका छोराहरू, नातेदार र अरु मल्ल भारदारदेखि तर्सेका पृथ्वीनारायण शाहले तिनीहरूमाथि व्यापक दमन गरेको देखिन्छ । दमनको क्रममा थुप्रै मल्लहरू मारिए, काटिए, बन्दी बनाइए । कतिपय ज्यान जोगाएर भागे । वास्तवमा पृथ्वीनारायण शाहको स्वभावबारे एकपटक जान्ने हो भने यो दमन कति भयानक होला स्पष्ट हुन्छ । उनी स्वभावैले त्यस्तो शासक हो, जसले शुरुदेखि नै पुस्तैनी दण्ड नीति अपनाएको छ । एकपटक कान्तिपुरका राजा जयप्रकाश मल्लले नुवाकोट, वेलकोट, थानासिङका केही जैसीहरूमार्फत तत्कालीन युवराज प्रतापसिंहलाई पक्रने योजना बनाएकोमा पर्दाफास भएपछि पृथ्वीनारायण शाहले जयप्रकाशलाई सघाउने जैसीहरू र उनका सन्तान दर-सन्तानहरूलाई पुस्तैनी दण्ड दिएको थियो । त्यहाँ स्पष्टसँग 'आजदेखि जैसीहरूलाई कसैले पाउ लागी नगर्नू, सिपाहीसित दोहोरो सलाम गर्नू, उपाध्याय वा ब्राम्हणलाई जदौ गर्नू, यिनले साल स्वधान गर्नू' भनी बन्देज बाँधेको थियो । आफ्ना नाता कुटुम्ब दाजुभाइ कसैप्रति विश्वास नगरी गोत्रसमेत परिवर्तन गरेका पृथ्वीनारायण शाहले आफूमाथि नै जाइलाग्ने मल्लहरूप्रति कस्तो दमन नीति अपनायो होला ? अनुमान गर्न गाऱ्हो पर्छ । यो दमनको क्रममा कति मारिए, कति बन्दी भयो, कति भागे, कुनै लेखाजोखा छैन । तर भाग्ने मध्ये एक रणजित मल्लका जेठो छोरा अजितसिंह मल्ल पनि देखिन्छ । उनी भागेर रणजित मल्लकहाँ वनारसमै पुगेको देखिन्छ । ने.सं. ८९१ जेष्ठ शुदि दशहराको दिन वनारसको मणिकर्णीका घाटमा रणजित मल्लको देहवशान हुँदा जेठो छोराको नाताले अजितसिंह मल्लले नै दागबत्ती दिएको देखिन्छ । एउटा अप्रकाशित वंशावलीअनुसार अजितसिंह मल्लका छोरा उग्रसिंह मल्ल, नाति अभयसिंह मल्ल र पनाति अन्तपुसिंह मल्ल रहेको देखिन्छ । यसरी अवधुतसिंह बाबुसित काशी जानु र अच्युतसिंह तथा वीरनरसिंहको मृत्युबाहेक अरु राजकुमारहरू र अन्य भाइभारदारहरू सबै भक्तपुरमै रहेको देखिन्छ । तर इतिहास तिनीहरू तथा तिन्का शाखासन्तानहरूबारे मौन छ । त्यसो त यी सात राजकुमारहरूलाई रहन बनाएका सात बहालहरू अद्यापि भक्तपुरमा बाँकी नै छन् । खौमाबाहा, कुथुछेँबाहा, दुबसीबाहा, चोछेँबाहा, सन्तन बाहा, दथुबाहा आदि सबै मल्ल प्रधानाङ्गहरूकै आवास हुन् । यी सात बाहा मल्ल प्रधानाङ्गहरूकै निजी आवास भएकोमा हाल आएर यसको भौतिक अवस्था अत्यन्त दयनीय बन्न पुगेको छ । कयौं मल्ल प्रधानाङ्गहरू त आफ्नो निजी आवासबाट विस्थापित पनि भइसकेको अवस्था छ ।

**सन्दर्भ सामग्री**


१) **मेडियभल नेपाल** भाग २, भाग ३ – डा. डि. आर. रेग्मी
२) **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन** – लिलाभक्त मुनंकर्मी
३) **भक्तपुरमा गोर्खाली हमला** – देविचन्द्र श्रेष्ठ
४) **पासुका**का विभिन्न अङ्कहरू
५) **पूर्णिमा**का विभिन्न अङ्कहरू
६) **भाषा वंशावली**
७) **श्री ५ पृथ्वीको सङ्क्षिप्त जीवनी**
८) **अभिलेख** वर्ष ९, अङ्क ९, वि.सं.२०४८
९) **तलेजु** स्मारिका, २०७५
१०) **'भक्तपुर'**का विभिन्न अङ्कहरू


*(तस्बिर : लेखक)*

# तलेजु भवानीलाई महिष बलि र परिकार



रविन्द्र मुनंकर्मी

## हरिसिंहदेवको परिचय

नान्यदेवको छैटौँ पुस्ता पछिको कर्नाटवंशी राजा हरिसिंहदेवको शासनकालमा तुर्क गुलामको छोरा गयासुद्दीन तुगलक (सन् १३२०–२५) ले मुगल शासन सत्ता आफ्नो अधिन लिए। त्यही तुगलकले अलाउद्दीन खिल्जीको विश्वास पात्र भई फौजमा प्रवेश पाउनुका साथै अन्तिम शासक मुवारक खिल्जीलाई मारेर सन् १३२० मा गद्दी प्राप्त गरे। उसको शासन आउनु भन्दा १० वर्ष पहिले बङ्गालको सुबेदार शम्सुद्दीन फीरोज शाहको पाँचौं पुत्रमध्य एक गयासुद्दीन बहादुरले बङ्गालमा स्वतन्त्र शासन गरेको थियो। सन् १३१८ मा शम्सुद्दीनको मृत्युपछि गयासुद्दीन बहादुरले बङ्गाल गद्दीमा आफ्नो हक दाबी गरेता पनि पराजित हुन पुगे। सन् १३२४ मा गयासुद्दीन तुगलकले बङ्गालमा आफ्नो फौज लगी आक्रमण गरी गयासुद्दीन बहादुरलाई कैद गरी[१] सिमरौनगढ हुँदै फर्कँदा हरिसिंहदेवले रैतीहरू जम्मा पारी आफू अघिसरी दिल्लीका तुर्क फौजमाथि जाइलागे। डोय फौजले उनीहरूलाई आक्रमण गर्दा त्यसको प्रत्याक्रमणमा भीषण युद्ध भएर सिमरौनगढ राज्य ध्वस्त हुन गयो।[२]

हरिसिंहदेव सिमरौनगढबाट पलायन हुनुको कारण मुसलमानी फौजले गढको ईशानतिरको छेडमा ढुङ्गाले छेकी थुनिएको स्थान पत्तालगाई त्यहाँबाट प्रवेश गरी कब्जामा लिएका थिए। सन् १३२४ (नेपाल सम्वत ४४४) मा हरिसिंहदेवद्वारा श्री ३ तुलजा भवानीलाई आफ्नो सम्पूर्ण परिवार, मन्त्री, सैनिक, र प्रजाहरूसहित पहाडतिर निस्कँदा मधुवन जङ्गलको पुच्छारमा पौष शुदि ९ शनिवारका दिन पुग्दा बास बस्ने क्रममा आफ्ना रैतीहरूलाई खानको व्यवस्था गर्नका लागि दुःखकष्टमा परेका थिए।[३]

राज्य छोड्ने क्रममा राजासहित सम्पूर्ण सिमरौनगढवासी रित्तो हात निस्कन परेकाले तलेजु भवानीलाई नित्यपूजा गर्दा बलि दिनुपर्ने विधान अवरोध हुन पुगे। तत्कालै दरबार त्यागी निस्कँदा जङ्गलको बाटोमा नित्यबलि अड्कन गएकोले देवीलाई खुसी पार्नको लागि प्रातःकालमा जो जन्तु भेट्छ त्यसैलाई समाती बलि दिने निर्णय अनुसार[४] खोज्दै जाने क्रममा सैनिकहरूले एक महाभयँकर कालोमोटो ठूलो दुई सिङ्ग भएको अर्ना भेट्टाएर पाशोमा फसाई डोरीले विभिन्न स्थानमा बाँधी घिसारेर ईश्वरी विराजमान रहेको स्थानमा ल्याइपुऱ्याए। त्यो समयमा अर्नालाई बलि दिनको लागि कोही पनि अघि नसरेका कारण राजाद्वारा सैनिकहरूलाई जसले सूर्य उदय भएको तिर कण्डो फर्काई दिसा गरिरहन्छ त्यसलाई आफ्नो सामुन्ने उपस्थिति गराउने आदेश दिए। त्यही आदेश अनुसारको व्यक्तिलाई राजाको सामुन्ने उपस्थित गराउँदा त्यो महापुरुषलाई ईश्वरीले सपनामा बलि चढाउने आज्ञा दिएको कारण अर्नाको बलि चढाउनुपर्ने भएकाले त्यस कार्यको लागि उसलाई जिम्मा लगाएको विषयमा बुझाए। त्यो समय ती पुरुषले महिष वध गरेकाले उसलाई नायो नामाकरण गरे।[५] त्यहाँ बलिदिएको महिष मासु भोग चढाउनका लागि राजाले आफ्नो समूहमा रहेकालाई चोख्याई सुवाल बनाई विभिन्न परिकारहरू पकाउन लगाए।[६] त्यो समयदेखि ती समुदायलाई सुवाल भन्न थाले। त्यही अर्नाको मासुलाई त्यहाँ उपस्थित सबैजनाले भवानी प्रसादको रूपमा खाएका कारण नेवारहरूले त्यही समयदेखि महिष मासु खान्न थालेका मानिन्छ।[७]

हरिसिंहदेव केही समय जङ्गलमा बिताएपछि राजग्राम दोलखातिर जान लाग्दा तीन पाटन भन्ने स्थानमा उनको मृत्यु भयो। केही समयपछि उनको रानी, छोरासहित सिमरौनगढका सम्पूर्ण रैतीहरू दोलखाको राजग्राम प्रवेश गर्दा त्यहाँका भारदारहरूले सम्पूर्ण धन लुटेर बन्दी बनाए।[८] रानी देवलादेवी, छोरा जगतसिंहसहित सिमरौनगढका रैतीहरूले दोलखाको कैदी जीवनबाट छुट्कारा पाएपछि उपत्यकाको राजा रुद्र मल्लको दरबारमा शरण लिन आए। रानी भक्तपुर प्रवेश गर्दा आफ्नो साथमा तलेजुको कलश लिएर आएकी थिइन्।[९]

## तलेजुमा महिष मासु परिकारहरू

हरिसिंहदेवले प्रारम्भ गरेको महिषमास परिकारहरू तलेजु भवानीलाई चढाउने प्रचलन हालसम्म गुठी संस्थानले यथावत राखेको छ। तलेजु अन्तर्गतका अन्तिम चोकाभारी श्री माधवनारायण मुनंकर्मीको बयानअनुसार त्यहाँ महिष (राँगा) मासुको परिकारहरू विशेषगरी धन्छा, पुछा, र दशैँको नवमीमा चढाउँछ। ती पर्वपूजामध्ये धन्छा र पुछा चोकाभारीको रोहवरमा पुजारीको स्थानमा काल (राजचल) ले गरिन्छ। पूजाविधि सकेपछि नायोले बोका १ र राँगा १ गणेशलाई बलि दिन्छ। त्यसलाई काल र नायोले बोका र राँगा मासुलाई सफागरी विभिन्न भागमा छुट्याउने गर्छ। त्यसपछि चोकाभारीको रोहवरमा नायोहरूले राँगामासुका परिकारहरू कँस, मँस, भख्वा, पँभो, थाको, न्ह्याझ्याझ्, सलाँक्वयँ, मीखा, न्ह्यापँ, म्ये, ङतपायँ, न्ह्यपू, तीसः, ककूचा, छ्वङ, ह्मोला, सोँम्व, नुगः (मुटु), सोँ (फोक्सो), सेँ (कलेजो), अपी, जलाँसी, गो, खागो, हाँछ्ये, सःपु, आँटी, चःपु, फलक्वँय्, सलाँक्वँय्, सीपी, चुत्या, धुसः, नलु, छेङगु, हिक्वय्, तक्व नलु, तक्व छेङगु, सीपी, सँवालाई काटेर छुत्याउने गर्छ। कालले राँगाको बापीक्वँय् (करङ्ग) को भागलाई टुक्राएर राखिन्छ भने भारीले काँचोमासुको किमाबाट लावः, लापीः, बनाउँछ। पुमहाँ (चगुठी) ले बोका मासुको परिकारहरू मिखा, न्ह्यपँ, थुना, म्यँ, बापीक्वँय् (करङ्ग), जँलासीः (मृगौला), धुसः, अपीः, सँ, सोँ, नुग, गो, हाँछे, सःपु, आँटी, गत्वा (गर्दनको मासु) लाई छुत्याउँछ। ती माथिका परिकारहरूलाई माटोको भाँडाहरू पाचा (माटोको रिकापी), कला (भेगोट), र काँसी (हाँडी) मा राखिन्छ। विविध मासुको परिकारहरूमा चखूँ (चराको मासु), डाँ (माछा), खेँ (हाँसको अण्डा), चलाँ (मृगको मासु), कालिज (कालिजको मासु) राखिन्छ।

मासुहरूको परिकार सजाएपछि तरकारीहरू र बुव (गेडागुडी) हरू सजाउने गरिन्छ। यसमा नकींहरूले तरकारी केलाई काल्ने गरिन्छ। तरकारीहरू निउग्रो, पाथु, तरुल, लाँङफसी (रातो फर्सी), भूइँफसी (कुभिण्डो), काकोचा (करेला) हरियो र सेतो, भान्टा खैरो र सेतो, पोलँचा (पाते घिरौंला), लैं (मूला), ख्वाख (मूलाको पात), फसी चौका (चारकुने), फसी बाला (लाम्चो), फसी क्वचा (टुक्राहरू), कँगासा (केराउ अचार), र वःचा (मासको सानोवारा) राखिन्छ। बुव (गेडागुडी)हरू हाकुमुस्या (कालो भटमास), माँय (गेडामास), मू (गेडामुगी), भुती (वोडी), कसू (केराउदाल), माँयछाता (मासदाल), उचा (चामलको मसौडा), माँयगोरा (मासको मस्यौडा) राखिन्छ। त्यसमा तचाभारीले कालो भटमास आधा फल्याक गरी बोक्रा छोडाएको मुस्याबाला र म्वाँ (भटमासको घोल) राखिन्छ।

त्यसप्रकारका सम्पूर्ण सामग्रीहरू समावेश भएपछि त्यसलाई पुमहाँ र महाँले चोखो पानीले पखाली सकेपछि तलेजु मन्दिरको पछाडि रहेको कुटिगणेश स्थान अगाडि सजाएर राखिन्छ। ती सम्पूर्ण परिकारहरूमा चोकाभारीको हातबाट नून र तेल हालेपछि सुवालहरूले आफ्नो भान्छाकोठा भित्र लगी त्यसमा बेसार, अदुवा, र जीराको मसला हाली पकाउँछन्। सुवालले सम्पूर्ण परिकारहरू पकाइसकेपछि आल (बफाएको भात) सहित तलेजु भवानीलाई चढाउन लग्छन्। चोकाभारीले दूध, दुरूपुइँ (दूधको तर), धौ (दही), चिनी, घ्यू, शखर, माल्पुकेरा, च्यूरा, केराको पात, कमलको पात मसला पो, ग्व (पानको बेरा), श्रीखण्ड, रक्तचन्दन, माहाधूप, सिङ्गो सुपारी र भवानीको प्रसाद स्वरूप धागोमाला बनाउनका लागि काँचोधागो दिन्छ। भारीले प्या घासा (रायो गेडापिनेको झोल), सासीः (अलैँचिको धूलो), धौ फुती (दही थोपा), बजीफ्वया (भिजेको च्यूरा) र न्हापँला (गिदीको झोल) दिन्छन्।

## दशैं पर्वमा महिष मासुको प्रचलन

तलेजुमा विशेष पर्वहरूको शुरुवाट भाद्रशुद्धि चौथि (चोथा)का दिन गणेश पूजागरी दशैँको आह्वान गरिन्छ। त्यहाँको दशमी पर्वका लागि चोछैंको छुमागणेशलाई तलेजुको तर्फबाट मूनायोले प्रथम प्रहरमा पूजा गरी आफै राँगा बलि दिन्छ। त्यही दिनमा तलेजुमा दशैँको जमरा रोपी पूजा आरम्भ गर्छन्। पञ्चमीको समयमा पनि छुमागणेशलाई मूनायोले नै पूजा गरी राँगा बलिदिइसकेपछि तलेजुभित्र सहनायोलाई निकुथु (चोखोराँगा) खोज्नका लागि वय (बाटोखर्च) चोकाभारीले दिन्छ। राँगा भेट्टाएपछि चोकाभारीको रोहवरमा जाँच गरी शुद्ध कालो निखरका साथै ढाडको रौँ दायाँ अगाडि फर्केको बायाँ रौँ पछाडि फर्केको र रौँको चक्र जोडा मिलेको हुनुपर्छ। चोखोराँगा ल्याई व्यासीको म्येम्हासिकले विधिपूर्वक स्याहार सुसार गर्छन्। दशैँको अष्टमी रातमा मग्राले पूजा गरी निकुथुलाई त्यहाँबाट फुकाउँछ। त्यसलाई तलेजुमा लग्ने क्रममा व्यासीटोलका वासिन्दाहरूले दायाँबायाँ सुकुन्दा बत्तीले स्वागत गर्छन्। तलेजुभित्र लानका लागि ब्राम्हणको अगाडि सहनायोले राँगाहरूको परिचय दिएर सबै चोखो शुद्ध भएको, नभएमा आफू जिम्मेवार हुने वाचागरी तलेजुमा प्रवेश गराउँछ। अष्टमी कालरात्रीमा तलेजु मन्दिरको दायाँबायाँ चगुठी र मूलगुठी उभिन्छ। सो समयमा कर्माचार्यले तलेजुलाई विधिपूर्वक पूजा गरी बलि दिन शुरु गर्छन्। त्यहाँ पहिला मूनायोले निकुथु बलि दिन्छ र त्यसै क्रममा सहनायोले किगथु बलि दिनुका साथै त्यहाँ भएका सम्पूर्ण राँगाहरू बलिदिने कार्य गरिन्छ। त्यही समयमा सहनायो विश्वखालमा गम्य राँगा बलि दिन्छ। त्यो पर्वको अन्तिम क्रममा सहनायोले तमारीथु राँगा बलि दिई रगतलाई त्यहाँका नायोहरूमा एकआपस छिड्काउने गरी (छ्यापेर ?) पूजापर्व समापन गरिन्छ। नवमीको दिन जीवित कुमारीहरूलाई चासुखेलबाट ब्राम्हण, जोशी, कर्माचार्य, चोकाभडेल, काल र अरु श्रद्धालुहरूले बाजागाजाका साथ स्वागत गरी तलेजुमा लगिन्छ। पहिला गणकुमारीहरूलाई तमारीथु राँगाको धुसो देखाई स्वागत गर्छ। पछि एकान्त कुमारीलाई तलेजुको प्रतिक मानि निकुथुको धुसो (धडालको मासुसहितको छाला) देखाई स्वागत गर्नुका साथै निकुथु मासुको परिकारहरूलाई अघिल्लो धन्छा र पुच्छामा जस्तै चढाउने गरिन्छ। त्यही नवमी विश्वखालमा किगथुको धुसो चढाइन्छ। सम्पूर्ण दशमी पर्व सम्पन्न भएपछि तृयोदशीको दिन विश्वखालमा विसर्जन पूजा गरिन्छ।

## उपसंहार

तलेजु नेपाल उपत्यकाभित्र ल्याएको इतिहासले हरिसिंहदेवलाई पहिचान दिन्छ। यस अवधिमा घटेका विभिन्न गतिविधिले ऐतिहासिक घटनाको र नयाँ संस्कृति उत्पत्ति भएको छ। हाल त्यहाँ हरिसिंहदेवले प्रचलनमा ल्याएको संस्कार संस्कृतिअनुसार गरिने विधिविधानमा ह्रास आएको छ। त्यसबेलाको ऐतिहासिकताले महिष बलि दिने नायो र तलेजुका लागि भोग पकाउने सुवालको जाति निर्धारण भएको इतिहासलाई झल्काउँछ। तलेजु भवानीलाई चढाउने माथि उल्लेख गरिएका मासुका परिकारहरूमा त्रुटि आएकोछ। यसको प्रमुख कारण गुठी संस्थानले चोकाभडेल माधवनारायणलाई दिने पर्वपूजाको पूर्जी रकम २०६४ सालमा जोशीले आफ्नो नाइके पदको हैसियतअनुसार असूल गरी चोकाभडेल हटाई चढाइने परिकारहरूमा आफैले नूनतेल हाली त्यहाँको विधिकर्म पूरा गरेको थियो। यसको परिणामबाट चौधौँ शताब्दी देखि चलिआएको ऐतिहासिक तथ्य प्रमाणमा ह्रास आएको छ। यस प्रकारको गतिविधिले गर्दा ऐतिहासिकता झल्काउने गतिविधि लोप भएका कारण रकमीहरूले छोड्नेक्रम जारीरहेका छन्।

## सन्दर्भ सूची तथा पाद टिप्पणी


१) भट्टाचार्य, सच्चिदानन्द, (सन् २००१), **भारतीय इतिहास कोश**, लखनउ : उत्तर प्रदेश हिन्दी सस्थान।

२) वज्राचार्य, धनवज्र र मल्ल, कमलप्रसाद, (सन् १९८५), **गोपालराज वंशावली**, पृ.१०२. काठमाण्डौ : त्रिभुवन विश्वविद्यालय।

३) वज्राचार्य, मनिक र एक्सल माइकल्स, (सन् २०१६), **नेपालिक भूपवंशावली**, पृ. ६८–७२. काठमाण्डौ : हिमाल किताब प्रा.लि.।

४) अधिकारी, शंकरनाथ र लम्साल, देवीप्रसाद, (२०२३). **भाषा वंशावली**, भाग २ पृ. ३४. काठमाण्डौ : नेपाल राष्ट्रिय पुस्तकालय।

५) पूर्ववत पादटिप्पणी नं. ३


६) पूर्ववत पादटिप्पणी नं. ४

७) पूर्ववत पादटिप्पणी नं. ३

८) पूर्ववत पादटिप्पणी नं. २

९) अधिकारी, बमबहादुर, (२०७४), **प्राचीन तथा मध्यकालीन इतिहास**, द्वितीय संस्करण, काठमाण्डौ : स्वदेश प्रकाशन प्रा.लि.।

# थोमस अल्वा एडिसन





राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :**

अहिलेको युग वैज्ञानिक युग हो । आज विज्ञानले निकै प्रगति गरिसकेको छ र गर्दैछ पनि । विज्ञानको प्रगतिले गर्दा मानव जीवन धेरै सहज, सुविधायुक्त, प्राकृतिक साधन र स्रोतको उच्चतम प्रयोग, सुखमय , दीर्घायु आदि भएको छ । हाल अत्यधिक रूपमा प्रयोग हुने यन्त्रहरू रेडियो, टेलिविजन, मोवाइल, फोन आदि सबै विज्ञानको उपज हो । नेपाली शब्दकोषमा विज्ञानको अर्थ लौकिक विषयहरूका तत्व, सिद्धान्त आदि विषयमा विवेचना भएको शास्त्र लेखिएको छ । अङ्ग्रेजीमा विज्ञानलाई Science भनिन्छ जुन ल्याटिन शब्द Scientia बाट आएको हो । Scientia को अर्थ ज्ञान (knowledge) भन्ने बुझाउँछ । यहाँ ज्ञान भन्नाले जीवनको ज्ञान, प्रकृतिको ज्ञान, वातावरणको ज्ञान, अन्तरिक्षको ज्ञान, शरीरको ज्ञान, विभिन्न वस्तुहरूको ज्ञान आदि ।


विभिन्न वैज्ञानिकहरूले समय समयमा विभिन्न आविष्कारहरू गरेकोले आज विज्ञानले दिन प्रतिदिन उन्नति गर्दै गएको छ । विज्ञानको क्षेत्रमा एउटै आविष्कार गर्नु नै ठूलो कुरा मानिन्छ तर एउटै व्यक्तिले ११०० भन्दा बढी आविष्कार गरेको कुरा सुन्दा पत्याउन गाह्रो हुन्छ । आफनो जीवनकालमा ११०० भन्दा बढी आविष्कार गर्ने वैज्ञानिक थोमस अल्वा एडिसन हुन् । यति धेरै आविष्कारहरू गरेर उन्ले विश्वलाई नै चकित बनाए । एडिसनले अमेरिकामा मात्र १०९३ ओटा आविष्कारहरू सुचीकृत गराएका थिए । उनको आविष्कारहरूमा विद्युतीय प्रकाश र सार्मथ्य सम्बन्धी ३८९ ओटा, फोनोग्राफ सम्बन्धी १९५ ओटा, टेलिग्राफ सम्बन्धी १५० ओटा, ब्याट्री सम्बन्धी १४१ ओटा, टेलिफोन सम्बन्धी ४० ओटा आदि छन् । एडिसनलाई अमेरिकाको महान आविष्कारक मानिन्छ ।

**बाल्यकाल र सङ्घर्ष :**

एडिसनको जन्म सन् १८४७ फेब्रुअरी ११ मा संयुक्त राज्य अमेरिकाको ओहियो राज्यको मिलान भन्ने स्थानमा भएको थियो । उनका बुबा साम्युल र आमा नान्सीको उनी सातौं सन्तान थिए । उनको आमाबुबाको आर्थिक अवस्था राम्रो थिएन । पेशागत रूपले एडिसनका बुबा व्यापारी र आमा शिक्षिका थिइन् । उनी ७ वर्षको हुँदा सन् १८५४ मा उनका आमाबुबा मिचिगन राज्यको पोर्ट हुरोनमा बसाइँ सरे पछि एडिसनको बाल्यकाल त्यहीँ बित्यो । मिचिगन राज्यको पोर्ट हुरोनमा रहेको स्थानीय विद्यालयमा सात वर्षको हुँदा भर्ना भए । उनको बाल्यकाल एकदम सङ्घर्षपूर्ण, कष्टकर र दुःखदायी थियो । उनी गणितमा कमजोर र पढाइमा शुद्ध उच्चारण गर्न गाह्रो मान्थे । यसले गर्दा शिक्षकहरू उनलाई मन्दबुद्धि भन्थे र साथीहरू जिस्काउने गर्दथे । तर उनी पढाइ लेखाईभन्दा विभिन्न परीक्षण गरेर हेर्न खूब रमाउँथे । उनी सानैदेखि जिज्ञासु र प्राविधिक कार्यप्रति बढी रुचि राख्थे । कक्षाकोठामा गुरुहरूसँग उनी अनेक प्रश्नहरू गर्दथे र पढेका कुराहरू प्रयोग गरेर जान्न चाहन्थे । उनको धेरै प्रश्नहरू गर्ने बानी र जिज्ञासु स्वभावले गर्दा केही गुरुहरू र साथीहरू मानसिक रूपमा बेठीक र सन्काहा भन्ने गर्दथे । उनी प्रायः जस्तो गरेर हेरेपछि मात्र मान्न तयार हुन्थे । यही कारण भर्ना भएको ७ महिनापछि नै उनलाई विद्यालयबाट निकालियो र उनलाई एउटा चिठ्ठी आमालाई दिनू भनेर पठाइयो । बालक एडिसनले आफूलाई विद्यालयबाट निकालेको कारण थाहा भएन । उनले विद्यालयबाट दिएर

पठाएको चिठ्ठी आमालाई दिए । आमाले चिठ्ठी पढ्दा लेखिएको थियो **'तपाईंको छोरा विद्यालयमा अनावश्यक प्रश्नहरू गरेर हैरान गर्ने, दिमागी रूपमा ठीक नभएको र महामूर्ख भएकोले भोलिदेखि विद्यालयमा नपठाउनु होला ।'** चिठ्ठी पढेर आमाको आँखाबाट आँसु आयो । त्यसैबेला बालक एडिसन आमाकहाँ आएर आफूलाई विद्यालयमा किन नआउनु भनेको र चिठ्ठीमा के लेखेको भनी सोधे । आमाले बालक एडिसनलाई काखमा राखेर मायालु पाराले 'बाबु एडिसन तिमी एकदम राम्रो पढ्ने, बुझ्ने भएकोले तिमीलाई पढाउन सक्ने शिक्षकहरू नभएकोले विद्यालयमा नआउनु र घरमा बसेर पढ्नु भनेर लेखेको बताए । अबदेखि तिमी विद्यालय जानु पर्दैन तिमी घरमै बसेर पढ्नु' भनी एडिसनलाई बताए । आमाको कुराबाट एडिसन केही सिक्न र गर्नमा बढी उत्साहित भए । आमाले मनमनै मेरा छोरा महामूर्ख होइन एकदम योग्य र सक्षम हो भनी देखाउने निश्चय गरिन् । त्यसपछि उनको शिक्षा घरमा नै आमाको सहयोग र स्वअध्ययनबाट भयो । उनले औपचारिक शिक्षा कहिंबाट प्राप्त गरेनन् । आमाले एडिसनलाई पढ्ने, लेख्ने र गणित घरमा नै राखेर सिकाइन् । भनिन्छ उक्त चिठ्ठी एडिसनले आफू महान वैज्ञानिकको रूपमा प्रख्यात भएपछि दराजमा भेट्टाएर पढेका थिए जुनबेला उनको आमाको स्वर्गारोहण भइसकेको थियो । उक्त चिठ्ठी पढेर एडिसन धेरैबेर रोएका थिए । आमाले एडिसनलाई पढ्न र विभिन्न प्रयोगहरू गर्नमा सधैं उत्साहित गर्ने गर्दथिन् । उनलाई विभिन्न प्रसिद्ध लेखकहरू शेक्सपियर, चार्ल्स डिकेन्स आदिका कृतिहरू पढेर सुनाउने पनि गर्थिन् । एडिसनको जन्म गरिब परिवारमा भएकोले १० वर्षको उमेरदेखि नै एडिसनले रेलमा पत्रिका, स्याउ तथा मिठाइ बेचेर आएको आम्दानी र आमाको सहयोगमा घरमा नै सानो एउटा प्रयोगशाला बनाएका थिए । उनले एकपटक मानिस पनि चराहरू जस्तै उड्न के गर्नुपर्ला भनी सोचे र समाधानको रूपमा यदि मानिसले धेरै हावा निल्यो भने मानिस फुलेर हावाभन्दा हलुका हुन्छ र बेलुन जस्तै उड्छ भन्ने विचार उनमा आयो । उक्त परीक्षणको लागि आफ्नो साथी माइकललाई राजी बनाए र माइकललाई ग्यास निरन्तर निल्न लगाए । माइकलले धेरै ग्यास निलेकोले उनी कराउँदै जमिनमा ढले । घरमा रहेका सबै अत्तालिएर प्रयोगशाला पुग्दा एडिसनचाहिं साथीले निलेको ग्यासलाई प्रभावहिन बनाउन रासायनिक पदार्थ खोजिरहेका थिए । यस घटनामा उनका बुबा साह्रै रिसाए र गाली पनि गरे । केही समयको लागि प्रयोगशाला बन्द नै गरिदिए । पछि त्यस्ता परीक्षण नगर्ने वाचा पनि गराए । यसरी नै एकपटक एडिसनले चराहरू किन उड्न सके भने सोचे र यसबारे अध्ययन गर्न शुरु गरे । अध्ययनको क्रममा चराहरू विभिन्न कीराहरू खाने भएकोले उड्न सकेको होला भनी निष्कर्षमा पुगे । यसपछि उनले परीक्षणको लागि एकजना साथीलाई विभिन्न कीराहरू पिसेर बनाएको झोल पिउनको लागि राजी बनाए र पिउन लगाए । परिणाम उनको साथी उड्न त सकेनन् उल्टो विरामी भएर अस्पताल भर्ना हुनपर्‍यो । यस कार्यबाट एडिसनले बेसरी पिटाइ पनि खाए । यसरी बाल्यकालमा एडिसन एकप्रकारको सन्काहा र पागलको रूपमा चिनिन्थे । यद्यपि उनको आमाले उनका निम्ति विज्ञानका नयाँ पुस्तकहरू ल्याइदिने गर्दथिइन् । उनले ११ वर्षको उमेर हुँदा न्युटनको प्रिन्सिपिया, शेक्सपियरको ड्रामा, सुकरातका दर्शन सम्बन्धी पुस्तकहरू अध्ययन गरिसकेका थिए । उनको बुबाको व्यापारले राम्रो गति लिन नसके पछि आफ्नो प्रयोगको लागि आवश्वयक वस्तुहरूको अभाव हुन गयो । पछि घर सल्लाह गरेर उनी नियमित रूपमा पत्रपत्रिका, तरकारी, फलफूल आदि बेच्ने काम गर्न थाले । सन् १८५९ देखि नियमित रूपमा उनी रेलगाडीमा पत्रपत्रिका र अन्य वस्तुहरू बेच्न थाले । रेलको धूवाँ निस्कने डिब्बातिर एउटा सानो प्रयोगशाला पनि स्थापित गरे । नियमित सामान बिक्री गरेपछि बाँकी समयमा एडिसनले सोही प्रयोगशालामा विभिन्न परीक्षण गरेर समय बिताउँथे । पछि गएर उनले त्यही रेलगाडीबाट पत्रिका प्रकाशित गरेर बेच्न थाले । १५ वर्षको उमेरमा आफै सम्पादक, वितरक,









युवावस्थामा, प्रयोगमा रमेका एडिसन र उनले पहिलो पटक सफलतापूर्वक बनाएको विद्युतीय चिम

कम्पोजिटरलगायत सबै काम गरेर **'विक्ली हेराल्ड'** नामको पत्रिका प्रकाशित गरे। सन् १८६२ एडिसनको लागि दुर्भाग्य रहन गयो। रेलगाडीको प्रयोगशालामा प्रयोग गरिरहेकाबेला अचानक रेलगाडी थर्किंदा प्रयोगशालामा रहेको फोसफरस पोखिएर पड्क्यो र आगो लाग्न थाल्यो। रेलको कण्डक्टर आएर आगो निभायो र रिसले एडिसनलाई मुक्का हान्यो। जसले गर्दा कानको जाली फुटयो र आजीवन उनी बहिरो बन्न पुगे। कण्डक्टरले प्रयोगशालामा रहेका सबै सामान बाहिर फयाँकी दिए। हुन त उनी १२ वर्षको हुँदा ज्वरोले कानको मध्यभागमा सङ्क्रमण भएर अलि कान नसुन्ने भएका थिए। सबै सामान फालिए पनि उनी खिन्न भएनन्। उनको आमाले पनि उनलाई घरमा नै बसेर परीक्षण गर्न हौसला दिए। उनले कानले नसुन्दा पनि उनी खिन्न भएनन्। यसबाट आफूलाई ध्वनि प्रदुषणबाट मुक्त भएको र आफ्नो काममा एकाग्रता बढेको भनी सकारात्मक रूपमा लिएर रातदिन विभिन्न परीक्षणहरू गर्नमा निरन्तर लागिरहे। सन् १९६२ मै एकदिन विहान एडिसन एकजना रेल्वे स्टेशनका कर्मचारी तथा टेलिग्राफ अपरेटरसँग कुराकानी गरिहेका थिए। त्यसबेला एउटा बच्चा रेलको लिकमा लडिरहेको देखेर एडिसनले आफ्नो ज्यानको बाजी राखेर उक्त बालकलाई रेलले किच्नबाट बचाए तर आफू घाइते भए। उक्त ३ वर्षको बच्चा रेल स्टेशन मेनेजेरका छोरा रहेछन्। उक्त जोखिमपूर्ण कार्य र एडिसनले गरेको गुणबाट रेलका स्टेशन मेनेजर प्रभावित भएर टेलिग्राफ सिकाइदिने वचन दिए। त्यसको केही समयपछि एडिसन टेलिग्राफ अपरेटरको रूपमा काम गर्न थाले। यो कार्य उनले ४ वर्ष जति गरे र टेलिग्राफसम्बन्धी धेरै कुराहरू सिके। पछि गएर उनले क्यानडाको स्टार्टफोर्डमा टेलिग्राफको काम गर्न थाले। यहाँ उनले टेलिग्राफसम्बन्धी विभिन्न आविष्कारहरू गरे। एकचोटि जागीरको सिलसिलामा अर्न्तवार्ता दिन पालो कुरिरहेका थिए। सोही बेला अफिसको टेलिग्राफ मेसिन बिग्रियो। उक्त बिग्रिएको टेलिग्राफ मेसिन उक्त कार्यालयका कुनै पनि कर्मचारीहरूले बनाउन सकेनन् तर एडिसनले बनाइदिए। एडिसनको कौशल देखेर कम्पनीले उनलाई राम्रो काम दियो। उनले संयुक्त रूपमा टेलिग्राफसम्बन्धी काम गर्ने वर्कशप खोले। यसबाट भएको आम्दानीले उनले न्युर्योकमा अर्को ठूलो वर्कशप खोले। उनले यही समयमा एकै तारबाट एकै समयमा दुई विपरित दिशामा दुई अलग अलग सन्देशहरू पठाउने टेलिग्राफी बनाए।

**आविष्कारहरू :**

एडिसनले धेरै आविष्कारहरू युवावस्थामा नै गरेका थिए। उनले ४ वर्ष टेलिग्राफरको रूपमा काम गरेर कमाएको पैसाले घरमा प्रयोगशालाको लागि विद्युतीय सामानहरू किनेर खर्च



एडिसन प्रयोगशालामा

गरेका थिए। सन् १८६८ मा उनले मत छिटो गन्ती गर्ने टेलिग्राफिक **भोट रेकर्डिङ् मेसिन** आविष्कार गरे। यो उनको पहिलो पटक दर्ता भएको आविष्कार थियो। उनले यसलाई ४० हजार अमेरिकी डलरमा बेचेका थिए। जुन रकम त्यसबेलाको लागि ठूलो थियो। यहिंबाट एडिसनको सफलता शुरु भएको थियो।

उनले यसपछि एक पछि अर्को विभिन्न आविष्कारहरू गर्दै गए। त्यसमध्ये सबभन्दा महत्त्वपूर्ण **विद्युतीय चिम** २१ अक्टोबर १८७९ मा आविष्कार गरेका थिए। चिमको आविष्कारमा उनी हजारौं पटक असफल भएका थिए तर उनको दृढ निश्चय र एउटै काममा निरन्तर लागिरहने बानीले गर्दा उनी विद्युतीय चिम आविष्कार गर्न सफल भए। जुनबेला उनको उमेर २५ वर्षको थियो। चिमको सफल आविष्कारपछि उनलाई सोधिएको थियो तपाईं हजारौं पटकको असफलताबाट किन विचलित हुनभएन र किन हजारौं गल्तिबाट पछि हट्नु भएन ? उनले प्रत्युत्तरमा भनेका थिए 'म असफल भएको होइन। मैले त हजारौं गलत बाटो रोजेकोले सफल भएको थिइन। निरन्तर प्रयासबाट जुनदिन सही बाटो रोजें त्यही दिन म आविष्कार गर्न सफल भएँ।' यसबाट सफलता प्राप्त गर्न असफलताबाट हट्ने होइन सफल नभए सम्म निरन्तर लागिरहनु

पर्दछ भन्ने सन्देश सबैलाई दिएका छन्। उनले धेरैजसो आविष्कारहरू मेन्लो पार्कमा बसोबास गर्दा गरेका थिए। उनको महत्त्वपूर्ण आविष्कारहरू Phonograph, Electric bulb, Carbon telephone transmitter, Fluoroscopy, Tasimeter, Telegraph improvement, Motion picture, Rechargeable battery, Chemicals आदि हुन्।

## पारिवारिक जीवन :

सन् १८७१ डिसेम्बर २५ मा २४ वर्षको उमेरमा १६ वर्षीया मेरी स्टीलवेलसँग पहिलो विवाह गरेका थिए। स्टीलवेल उनकै कम्पनीमा कार्यरत कर्मचारी थिइन्। उनको तर्फबाट ३ सन्तानहरू Marion Estelle Edison, Thomas Alva Edison Jr. र William Leslie Edison जन्मेका थिए। मेरी स्टीलवेलको अकस्मात मृत्यु २९ वर्षको उमेरमा सन् १८८४ अगस्ट ९ मा भयो। भनिन्छ उनको मृत्यु ब्रेन ट्युमरले गर्दा भएको हो। एडिसनले दोस्रो विवाह सन् १८८६ फेब्रुवरी २४ मा ३९ वर्षको उमेरमा २० वर्षीया मिना मिलरसँग दोस्रो विवाह गरे। उनको तर्फबाट पनि ३ सन्तानहरू Madeleine Edison, Charles Edison र Theodore Miller Edison को जन्म भयो। सन्तानहरू मध्ये Thomas Alva Edison Jr. ले एडिसनलाई धेरै समस्या पारेको र दुख दिएको थियो। उनले पिताको व्यापार र इज्जतमा धक्का लाग्ने विभिन्न कार्यहरू गरेका थिए । एकपटक एडिसन आफैले छोरालाई अदालतको कठघरामा लानु परेको थियो।

## पुरस्कारहरू :

महान वैज्ञानिक एडिसनले आफ्नो जीवनकालमा विभिन्न पुरस्कारहरू र मानार्थ पदहरू प्राप्त गरेका थिए। सन् १८८७ मा Matteucci Medal, सन् १८९० मा Royal Swedish Academy of Sciences. को सदस्य, सन् १८८९ मा Philadelphia City Council बाट John Scott Medal, सन् १८९९ मा The Franklin Institute बाट Edward Longstreth Medal, सन् १९०८ मा John Fritz Medal, सन् १९१५ मा The Franklin Institute बाट Franklin Medal, सन् १९२० मा United States Navy बाट Navy Distinguished Service Medal, सन् १९२३ मा American Institute of Electrical EngineerS बाट Edison Medal (पहिलो पुरस्कार प्राप्तकर्ता), सन् १९२७ मा National Academy of Sciences को सदस्य, सन् १९२८ मा Congressional Gold Medal लगायत विभिन्न पुरस्कारहरू र मानार्थ सदस्य पदहरू प्राप्त गरेका थिए। सन् १९१५ मा एडिसन र अर्का वैज्ञानिक टेस्लालाई संयुक्त रूपमा नोवेल पुरस्कार दिने घोषणा गरियो। पहिला टेस्ला उनकै प्रयोगशालामा काम गर्ने गर्दथे। तर पछि उनीहरूबीच सम्वन्ध विग्रन गयो। यसकारण दुवैजनाले नोवेल पुरस्कार लिन अस्वीकार गरे।

## स्मृतिमा सम्मान :

महान वैज्ञानिक एडिसनको संस्मरणमा अमेरिकामा विभिन्न ठाउँहरू, कलेज, विद्यालय, ताल, होटेल, पुल, पहाड, अन्तरीक्षमा शिशुग्रह आदिको नाम सम्मानपूर्वक एडिसनको नाममा राखिएको छ। जस्तै : Thomas Edison State University, Edison State College, Edison High School, Thomas A. Edison Middle School, Hotel Edison, Lake Thomas A Edison , Edison Bridge in New Jersey, Edison Bridge in Florida, Edison Bridge in Ohio, asteroid 742 Edisona, Mount Edison आदि। हुलाक टिकटमा उनको फोटो अङ्कित गरिएको छ। उनको नाममा विभिन्न सङ्घ संस्थाहरू जस्तै : Edison National Historic Site, Thomas Alva Edison Memorial Tower, Edison Museum, Thomas Edison Depot Museum, The Edison Institute आदि स्थापना गरिएका छन्। मिचिगन राज्यको पोर्ट हुरोनमा एडिसनको युवावस्थाको पूर्ण कदको सालिक राखिएको छ। उनको नामबाट विभिन्न व्यापारिक कम्पनीहरू स्थापना भएका छन्। जस्तै :

- Edison General Electric, merged with Thomson-Houston Electric Company to form General Electric
- Commonwealth Edison, now part of Exelon
- Consolidated Edison
- Edison International
- Detroit Edison, a unit of DTE Energy
- Edison S.p.A., a unit of Italenergia
- Trade association the Edison Electric Institute, a lobbying and research group for investor-owned utilities in the United States
- Edison Ore-Milling Company
- Edison Portland Cement Company
- Ohio Edison (merged with Centerior in 1997 to form First Energy)
- Southern California Edison

विभिन्न पुरस्कारहरू एडिसनको नामबाट स्थापना भएका छन्। सन् १९०४ देखि American Institute of Electrical Engineers ले Edison Medal स्थापना गरेको छ। यो मेडलको वितरण सन् १९०९ देखि शुरु भएको थियो। एउटा नौसैनिक जहाजको नाम पनि एडिसनको नाममा USS Edison (DD-439) (सन् १९५०मा) र एउटा पनडुब्बी USS Thomas A. Edison (SSBN-610), a fleet ballistic mis-



मिचिगनमा स्थापित एडिसनको प्रतिमा

sile nuclear-powered submarine (सन् १९६२ मा) राखिएको थियो ।

**स्वभाव :**

एडिसन सानै उमेरदेखि लेखपढमा भन्दा गरेर सिक्न चाहने स्वभावका थिए । उनको मनमा जहिले पनि हरेक घटनालाई के, किन र कसरी भन्ने तरीकाबाट बुझ्न र गर्न चाहन्थे । उनी आर्थिक रूपमा कमजोर परिवारमा जन्मेका थिए । उनको बाल्यकाल सङ्घर्ष र दुःखमा बितेको थियो । उनी भन्ने गर्दथे मेरो जीवनको दर्शन भनेको काम हो र कडा परिश्रमको विकल्प केही छैन । उनले हरेक सफलतामा ९८ प्रतिशत कडा परिश्रम र निरन्तर कार्य र २ प्रतिशत प्रेरणाले काम गरेको हो भन्ने गर्दथे । उनलाई सफल बनाउनमा उनको आमाको मुख्य योगदान थियो । उनको बाल्यकालको शिक्षा आमाले नै दिएकी थिइन् । उनको हरेक असफलतामा हौसला दिने र बिग्रेको काममा ढाडस दिने काम आमाबाट नै भएको थियो । आफ्नो सफलताबाट धनी हुँदा पनि उनले कुनै प्रकारको तडकभडक देखाएनन् । उनी आफूलाई एक परिश्रमी, व्यवहारिक र काममा निरन्तर लागिरहने मानिस भन्न मन पराउँथे । वास्तवमा उनी असाधारण प्रतिभाका धनी थिए । उनलाई विभिन्न वैज्ञानिकहरू अत्यन्त सम्मान गर्दथे । महान दार्शनिक अल्फ्रेड नोटर्थले भनेको थिए '१९ औँ शताब्दी भनेको आविष्कार गर्ने विधिको आविष्कार हो ।' एडिसनले आविष्कारको विधि पहिल्याए ।

**मृत्यु :**

विश्वलाई ११०० भन्दा नयाँ आविष्कारहरू दिएका एडिसनको मृत्यु सन् १९३१ अक्टोवर १८ को दिनमा ८४ वर्षको उमेरमा भयो । जुनदिन अमेरिकालगायत विश्व नै स्तब्ध भयो । उनको मृत्यु मधुमेह रोगको कारणले भएको थियो । एडिसनको मृत्यु Llewellyn Park मा रहेको आफ्नै घर 'Glenmont' मा भएको थियो । जुन West Orange, New Jersey राज्यमा पर्दछ । उक्त घर उनले सन् १८८६ मा दोस्रो विवाह गर्दा पत्नी मिना मिलरलाई विवाहको कोसेलीको रूपमा किनेका थिए । उनको शवलाई घरकै पछाडि समाधिस्थ गरियो । यसरी एक महान आविष्कारकको भौतिक शरीरले विदा लिए पनि उनको आविष्कारबाट उनी सदा बाची रहे र अमर रहेका छन् ।

**केही रोचक कुरा**

- एडिसन घरमा बस्दा वा कुनै काममा जाँदा, फुसर्द हुनासाथ जहिले पनि विभिन्न घटना र आविष्कारबारे सोचिरहने गर्दथे । एकपटक उनी महसुल तिर्न जाँदा कार्यालयमा लामो लाइन थियो । उनी पालो कुर्दै विभिन्न आविष्कारहरूबारे सोचिरहे । बिल काउन्टरनेर पुगेपछि बिल काट्ने मानिसले एडिसनलाई नाम के हो ? भनेर सोधे । तर एडिसन अर्कै सोचमा रहेकोले आफ्नो नाम भन्न सकेनन् र यताउता हेर्न थाले । एडिसनभन्दा पछाडिको मानिसले भनिदियो 'उनको नाम थोमस अल्वा एडिसन हो ।'
- उनको बीचको नाम अल्वा हो तैपनि उनलाई घरमा अल भन्ने गरिन्थ्यो ।
- उनको पहिलो दुई सन्तानको बोलिचालीको नाम डट (.) र डास (–) थियो ।
- उनले १० वर्षको उमेरमा घरको भुइँतलामा पहिलो प्रयोगशाला स्थापना गरेका थिए ।
- उनको पहिलो आविष्कार electric vote recorder थियो ।
- विश्वमा एकै व्यक्तिको १०९३ आविष्कारको सर्वाधिकार हालसम्मकै सबभन्दा बढी हो । उनी सबभन्दा बढी आविष्कार गर्ने वैज्ञानिक हुन् ।

**सन्दर्भ सामग्री :**

१) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरु : भेषराज मैनाली
२) विज्ञान ज्ञानमाला : मुना पत्रिका
३) संसार फेर्ने महान वैज्ञानिकहरु : तुल्सीदास महर्जजन
४) प्रसिद्ध वैज्ञानकिहरु : सपना बुक हाउस
५) विज्ञान प्रगति
६) गुगल

## कोरोना सङ्क्रमण रोकथामकोलागि









भक्तपुर नपाबाट कोरोना सङ्क्रमण रोकथामकोलागि सडक, चोक, गल्लीमा निसङ्क्रामक तरल छर्कदै ।










निषेधाज्ञामा भक्तपुर नगरका विभिन्न स्थान

सल्लाघारीस्थित रानी पोखरीको जीर्णोद्धार जारी, नवजीवन पाउँदै ।









## तस्बिरमा केही पुन:निर्माण र मर्मत कार्य



तुछिमलास्थित विश्वकर्मा द्य:छेँ पुन:निर्माण जारी



योसिंख्योस्थित च्यासिं मण्डपको पुन:निर्माण जारी ।



जनसहयोगसहित वडा नं. ५ को लोकेश्वर मन्दिरमा पित्तलको छाना छाइँदै ।



बसिबियाँलो

तस्बिरको केटीको अनुहार कस्तो होला ?

(यसको लागि नाकको रातो थोप्लामा ३० सेकेण्डजति एक टकले हेरिरहनुस् । लगत्तै कागजको सेतो भागमा हेर्नुभयो भने अनुहारको झल्को देख्नुहुनेछ ।

# गानोडर्मा च्याउ र उपयोगिता



रबिन ख्याजू

**परिचय**

नेपालमा गानोडर्मा च्याउलाई रातो च्याउको नामले चिनिन्छ । Ganodermataceae परिवारमा पर्ने यसको वैज्ञानिक नाम Ganoderma lucidum हो । चीन, जापान र एसियाली देशहरूमा यो च्याउको हजारौँ वर्ष पुरानो इतिहास छ । यो च्याउ दुई हजार वर्ष अघिदेखि बहु–औषधीय गुण भएकोले प्रयोगमा छ । चीनमा 'लिङ्चि' र जापानमा 'रैशी' को नाममा यो च्याउलाई चिनिन्छ । यो च्याउलाई 'हर्ब अफ स्पिरिच्वल पोटेन्सी' अर्थात 'आध्यात्मिक शक्ति भएको जडिबुटी' को नामले प्रख्यात छ जसको अर्थ सफलता, सुखद् जीवन, ईश्वरीय शक्ति र लामो आयु हो । यसरी गानोडर्मा च्याउले 'जडिबुटीको राजा' को स्थान पाएको छ ।



गानोडर्मा च्याउको फल

मानव स्वास्थ्यमा गानोडर्मा च्याउको धेरै महत्त्व छ । एक अध्ययनअनुसार गानोडर्मा च्याउको सुकेको च्याउमा ६९ प्रतिशत कच्चा फाइबर, २६–२८ प्रतिशत कार्बोहाइड्रेट, ७–८ प्रतिशत कच्चा प्रोटिन, ३–५ प्रतिशत कच्चा फ्याट र १.८ प्रतिशत एआस पाइएको छ । साथै, टर्पिनोएड, स्टेरोइड, फेनोल, न्युक्लिओटाइड, ग्लाइको प्रोटिन, पोलिसेक्कराइड पनि पाइन्छन् भने महत्त्वपूर्ण एमिनो एसिडमा लाइसिन र ल्युसिनको मात्रा धेरै पाइन्छ । अनुसन्धानले यो च्याउमा ११९ भन्दा धेरै थरीका ट्राइटर्पिन्स् र अनेक थरीका पोलिसेक्कराइड्सहरू भएको पत्ता लगाएको छ ।

चीन, जापान, कोरिया, मलेसिया र उत्तर अमेरिकामा गानोडर्मा च्याउको खेती बढी हुन्छ । वार्षिक ४,३०० मेट्रिक टनको मात्रामा यो च्याउको उत्पादन हुने गरेको छ । एक अध्ययनअनुसार सन् २००२ मा ४,९००–५,००० मे. ट. उत्पादन भएको पाइएको छ भने चीनको उत्पादन मात्र ३,८०० मे. ट. रहेको थियो ।

संयुक्त राज्य अमेरिका औषधीय च्याउको सबैभन्दा ठूलो बजार हो । यो च्याउ पाउडर, ट्याब्लेट, क्याप्सुल र चियाको रूपमा बजारमा उपलब्ध छ भने संसारमा एकसय प्रकार ब्रान्डका उत्पादनहरू दर्ता गरिएको छ ।



भक्तपुरमा भएको गानोडर्मा च्याउ खेती

नेपालमा पनि गानोडर्माको खेती हुने गर्दछ । औषधीय गुणले भरिपूर्ण यो च्याउ बजारमा निकै महँगो पर्दछ । नेपाली समाजमा पनि विदेशी कम्पनीबाट निर्मित गानोडर्माका विभिन्न प्रकारका औषधिहरू बेच्न ल्याइएको छ । च्याउको विशेषता मानव स्वास्थ्यको लागि निकै उपयोगी भएकोले महँगो शुल्कमा पनि यसको औषधिहरू उपयोग भइरहेको छ ।

**मानव स्वास्थ्यमा रातो च्याउका फाइदाहरू :**

यो च्याउको औषधीय गुणबारे निम्नानुसार उल्लेख गरिएको छ –

**क. प्रतिरोध क्षमतामा वृद्धि :** यो च्याउमा हुने महत्त्वपूर्ण रसायनहरूले रोग प्रतिरोध गर्ने कोषिकाहरूलाई सक्रिय पार्दछ । एन्टिभाइरल, एन्टिब्याक्टेरियल र एन्टिइन्फ्लामेटरी

व्यवहारका कारण यो च्याउको माग बजारमा धेरै बढेको अवस्था छ। एक अध्ययनअनुसार सात थरीका रोग लाग्ने ब्याक्टेरियाहरूमा यो च्याउको मिथानोल, एसिटोन र एक्स्ट्रक्टको प्रभाव परीक्षण गर्दा प्रायः सबै ब्याक्टेरियालाई निष्क्रिय बनाउन यो च्याउले सकारात्मक भूमिका निर्वाह गरेको छ। शरीरलाई हानी गर्ने जिवाणुहरूको निष्क्रियताको अर्थ प्रतिरोध क्षमतामा वृद्धि हुनु हो।

**ख. क्यान्सरको उपचारमा उपयोगी :** केमोथेरापिक र केमोप्रिभेन्टिभ तत्त्वहरूको अनुसन्धानमा सयौँ थरीका वनस्पतिहरूको मूल्याङ्कन हुने गरेकोमा गानोडर्मा च्याउ पनि परेकोछ। गानोडर्मा च्याउको फल, माइसेलिया र स्पोरहरूबाट धेरै किसिमका रसायनहरू निकाल्ने गरिन्छ। च्याउमा पाइने पोलिसेक्करराइड र त्राइटर्पिन्स्ले मानिस र पशुमा आउने ट्युमरलाई कम गर्न सहयोग पुगेको अनुसन्धानले देखाएको छ। सन् २००४ मा एस्. टोमासी र उनको समूहले ५८ प्रकारका वेसिडिओमाइसिटिस च्याउहरूको अनुसन्धानमा गानोडर्मा च्याउले मानिस र मूसाहरूमा ट्युमर कोषहरू कम गर्ने वा नष्ट गर्ने काम गरेको पाइएको छ।

**ग. थकान र निरासा निराकरण :** विभिन्न कारणले गर्दा मानव जीवनमा हुने आलस्य र नैराश्यपनलाई यो च्याउको उपयोगले पुनर्ताजगी थपिदिन्छ।

**घ. स्वस्थ मुटु :** तातो पानीमा राखेर उमालेको च्याउको रसको सेवनले मुटुलाई स्वस्थ राख्ने गरेको अनुसन्धानले पत्ता लागेको छ।

**ङ. एन्टिअक्सिडेन्ट :** मानिसको शरीरमा पाचनको क्रममा फ्रि रेडिकल्सहरूको निरन्तर उत्पादन भइरहेको हुन्छ। फ्रि रेडिकल्सले कोष र तन्तुहरू बिगार्ने कार्य गर्दछ। मानव शरीरमा यो चेन रियाक्सन चालू रहन्छ। गानोडर्मा च्याउमा हुने महत्त्वपूर्ण रसायनले यिनीहरूलाई निष्क्रिय बनाउने कार्य गर्दछ र शरीरको लागि आवश्यक महत्त्वपूर्ण रसायनहरूको सुरक्षा गर्दछ। शरीरका कोषहरूमा हानिकारक म्युटेशन हुनबाट सुरक्षा गर्ने काम यसले गर्दछ।

यो च्याउले अध्ययन क्षमता र स्मरणशक्तिमा सकारात्मक प्रभाव पारेको अध्ययनले बताएको छ। **गानोडर्मा च्याउले मानिसको शरीरमा सकारात्मक प्रभाव पार्‍यो भन्दैमा यसको जथाभावी सेवन गर्नु उचित हुँदैन, बरु आवश्यकताअनुसार मात्रा मिलाएर यसको प्रयोग गरिएमा मानव शरीरमा यसले सकारात्मक प्रभाव पार्ने गर्दछ।**

साथै, तातो पानी र पानी-इथरले गानोडर्मा च्याउबाट शोषेको रसायनहरू कलेजोमा हुने हानिकारक तत्त्वहरूलाई निष्क्रिय बनाउने गर्दछ।

**खेती गर्ने तरिका :**



काठको धूलोमा गानोडर्मा च्याउ खेती

गानोडर्मा च्याउ जङ्गली अवस्थामा पनि भेटिन्छ। औषधी क्षेत्रको बढ्दो मागका कारण यसको व्यवसायिक खेती हुन थालेको छ। च्याउले मागेको हावापानी, पि. एच्., पानीको मात्रा, तापक्रम, प्रकाशको मात्रा आदिको बन्दोबस्तले यसको उत्पादन सम्भव भएको हो। सामान्यतः ३०-३५ डिग्री सेल्सियस, ५-६ पि. एच्. यो च्याउ खेतीको लागि उचित तापक्रम मानिन्छ। साथै, फ्याटी एसिडजस्ता पौष्टिक तत्त्वले यो च्याउमा माइसेलियमको वृद्धि विकासमा भूमिका खेलेको हुन्छ।

गानोडर्मा च्याउ खेती पहिले पहिले काठको मुढामा गरिने पुरानो तरिका हो। अहिले काठको धूलोमा यो च्याउको बीउ प्रयोग गरेर उत्पादन गरेको पाइन्छ। काठमा गर्दा २-३ वर्षको अवधिमा मात्र फल लाग्दथ्यो। काठमा भन्दा काठको धूलोमा यसको खेती गर्दा उत्पादनको समय निकै छोटो हुने र उत्पादन पनि तुलनात्मक रूपमा बढी हुने गरेको पाइन्छ। खेतीको लागि शुरुमा काठको धूलो र चामल वा मकै वा गहुँको ढुटोको मिश्रण तयार गरिन्छ। त्यसपछि, ६५ प्रतिशत पानीको मात्रा भएको एक किलो मिश्रणलाई पोलिप्रोपाइलिन झोलामा राखी ब्यागको तयारी गरिन्छ। तयार भएको ब्यागलाई १२१ डिग्री सेल्सियस, १५ पाउण्ड प्रेसरमा ६०-९० मिनेटको लागि निर्मलीकरण गरिन्छ।

निर्मलीकरण गरिएको ब्यागलाई कोठाको तापक्रममा चिसो पार्न दिइन्छ। त्यसपछि, यस ब्यागमा भरिएको मिश्रणको ५ प्रतिशत हुने गरी बीउ लगाइन्छ। यसरी तयार भएको ब्यागलाई २८ देखि ३० डिग्री से. मा २५ देखि ३५ दिन अँध्यारो कोठामा राखिन्छ।

त्यसपछि, यी ब्यागहरू खुल्ला गरिन्छ र २८-३५ डिग्री से. मा ८०-८५ प्रतिशत सापेक्षित आद्रता, प्रकाश र हावा ओहोरदोहोर हुने खेती गर्ने टनेलमा सार्नुपर्दछ। १०-१५ दिनमा पिनहेडहरू निस्कन थाल्छ। अर्को १५-२० दिनमा मृगौला ➲


# पुर्वजहरूको निर्माण प्रविधिबारे ध्यान दिने कि ?



गणेशभक्त शिल्पकार

नेपाल एक भूकम्प जोखिम, पहाडपरिवेस्थित, खोलानाला, प्राकृतिक विपद् हुने क्षेत्र रहेको छ । अग्रजहरूले लेखेर गएका शिलालेख, ताम्रपत्र, भोजपत्र अध्ययनबाट नयाँ पुस्ताको लागि आँखाको ज्योति जस्तो छर्लङ्ग पारेर गएको छ । यो नेपाली माझ रहेका अनुभवको सङ्गालो हो । यस्ता विषयहरूको अनुसन्धान व्यक्ति वा राज्य पक्षबाट हुनुपर्ने हो । हामी नेपालमा निर्माण गरिएका घरहरूको अध्ययन–अनुसन्धान नगरी विदेशबाट आयात गरिएका प्रविधिको ज्यादा प्रयोगमा रमाउँछौ । यो हाम्रो लागि दु:खलाग्दो कुरा हो ।

नेपालमा पहिलेदेखि भूकम्पबाट धेरै धनजन नष्ट भएकोले हाम्रा पूर्वजहरूले भूकम्पबाट धेरै पाठ सिकेर आफ्नो ज्ञानलाई भूकम्पसँग बच्न सक्ने ज्ञान, सीप, अनुभव छाडेर



ङातापोल मन्दिर र त्यसको कोठे चित्र (ग्राफ)
(चित्र : डा. जनकलाल वैद्यको सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठाबाट)

गएका छन् । यसको खोजी गर्नु जरुरी छ । यसअनुसार मानव जीवन रक्षा गर्न पनि भूकम्प प्रतिरोधक घर, मठ, मन्दिर निर्माण गर्नु परेको छ । हामीले महँगो प्रविधि भनेर विदेशको नक्कल गरेर पछिको पुस्तालाई दु:ख पाउने गरी देखासिकि गरी घर निर्माण गरिहेका छौँ । यो गलत हुन सक्छ । त्यसकारण यहाँ घर निर्माण गर्दा यहाँका पुर्खाले सिकाएर र लेखेर गएका पुस्तक, शिलालेख, ताम्रपत्र, भोजपत्र, ढुङ्गामा कुँदिएका सूचना, ज्ञानलाई अनुसरण गरेर नेपाली शैलीको सीप प्रयोग गरेर

---

➲ आकारको रातो खैरो रङ्गमा गानोडर्मा च्याउको विकास हुन्छ र जब च्याउको छेउछाउमा सेतो रङ्ग हराउँदै जान्छ तब यो च्याउ टिप्न उपयुक्त समय हुने गर्दछ ।

**निष्कर्ष**

नेपालजस्तो विकासोन्मुख देशमा गानोडर्मा च्याउ अनुसन्धानको लागि स्रोतसाधनयुक्त प्रयोगशालाहरूको निर्माण गरी व्यवस्थित तवरले सञ्चालन गरिनु उपयुक्त हुनेछ । नेपालका जङ्गलहरू विभिन्न थरीका खानयोग्य र विषालु च्याउहरूको भण्डारण हो भन्दा अत्युक्ति नहोला । जङ्गली च्याउहरूको खोज अनुसन्धानबाट औषधीय र खान उपयोगी च्याउहरू पत्ता लगाउन मद्दत पुग्दछ । नेपालका कृषि विज्ञहरूलाई उपलब्धीमूलक अनुसन्धानमा लगाउन सके देशको अर्थतन्त्रले नयाँ आयाम उपहारस्वरूप पाउनेमा दुईमत छैन ।

गानोडर्मा च्याउको औषधीय गुण अत्यधिक भएका कारण औषधी उत्पादन गर्ने कारखानाहरूको स्थापनामा मद्दत पुग्नेछ । स्वास्थ्यको क्षेत्रमा यस च्याउले राम्रो योगदान गर्ने अध्ययन अनुसन्धानले देखाउँछ । यो च्याउको व्यवसायिक खेती गर्न सम्भव भएकोले गानोडर्मा च्याउको खेती युवा पुस्ताहरूको लागि रोजगारीको लागि उपयुक्त माध्यम बन्न सक्दछ र प्रत्यक्ष–अप्रत्यक्ष रूपमा नेपालको अर्थतन्त्रमा गानोडर्माको व्यवस्थित खेतीले गर्दा सकारात्मक प्रभाव पार्ने निश्चितप्राय: छ ।

**सन्दर्भ सामग्री** :


- Sheetal Mehta and Savita Jandaik, 2012. In vitro Comparative Evaluation of Antibacterial Activity of Fruiting Body and Mycelial Extracts of Ganoderma lucidum against Pathogenic Bacteria.
- Sonf Singh et. al.,2014. A novel method of economical cultivation of medicianally important mushroom, Ganoderma lucidum.
- Didem Sohretogly and Shile Huang, 2019, Ganoderma lucidum Polysaccharides as an anticancer agent.
- Alok Nahata, 2013. Ganoderma lucidum: A potent medicinal mushroom with numerous health benefits.
- differnt websites.


(khyajusabin@gmail.com)

घरहरू निर्माण गर्नुपर्छ । नेपालको पहिचान हुने घरहरू निर्माण गर्नुपर्छ । त्यस्तो निर्माण शैलीबारेको ज्ञान विश्व सामु प्रचारप्रसार गर्नु र चिनाइ दिनुपरेको छ ।

हालैको भूकम्पपछि धेरै विदेशी, स्वदेशी विशेषज्ञ टोलीहरू आएर भक्तपुरका गल्ली, चोकहरूको अध्ययन गरेको पाइन्छ । त्यो अध्ययनले के देखाउँछ भने भक्तपुरमा निर्माण गरिएका सयौँ वर्ष पुराना घरहरू सबै नभत्किनुमा यहाँ निर्माण गरिएको शैली, बनाउने सीप र विधिलाई लिन सकिन्छ ।

केही मठमन्दिर निर्माण गर्दा अपनाएका पुराना कालीगडी सीपको बारेमा यहाँ चर्चा गर्न गइरहेको छु । उपत्यका र उपत्यका बाहिर परम्परागत निर्माण कला कृतिको बारेमा पनि उल्लेख गर्नुपर्ने ठानेर समावेस गरेको छु । त्यसमा विशेषगरि पाल्पाका पाटी, ठूलो ढोका, घर, मठ, भैरवको मन्दिर र अन्य मन्दिर रहेको छ ।

## निर्माण कार्य

उपत्यकाबाट विशेषगरी भक्तपुरबाट बसाइँसराइ गरेका दाजुभाइहरूले आफूसँग सीप, नाच गान, संस्कृतिकासाथै निर्माणसम्बन्धी कालिगडी लिएर गएका छन् । त्यस समयको राज्यले दिएको दु:ख  कष्टबाट भागेर, लुकेर अथवा अन्य कारणले गएकाले आफ्नो सीप प्रयोग गरी निर्माण गरिएका उदाहरण छन् ।

चीनमा अरनिकोले निर्माण गरे–गराएका मठ, मन्दिर, गुम्बा, चैत्य, घरहरूलाई लिन सकिन्छ । नेपाली कलासँग मेल खाने भएपछि केही निर्माण  सीपलाइ फरक पारेको पाइन्छ । छाना निर्माण गर्दा आफ्नो जन्मभूमिअनुसार नक्कल होला भनेर चीनमा निमार्ण गरिएको छानामा नेपालको छानाअनुसार ४५ डिग्री नभइकन फरक शैलीमा निर्माण गरिएको देखिन्छ । यसबाट पनि विदेशमा आप्नो देशको जस्तो मठ, मन्दिर, गुम्बा, चैत्य, चिनिया घरहरूको  निर्माण शैलीमा नेपालको जस्तो नगरी परिवर्तन गरिएको छ । यो उनको राष्ट्रप्रति देखाएको योगदान हो । उनले कला सीप चीनसम्म प्रचार प्रसार गरे  । त्यस्तै देशभित्र युगयुगान्तसम्म पहिचान दिने कालीगडी इन्जीनीयर, सिकर्मी, अतकर्मी, उपाकमीलगायतका  विशेसज्ञहरूलाई सम्झनु पछ । उनीहरूको योगदान र प्रविधिहरूको निर्माण नमुना काठमाण्डौ, पाटन , भक्तपुरका दरबार, मठ, मन्दिरलाई लिन सकिन्छ । ती अति बलियो निर्माणका नमुना हुन् ।

मूर्ति निर्माणकला एकदम महत्त्वपूर्ण रहेको छ । कुनै पनि मन्दिर निर्माण गर्दा वा देवता स्थापना गर्दा हाम्रा सिकर्मी दाजुभाइहरूले शास्त्रअनुसार विधि पुऱ्याएर, प्राथना गरेर आफ्नो दीक्षाअनुसार पूजा पाठ  गरेर, जीव दान दिएरमात्र स्थापना गर्छन् ।  दीक्षा (दिखा) लिएकोले मात्र मूर्तिको आँखा निर्माण गर्ने, आँखा खोल्न पाउने चलन रहेको छ ।

उपत्यकामा निर्माण गरिएका मठ, मन्दिर, घरहरू दिगो होस् वास्तुशास्त्रअनुसार पूजा गर्ने चलन थियो । यो प्रथा हाल हराउँदै गइरहेको छ । जग, मूल ढोका, छाना पूजा गर्दा पूजा गर्ने चलन हराएको छ ।  यो विधि पुऱ्याउनु पर्ने र पाठ गर्नुपर्ने पुस्तकको अभाव, पुराना उल्लेख भएका थ्या सफू: कितावहरू हराउनु, नष्ट हुनु यसका कारण हुन् । यसलाई केही सिकर्मी शिल्पकार र शिलाकारहरूले मात्र जीवन्तता दिएको पाइन्छ ।

झ्याल, ढोका, खापा निर्माण गर्दाका विधिहरू सबै शिक्षित तालिमप्राप्त ब्यक्तिहरूले प्रयोग गर्न सक्छन् । तर निर्माण विधि अपूरो भए दिगो हुनसक्दैन । यहाँ केही निर्माण विधि चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

**(१)** पुरानो प्रविधिअनुसार ढोका निर्माण गर्दा प्वाल हातले पार्ने गरिन्छ । यसको उपयोगिता र महत्त्व टिकाउको हिसावले छ । गणितीय प्रविधिअनुसार आफ्नै नापअनुसार परापूर्वकालमै  (कोठे) ग्राफको हिसाव पद्धतिमा झ्याल, ढोका, मन्दिर निर्माण गरिएको छ । पहिला ग्राफमा चित्र कोर्ने र सोहीअनुसार निर्माण हुने गरेको छ ।

परम्परागत निर्माणमा पूर्वजहरूले चलनचल्ती गरेको



कोठे चित्र (ग्राफ)

वास्तुशास्त्रअनुसारको नापो (हिसाब + किताब) यस्तो छ :

| | | |
|---|---|---|
| (१) १ X १ | (२) ३ X ३ | (३) ५ X ५ |
| (४) ७ X ७ | (५) ९ X ९ | (६) ११ X ११ |
| (७) १३ X १३ | | |

यो नमुना नेपालीहरूले पत्ता लगाएको विधि हो ।

**(२)** काठको ढोका, झ्याल निर्माण गर्दा पहिले र अहिले फरक छ । पहिले खापा प्वाल हाते रामो मुग्रो प्रयोग गरिन्थ्यो  । प्वालभित्र छिराउने खापा (मा) र चौकोसको

मा छिराउनुभन्दा पहिले षडकोण चिह्न राखेर बसिलाले वा खुलुले ताछेर कस्ने गरी राखिन्छ। बसिलाले ताछ्दा काठको नसा बलियो हुन्छ। धेरै समयसम्म टिकाउ रहन्छ। तर हाल मिसिनले गर्दा काम चाँडो हुन्छ, बनाउन सजिलो छ तर घाम पानीले तुरुन्त खुकुलो हुन्छ र दिगो कम हुन्छ। त्यसैले पुरानो चलन जोगाउनु आवश्यक छ। भक्तपुरको भैरवको रथ काठबाट निर्माण गरिएको लाई नमुनाको रूपमा लिन सकिन्छ। त्यस रथलाई दुवैतिरबाट तान्ने क्रममा हलिन्दा नौ रेक्टर स्केलभन्दा बढि हलिन्छ। तर केही हुँदैन। निर्माण शैली बलियो भयो भने जोगिन सक्छ। यस्ता थुप्रै उदाहरणहरू छन्। यो रथमा हरेक स्थानमा किल्लाको सट्टा काठको लामो लामो चुकुल बलियो हुनेगरी राखिएका छन्। यो नेपाली प्रविधि हो। यस प्रविधिमा चुकुल बनाउँदा नसा मिलाएर ताछ्ने र निर्माण गरिन्छ। यसले गर्दा चुकुल आफूलाई आवश्यकताअनुसार कस्ने र खुकुलो हुन्छ। अहिले रथ निर्माण गर्दा दक्ष र अनुभवी नभएका कालिगड अर्थात हात नबसेको, सीप कम जानेका, सस्तो कालिगडलाई ठेक्काबाट निर्माण गराउनतिर लागेको छ। एउटा निपूर्ण कालिगड तयार हुन धेरै अभ्यास र अनुभव चाहिन्छ र त्यस्ताबाट मात्र पूर्ण र बलियो सामग्रीको निर्माण हुन्छ। कम्तिमा पनि १० वर्ष कार्य गरिसकेका अनुभवी सिकर्मी र डकर्मीबाट मात्र कार्य गराउनु पर्ने देखिन्छ। काठ र ढुङ्गामा मूर्ति कुँद्ने काम वास्तवमा सजिलो होइन। कलिलो उमेरदेखि नै तालीम दिएर लामो समयसम्म अभ्यास गरेको अनुभव चाहिन्छ।

परम्परागत प्रविधि जानेका अनुभवीबाट निर्माण भएका घरहरू बलियो बनाउन सकिन्छ। अनुभव पत्रलाई पनि हेरेर निर्माण गर्न लगाउनुपर्छ। कदर गरेर, प्रमाणपत्र दिएर अनुभवीबाट मात्र निर्माण गर्न लगाउनु पर्छ न कि हचुवाको भरमा।




९० सालको महाभूकम्पपछि पुन:निर्माण कार्यमा संलग्न काष्ठ कलाकारहरू

दक्ष र अनुभवी कालिगडहरूले निर्माण गरेका पुराना घर नमुनाको रूपमा रहेका छन्।

(३) अर्को उदाहरण जोठाम, जो निदाल अर्थात जोडी ठाम र निदाल हो जुन निर्माण सीपयुक्तबाट भए बलियो हुन्छ। घर मन्दिर ४५ डिग्री ढले पनि भत्कने सम्भावना कम हुन्छ। यो राम्रो प्रविधि हो। पक्का र भरपर्दो जोर्नीहरूमा बाँस वा काठको फेदको भाग उल्टाएर चुकुल राखेर निर्माण गरिएको सामान राम्रै हुन्छ। कुनै पनि बस्तु वा सामग्री बलियो बनाउन दक्ष सिकर्मीले निर्माण गरेका सीपमा भर पर्छ। पुरानो शैलीको निर्माण कार्यमा हरेक स्थानमा काठ जोडाईमा चुकुलकै महत्त्व रहेको छ। अहिले काठ धेरै जान्छ भनेर निर्माण गर्दा जोर्नीहरूमा काठको सट्टा किल्लाको प्रयोग गरिन्छ। काठको जोर्नीहरू २०, २५ वर्ष पछि सुकेर खुकुलो हुने सम्भावना हुन्छ । तर त्यसलाई नयाँ चुकुल फेरेमा पहिले जस्तै बलियो हुन्छ। यो खिइन्दैन पनि। तर आधुनिक जमानामा पुरानो प्रविधि हटाएर काठ कम जाने गरी किल्ला ठोक्ने चलन रहेको छ। यो छिटो हुन्छ। तर तुरुन्त फुट्न सक्छ। टिकाउको हिसावले कम हुन्छ। किनकी फलामको किला पानीले खिइन्दै जान्छ। र केही समयको अन्तरालमै सामानको टिकाउ कम हुन्छ। तसर्थ हाम्रा परपरम्परगत यस निर्माण विधि–प्रविधिबारे सबैले ध्यान दिने की ?

*(चित्र : लेखक, भार्वाचो-१, भक्तपुर)*


## हार्दिक समवेदना



**स्व. केशवती जोशी**

**जन्म : २००० कार्तिक ०६ | निधन : २०७७ साउन २५**

भक्तपुर नगरपालिकाका कर्मचारी विष्णुकेशरी जोशीका ममतामयी माता **केशवती जोशी**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ-संस्थाहरूको नामावली

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड–१९ (कोरोनाभाइरस) संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापन कोषमा विभिन्न मितिमा सहयोग गर्नुहुने व्यक्ति तथा सङ्घ–संस्थाहरूको नाम, ठेगाना, सहयोग रकम र मिति तपसिल बमोजिम रहेको छ।

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण | सहयोग मिति |
|---|---|---|---|---|
| ८८. | भक्तपुर नगरपालिका कर्मचारीहरू | व्यासी, भक्तपुर | रु १०,३२,३१५।– | |
| ८९. | सरकारी स्कूलका शिक्षकहरू | भक्तपुर नपाभरि | रु ७,३६,३९२।– | |
| ९०. | श्री नेपाली प्रवासी एकता संजाल | एकान्तकुना, ललितपुर | मेडिकल मास्क– १५०० थान | |
| ९१. | श्री इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–२, भक्तपुर | रु २०,०००।– | |

*नोट : उक्त कोषमा रकम जम्मा गर्न चाहने महानुभाव तथा सङ्घसंस्थाहरूले भक्तपुर नगरपालिका, प्रकोप व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं. ०१९०३००००७००२००००३ मा जम्मा गर्नु हुन र जिन्सी सामान भए भक्तपुर नपामा उपलब्ध गराउनुहुन अनुरोध छ।*

## कोरोना सङ्क्रमणबाट **आफू बचौं र अरूलाई बचाऔं**

**कोभिड-१९ का ९५ प्रतिशत रोगीमा लक्षण देखिन्दैन, बिना चिन्ह र लक्षण पनि रोगी वा सङ्क्रमित हुन सक्छ।**

***त्यसैले घरैमा सुरक्षित बसे कोरोना सङ्क्रमणबाट बच्न सकिन्छ, बाहिर निस्केमा भन्न सकिन्न।***

### कोभिड-१९ का लक्षण

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने।

### बच्ने उपाय

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने।
- अङ्कमाल नगर्ने।
- साबुन–पानीले कम्तिमा २० सकेण्डसम्म (वा १ देखि ५० सम्म गनेर) पटक–पटक हात धुने।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने।
- शारीरिक दूरी कायम गर्ने।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने।
- भिडभाडमा नजाने।
- जङ्गली जनावरलाई नछुने।
- बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाने।
- मासु तथा अन्डा राम्रोसँग पकाएरमात्र खाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्याएर छेक्ने।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने।**

नियमित रूपमा प्रक्रिया पुर्‍याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ। साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ।

त्यसैले नियमित हात धुने गरौं।

# नेपालमा कोरोना सङ्क्रमण

**परीक्षण प्रयोगशाला : ४६** (सरकारी-३४, निजी-१२)

**परीक्षण सङ्ख्या (पीसीआर) : ६,९३,४७२**

**सङ्क्रमित सङ्ख्या : १७,८२२ (कूल ३९,४६०)**

**निको भएका सङ्ख्या : २१,४१०**

**मृत्यु भएको सङ्ख्या : २२८**

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | मृत्यु |
|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुंग | १८ | ० |
| | २ | पांचथर | १९ | ० |
| | ३ | तेह्रथुम | २८ | ० |
| | ४ | इलाम | ९६ | ० |
| | ५ | मोरंग | १५९८ | १७ |
| | ६ | झापा | ५८७ | ३ |
| | ७ | संखुवासभा | २९ | ० |
| | ८ | भोजपुर | १९ | ० |
| | ९ | खोटाँग | ३८ | ० |
| | १० | धनकुटा | ३९ | ० |
| | ११ | सुनसरी | ७३० | ७ |
| | १२ | उदयपुर | १२८ | १ |
| | १३ | सोलुखुम्बू | १५ | ० |
| | १४ | ओखलढुंगा | ३८ | ० |
| प्रदेश नं. २ | १५ | सप्तरी | ७६८ | ५ |
| | १६ | सिराहा | ४९६ | ६ |
| | १७ | धनुषा | १५५६ | १३ |
| | १८ | महोत्तरी | १२५६ | ८ |
| | १९ | सर्लाही | १८३४ | ४ |
| | २० | रौतहट | १८५६ | ५ |
| | २१ | बारा | ८७० | १३ |
| | २२ | पर्सा | २३१३ | ३५ |
| बागमती | २३ | दोलखा | ५१ | २ |
| | २४ | रामेछाप | ७१ | ० |
| | २५ | सिन्धुली | ७९ | ० |
| | २६ | सिन्धुपाल्चोक | १०० | ३ |
| | २७ | काभ्रे | २३४ | २ |
| | २८ | काठमाडौं | ४५२२ | २१ |
| | २९ | भक्तपुर | ५१८ | ८ |
| | ३० | ललितपुर | ६८४ | ६ |
| | ३१ | रसुवा | १६ | ० |
| | ३२ | नुवाकोट | ८३ | ० |
| | ३३ | धादिङ | २२४ | १ |
| | ३४ | मकवानपुर | ५०५ | ४ |
| | ३५ | चितवन | ७४४ | ६ |
| गण्डकी | ३६ | गोरखा | १७६ | ३ |
| | ३७ | तनहुँ | २८९ | १ |
| | ३८ | नवलपरासी पू | ४७९ | ० |
| | ३९ | मनाङ | ३ | ० |
| | ४० | लमजुङ | १८५ | ० |
| | ४१ | कास्की | ३२८ | ५ |
| | ४२ | स्याङ्ग्जा | ३३८ | २ |
| | ४३ | पर्वत | ११३ | ० |
| | ४४ | मुस्ताङ | १ | ० |
| | ४५ | म्याग्दी | ५२ | १ |
| | ४६ | बागलुङ | ३१८ | १ |
| प्रदेश नं. ५ | ४७ | पाल्पा | ५९३ | २ |
| | ४८ | नवलपरासी प | २४८ | २ |
| | ४९ | रुपन्देही | १०३४ | १० |
| | ५० | गुल्मी | ४०३ | ३ |
| | ५१ | अर्घाखाँची | ३८४ | १ |
| | ५२ | कपिलवस्तु | ११३८ | ४ |
| | ५३ | प्युठान | ४५३ | १ |
| | ५४ | पूर्वी रूकुम | १५ | ० |
| | ५५ | रोल्पा | ८८ | ० |
| | ५६ | दाङ | ८१४ | १ |
| | ५७ | बाँके | १०२३ | ७ |
| | ५८ | बर्दिया | ३२७ | १ |
| कर्णाली | ५९ | डोल्पा | ६ | १ |
| | ६० | पश्चिमी रूकुम | ७४ | ० |
| | ६१ | सल्यान | ३१४ | ० |
| | ६२ | मुगु | १३ | ० |
| | ६३ | जुम्ला | १५५ | ० |
| | ६४ | जाजरकोट | ५७ | ० |
| | ६५ | सुर्खेत | ७५३ | २ |
| | ६६ | हुम्ला | ५ | ० |
| | ६७ | कालिकोट | ८९ | ० |
| | ६८ | दैलेख | १०३७ | १ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ६२४ | १ |
| | ७० | अछाम | ९०२ | २ |
| | ७१ | कैलाली | १६९५ | ५ |
| | ७२ | बझाङ | ३८७ | १ |
| | ७३ | डोटी | ९४६ | ० |
| | ७४ | दार्चुला | ५६ | ० |
| | ७५ | बैतडी | ३७९ | ० |
| | ७६ | डडेलधुरा | ३२९ | ० |
| | ७७ | कंचनपुर | ६७५ | ० |
| | | **जम्मा** | ३९४६० | २२८ |

तथ्याङ्क श्रोत : स्वास्थ्य मन्त्रालय र काठमांडु पोष्ट (इन्टरनेट, भाद्र १५)

# विश्वमा कोभिड-१९ को स्थिति (भाद्र १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | भाद्र १५ को |
|---|---|---|---|---|---|
| | विश्व | २५,३९०,७९१ | १७,७०९,७२९ | ८५०,६३० | |
| १ | संरा अमेरिका | ६,१७३,३२८ | ३,४२५,७२७ | १८७,२२५ | १ |
| २ | ब्राजील | ३,८६२,३११ | ३,०३१,५५९ | १२०,८९६ | २ |
| ३ | भारत | ३,६२४,६१३ | २,७७५,१९४ | ६४,६४६ | ४ |
| ४ | रूस | ९९०,३२६ | ८०६,९८२ | १७,०९३ | ३ |
| ५ | पेरू | ६४७,१६६ | ४५५,४५७ | २८,७८८ | ७ |
| ६ | दक्षिण अफ्रिका | ६२५,०५६ | ५३८,६०४ | १४,०२८ | ५ |
| ७ | कोलम्बिया | ६०७,९३८ | ४५०,६२१ | १९,३६४ | १३ |
| ८ | मेक्सिको | ५९५,८४१ | ४१२,५८० | ६४,१५८ | ६ |
| ९ | स्पेन | ४५५,६२१ | अप्राप्त | २९,०११ | ९ |
| १० | चिली | ४०९,९७४ | ३८२,५८४ | ११,२४४ | ८ |
| ११ | अर्जेन्टिना | ४०८,४२६ | २९४,००७ | ८,४५७ | २० |
| १२ | इरान | ३७३,५७० | ३२१,४२१ | २१,४६२ | ११ |
| १३ | संयुक्त अधिराज्य | ३३४,४६७ | अप्राप्त | ४१,४९९ | १० |
| १४ | साउदी अरेबिया | ३१४,८२१ | २८९,६६७ | ३,८७० | १४ |
| १५ | बंगलादेश | ३१०,८२२ | २०१,९०७ | ४,२४८ | १६ |
| १६ | पाकिस्तान | २९५,८४९ | २८०,६८२ | ६,२९४ | १२ |
| १७ | फ्रान्स | २७७,९४३ | ८६,१७७ | ३०,६०६ | १९ |
| १८ | टर्की | २६८,५४६ | २४३,८३९ | ६,३२६ | १७ |
| १९ | इटाली | २६८,२१८ | २०८,५३६ | ३५,४७७ | १५ |
| २० | जर्मनी | २४३,२९५ | २१७,८४२ | ९,३६४ | १८ |
| २१ | इराक | २३१,१७७ | १७२,८८० | ६,९५९ | २१ |
| २२ | फिलिपिन्स | २१७,३९६ | १५७,४०३ | ३,५२० | २७ |
| २३ | इन्डोनेसिया | १७२,०५३ | १२४,१८५ | ७,३४३ | २४ |
| २४ | क्यानाडा | १२७,९४० | ११३,६६४ | ९,११७ | २२ |
| २५ | युक्रेन | ११९,०७४ | ५६,७३४ | २,५२७ | ३४ |
| २६ | कतार | ११८,५७५ | ११५,४३० | १९७ | २३ |
| २७ | बोलिभिया | ११५,९६८ | ५८,४९७ | ४,९६६ | ३२ |
| २८ | इजरायल | ११४,०२० | ९२,७९६ | ९१९ | ३३ |
| २९ | इक्वेडर | ११३,६४८ | १०१,६२० | ६,५५५ | २९ |
| ३० | कजाख्स्तान | १०५,७९५ | ९६,२९७ | १,५२३ | २६ |
| ३१ | मीश्र | ९८,७२७ | ७२,१२० | ५,३९९ | २५ |
| ३२ | डोमिनिकन गणतन्त्र | ९४,२४१ | ६६,७७६ | १,६८१ | ३७ |
| ३३ | पनामा | ९२,०६५ | ६५,७४७ | १,९९५ | ३९ |
| ३४ | रोमानिया | ८६,७८५ | ३७,६६५ | ३,५७८ | ४४ |
| ३५ | ओमान | ८५,५४४ | ८०,४५९ | ६७७ | ३१ |
| ३६ | चीन | ८५,०४८ | ८०,१७७ | ४,६३४ | २८ |
| ३७ | बेल्जीयम | ८५,०४२ | १८,४१५ | ९,८९४ | ३६ |
| ३८ | कुवेत | ८४,६३६ | ७६,६५० | ५३० | ३८ |
| ३९ | स्वीडेन | ८३,९५८ | अप्राप्त | ५,८२१ | ३० |
| ४० | ग्वाटेमाला | ७३,९१२ | ६१,६८१ | २,७४० | ४५ |
| ४१ | बेलारूस | ७१,६८७ | ७०,४५२ | ६७६ | ३५ |
| ४२ | नेडरलान्ड | ७०,१४० | अप्राप्त | ६,२२४ | ४१ |
| ४३ | संयुक्त अरब इमिरेटस | ६९,६९० | ६०,६०० | ३८२ | ४० |
| ४४ | जापान | ६७,२६४ | ५६,१६४ | १,२६४ | ५५ |
| ४५ | पोलान्ड | ६६,८७० | ४६,१९२ | २,०३३ | ४६ |
| ४६ | मोरोक्को | ६१,३९९ | ४६,३५५ | १,१११ | ६२ |
| ४७ | होन्डुरस | ६०,१७४ | १०,२४२ | १,८५८ | ४८ |
| ४८ | पोर्तुगल | ५७,७६८ | ४१,८८५ | १,८१९ | ४३ |
| ४९ | सिंगापुर | ५६,७७१ | ५५,५८६ | २७ | ४२ |
| ५० | नाइजेरिया | ५३,८६५ | ४१,५१३ | १,०१३ | ४७ |
| ५१ | बहराइन | ५१,५७४ | ४८,६५४ | १८९ | ४९ |
| ५२ | इथियोपिया | ५१,१२२ | १८,३८२ | ७९३ | ७३ |
| ५३ | भेनेजुयला | ४५,८६८ | ३७,०९१ | ३८१ | ६७ |
| ५४ | घाना | ४४,२०५ | ४२,७७७ | २७६ | ५३ |
| ५५ | अल्जेरिया | ४४,१४६ | ३०,९७८ | १,५०१ | ५७ |
| ५६ | कीर्गीज्स्तान | ४३,८९८ | ३८,४५९ | १,०५८ | ५२ |
| ५७ | आर्मेनिया | ४३,७५० | ३७,६५० | ८७७ | ५० |
| ५८ | स्वित्जरलान्ड | ४२,०१४ | ३५,८०० | २,००५ | ५४ |
| ५९ | उज्बेकिस्तान | ४१,५२८ | ३८,८१९ | ३१५ | ६१ |
| ६० | कोस्टा रिका | ३९,६९९ | १५,७३७ | ४१८ | ६८ |
| ६१ | नेपाल | ३८,५६१ | २०,८२२ | २२१ | ६४ |
| ६२ | अफगानिस्तान | ३८,१६२ | २९,०८९ | १,४०२ | ५१ |
| ६३ | मोल्डोभा | ३६,७०० | २५,१३९ | ९९२ | ६० |
| ६४ | अजरबैजान | ३६,३०९ | ३३,७०३ | ५३१ | ५६ |
| ६५ | केन्या | ३४,०५७ | १९,६८८ | ५७४ | ६५ |
| ६६ | सर्बिया | ३१,३६५ | २९,९३१ | ७११ | ५९ |
| ६७ | आयरलान्ड | २८,७६० | २३,३६४ | १,७७७ | ५८ |
| ६८ | अस्ट्रिया | २७,१६६ | २३,०७० | ७३३ | ६३ |
| ६९ | अस्ट्रेलिया | २५,७४६ | २१,११६ | ६५२ | ६९ |
| ७० | एल साल्भाडोर | २५,६३५ | १४,०१३ | ७१३ | ७१ |
| ७१ | चेक गणतन्त्र | २४,३६७ | १७,५४७ | ४२३ | ७० |
| ७२ | प्यालेस्टिन | २२,२०४ | १४,७८७ | १५२ | ७७ |
| ७३ | दक्षिण कोरिया | १९,९४७ | १४,९७३ | ३२४ | ७४ |
| ७४ | बोस्निया र हर्जगोभिना | १९,७९३ | १२,९६१ | ५९८ | ७९ |
| ७५ | क्यामरून | १९,१४२ | १७,६५१ | ४११ | ६६ |
| ७६ | आइभोरि कोस्ट | १७,९४८ | १६,५५३ | ११५ | ७२ |
| ७७ | पारागुए | १७,१०५ | ९,१४६ | ३०८ | ९८ |
| ७८ | डेनमार्क | १६,८९१ | १५,११६ | ६२४ | ७५ |
| ७९ | लेबनान | १६,८७० | ४,६९३ | १६० | १०२ |
| ८० | बुल्गेरिया | १६,१९० | ११,३१३ | ६१३ | ७८ |
| ८१ | मडागास्कर | १४,८४३ | १३,८०२ | १९१ | ८१ |
| ८२ | उत्तर मेसेडोनिया | १४,३३० | ११,०६२ | ६०० | ८० |
| ८३ | सेनेगल | १३,५५६ | ९,३८८ | २८४ | ८२ |
| ८४ | लिबिया | १३,४२३ | १,४१० | २३२ | १०७ |
| ८५ | सुडान | १३,१८९ | ६,६१२ | ८२३ | ७६ |
| ८६ | जाम्बिया | १२,०२५ | ११,४५४ | २८७ | ९४ |
| ८७ | नर्वे | १०,६४३ | ९,३४८ | २६४ | ८३ |
| ८८ | ग्रीस | १०,१३४ | ३,८०४ | २६२ | १०१ |
| ८९ | क्रोएसिया | १०,१२३ | ७,२१२ | १८४ | ९७ |
| ९० | प्रजातान्त्रिक गणतन्त्र कंगो | १०,०४५ | ९,१०३ | २५८ | ९९ |
| ९१ | अल्बानिया | ९,३८० | ५,१३९ | २८० | ९५ |
| ९२ | गिनी | ९,३७१ | ८,३८७ | ५९ | ९१ |
| ९३ | मलेसिया | ९,३३४ | ९,०४८ | १२६ | ८४ |
| ९४ | फ्रेन्च गीयाना | ९,०७६ | ८,६२० | ५८ | ८६ |
| ९५ | ताजिकिस्तान | ८,५१६ | ७,३०९ | ६८ | ९० |
| ९६ | ग्याबोन | ८,५०५ | ७,१८७ | ५३ | ८९ |
| ९७ | हैटी | ८,२०९ | ५,८२८ | २०१ | ८८ |
| ९८ | फिन्लान्ड | ८,०७७ | ७,२०० | ३३५ | ८७ |
| ९९ | माल्दिभ्स | ७,६६७ | ५,०३६ | २८ | १०५ |
| १०० | नामिबिया | ७,३६५ | २,९२९ | ७२ | १२५ |
| १०१ | मौरितानिया | ७,०१६ | ६,४३० | १५९ | ९३ |
| १०२ | लक्जम्बर्ग | ६,६७३ | अप्राप्त | १२४ | ९२ |
| १०३ | जिम्बाबे | ६,४१२ | ५,०६१ | १९६ | ११४ |
| १०४ | हङ्गेरी | ५,९६१ | ३,७५९ | ६१४ | १०० |
| १०५ | मलावी | ५,५३६ | ३,१४७ | १७४ | १०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०६ | जिबौटी | ५,३८५ | ५,३१९ | ६० | ९६ |
| १०७ | इक्वेटोरियल गिनी | ४,९४१ | ३,८८४ | ८३ | १०७ |
| १०८ | हङ कङ | ४,८०२ | ४,३२० | ८८ | ११२ |
| १०९ | मोन्टेनेग्रो | ४,७९० | ३,९६३ | ९८ | १११ |
| ११० | केन्द्रीय अफ्रिकी गणतन्त्र | ४,७०० | १,७८४ | ६१ | ९३ |
| १११ | इस्वाटिनी | ४,५६१ | ३,४७८ | ९१ | ११७ |
| ११२ | निकारागुआ | ४,४९४ | २,९१३ | १३७ | १०४ |
| ११३ | र्वान्डा | ४,०२० | १,९१८ | १६ | १२६ |
| ११४ | सुरिनाम | ४,००९ | ३,०७३ | ६७ | १५४ |
| ११५ | कंगो | ३,९७९ | १,७४२ | ७८ | १३३ |
| ११६ | क्युबा | ३,९७३ | ३,३२७ | ९४ | ११६ |
| ११७ | स्लोभाकिया | ३,८७६ | २,२७८ | ३३ | १२१ |
| ११८ | क्याबो भर्ड | ३,८५२ | २,८६७ | ४० | ११९ |
| ११९ | मोजाम्बिक | ३,८२१ | २,१०० | २३ | १३१ |
| १२० | ट्युनिसिया | ३,६८५ | १,५६२ | ७६ | १३५ |
| १२१ | थाइलान्ड | ३,४१२ | ३,२५२ | ५८ | १०६ |
| १२२ | सोमालिया | ३,३१० | २,४८१ | ९८ | १०८ |
| १२३ | मायोत्ते | ३,३०१ | २,९६४ | ४० | ११३ |
| १२४ | श्री लंका | ३,०१२ | २,८६० | १२ | ११५ |
| १२५ | गाम्बिया | २,९६३ | १,०३२ | ९६ | १६९ |
| १२६ | उगान्डा | २,९२८ | १,२८८ | ३० | १४१ |
| १२७ | लिथुआनिया | २,८७४ | १,८३७ | ८६ | १२३ |
| १२८ | स्लोभेनिया | २,८६५ | २,२८३ | १३३ | १२२ |
| १२९ | माली | २,७७३ | २,१६९ | १२६ | ११८ |
| १३० | सिरिया | २,७०३ | ६१४ | १०९ | १५३ |
| १३१ | अंगोला | २,६२४ | १,०६३ | १०७ | १४५ |
| १३२ | दक्षिण सुडान | २,५१९ | १,२९० | ४७ | १२० |
| १३३ | इस्टोनिया | २,३७३ | २,०८८ | ६४ | १२४ |
| १३४ | जमैका | २,३५७ | ८९० | २१ | १५० |
| १३५ | गिनी बिसाउ | २,२०५ | १,१२७ | ३४ | १२७ |
| १३६ | बहामाज | २,१६७ | ७८२ | ५० | १६० |
| १३७ | बेनिन | २,१४५ | १,७३८ | ४० | १२९ |
| १३८ | आइसलान्ड | २,१०५ | १,९९० | १० | १२८ |
| १३९ | सिएरा लियोन | २,०२२ | १,५९४ | ७० | १३० |
| १४० | अरूबा | १,९९७ | ७६५ | १० | १८३ |
| १४१ | जोर्डान | १,९६६ | १,४६८ | १५ | १३८ |
| १४२ | यमन | १,९५३ | १,१२३ | ५६४ | १३२ |
| १४३ | माल्टा | १,८६२ | १,३१३ | १२ | १५२ |
| १४४ | न्यु जीलान्ड | १,७३८ | १,५८५ | २२ | १३४ |
| १४५ | ट्रिनिडाड एन्ड टोबागो | १,६८३ | ६७२ | २१ | १७९ |
| १४६ | रियुनियन | १,६३४ | ८८० | ६ | १५६ |
| १४७ | बोत्स्वाना | १,६३३ | २२४ | ६ | १५१ |
| १४८ | उरूग्वे | १,५८५ | १,३७८ | ४४ | १३६ |
| १४९ | साइप्रस | १,४८७ | ९३५ | २० | १४४ |
| १५० | जर्जीया | १,४६९ | १,२२१ | १९ | १४० |
| १५१ | टोगो | १,३९६ | ९९६ | २७ | १४८ |
| १५२ | लात्भिया | १,३९३ | १,१६३ | ३४ | १३७ |
| १५३ | बुर्किना फासो | १,३५७ | १,०५८ | ५५ | १४३ |
| १५४ | लाइबेरिया | १,३०४ | ८७२ | ८२ | १३९ |
| १५५ | गुयाना | १,२३४ | ६८७ | ३६ | १६३ |
| १५६ | नाइजर | १,१७५ | १,०८५ | ६९ | १४२ |
| १५७ | ग्वाडेलौप | १,१४५ | ३३६ | १६ | १७३ |
| १५८ | अन्डोरा | १,१२४ | ९०२ | ५३ | १४७ |
| १५९ | लेसोथो | १,०८५ | ५२८ | ३१ | १५८ |
| १६० | भियतनाम | १,०४० | ६९५ | ३२ | १६२ |
| १६१ | चाड | १,०१२ | ८७८ | ७७ | १४६ |
| १६२ | बेलिज | ९९३ | ११७ | १३ | १९४ |
| १६३ | साओ टोम एन्ड प्रिन्सिप | ८९६ | ८५१ | १५ | १४९ |
| १६४ | म्यानमार | ७७५ | ३५२ | ६ | १६६ |
| १६५ | डाइमन्ड प्रिन्सेस(पानीजहाज) | ७१२ | ६५१ | १३ | १५४ |
| १६६ | सान मारिनो | ७१० | ६५८ | ४२ | १५५ |
| १६७ | च्यानल टापू | ६२५ | ५४५ | ४८ | १५७ |
| १६८ | मार्टिनक्यू | ५९६ | ९८ | १६ | १७१ |
| १६९ | तान्जानिया | ५०९ | १८३ | २१ | १५९ |
| १७० | टर्क्स एन्ड कैकोस | ५०७ | २०० | ३ | १८६ |
| १७१ | ताइवान | ४८८ | ४६२ | ७ | १६१ |
| १७२ | फ्रेन्च पोलीनेसिया | ४८२ | २०२ | | १९१ |
| १७३ | सिन्ट मार्टेन | ४६३ | १७९ | १७ | १८१ |
| १७४ | पपुआ न्यू गिनी | ४५९ | २३२ | ५ | १९० |
| १७५ | बुरून्डि | ४४५ | ३५७ | १ | १६४ |
| १७६ | कोमोरोस | ४२३ | ३९९ | ७ | १६५ |
| १७७ | फैरोए टापू | ४११ | ३६२ | | १७५ |
| १७८ | मौरिसियस | ३५५ | ३३५ | १० | १६७ |
| १७९ | आइल अफ मान | ३३६ | ३१२ | २४ | १६८ |
| १८० | इरिट्रिया | ३१८ | २८४ | | १७२ |
| १८१ | मंगोलिया | ३०१ | २९५ | | १७० |
| १८२ | जिब्राल्टर | २८५ | २२८ | | १७७ |
| १८३ | कम्बोडिया | २७४ | २६६ | | १७४ |
| १८४ | भुटान | २२४ | १४० | | १८७ |
| १८५ | सेन्ट मार्टिन | २१३ | ७९ | ५ | १९३ |
| १८६ | केमान आइलान्ड | २०५ | २०२ | १ | १७६ |
| १८७ | बार्बाडोस | १७३ | १४५ | ७ | १८५ |
| १८८ | बर्मुडा | १६९ | १५३ | ९ | १७८ |
| १८९ | ब्रुनइ | १४४ | १३९ | ३ | १७३ |
| १९० | सेशेल्स | १३६ | १२७ | | १८४ |
| १९१ | मोनाको | १३१ | ८९ | १ | १८२ |
| १९२ | लिक्टेन्स्टाइन | १०७ | ९७ | १ | १८९ |
| १९३ | एन्टिगुआ एन्ड बर्बुडा | ९४ | ९१ | ३ | १८८ |
| १९४ | कुरासाओ | ६८ | ३५ | १ | १९६ |
| १९५ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ६० | ५७ | | १९२ |
| १९६ | ब्रिटिस भर्जिन टापू | ४७ | ८ | १ | २१२ |
| १९७ | मकाओ | ४६ | ४६ | | १९५ |
| १९८ | फिजी | २८ | २३ | २ | १९७ |
| १९९ | टिमोर लेस्टे | २७ | २५ | | २०० |
| २०० | सेन्ट लुसिया | २६ | २५ | | १९९ |
| २०१ | ग्रेनाडा | २४ | २४ | | १९८ |
| २०२ | न्यू क्यालेडोनिया | २३ | २३ | | २०१ |
| २०३ | लावस | २२ | २१ | | २०२ |
| २०४ | डोमिनिका | २० | १८ | | २०३ |
| २०५ | सेन्ट बार्थ | १८ | १३ | | २१३ |
| २०६ | सेन्ट किट्स एन्ड नेभिस | १७ | १७ | | २०४ |
| २०७ | क्यारिबियन नेडरलान्ड | १५ | ७ | | २०९ |
| २०८ | ग्रीनलान्ड | १४ | १४ | | २०५ |
| २०९ | मोन्टसेराट | १३ | १२ | १ | २०७ |
| २१० | फकलान्ड टापू | १३ | १३ | | २०६ |
| २११ | भेटिकन सिटी | १२ | १२ | | २०८ |
| २१२ | पश्चिमी सहारा | १० | ८ | १ | २१० |
| २१३ | एमएस जान्डाम(पानीजहाज) | ९ | | २ | २११ |
| २१४ | सेन्ट पीरे मिक्वेलोन | ५ | ४ | | २१४ |
| २१५ | अन्विला | ३ | ३ | | २१५ |
| | **जम्मा** | २,५३,९०,७९१ | १,७७,०९,७२९ | ८,५०,६३० | |
| | साउन १५ सम्म जम्मा | १,७१,९३,६५३ | १,०७,०२,०९६ | ६,७०,२६९ | |
| श्रोत | WORLDOMETERE | मिति : २०७७।०५।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ श्रावण २६ गते, सोमवार

### उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना घोला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल | ऐ |

## निर्णयहरू

### कर्मचारी म्याद थप

यस नगरपालिकामा कार्यरत अस्थायी, करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारी कर्मचारीहरू र कामदारहरूमध्ये देहायका कर्मचारीहरूको २०७७ श्रावण मसान्तसम्म मात्र म्याद थप गर्ने र बाँकी कर्मचारीहरू र कामदारहरूको २०७८ साल असार मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।

१. विज्ञ सेवा – श्री सिद्धिरत्न शाक्य
२. विज्ञ सेवा – श्री उद्धव सुजखु
३. स.ओ.सी. – श्री रविन जरेजु (ख्वप अस्पताल)
४. स.ओ.सी. – श्री अनिता गाईजु (सम्पदा शाखा)
५. कामदार – गोपालकृष्ण कोजु (प्रेस उपशाखा)

### जग्गा सट्टापट्टा

जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरबाट मिति २०७७।३।१५ गते च.नं. ३३१९ को पत्रानुसार भनपा वडा नं. १ कि.नं. ३०४ क्षे.फ. ०–४–१–० जग्गा र सो जग्गामा बनेको साढे दुई तले पक्की घर भक्तपुर नगरपालिकालाई हस्तान्तरण गर्ने र त्यस वापत भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको भनपा–९ तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गतको कि.नं. ७४ क्षे.फ. १–१–१–०.१६ जग्गा प्राप्त गर्ने व्यहोरासहित यस नपामा प्राप्त पत्रानुसार दुवै क्षेत्रका जग्गाहरूको हाल कायम भएको सरकारी न्यूनत्तम मूल्यमा मूल्याङ्कन गरी आवश्यक रकम थपघट गरी जग्गा सट्टापट्टा गर्ने निर्णय गरियो ।

### समितिहरूको निर्णयहरू अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०७७।४।७ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :–

१. भक्तपुर नगरपालिकाद्वारा आ.व. २०७६/०७७ मा सम्पादित मुख्य मुख्य कार्यहरूको विवरण पुस्तिकाको रूपमा **'हाम्रो अभ्यास'** पुस्तिका २००० (दुईहजार) प्रति **प्रकाशित गर्ने** निर्णय गरियो । सो पुस्तिकाको मूल्य रु.१००।– (एक सय) कायम गर्ने निर्णय गरियो ।
२. भक्तपुरको प्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धार भई अन्तिम चरणमा पुगिसकेको हुँदा जीर्णोद्धार पश्चात्को प्राविधिक, आर्थिक तथा समिति, उपसमिति र निर्देशक समितिको गतिविधिलगायत प्रकाशित समाचारहरूको विवरण सङ्कलन गरी **'ङातापोल' प्रतिवेदन पुस्तिका प्रकाशन गर्ने** निर्णय गरियो ।
३. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकाससम्बन्धी गतिविधि समेटेर **'शिशु स्याहार सम्बन्धी ब्रोसर'** ३००० (तीन हजार) प्रति प्रकाशित गर्ने निर्णय गरियो ।
४. भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'ख्वप पौ' पाक्षिकमा लेख रचना उपलब्ध गराई सहयोग गर्नु हुने लेखकहरूलाई **लेख रचनाको** स्तर हेरी **पारिश्रमिक प्रदान गर्ने** निर्णय गरियो ।
५. भक्तपुरको प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी

जानकारीमूलक **'डातापोल' डकुमेन्टरी निर्माण** गरी प्रचार प्रसार गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाका गतिविधिहरू सर्वसाधारण जनतामा रेडियो कार्यक्रममार्फत प्रसारण गरी जानकारी गराउने उद्देश्यले भक्तपुर एफ.एम. मार्फत २०७४ चैत्र महिनादेखि साप्ताहिक र २०७५ कार्तिकदेखि हरेक हप्ताको सोमवार साँझ ६:३० बजेदेखि ७:०० बजेसम्म, बुधवार बिहान ७:३० बजेदेखि ८:३० बजेसम्म र शुक्रवार साँझ ५:३० बजेदेखि ६:०० बजेसम्म ख्वप सः (भक्तपुर आवाज) प्रसारण भएकोमा ती कार्यक्रमहरूको रेकडिङ, मिक्सिङ र उत्पादन गर्ने प्राविधिक राजेश हाडाले २०७५ फागुन १ गतेदेखि २०७७ असार मसान्तसम्म एक घण्टे कार्यक्रमको प्रति कार्यक्रम रु.१०००।- र आधा घण्टे कार्यक्रमको प्रति कार्यक्रम रु.५००।- को दरले जम्मा रु.१,१६,०००।- (एक लाख सोह्र हजारमात्र) पारिश्रमिक भुक्तानी पाऊँ भनी निज हाडाले निवेदन दिनु भएकोमा सोही बमोजिम रकम **भुक्तानी** दिने निर्णय गरियो ।

७. यस नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूमा कार्यरत शिक्षिका तथा आया दिदीहरूलाई यही २०७७ असार १८ र १९ गते भ.न.पा. ७ नं. वडा कार्यालयको सभा कक्षमा प्राथमिक उपचारसम्बन्धी दुई दिने **तालिम सम्पन्न** गरेको निर्णय गरियो ।

८. यस भक्तपुर नगरपालिकाको निमन्त्रणामा यस नगरपालिकाको तर्फबाट प्रदर्शित देहाय बमोजिमका सांस्कृतिक विधाहरूलाई देहाय बमोजिम **प्रोत्साहन रकम** (कर कटाएर) प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. देवी प्याखँ- | रु. १५,०००।- (पन्ध्र हजार) |
| २. माक प्याखँ- | रु. १०,०००।- (दश हजार) |
| ३. लाखे प्याखँ- | रु. ८,०००।- (आठ हजार) |
| ४. भैल प्याखँ- | रु. १५,०००।- (पन्ध्र हजार) |
| ५. धाँ/धिमे बाजा -रु.६,०००।- (छ हजार) | |
| ६. बाँसुरी बाजा - | रु.६,०००।- (छ हजार) |

**मिति २०७७।४।२१ गते**

१. भक्तपुर नगपालिकाले प्रकाशन गर्ने पुस्तकहरूको भाषा सम्पादन गर्न नेपाली भाषाका शिक्षक श्री ज्ञानसागर प्रजापतिलाई देहाय बमोजिमको कर बाहेक पारिश्रमिक दिने निर्णय गरियो :

| प्रकाशन | पारिश्रमिक |
|---|---|
| क. स्थानीय पाठ्यक्रम कक्षा-३ | रु.२,०००।- |
| ख. स्थानीय पाठ्यक्रम कक्षा-८ | रु.२,०००।- |
| ग. हाम्रो अभ्यास पुस्तिका | रु.२,०००।- |
| घ. सम्पदा पुन:निर्माण फोटो पुस्तिका | रु.१,०००।- |

२. यस नगरपालिकाद्वारा सञ्चालित **भक्तपुर अफसेट प्रेस**मा न.पा.को आवश्यक सामानहरू मात्र छपाइ भइरहेकोमा बाहिरबाट छपाइको लागि आउने सङ्घ संस्था र व्यक्तिहरूको समेत आवश्यक छपाइ शुल्क लिई छापी दिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाबारे सर्वसाधारण जनतालाई जानकारी दिने उद्देश्यले भक्तपुर एफ.एम.मार्फत हरेक हप्ताको सोमवार बिहान ७:०० बजेदेखि ७:३० बजेसम्म, बुधबार बिहान ७:३० बजेदेखि ८:३० बजेसम्म शुक्रवार साँझ ६:३० बजेदेखि ७:०० बजेसम्म ख्वप सः (भक्तपुर आवाज) कार्यक्रम आ.व. २०७७/०७८ मा पनि निरन्तरता दिने र यसका लागि भक्तपुर एफ.एम.प्रा.लि., राजेश हाडा र कार्यक्रम सञ्चालकहरूसँग सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

४. कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमण न्यूनीकरण गर्न भक्तपुर नगरपालिकाले भए गरेका गतिविधिहरूको सङ्कलन **पुस्तक प्रकाशित गर्ने** निणर्य गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७७।४।२२ गते**

१. फोहोर मैला व्यवस्थापन वैज्ञानिक विधि अपनाउनको लागि आवश्यक जग्गा उपयुक्त स्थानमा **व्यवस्थापन गर्ने** निर्णय गरियो ।

२. पर्यटक सेवा शुल्क सङ्कलन तथा तथ्याङ्क सङ्कलनसम्बन्धी सफ्टवेयर खरिद गर्ने र सो सफ्टवेर सञ्चालन गर्नको लागि कर्मचारीहरूलाई **तालिम सञ्चालन गर्ने** ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## निर्माण समिति

### मिति २०७७।४।२५ गते

| क्र.सं. | योजनाकाविवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | १ देखि १० वडासम्म वृक्षरोपण भएको रूख बिरूवा सुरक्षाकालागिtree guard(जाली) बनाउन | १११० | वातावरण | ४३७,०३४।८४ | | | | | | | | |
| २ | १ देखि १० वडासम्मविभिन्न टोलमाविभिन्न मर्मत (निर्माण सम्बन्धी) गर्ने कार्य | ११० | मर्मत कोष | १,२५४,९२६।४९ | | | | | | | | |
| ३ | श्री इन्द्रायणी द्यःछैं पुनःनिर्माण योजना दोस्रो चरण (पहिलो तलाको दलिनदेखि दोस्रो तलाको दलिनसम्म) | २ | नपा | ९,९८२,३१२।५३ | | | | | | | | |
| ४ | १ देखि १० वडासम्म सडक बत्तीविद्युतीय मर्मत सम्भार कार्य | ११० | मर्मत | १४९,०६२।५० | | | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | क्वाठण्डौदेखि नवदुर्गा द्यःछैंसम्मको बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल | १,०१०,६८१।८० | | ६८०,०००।०० | १५२,०५०।२५ | ९९३,८०५।१७ | १,२४८,८८२।६२ | सम्पन्न | कृष्ण गोपाल लवजू | रू.१६१७५४।९२ पहिलो पेश्की फछ्र्यौट गर्दा भुक्तानीभइसकेको |
| २ | साविक२ नम्बर वडा कार्यालय भवन मर्मत तथा रंग रोगन कार्य | ८ | नपा | ४३५,७५४।९२ | | १४०,०००।०० | २०९,६४१।८३ | ३४९,६४१।८३ | ४१९,४३१।०८ | सम्पन्न | रामप्रसाद खायमली | |
| **म्यादथप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | शहीद स्मृतिपार्क उत्तरबाट भक्तपुर औद्योगिक क्षेत्र गेटसम्मको नवदुर्गा पथपीचकार्य | २ | | | २०७७ आश्विनमसान्तसम्मम्यादथप गर्ने | | | | | | | |
| २ | भोलाछेंपोखरी पुनःनिर्माण कार्य | ६ | | | २०७७ कार्तिक मसान्तसम्मम्यादथप गर्ने | | | | | | | |
| ३ | हनुमानघाटस्थित मुःदिपको उत्तरतर्फको पर्खाल निर्माण तथावातावरण सुधार कार्य | ७ | | | २०७७ भाद्र मसान्तसम्मम्यादथप गर्ने | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगपालिकाद्वारा सञ्चालित देको–मिवा–इतापाके **जग्गा एकीकरण आयोजना** सञ्चालनको लागि आ.व. २०७७/७८ कालागि २५ करोड रुपैयाँ बजेट माग भएकोमा उक्त रकम नगरपालिकाको तर्फबाट उपत्यका नगर विकास प्राधिकरण, नगर विकास कोषलगायत विभिन्न संस्था/कार्यालय/बैंकबाट ऋण प्राप्त गरी देको–मिवा–इतापाके आयोजनाको कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिकाले स्थापना गरेको **भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोष**मा यस नगरपालिकाका सबै जनप्रतिनिधिहरूको तर्फबाट एक पटकको बैठक भत्ता बराबरको रकम जम्मा गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिका अन्तर्गत वडा समितिहरू र नपाबाट गठित विभिन्न समितिहरूको जति पटक बैठक बसे पनि मासिक २ पटकभन्दा नबढ्ने गरी **बैठक भत्ता** उपलब्ध गराउने निर्णय गरियो।

घ. भक्तपुर नगरपालिकाको फोहोर सङ्कलन गर्ने ना २ स ९७९ को इलेक्ट्रिक ट्राइसाइकलको माइकिङ्ग सेट मर्मत गर्दाको रु. ४,५००।– बास इलेक्ट्रोनिक्सलाई **भुक्तानी** दिने निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिकाको फोहोर सङ्कलन गर्ने ट्राइसाइकल को १ स १६७२ मर्मत गर्दाको रु. ७०५०।–, ट्राइसाइकल को १ स १६८७ मर्मत गर्दाको रु. ४६५०।–, ट्राइसाइकल को १ स १६८१ मर्मत गर्दाको रु. १२५०।, ट्राइसाइकल को १ स १६७४ मर्मत गर्दाको रु. १५,१००।– गरी कुल रु.२८,०५०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाबाट सञ्चालित बा ३ च ७१४९ को एम्बुलेन्स गाडीमा पार्टसन गर्दाको रु.१२,१५८।– लक्ष्मीनारायण सुवाललाई **भुक्तानी** दिने निर्णय गरियो।

छ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१४,५८०।– बालकृष्ण खाजाघरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. २४,९७५।– ब्रदर्श क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो।

झ. नपामा फलफूल उपलब्ध गराए वापत रु. ११,२२३।– एच. एच. जुस सेन्टरलाई **भुक्तानी** दिने निर्णय गरियो।

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## सोह्र श्राद्ध औपचारिकतामा सीमित गर्न नगरवासीहरूमा अनुरोध

हाल विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा पनि तीव्र रूपमा बढिरहेको र काठमाडौं उपत्यकालगायत विभिन्न सहरहरूमा दैनिक सयौँको सङ्ख्यामा सङ्क्रमितहरू बढिरहेको तथा भक्तपुर नगर क्षेत्रमा समेत ८० जनाभन्दा बढी सङ्क्रमित भइसकेको र यस नगरपालिका क्षेत्रको एकजना सङ्क्रमितको मृत्युसमेत भइसकेको एवम् अस्पताल र आइसोलेसन केन्द्रको अभावमा सङ्क्रमित नगरवासीहरू होम आइसोलेसनमै बसेर उपचार गरिरहेको वर्तमान विषम् परिस्थितिमा यो रोग समुदायस्तरसम्म फैलिसकेको हुँदा मिति २०७७ भाद्र १७ गतेदेखि सुरु हुने सोह्र श्राद्ध औपचारिकतामा सीमित गरी मनाउनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ।

**ईन्जिनियरिङ कलेजमा**

# भक्तपुर काण्डको भर्त्सना कार्यक्रम

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले २०४५ साल भदौ ९ गते राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्डको भर्त्सना कार्यक्रम ख्वप ईन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भाद्र १८ गते भयो ।



कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर काण्ड निरङ्कुश पञ्चायती शासकहरूले नेपाल मजदुर किसान सङ्गठनलाई समूल नष्ट गर्ने उद्देश्यले रचिएको षड्यन्त्र भएको उल्लेख गर्नुहुँदै जुनसुकै बेला यस्ता षड्यन्त्रहरू हुन सक्ने हुँदा सधैँ सचेत भएर बस्नु पर्ने बताउनुभयो ।

हाम्रो टोल समाजमा अपराधिक मानसिकताका व्यक्तिहरूको उपस्थिति रहेको बताउनुहुँदै बिना कारण कसैले विरोध गर्दैनन् र उनीहरू आफ्नो अपराध लुकाउन तथा समाजलाई विगार्न हाम्रो टोल छिमेकमा सकृय रहेको प्रमुख अतिथि बिजुक्छेँले बताउनुभयो ।

पञ्चायती शासनमा राजा वर्गीय रूपमा सामन्ती हुनु स्वभाविक भएको अन्तर्राष्ट्रिय प्रसङ्ग जोड्नुहुँदै उहाँले अहिले पनि त्यस्ता प्रतिक्रियावादीहरू षड्यन्त्रमा लागिरहने हुँदा हामी देश र जनताको सेवामा लाग्नेहरू कुनै पनि अवस्थामा विचलित हुन नहुने तथा सङ्कटमा साथ दिनेमात्रै सच्चा मित्र हुने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई भक्तपुर काण्डबाट शिक्षा दिई यस्ता षड्यन्त्रलाई रोक्न एकजुट हुनका लागि टोल-टोलमा नयाँ पुस्ता र अभिभावकहरूलाई सचेत पार्नुपर्नेमा जोड दिनुहुँदै 'समाज निर्माणको निम्ति नयाँ पुस्तालाई राजनैतिक रूपमा सचेत पार्नु नितान्त आवश्यक छ' भन्नुभयो ।

कलेज सञ्चालक समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिले २०४५ सालको भूकम्पबाट भक्तपुर अति प्रभावित भएको र सोही विपत्तिलाई पञ्चहरूले नेमकिपालाई समूल नष्ट गर्ने अवसरको रूपमा प्रयोग गर्न खोजेको उल्लेख गर्नुहुँदै जनतालाई धोका र विश्वासघात गर्नेहरूको अन्त्य सुखद नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले पञ्चायतकालमा 'पञ्चायत' मासिकमार्फत क्रान्तिकारी साहित्यको प्रकाशनलगायतका विविध गतिविधि सञ्चालन गर्नु र पार्टीले देश र समाजको सेवा गर्नुलाई पञ्चहरूले अपराधको रूपमा लिएर सुनियोजित ढङ्गले भक्तपुर काण्ड घटाइएको बताउनुभयो । उहाँले ६७ जना कार्यकर्ताहरूलाई ज्यान मुद्दा लगाइएको र नेमकिपाकै कार्यकर्ताहरूलाई प्रलोभन र डर धम्की दिई पंचायतको समर्थन गर्न बाध्य पारिएको सो समयमा पार्टीलाई धोखा दिने वा आत्मसमर्पण गर्नेहरूले आज पनि नेमकिपाका कार्यकर्ताहरूसित आँखा जुधाएर कुरा गर्न नसकेको बताउनुभयो ।

अध्यक्ष प्रजापतिले विदेशी दलाल पार्टीहरूले कहिल्यै पनि देशको भलो नगर्ने उल्लेख गर्नुहुँदै शासक दलका सबै पार्टीहरू निजीकरणको पक्षमा लागेको हुँदा निजीकरणको पक्ष लिनेहरू कम्युनिष्ट नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले स्वास्थ्य र शिक्षा क्षेत्रमा बढी लगानी गरिरहेको बताउनुहुँदै उहाँले स्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि ख्वप अस्पताल निर्माण गरिरहेको उल्लेख गर्नुभयो । ख्वप विश्वविद्यालयलाई सम्बन्धन नदिनुमा नेमकिपाले देश र समाजलाई अगाडि बढाउन गरिरहेको प्रयास प्रति शासक दलको असन्तुष्टि प्रमुख कारण हो भन्नुभयो । उहाँले नवपञ्चहरू नेमकिपालाई सिध्याउने षड्यन्त्रमा लागिरहेको तर सबै सचेत कार्यकर्ताहरू एकजुट भएका कारण त्यस्ता दुष्प्रयास कहिल्यै पूरा हुन नदिनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले भक्तपुर काण्डसम्बन्धी लेख रचना, प्रकाशनहरू लगायत अग्रजहरूको अनुभवबाट धेरै कुरा सिक्न सकिने भएकोले अध्ययनमा जोड दिन सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरूलाई उत्प्रेरित गर्नुहुँदै यस्ता षडयन्त्रकारी घटनाहरू दोहोरिन नदिन सबै प्राज्ञिक व्यक्तित्वहरू सजग हुनुपर्नेमा जोड दिनुभयो ।

कलेज सञ्चालक समितिका पदाधिकारीहरू, कलेजमा कार्यरत प्राध्यापक र कर्मचारीबीच जुममार्फत सम्पन्न प्रवचनमा प्रा.डा. राजुभाइ त्यातले भक्तपुर काण्डबारे संक्षिप्त प्रस्तुति राख्नुभयो भने भक्तपुर काण्डको घटनाबारे ख्वप ई. कलेजका प्राचार्य सुजन माक, शिक्षकहरू डा. सुवेगमान बिजुक्छेँ तथा शिक्षिका शोभालक्ष्मी गोसाईले आ-आफ्नो अनुभव सुनाउनु भएको थियो ।

# भक्तपुर काण्ड पञ्चायतले योजनाबद्ध तरिकाले रचेको षड्यन्त्र

'अहिलेसम्म भारतले हाम्रो खुट्टा बाँधेको छ । यदि एमसीसी पास भएमा अमेरिकाले पनि हाम्रो खुट्टा बाँध्नेछ, दुवैले तान्दा नेपालको हविगत नाजुक हुनेछ ।'



उक्त कुरा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिद्वारा भाद्र ११ गते आयोजित राज्यस्तरबाट रचित भक्तपुर काण्ड विषयक अनलाइन प्रवचन कार्यक्रममा बताउनु भएको हो ।

अध्यक्ष बिजुक्छेँ (रोहित)ले भक्तपुर काण्डमा पञ्चायतले योजनाबद्ध तरिकाले षड्यन्त्र रचेको बताउनुहुँदै सर्जमिन एकतर्फी गरिएको र जिल्ला अदालतमा मुद्दा नगरी विशेष अदालतमा गरिनु संविधान र ऐनकानून विपरित भएको बताउनुभयो ।

उहाँले पञ्चायतले नेमकिपाका नेता–कार्यकर्ताहरूलाई युद्धबन्दीको जस्तो दुर्व्यवहार गरेको बताउनुहुँदै तत्कालीन प्रम, मन्त्रीलगायतका उच्च पदस्थहरूले नै 'रोहितलाई फाँसी दे' भन्दै जुलुसमा नारा लगाउनु भर्त्सनायोग्य भएको बताउनुभयो ।

उहाँले नेमकिपाले देश र जनताको नि:स्वार्थ सेवा गरेको कारण त्यसलाई रोक्ने उद्देश्य लिएर षड्यन्त्र गरेको बताउनुहुँदै कम्युनिष्ट पार्टीविरुद्ध बेलायत, फ्रान्स, रुस, जर्मनी, अमेरिकालगायतका देशहरूमा पनि षड्यन्त्र भएको प्रष्ट्याउनु भयो ।

अध्यक्ष बिजुक्छेँले नेपालको सिमाना खुल्ला भएकाले विदेशी जासुसहरू र पञ्चहरू नेपालका प्रमुख दलहरूमा भएको कारण शासक दलहरूले देश र जनताको सुरक्षा र सेवा गर्न नसक्ने औँल्याउनुभयो ।

उहाँले विदेशीको सहयोगमा नभई जनताको सहयोगमा क्रान्ति गर्नुपर्ने बताउनुहुँदै माओवादी पार्टीले नेपालमा गरेको उपद्रवले नराम्रो परिणाम ल्याउने औँल्याउनुभयो ।

नेपालमा बिग्रेको मल आयात गर्ने मन्त्रीहरूलाई फाँसी दिनुपर्ने बताउनुहुँदै उहाँले ठेक्का पट्टा र गुन्डागर्दीबाट युवा–विद्यार्थीलाई टाढा राख्नुपर्ने र स्वयम्सेवक भई काम गर्न जोड दिनुभयो ।

उहाँले युवा–विद्यार्थीहरू पद–पैसाको निम्ति नभई देश र जनताको सेवा गर्नको लागि राजनीतिमा लाग्नुपर्ने बताउनुहुँदै २२ हजारभन्दा बढी नेपालका सरकारी कर्मचारीहरू भारतको पनि तलब लिएर देशघाती कार्य गरिरहेकोमा विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।


नेक्राविसंघ केन्द्रीय सदस्य सरजु फसिकवाले भक्तपुर काण्डको घटनाक्रम र नेमकिपाको सङ्घर्षबारे प्रस्तुती दिनुभएको थियो ।

आयोजक समितिका अध्यक्ष सबिन ख्याजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका उपाध्यक्ष प्रकाश गुरुङ र सदस्य मिलन गणेजूले पनि बोल्नुभएको थियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भक्तपुर नपामा भक्तपुर काण्डको भत्सर्ना

भक्तपुर नगरपालिकाको आयोजनामा पंचायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्डको भत्सर्ना कार्यक्रम जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीबीच जुममार्फत भाद्र १३ गते भयो ।




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले प्रमुख अतिथिको आशनबाट पञ्चायती राज्य स्तरबाट रचिएको भक्तपुर काण्डको स्मरण गर्नुहुँदै निरङ्कुश पञ्चायती शासनको अन्त्य हुनुमा भक्तपुर काण्ड एक कारक रहेको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर काण्ड वर्गीय दमन भएको बताउनुहुँदै भक्तपुर काण्डमा शोकलाई शक्तिमा परिणत गर्न विशेषगरी महिला दिदीबहिनीहरूको उत्प्रेरणा उल्लेखनीय रहेको स्मरण गर्नुभयो ।

जस्तोसुकै सङ्कटलाई सामना गर्न भक्तपुर काण्डले सिकाएको उल्लेख गर्नुहुँदै सांसद सुवालले शत्रुको अगाडि नझुकी अन्तिम दमसम्म लड्नुपर्ने बताउनुभयो । पञ्चायती शासनमा खानेपानीमा बेइमानी गरेको स्मरण गर्नुहुँदै आगामी दिनमा प्रतिक्रियावादीहरूको षड्यन्त्रमा समेत देश र जनताको सेवा लाग्नेहरू विचलित हुन नहुने र सङ्कटमा साथ दिने सच्चा मित्र हुने उहाँले बताउनुभयो ।

उहाँले पञ्चायती शासन र अहिलेको पूँजीवादी शासनमा फरक नरहेको जिकिर गर्नुहुँदै नयाँ पुस्तालाई भक्तपुर काण्डको शिक्षाबारे बताउनुपर्ने र समाज निर्माणको निम्ति नयाँ पुस्ताहरू राजनैतिक रूपमा सचेत बनाउनु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पञ्चायती व्यवस्थाले नेपाल मजदुर किसान पार्टीलाई परास्त गर्न प्रतिक्रियावादीहरूले ठूलो षड्यन्त्र रचेको दिनको स्मरण गर्नुहुँदै सत्यको पक्षमा उभिने ज्ञान भक्तपुर काण्डले सिकाएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर काण्डले भक्तपुरको मुहार फेर्नको लागि अवसरको रूपमा लिई अहिलेको अवस्थामा शिक्षा, संस्कृति र सम्पदा संरक्षणमा महत्त्वपूर्ण योगदान गर्न नेमकिपा सफल रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर काण्डको समयमा भक्तपुर नपाका कर्मचारीहरूमाथि ज्यादती भएको स्मरण गर्नुहुँदै भक्तपुर काण्डपश्चात देशैभरिका नेमकिपाका कार्यकर्तालाई बिगार्ने र लोभमा फसाउने कार्य भएको स्मरण गर्नुभयो ।



कार्यक्रममा भक्तपुर काण्डको बेलामा आफ्नो भोगाईका बारेमा भनपा–९ का वडाध्क्ष रबिन्द्र ज्याख्व, भनपाका कार्यपालिका सदस्य रोशनमैंया सुवाल, वडा नं. ५ का वडा सदस्य गोविन्द दुवाल, वडा नं. ८ का वडा सदस्य पञ्चमाया दुवाललगायतले अनुभव सुनाउनु भएको थियो ।

(तस्बिर : भक्तपुर खबर डटकमबाट)

## सच्याउनु होस्

**'भक्तपुर'** को सङ्ख्या २८४ (वर्ष ३७, विशेष साउन अङ्क) को पृष्ठ १४ को अनुसूची १ को क्रसं २ मा **'नगर कार्यपालिकाको पूँजीगत खर्च ७०,३३,११,०००।-'** र त्यसकै जम्मा **'७५,३३,११,०००।-'**, **'वित्तीय व्यवस्थाको जम्मा ४४००००००।-'** हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनु हुन अनुरोध छ ।

**'भक्तपुर'**

कोभिड १९ रोकथाम, नियन्त्रण र व्यवस्थापनबारे

# स्वयम्सेवकहरूबीच अभिमुखीकरण कार्यक्रम

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको अध्यक्षतामा कोभिड १९ को सङ्क्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनबारे स्वयम्सेवकहरूलाई अभिमुखीकरण कार्यक्रम भदौ १८ गते सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले कोभिड १९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि भक्तपुर नगरपालिकाबाट भएका गतिविधिहरूबारे प्रष्ट पार्नुहुँदै रोगको सङ्क्रमण समुदायस्तरसम्म




फैलिन नदिन नगर प्रवेश गर्ने मुख्य नाकामा विवरण सङ्कलन र आवश्यक निगरानीको लागि नगरपालिकाका कर्मचारीहरू खटिरहेका छन् भन्नुभयो ।

भक्तपुर नगरपालिकाले सङ्क्रमणको जोखिम न्यूनीकरणका लागि सबै वडाहरूमा स्वयम्सेवक परिचालन गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाका सफाइ कर्मचारीहरू नगरको सरसफाइमा निरन्तर लागिरहेको बताउनुभयो । उहाँले कोभिड १९ सङ्क्रमित, परिवार र वडाबासीहरूको मनोबल बढाउने ढङ्गले स्वयम्सेवकहरू परिचालन हुन मार्गनिर्देशन गर्नुहुँदै कोभिडको विषम् परिस्थितिमा सबै सजग रहन अनुरोध गर्नुभयो ।

भक्तपुर जिल्ला सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी शिवप्रसाद पौडेलले नेपाल सरकारले सञ्चालनमा ल्याएको खरिपाटीस्थित क्वारेन्टाइनलाई आइसोलेसनको रूपमा परिणत गरेको बताउनुहुँदै नेपाली सेनाले नगरपालिकास्तरीय क्वारेन्टाइन सञ्चालन, विदेशबाट आउनेहरूलाई सहजीकरण, आइसोलेसन कक्षमा सुरक्षा व्यवस्थापन र कोभिड १९ का कारण मृत्यु हुनेहरूको शव व्यवस्थापनमा आवश्यक पहल गरिरहेको बताउनुभयो । उहाँले स्वयम्सेवकहरूले कोरोना भाइरस सङ्क्रमित परिवार र समुदायका व्यक्तिहरूको मनोबल बढाउने र जनचेतना जगाउनेलगायतका कार्यहरूमा सरिक भई समाजलाई सुरक्षित बनाउन आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक तारादेवी थापाले कोभिड १९ बाट सुरक्षाकर्मी र स्वास्थ्यकर्मी पनि सङ्क्रमित बनिरहेको समयमा स्वयम्सेवकहरूले आफूहरू सुरक्षित रही जनस्तरमा यो रोगको जोखिम र नियन्त्रणका उपायहरूबारे सचेतना कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरका इन्चार्ज डा. रत्नसुन्दर लासिवाले कोरोना सङ्क्रमितहरूलाई गरिने सामाजिक विभेदले समुदायमा नै नकारात्मक असर पुऱ्याउनेतर्फ सजग रहनुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकामा कोभिड १९ सङ्क्रमण भएका तथा सो व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरूको पीसीआर परीक्षणको विवरण प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि कोभिड सङ्क्रमित व्यक्ति र परिवारको मनोबल बढाउन स्वयम्सेवकहरूले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं । शारीरिक दूरी कायम गरौं ।**

# सम्पदा पुन:निर्माणमा समुदायको सहभागिता प्रभावकारी

संस्कृतिविद् एवम् सम्पदा क्षेत्रका अनुसन्धाताले पाँच वर्षअघिको भूकम्पले क्षतिग्रस्त सम्पदा पुनः निर्माणमा समुदायको सहभागिता प्रभावकारी बन्दै गएको बताउनुभएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आयोजना गरेको राष्ट्रिय परिसंवादको तेस्रो दिन (भाद्र १० गते) सांस्कृतिक सम्पदा एवं सम्पदा बस्तीको पुन:निर्माणमाथिको छलफलको क्रममा वरिष्ठ सम्पदाविद् सुदर्शनराज तिवारीले सम्पदा पुन:निर्माणमा समुदायको सहभागिताले स्वस्थ अभ्यास स्थापित हुने बताउनुभयो।

भक्तपुरका ङातापोल, भैरवनाथ र वत्सला गरी तीनवटा मन्दिरको पुनः निर्माण एवं जीर्णोद्धारको तुलनात्मक अध्ययन गर्नुभएकी शोधार्थी एवं भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी श्रेष्ठले समुदायको सहभागिता हुँदा प्रविधिको हस्तान्तरण हुनुका साथै स्वयम्सेवाको भावना जागृत भएको पाइएको उल्लेख गर्नुभयो।

डा. रोहित जिज्ञासुले भूकम्पका कारण क्षति पुगेका सम्पदाको पुन:निर्माण उपभोक्ता समितिको सहभागितामा सफल देखिएको धारणा राख्नुभयो। सम्पदा पुन:निर्माण गर्दा प्राचीन शैली, सामग्री र प्रविधिको प्रयोग गरिरहँदा त्यसलाई भूकम्प प्रतिरोधी बनाउनतिर पर्याप्त ध्यान दिइनुपर्ने उहाँको भनाइ थियो।

सांस्कृतिक सम्पदा पुन:निर्माणको विषयमा कार्यपत्र प्रस्तुत गर्दै शोधकर्ताहरूले समुदायको सहभागिता एवं सक्रियताले प्रभावकारी हुनाका साथै अपनत्व महसुस गरेको पाइएकामा जोड दिनुभएको थियो।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले उपभोक्ता समितिमार्फत सम्पदा पुन:निर्माण गर्दा राम्रो परिणाम आएको बताउनुहुँदै त्यसमा समुदायको सहभागिता र आर्थिक पारदर्शिता कायम गर्नमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

परिसंवाद कार्यक्रममा सम्पदा पुन:निर्माणमा समुदायको सहभागिताका विभिन्न पक्षमा मनोज सुजी, रीजा जोशी, रुपेश श्रेष्ठ र डा.सविन निङ्लेखुले पनि आफ्नो अध्ययनका निष्कर्ष प्रस्तुत गर्नुभएको थियो। उपभोक्ता समितिमार्फत काम गराउँदा कम खर्चमा काम भएको, पारदर्शिता कायम भएको, गुणस्तरीय काम भएको र स्वामित्वको भावना जागृत भएको निष्कर्ष उहाँहरूले उल्लेख गर्नुभएको थियो।

परिसंवादको दोस्रो सत्रमा ऐतिहासिक सम्पदा बस्तीको पुन:निर्माणमाथि अध्ययन गर्नुभएका विपुल रावल, सूर्यभक्त साँगाछैं, अदिति ढकाल, डा. पुनम राज्यलक्ष्मी राना, मनोहर राजभण्डारी र रविना शिल्पकारले आफ्नो शोधका निष्कर्ष एवं सुझाव प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रमको तेस्रो सत्रमा भूकम्पप्रभावितको जीविकोपार्जन एवं आर्थिक विकासमाथि छलफल भयो। डा. मीनबहादुर पौडेल क्षेत्री, डा. सुरोज पोखरेल र डा. निर्मलकुमार राउतले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शङ्कर शर्मा र क्यानाडाका विज्ञ डा. नाइजल फिसरले टिप्पणी गर्नुभएको थियो।

# परीक्षा नतिजा निकाल्दा बेथिति हटाउनु पर्ने

राष्ट्रिय परीक्षा बोर्डको आयोजनामा कक्षा १२ को परीक्षा वैकल्पिक स्वरुपका सम्बन्धमा विद्यार्थी सङ्गठन, प्याब्सन, एनप्याब्सन, अभिभावक सङ्घलगायतसँग एक छलफल कार्यक्रम भाद्र ४ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्याथी सङ्घका केन्द्रीय अध्यक्ष सबिन ख्याजूले कक्षा १२ को परीक्षालाई कक्षा ११, त्रैमासिक परीक्षाहरु, ओपन बुक परीक्षा, एसाइन्मेन्ट, अनलाइन परीक्षा आदिलाई आधार बनाएर परीक्षा सञ्चालन गर्नुपर्ने बताउनुहुँदै नतिजा निकाल्दा बेथिति हटाउनु पर्ने र गलत मूल्याङ्कनको छानबिन गर्नुपर्ने बताउनुभयो।

उहाँले विद्यार्थीको पठनपाठन र परीक्षाहरुको लागि डाटा प्याकेज नि:शुल्क उपलब्ध गराउनुपर्ने औँल्याउनुहुँदै शिक्षामा बजेट घटाउनु लाजमर्दो भएको बताउनुभयो।

अध्यक्ष ख्याजूले नेपालमा कोरोना आउनुभन्दा अगाडि कोरोना फैलिएका युरोपियन देशहरुमा कार्यरत नेपालका राजदूतहरुले उचित सुझाव पहिले नै दिएको भए नेपालमा समयमै सम्पूर्ण परीक्षाहरु सञ्चालन गर्न सकिने बताउनुहुँदै नेपालको कुटनैतिक निकाय असफल भएको उदाहरण बनेको बताउनुभयो।

नेपाल भारत खुल्ला सीमाका कारण नेपालमा कोरोना सङ्क्रमित बढेकोले सीमा बन्द गर्नुपर्दछ, उहाँले बताउनुभयो।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष चन्द्रमणि पौडेलले परीक्षा सञ्चालनको अहिलेसम्मको तयारीबारे बताउनुभयो। बोर्डका कृष्णप्रसाद शर्माको अध्यक्षतामा भएको सो कार्यक्रममा प्याब्सनका टिकाराम पुरी, एनप्याब्सनका रितुराज सापकोटा, शिक्षक महासङ्घका बाबुराम थापा, अभिभावक महासङ्घका धर्म देवकोटा, नेविसङ्घका युवराज पाण्डे, अखिल क्रान्तिकारीका हरि गजुरेललगायतले पनि परीक्षा सञ्चालन विधिबारे आ-आफ्नो धारण राख्नुभएको थियो।

# भक्तपुरमा अत्यावश्यक बाहेकका सबै सेवा बन्द

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्र (Crisis Management Centre) को बैठक भाद्र ३ गते बस्यो ।



बैठकमा प्रमुख प्रजापतिले कोभिड–१९ रोगको सङ्क्रमणको जोखिम न्यूनीकरणका लागि नगरपालिकाले गरिरहेको क्वारेन्टाइन व्यवस्थापनबारे जानकारी दिनुहुँदै निषेधाज्ञालाई प्रभावकारी कार्यान्वयनको लागि आवश्यकताअनुसार स्वयम्सेवक परिचालन गरिने बताउनुभयो ।

बैठकमा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भक्तपुर नगरपालिकाले स्वयम्सेवक खटाई विगतमा लकडाउनको समयमा उचित व्यवस्थापन गरेको बताउनुहुँदै निषेधाज्ञाको बेला अत्यावश्यक सेवा ऐन, २०१४ मा लेखिएको बाहेकका अन्य कुनै पनि सेवामा छुट नहुने उल्लेख गर्नुभयो ।

बैठकले कोभिड–१९ सङ्क्रमण दिनहुँ बढिरहेको र काठमाडौं उपत्यकासँगै भक्तपुर जिल्लामा पनि सङ्क्रमण बढेकोले दैनिक रूपमा माइकिङ्ग गरी जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको निषेधाज्ञाको पूर्ण पालनाको लागि सर्वसाधारण जनतालाई जानकारी दिने र निषेधाज्ञालाई प्रभावकारी कार्यान्वयन गराउन नगरका मुख्य सडक, चोक, गल्लीमा सुरक्षा निकायको परिचालनसँगै आवश्यकताअनुसार स्वयम्सेवकहरू परिचालन गरी सर्वसाधारण जनतालाई निरन्तर सचेत गरिरहने निर्णय गऱ्यो ।

# लोकप्रिय कवि घिमिरेको निधन

***'गाउँछ गीत नेपाली.....',***
***'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे...'***

जस्ता गीतका श्रष्टा लोकप्रिय कविवर माधवप्रसाद घिमिरेको भाद्र २ गते साँझ लैनचौरस्थित निवासमा १०१ वर्षको उमेरमा निधन भयो ।

लमजुङको पुस्तुनमा विसं १९७६ असोज ७ गते पिता गौरीशंकर र माता द्रौपदीका कोखबाट जेठो सन्तानका रूपमा जन्मिएका घिमिरेलाई २०६० मा राष्ट्रकवि, २०७२ सालमा त्रिभुवन विश्वविद्यालयबाट महाविद्यावारिधी र २०७४ सालमा नेपाली सेनाबाट मानार्थ सहायक रथीको उपाधिलगायत विभिन्न राष्ट्रिय सम्मान र पुरस्कार प्रदान गरिएको थियो ।

उहाँका 'गौरी' शोककाव्य,'नवमञ्जरी', 'घामपानी', 'नयाँ नेपाल', 'किन्नरकिन्नरी' आदि कविता सङ्ग्रह र अन्य दर्जनौं काव्य, गीतिनाटक, कथा, यात्रा संस्मरण र अनुवाद प्रकाशित छन् । 'ऋतम्भरा' महाकाव्य प्रकाशनको तयारीमा रहेको बताइएको छ ।



उहाँको भाद्र ३ गते पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरियो । दाहसंस्कारअघि सेना र सशस्त्रको टुकडीले सलामी अर्पण गरेको थियो । उहाँका श्रीमती, दुई छोरा र ६ छोरी हुनुहुन्छ ।

देशभक्तिदेखि प्रकृति वर्णनसम्म, बालबालिकाले गुनगुनाउने कवितादेखि जीवनका विविध भाव र भावना अभिव्यक्त गर्ने कवि घिमिरेमा हार्दिक श्रद्धाञ्जली ।

# भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा निगरानीको लागि कर्मचारीहरू खटाइयो

महामारीको रूपमा फैलिएको कोभिड १९ रोगका सङ्क्रमितहरू समुदायस्तरमै फैलिँदै गएको अवस्थालाई मध्यनजर गर्दै भक्तपुर नगर प्रवेश मुख्य नाकाहरूमा नगर प्रवेश गर्नेहरूको विवरण सङ्कलन र आवश्यक निगरानीको लागि भदौ १ गतेदेखि नगरपालिकाका कर्मचारीहरू खटाउने भएको छ । नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपा पर्यटक सेवा केन्द्रका कर्मचारीहरूबीच साउन ३२ गते बसेको बैठकले नगर प्रवेश गर्ने नाकाहरूमा विशेष सावधानीका साथ नगर प्रवेश गर्नेहरूको विवरण सङ्कलन र आवश्यक निगरानी गर्ने निर्णय गऱ्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिले संसारका ठूला र शक्तिशाली देशहरू समेत कोरोनाको महामारी नियन्त्रण गर्न असफल भइरहेको विषम् परिस्थितिमा नेपालमा 'महामारी फैलिन' अघि नै समाजलाई जोगाउन सचेतना कार्यक्रम र व्यक्तिगत सुरक्षा अपनाई यो रोगको सङ्क्रमणबाट जोगिन आवश्यक भएको बताउनुभयो ।

कोभिड १९ रोगको सङ्क्रमण नियन्त्रणको लागि भक्तपुर नगरपालिकाले नगर प्रवेश गर्ने मुख्य मुख्य नाकाहरूमा कडाइका साथ निगरानी गर्न र आवश्यक सतर्कता अपनाउने कार्यहरू गर्नको लागि भदौ १ गतेबाट नगरपालिकाका कर्मचारीहरू ती क्षेत्रहरूमा परिचालन हुने बताउनुहुँदै नागरिकहरूको जीवन रक्षाको निम्ति सबै किसिमका उपायहरू अपनाउनुको विकल्प नरहेको बताउनुभयो । उहाँले कोरोना सङ्क्रमण समुदाय स्तरमा फैलिन नदिन कर्मचारीहरूलाई इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुभयो ।

कोभिड १९ को महामारी नियन्त्रणमा समाजवादी देश र पूँजीवादी देशबीच भिन्न–भिन्न अनुभव रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले समाजवादी देशहरूमा सरकारको जनताप्रतिको



जिम्मेवारीबोधका कारण कोभिड १९ को सङ्क्रमण नियन्त्रण गर्नमा सफलता प्राप्त गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले कोभिड १९ कारण देशमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा असर पुगेको र विषम् समयमा जनप्रतिनिधि र कर्मचारीहरूले समुदायमा कोरोना सङ्क्रमण फैलिन नदिन सक्रियतापूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो ।

वडाध्यक्ष रबिन्द्र ज्याख्वले कोरोना सङ्क्रमितहरूको व्यवस्थापनको लागि आवश्यक आइसोलेसन कक्षको जिम्मा सरकारले लिनुपर्ने भन्नुहुँदै नजिकिँदै गरेको पञ्चदान पर्व र कुशे औंसी सुरक्षित ढङ्गले मनाउनको निम्ति जनतालाई सचेत पार्नुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र पर्यटक सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा सल्लाघारी–नगरकोट सडक, कासान पुल, वन्ती, यातुमहादेव स्थान, शारदा क्याम्पस, गोसँ पुल, नाला सडक, थुसाचा, हनुमानघाट, भेलुखेल, राममन्दिर, बाराही र दूधपाटी रहेको छ ।

# काठमाडौं उपत्यकामा निषेधाज्ञा

उपत्यकामा कोरोना सङ्क्रमितहरूको सङ्ख्या बढ्न थालेपछि अत्यावश्यक बाहेकका सबै सेवा बन्द रहने गरी भाद्र ४ गते बुधवार विहान १२ बजेदेखि १० गते मंगलवार राती १२ बजेसम्म एक साताका लागि निषेधाज्ञा जारी गरेको छ ।

काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुख सम्मिलित बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

यस्तै, बैठकले १० हजार सङ्ख्यामा आइसोलेसन बेड विस्तार गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । सङ्क्रमितहरूलाई घर–घरबाट निकालेर आइसोलेसनमा राख्नुपर्ने भएकाले सो सङ्ख्यामा आइसोलेसन विस्तार गर्न माग गरिएको हो ।

बैठकले उपत्यकाको काठमाडौं महानगरमा कम्तिमा १५ ओटा र अन्य नगरपालिकाका लागि दुई दुई ओटा कोभिड एम्बुलेन्स बढाउन माग गर्ने निर्णय गरेको छ ।

यसैगरी, क्वारेन्टिन विस्तार नहुन्जेल विदेशबाट हुने चार्टर्ड उडान नगर्न सरकारसँग माग गरिएको छ ।

**निषेधाज्ञा थपियो**

काठमाडौं उपत्यकामा जारी निषेधाज्ञा भाद्र १७ गते मध्यरात सम्म थपिएको छ । काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका पमुख जिल्ला अधिकारीहरूको भाद्र १० गते बसेको बैठकले उक्त निर्णय गरेको हो ।

देशका सातवटै प्रदेशमा गरी ५० जिल्लामा आंशिक र पूर्ण निषेधाज्ञा जारी भइरहेको समाचार प्रकाशमा आएको छ ।

**फेरि निषेधाज्ञा थपियो**

काठमाडौं उपत्यकामा निषेधाज्ञाको अवधि भाद्र २४ गते मध्यरातसम्म थपिएको छ । गृह मन्त्रालयसँगको परामर्शमा उपत्यकाको तीन जिल्ला (काठमाडौं, भक्तपुर र ललितपुर) का प्रमुख जिल्ला अधिकारीसहितको भाद्र १७ गते बसेको बैठकले केही सेवालाई सहजीकरण गर्दै अर्को एक साताका लागि अत्यावश्यक र तोकिए बाहेकका गतिविधि रोक्ने गरी निषेधको आदेश जारी गरेको छ ।

**ख्वप बहु-प्राविधिकमा अनलाइन अन्तरक्रिया**

# सरकारले जिम्मेवारी बहन नगर्दा जनताले दुःख पायो

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले जनताबाट चुनिएको सरकारले जनताप्रतिको आफ्नो कर्तव्य तथा जिम्मेवारी बहन नगर्दा सर्वसाधारण जनताले दुःख पाएको बताउनुभयो ।

उहाँले देशमा असन्तुलित विकासले जनसङ्ख्या काठमाण्डौ उपत्यका केन्द्रित हुँदा विषम परिस्थितिले विकराल रूप लिने र सोको व्यवस्थापन असम्भव हुने भएकोले सन्तुलित विकासमा जोड दिनुपर्ने कुरामा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

ख्वप बहु-प्राविधिक अध्ययन संस्थानका शिक्षक तथा कर्मचारीहरूबीच अनलाइनमार्फत साउन ३१ गते भएको 'कोभिड-१९ को सन्दर्भ र क्युवाको स्वास्थ्य प्रणाली' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै पार्टी सचिव सुवालले समाजवादउन्मुख देश भनी संविधानमा उल्लेख गरे पनि सरकारले शिक्षा र स्वास्थ्यलाई



निःशुल्क बनाउन नसकेकोमा सरकारमा गएका पार्टीहरू जिम्मेवार भएको बताउनुभयो । नामले वामपन्थी भए पनि व्यवहारमा दक्षिणपन्थी चरित्र देखाउने दुई तिहाइको सरकार पनि नीजिकरणलाई बढावा दिँदै संविधानमा मौलिक हक अन्तर्गत रहेका शिक्षा र स्वास्थ्यलाई गरीब जनताको पहुँचभन्दा बाहिर पुऱ्याउने कार्यमा उद्यत रहेको बताउनुभयो ।

उहाले चीन, क्युवा, प्रजग कोरियाजस्ता समाजवादी देशहरूमा जनताप्रति सरकारको जिम्मेवारीबोधका कारण कोभिड १९ को सङ्क्रमण नियन्त्रणमा ठूलो सफलता प्राप्त गरेको वास्तविकता औंल्याउनु हुँदै आफूलाई विश्व शक्ति ठान्ने अमेरिका, युरोपका देशहरूको पूँजीवादी व्यवस्था तथा साम्राज्यवादी चिन्तनको कारण महामारी नियन्त्रण गर्न असफल भएको बताउनुभयो ।

'पूँजीवादी देशमा वर्गीय विभेदका कारण गरीब जनताहरू बढी सङ्क्रमित रहेको र त्यस्ता सरकारहरूको प्राथमिकतामा सङ्क्रमण नियन्त्रणभन्दा पनि देशको अर्थतन्त्र रहेकोले हाल अमेरिका, ब्राजिल, भारतजस्ता पूँजीवादी देशहरूमा सङ्क्रमितहरूको सङ्ख्या र मृत्यु दर बढिरहेको छ' पार्टी सचिव सुवालले थप्नुभयो, 'हालको विषम परिस्थितिमा कोरोना सङ्क्रमण फैलिन नदिन हामीले गर्न सकिने कार्यहरू इमानदारीपूर्वक गर्नुपर्ने र सङ्क्रमण रोकथामको सम्भावित उपायहरू अपनाउनुको विकल्प छैन ।'

भक्तपुर नगरपालिकाका प्रमुख एवम् संस्थान सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कुनै पनि देशको राजनीतिक व्यवस्थाले त्यसको चरित्र प्रष्ट पार्ने बताउनुभयो । समाजवादी देशहरूमा उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण हुने हुँदा सम्पूर्ण जनताले समान अवसर पाउने तर पूँजीवादी राष्ट्रहरूमा धनी र गरीबको खाल्डो बढ्दै जाने हुँदा कामदार जनताले दुःख पाउने बताउनुभयो । अमेरिकाबाट ६ दशक लामो कठोर नाकाबन्दीका बावजुद पनि विश्वको महाशक्ति राष्ट्र अमेरिकाको नाकमुनि रही सार्वभौमिकता रक्षाको लागि लडिरहेको क्युवाको स्वास्थ्य प्रणाली र क्युवाले कोभिड १९ को सङ्क्रमण नियन्त्रणको लडाइँमा पाएको सफलताबाट हाम्रो जस्तो देशले पाठ सिक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा तथा स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्य गरेको चर्चा गर्नुहुँदै नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा देशभरिका विद्यार्थीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गरिरहेको बताउनुभयो । उहाँले सर्वसाधारण जनताको स्वास्थ्यप्रतिको पहुँच सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले जनस्वास्थ्य सेवा केन्द्र सञ्चालन गरेको र जनताको घरदैलोमै स्वास्थ्य सेवा पुगोस् भन्ने हेतुले घरदैलो नर्सिङ्ग सेवाको सुरुवात गरेको प्रष्ट पार्नुभयो । उहाले नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गर्ने तयारी भइरहेको र हाल सोको भवन निर्माण कार्य भैरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य सृजना सैंजूले कोभिड १९ को महामारीले समाजवादी र पूँजीवादी व्यवस्थाबीचको प्रष्ट भिन्नता विश्वका जनताले बुझ्ने अवसर पाएको बताउनुभयो । पूँजीवादी देशहरूले जनताको जीवनभन्दा नाफालाई प्राथमिकतामा राखेको कारण धेरैको ज्यान गएको उहाँको कथन थियो ।

सासद सैंजूले चीन, क्युवाजस्ता समाजवादी देशहरूले कोभिड १९ को सङ्क्रमण नियन्त्रणमा सफलता प्राप्त गरेको र अन्य देशहरूमा समेत रोग नियन्त्रणको लागि प्राविधिक सहयोग दिई अन्तर्राष्ट्रियवादी भावना प्रदर्शन गरिरहेको जिकिर गर्नुभयो । 'क्युवाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी आफ्ना जनतालाई सेवामुखी शिक्षा दिएको कारण विश्वका दर्जनौं देशमा क्युवाका चिकित्सकहरू स्वयंसेवी भई सेवारत छन् । क्युवाको सो कार्यलाई पूँजीवादी देशहरूले वामपन्थी विचारधाराको प्रचारको लागि गरिएको प्रोपोगाण्डाको रूपमा बताइरहँदा इटाली जस्तो युरोपेली देशले क्युवाको सहयोग लिनु परेको वास्तविकता विश्वले देखेको छ ।'

संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले स्वागत मन्तव्य राख्नुभएको सो अन्तरक्रिया कार्यक्रममा संस्थानका उप-प्राध्यापकहरू ऋतु ज्याख्व, सत्तिस प्रसाद फैजु, शोभामैंया प्रजापति, प्रभा प्रजापति र सविता सुजखूले 'श्रमिक' साप्ताहिक पत्रिकामा प्रकाशित 'क्युवाको स्वास्थ्य प्रणालीको शक्ति' विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) को पूर्ण बैठक

# अनलाइन माध्यमबाट पठनपाठन अगाडि बढाउनुको विकल्प छैन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यकामा पछिल्लो केही सातामा कोभिड १९ सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएसँगै खतरा बढिरहेको हुँदा व्यक्तिगत सुरक्षा नै महत्त्वपूर्ण भएको बताउनुभयो।

साउन ३० गते बसेको संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) केन्द्रीय समितिको पूर्ण बैठकमा उहाँले कोभिड १९ का कारण शिक्षा, स्वास्थ्य, पर्यटनलगायत सबै क्षेत्रमा प्रभाव परेको बताउनुहुँदै विषम् परिस्थितिमा सावधानीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो।

अनलाइन माध्यमबाट विद्यालयहरूले पठनपाठन अगाडि बढाउनुको विकल्प नरहेको बताउनुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरू व्यवस्थित रूपले अनलाइन कक्षा सञ्चालन गर्दै आइरहेको बताउनुभयो। भक्तपुर नगरपालिकाले नगरका सामुदायिक र संस्थागत विद्यालयलाई सँगसँगै लाने प्रयास गरिरहेको उहाँले बताउनुभयो।

लकडाउनका कारण अधिकांश विद्यार्थीहरूले बीचमै पढाइ छोड्ने स्थिति आउन सक्नेतर्फ सचेत पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकालाई सुरक्षित पार्न यहाँका १३ वटा नाकाहरूमा कडाइ गर्ने तयारी अगाडि सारेको बताउनुभयो।

बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले अनलाइन कक्षा प्रभावकारी ढङ्गले सञ्चालन हुन नसक्दा विद्यार्थीहरू निकै अन्योलमा परेको बताउनुहुँदै शासक दलको उदासीनताकै कारण देशको स्थिति झन् बिग्रँदै गएको हो भन्नुभयो। उहाँले लकडाउनको समयलाई शिक्षक र विद्यार्थीले सिर्जनशील काम गरी सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

इसानका केन्द्रीय कोषाध्यक्ष उकेश कवांले कोभिड १९ सङ्क्रमण दिन प्रतिदिन बढ्दै गएकोप्रति सजग पार्नुहुँदै अनलाइन माध्यमबाट पठनपाठनतर्फ विद्यालयहरूले ध्यान दिनु आवश्यक भएको बताउनुभयो।

इसानका पूर्वअध्यक्ष सरोजराज गोसाईले लकडाउनका कारण बहुसङ्ख्यक विद्यार्थीहरू शिक्षाबाट बञ्चित हुनुका साथै शिक्षकहरूको जीविका कष्टकर हुँदै गएको बताउनुहुँदै कोभिड १९ बाट सिर्जित साझा सङ्कट समाधानको निम्ति सबैले जिम्मेवारीपूर्वक भूमिका खेल्नुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवम् इसानका अध्यक्ष प्रेमजन थापाले शिक्षा क्षेत्र र विद्यालयमा आश्रित शिक्षकको परिवारमा पुगेको असरलाई मध्यनजर गर्दै नेपाल सरकारले विलम्ब नगरी राहतको योजना ल्याउनु आजको आवश्यकता भएको बताउनुभयो।

बैठकमा सङ्घका केन्द्रीय सल्लाहकारहरू आशाकुमार चिकंबन्जार, पुष्पलाल सुजखु, महासचिव पुरुषोत्तम ग्वाछालगायतले पनि कोभिड १९ को विषम् परिस्थितिले विद्यालयमा पुऱ्याएको असर र यसका चुनौतीहरुबारे आ–आफ्नो राय व्यक्त गर्नुभयो।

# भक्तपुरमा सार्वजनिक यातायात बन्द

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका यातायात व्यवसायीका प्रतिनिधिहरूसँग भाद्र २ गते सार्वजनिक यातायात बन्द गर्ने विषयमा बैठक बस्यो।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिर हेको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा पनि तीव्र गतिमा बढिरहेको र काठमाडौं उपत्यकालगायत विभिन्न सहरहरूमा पनि दैनिक सयौंको सङ्ख्यामा सङ्क्रमितहरू थपिरहेको तथा भक्तपुरमा पनि सङ्क्रमितहरू बढ्दै गएको देखिएको हुँदा सङ्क्रमण समुदायस्तरमा फैलिन नदिन भक्तपुर नगरभित्र सञ्चालन हुने छोटो दूरीका सार्वजनिक यातायातहरू मिति २०७७ साल भदौ ३ गतेदेखि भदौ १५ गतेसम्मका लागि पूर्ण रूपमा बन्द गर्ने निर्णय गऱ्यो।

# राष्ट्रिय परिचयपत्र वितरण स्थगित गर्ने निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख एवम् नगर विपद् व्यवस्थापन समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा साउन २८ गते समितिको बैठक बस्यो ।



बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले कोरोना भाइरस समुदायमा सङ्क्रमण हुनबाट रोक्न होटल र गृह क्वारेन्टाइनको व्यवस्था गर्दै आएको र सोको व्यवस्थापनको लागि विदेशबाट आएकाहरूलाई नगरपालिकाले ९ जना कर्मचारीहरूको व्यवस्था गरिरहेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले विभिन्न देशबाट हवाई मार्ग हुँदै भक्तपुर प्रवेश गरेका नगरवासीहरूको तथ्याङ्क अद्यावधिक गरी हालसम्म १०१ जना नगरवसीहरूलाई व्यवस्थापन गरेको बैठकमा जानकारी गराउनुभयो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोगका सङ्क्रमितहरू काठमाडौं उपत्यकामा पनि दिनहुँ सयौँको सङ्ख्यामा देखिन थालेको वर्तमान अवस्थामा भीडभाड हुने कुनै पनि गतिविधि नगर्न सङ्घीय सरकारले समेत निर्देशन दिएको सन्दर्भमा भक्तपुर नगरपालिकाका वडाहरूमा राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन तथा फोटो खिच्ने अभियान हाललाई स्थगित गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गऱ्यो । साथै काठमाडौं उपत्यकामा प्रवेश गर्ने मुख्य नाकाहरूमा कडाइ गर्न र अनधिकृत प्रवेशलाई पूर्णतया रोक्न नेपाल सरकारलाई अनुरोध गर्ने पनि बैठकले निर्णय गऱ्यो ।


कोरोना सङ्क्रमणको जोखिमप्रति संवेदनशील भई बैठकले निकट भविष्यमा मनाइने कुशे औंसी (बुबाको मुख हेर्ने)लाई औपचारिकतामा मात्र सीमित गर्न सार्वजनिक अनुरोध गर्ने निर्णय गऱ्यो ।

भक्तपुर नगरपालिका क्षेत्रमा रहेका उद्योगधन्धा एवम् कल–कारखानाहरूमा कार्यरत कर्मचारी र मजदुरहरूमा समेत कोभिड १९ रोगको सङ्क्रमण बढिरहेको स्थितिमा जोखिमको संवेदनशीलतालाई मध्यनजर गरी आफ्ना मजदुर एवम् कर्मचारीहरूलाई आफ्नै उद्योग परिसरमा क्वारेनटाइनको अनिवार्य व्यवस्था गर्न उद्योगपतिहरूलाई निर्देशन दिन र क्वारेन्टाइनको व्यवस्था नगर्ने उद्योगधन्धाहरू बन्द गराउन जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय सो बैठकले गऱ्यो ।

बैठकले कोभिड १९ सङ्क्रमण तीव्र गतिमा बढिरहेको अवस्थामा लामो तथा छोटो दूरीका सार्वजनिक यातायातका साधनहरू हाललाई सञ्चालन नगर्न सम्बन्धित सङ्घीय सरकारलाई अनुरोध गर्ने, नगरपालिका प्रवेश गर्ने प्रमुख नाकाहरूमा थप कडाइ गर्न नगरपालिका, प्रशासन कार्यालय, महानगरीय प्रहरी, स्वयम्सेवक तथा सरोकारवाला संस्थाहरूको तर्फबाट एकीकृत गस्ती परिचालन गर्ने, भक्तपुर नगरपालिका क्षेत्रभित्रका सडक, गल्ली, चोक, मन्दिर र खुला ठाउँलगायतका क्षेत्रमा वीजनासक औषधि छर्कने तथा बजार क्षेत्र, राजमार्ग र सहायक मार्ग वरपरका क्षेत्रमा अव्यवस्थित रूपमा राखिएका ठेलागाडा, साइकल हटाउने र फुटपाथ पसल व्यवस्थित गर्ने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ भक्तपुरलगायतका प्रतिनिधिहरूले कोभिड १९ रोकथाम नियन्त्रणको लागि अपनाउनुपर्ने उपायहरूबारे आ–आफ्नो विचार व्यक्त गर्नुभयो ।

बैठकको निर्णयहरू यसप्रकार छन् –



निर्णय :

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगका संक्रमितहरू काठमाडौं उपत्यकामा पनि दिनहुँ सयौंको संख्यामा देखिन थालेको वर्तमान अवस्थामा भीडभाड हुने कुनै पनि गतिविधि नगर्न संघीय सरकारले समेत निर्देशन दिएको सन्दर्भमा यस भक्तपुर नगरपालिकाका वडाहरूमा राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलन तथा फोटो खिच्ने अभियान हाललाई स्थगित गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारले लकडाउन खुकुलो गरेसँगै विभिन्न जिल्लाहरू र छिमेकी देश भारतबाटसमेत काठमाडौं उपत्यका प्रवेश गर्नेहरूको चाप बढेको र पछिल्लो समयमा काठमाडौं उपत्यकामा कोभिड १९ रोगका संक्रमितहरू देखिएकोमा अधिकांश उपत्यका बाहिरबाट आएका व्यक्तिहरू रहेको तथ्यांकले पुष्टि गरेको अवस्थामा काठमाडौं उपत्यकामा प्रवेश गर्ने मुख्य नाकाहरूमा कडाइ गर्न र अनधिकृत प्रवेशलाई पूर्णतया रोक्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका क्षेत्रमा रहेका उद्योगधन्दा एवम् कल–कारखानाहरूमा कार्यरत कर्मचारी र मजदुरहरूमा समेत कोभिड १९ रोगको संक्रमण बढिरहेको स्थितिमा जोखिमको संवेदनशीलतालाई मध्यनजर गरी आफ्ना मजदुर एवम् कर्मचारीहरूलाई आफ्नै उद्योग परिसरमा क्वारेनटाइनको अनिवार्य व्यवस्था गर्न उद्योगपतिहरूलाई निर्देशन दिन र क्वारेन्टाइनको व्यवस्था नगर्ने उद्योगधन्दाहरू बन्द गराउन जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

४. काठमाडौं उपत्यका प्रवेश गर्ने जोकोहीले सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिनुपर्ने अनिवार्य व्यवस्था गरिए तापनि भक्तपुर नगरपालिका क्षेत्रमा दिनहुँ अपरिचित व्यक्तिहरू भित्रिने क्रम बढिरहेको जनगुनासो बढिरहेको अवस्थामा यस नगरपालिका प्रवेश गर्ने प्रमुख नाकाहरूमा थप कडाइ गर्न नगरपालिका, प्रशासन कार्यालय, महानगरीय प्रहरी, स्वयम्सेवक तथा सरोकारवाला संस्थाहरूको तर्फबाट एकीकृत गस्ती परिचालन गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिका क्षेत्रभित्रका बजार क्षेत्रमा सर्वसाधारण जनताको भीड बढिरहेकोले कोभिड १९ रोगको संक्रमण बढ्ने जोखिम न्युनीकरण गर्न बजार व्यवस्थापन कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो । बजार क्षेत्र, राजमार्ग र सहायक मार्ग वरपरका क्षेत्रमा अव्यवस्थित रुपमा राखिएका ठेलागाडा, साइकल हटाउने र फुटपाथ पसल व्यवस्थित गर्ने निर्णय गरियो ।

६. भक्तपुर नगरपालिका क्षेत्रभित्रका सडक, गल्ली, चोक, मन्दिर र खुला ठाउँलगायतका क्षेत्रमा वीजनासक औषधि छर्कने निर्णय गरियो ।

७. कोभिड १९ संक्रमण तीव्र गतिमा बढिरहेको अवस्थामा लामो तथा छोटो दुरीका सार्वजनिक यातायातका साधनहरू हाललाई सञ्चालन नगर्न संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

८. कोरोना संक्रमणको जोखिमप्रति संवेदनशील भई यसअघि भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक पर्वहरू जस्तै बिस्का जात्रा, मातातीर्थ औंसी, देवाली पूजा, गाईजात्रालाई औपचारिकतामा सीमित गर्न भक्तपुर नगरपालिकाले सार्वजनिक आग्रह गर्दा संक्रमण न्यूनीकरणमा सकारात्मक सहयोग भएको प्रतिक्रिया आइरहेको सन्दर्भमा निकट भविष्यमा मनाइने कुशे औंसी (बुबाको मुख हेर्ने) लाई पनि औपचारिकतामा मात्र सीमित गर्न सार्वजनिक अनुरोध गर्ने निर्णय. गरियो ।

९. विभिन्न देशबाट हवाई मार्ग तथा स्थल मार्ग हुँदै भक्तपुर प्रवेश गरेका नगरबासीहरूको तथ्यांक अद्यावधिक गरी भक्तपुर नगरपालिकाको तर्फबाट सञ्चालित क्वारेन्टाइन, होटल क्वारेन्टाइन र गृह क्वारेन्टाइनमा स्वास्थ्य सुरक्षा प्रबन्ध मिलाएर हालसम्म १०१ जना नगरबासीहरूलाई व्यवस्थापन गरेको बैठकमा जानकारी गराइयो ।

# भक्तपुर नपामा प्रमुख प्रशासकीय अधिकृतको बिदाइ र स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्याललाई साउन २७ गते भादगाउँले टोपी लगाइदिनुभएर, भक्तपुरको प्रसिद्ध 'मयूर झ्याल' र नगरपालिकाका प्रकाशनहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभई बिदाइ गर्नुभयो ।



इन्द्रप्रसाद बस्यालको बिदाइ

उक्त अवसरमा नगर प्रमुख प्रजापतिले जुनसुकै क्षेत्रमा पनि इमानदारीपूर्वक काम गर्न हौसला दिनुहुँदै उहाँलाई आगामी दिनहरूमा सफल कार्यकालको कामना गर्नुभयो ।

भक्तपुर नगरपालिकामा सरुवा भई आउने प्रमुख प्रशासकीय अधिकृतहरू निकै छोटो अवधिमै सरुवा भइदिंदा नगरपालिकालाई काम गर्न अप्ठेरो भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा अधिकृत बस्यालले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सम्पदा पुनःनिर्माणमा उल्लेखनीय काम गरिरहेको र भक्तपुर नपामा सात महिनाको कार्यकाल निकै फलदायी र स्मरणीय भएको बताउनुभयो । देशकै नमूना नगरपालिकामा बसी काम गर्न पाउनु गौरवको विषय भएको भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाको कार्यशैलीबाट आफू प्रभावित भएको बताउनुभयो ।

अधिकृत बस्याल भक्तपुर नगरपालिकाबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सरुवा हुनुभएको छ ।

भक्तपुर नरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलाई साउन २८ गते स्वागत गर्नुभयो ।




रामलाल श्रेष्ठलाई स्वागत

प्रमुख प्रजापतिले श्रेष्ठलाई खादा ओढाई स्वागत गर्नुभएको थियो ।

# भक्तपुरको रानीपोखरी जीर्णोद्धार कार्य पुनः सुचारु

भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. १ स्थित ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको भक्तपुरको रानी पोखरी जीर्णोद्धार कार्य पुनः सुचारु गरेको छ । कोभिड १९ सङ्क्रमणको जोखिमका कारण लामो समयदेखि निर्माण रोकिएको उक्त पोखरीको जीर्णोद्धार कार्यलाई भक्तपुर नगरपालिकाले विगत केही दिनदेखि निरन्तरता दिइरहेको छ । उपभोक्ता समितिमार्फत जीर्णोद्धार भइरहेको रानी पोखरीमा हाल पोखरी परिसरमा पेटी निर्माण कार्य भइरहेको छ ।



# सहकारी संस्थाहरूको साधारणसभा सञ्चालनबारे अन्तरक्रिया

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को भक्तपुर नगर सहकारी समन्वय उपसमितिको आयोजनामा आ.व. २०७७/७८ को साधारणसभा सञ्चालनबारे भक्तपुर नगरपालिका क्षेत्रमा अवस्थित सहकारी संस्थालाई जानकारी र राय सुझाव लिने उद्देश्यले साउन २४ गते अन्तरक्रिया कार्यक्रमको आयोजना भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपत्यकामा कोभिड १९ को सङ्क्रमण दिन प्रतिदिन बढिरहेको विषम् परिस्थितिमा धेरै मान्छे जम्मा हुने खालका कुनै पनि गतिविधि सञ्चालन नगर्न/नगराउन अपिल गर्नुभयो । लकडाउनको अवधिभर भक्तपुरका सहकारी संस्थालगायतका सङ्घ संस्थाहरूले गरेको सहयोगप्रति धन्यवाद दिनुहुँदै उहाँले भक्तपुर नपाले सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी ऐतिहासिक तथा सांस्कृतिक जात्रा तथा पर्वहरू स्थगित गरेको बताउनुभयो ।




भक्तपुर नपाले यहाँका विकास निर्माण तथा नियमित कार्यहरूमा मितव्ययिता अपनाइरहेको जानकारी दिनुहुँदै नगर प्रमुख प्रजापतिले रोजगारीको समस्या भएका बेला सहकारी संस्थाले सदस्यहरूलाई आत्मनिर्भर बनाउने खालका तालिमहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

शैक्षिक संस्थाहरू बन्द रहेको यो अवस्थामा विद्यालयहरूले अनलाइन तथा भर्चुअल कक्षा सञ्चालन गरी प्रविधिमैत्री शिक्षा प्रदान गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले व्यक्तिभन्दा समाज अगाडि हो भन्ने मान्यताअनुरूप अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का अध्यक्ष कृष्णगोविन्द लाखाजुले कोभिड १९ को प्रभावका कारण सहकारी संस्थाहरूको सहकारी ऐनबमोजिम साधारणसभा गर्ने सम्बन्धमा अन्योल सिर्जना भएको बताउनुहुँदै सरकारले लगाएको बन्दाबन्दीको समयमा पनि सङ्घले भक्तपुर नपा र प्रशासनसँग समन्वय र सहकार्य गरी सचेतना कार्यक्रमहरू सञ्चालन गरेको बताउनुभयो । उहाँले सहकारी संस्थाको भूमिका जस्तोसुकै अवस्थामा समुदायप्रति जवाफदेही हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगर सहकारी समन्वय उपसमितिका संयोजक जगनाथ प्रजापतिले साधारणसभा सञ्चालनको लागि सबैको साझा धारणा र राय सुझाव सङ्कलनको लागि सङ्घले भक्तपुर जिल्लाको चारवटै नगरपालिकामा अन्तरक्रिया र छलफलहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा सङ्घका व्यवस्थापक बालकृष्ण ध्वजुले सङ्घको उद्देश्य र बन्दाबन्दीको समयमा सङ्घले खेलेको भूमिकाको चर्चा गर्नुहुँदै कोभिड १९ को महामारीबीच सहकारी संस्था सञ्चालनमा देखिएका चुनौतीहरूबारे अवगत गराउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगर सहकारी समन्वय उपसमितिका सदस्य राम सिख्व र सत्यनारायण पक्काले पनि बोल्नुभएको थियो ।

साधारणसभा सञ्चालनबारे भएको छलफलमा सहभागी भक्तपुर नपाभित्रका विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूले कोभिडको महामारीबीचमा धेरै भीड जम्मा हुने किसिमले साधारणसभा सञ्चालन गर्नु उपयुक्त नहुने र सकभर यस आर्थिक वर्षको लागि स्थगित गर्नुपर्ने, सहकारी संस्थाहरूले सदस्य सङ्ख्याको आधारमा क्षेत्रगत रूपमा साधारणसभा सञ्चालन गर्न सकिने र आर्थिक मितव्ययिता र सामाजिक दूरी कायम गरी गर्न सकिनेलगायतका धारण व्यक्त गरेका थिए ।

ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक

# मौलिकता जोगिने गरी संरक्षण हुनु उदाहरणीय

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा साउन २३ गते समितिको बैठक बस्यो ।

वि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक ङातापोल्हँ मन्दिरको जीर्णोद्धार कार्य भक्तपुर नगरपालिकाको आर्थिक लागतमा २०७६ कार्तिक महिनाबाट शुरु भई २०७७ असार मसान्तसम्ममा कार्य सम्पन्न भयो ।

बैठकले स्थानीय जनताको व्यापक जनश्रमदान तथा आर्थिक सहयोगसमेत प्राप्त भई निर्धारित समयावधिभित्रै मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भएकोमा उपभोक्ता तथा अनुगमन समितिमा रही सक्रियतापूर्वक जिम्मेवारी बहन गर्ने पदाधिकारीहरू, निर्देशक समिति र प्राविधिक समितिमा रहेर महत्त्वपूर्ण कार्य गर्ने पदाधिकारी र प्राविधिक सल्लाहकारहरू, जीर्णोद्धार कार्यमा खट्नुहुने दक्ष तथा अर्धदक्ष डकर्मी, सिकर्मी, पोलँकर्मी, ल्होँकर्मी र ज्यामीहरू, जनश्रमदान एवम् आर्थिक सहयोग गर्ने विभिन्न सङ्घ-संस्था, दाफा, गुथि, टोलवासी र अन्य महानुभावहरू, सुरक्षाकर्मी र पत्रकार मित्रहरू सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गऱ्यो ।

बैठकमा उपभोक्ता समितिका अध्यक्ष केशव तमखूले भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक धरोहर ङातापोल्हँ मन्दिर जीर्णोद्धार कार्यसम्बन्धी हालसम्मको प्रगति प्रतिवेदन पेश गर्नुभयो ।



उहाँले ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिका सदस्यहरूले उपभोक्ता समितिमार्फत लागत अनुमानभन्दा कम खर्चमा जीर्णोद्धार कार्य सम्पन्न हुनु, पर्याप्त श्रमदान र आर्थिक तथा भौतिक सहयोग प्राप्त हुनु, तोकिएको समयमा कार्य सम्पन्न हुनु, स्थानीय सीप, स्रोत र साधन प्रयोग गरी मौलिकता जोगिने गरी संरक्षण हुनु उदाहरणीय कार्य भएको बताउनुभयो ।

# खेलको प्रमाणपत्रलाई शैक्षिक मान्यता दिई रोजगारीको सृजना गर्नुपर्ने

भक्तपुर नगर खेलकुद समितिका पूर्वसंयोजक एवं वडा नं. ७ का अध्यक्ष उकेश कवाँको प्रमुख आतिथ्यमा साउन २९ गते भक्तपुर जिल्ला बक्सिङ सङ्घले नेपाल बक्सिङ




सङ्घका केन्द्रीय उपाध्यक्ष श्री अर्जुबहादुर के.सी.लाई राष्ट्रिय खेलकुद परिषदको सदस्य पदमा मनोनयन हुनुभएकोमा शुभकामना तथा बधाई ज्ञापन गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि कवाँले जीवनलाई खेलकुदमा समर्पित व्यक्तित्वलाई सम्मान गर्न पाउँदा हर्ष लागेको बताउनुहुँदै सार्वजनिक पद धारण गरेका व्यक्ति, गुट उपगुट वा कुनै पार्टी विशेषको नहुने भएकोले भेदभावरहित सबै खेलको संरक्षकको रूपमा काम गर्न सफलता मिलोस् भन्नुभयो ।

उहाँले खेलको प्रमाणपत्रलाई शैक्षिक प्रमाणपत्र सरह मान्यता दिई खेलाडीहरूलाई रोजगारीको सृजना गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सम्मानित व्यक्तित्व राष्ट्रिय खेलकुद परिषदका सदस्य अर्जुनबहादुर के.सी.ले भक्तपुर बक्सिङ सङ्घ विधिवत अधिवेशन आएको नै मान्यता प्राप्त हो भन्नुहुँदैले कोठाभित्र दुई चारजना बसी टिका लगाएकोलाई कसरी मान्यता दिन सकिन्छ भन्नुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष गौतम सुजखु, जिल्ला कोषाध्यक्ष लक्ष्मीप्रसाद दुवालले पनि बोल्नु भएको थियो ।

# ङातापोल्हँ मन्दिर संरक्षण कार्यको प्रतिवेदन

*(ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिको साउन २३ गते बसेको बैठकमा प्रस्तुत ङातापोल्हँ मन्दिर संरक्षण कार्य योजना उपभोक्ता समितिको सङ्क्षिप्त प्रतिवेदन)*

**उपभोक्ता समिति गठन तथा कार्य आरम्भ :**

विसं २०७२ सालको विनाशकारी भूकम्पबाट देशैभर धनजनको अपुरणीय क्षति भयो। देशभरमा रहेका सांस्कृतिक सम्पदाहरू पनि त्यस विपत्तिबाट अछुतो रहेन। भक्तपुरमा पनि सयौँको सङ्ख्यामा सम्पदाहरूमा क्षति पुग्यो। ङातापोल्हँमा पनि त्यस विपत्तिले गम्भीर असर पुऱ्यायो।

सम्पदा संरक्षणमा स्थानीय जनताको सहभागिता र अपनत्वको भावना जगाउने भक्तपुरको परम्परा अनुरूप मिति २०७६ कार्तिक ७ गते स्थानीय जनताको भेलाबाट ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि म केशव तमखुको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति गठन भयो। उपभोक्ता समिति गठन भए पश्चात कार्तिक २० गतेबाट आवश्यक बाँस सङ्कलन गरी मंसिर ७ गतेदेखि खः बाँध्ने काम शुरू भयो। मंसिरको २५ गतेको शुभसाइतबाट मन्दिरको छानामा रहेको झिँगटी निकाल्ने कार्य शुरु गरी मिति २०७६ फागुन १७ गते मन्दिरको गजूर निकाल्ने काम भयो। भूकम्पको प्रभावले पाँचौं तला पूर्ण रूपमा क्षति भई भूइँमा खस्नमात्र बाँकी भएकोले निर्देशानुसार पाँचौं तला पूर्ण रूपमा भत्काउने काम भयो।

**पाँचौं तलाको पुनःनिर्माण :**

२०७६ फागुन २८ गते पाँचौं तलाको लकांसि र थां लगायतको काठ राखेर पाँचौं तलाको पुनःनिर्माण थालनी गरियो। चैत्र १ बाट उक्त तलाको गारो लगाउने कार्य आरम्भ गरी चैत्र ८ गतेसम्ममा निर्माण कार्य सम्पन्न गरी गजूरको काठ स्थापना गरियो। पाँचौं तलाको निर्माणको क्रममा यसको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेको चारओटा भैरव मुखाकृति भएका झ्यालहरूमध्ये पश्चिमतर्फको झ्यालको भैरवको मुखाकृति पुनःस्थापना गरियो। साथै उत्तर तथा पूर्वतर्फ रहेका झ्यालहरूमा क्रमशः माथिल्लो र तल्लो काठहरू फेरियो। यस तलाको छानाको दक्षिणपूर्व कुनामा रहेको सलाँ अपा भूकम्पको कारणले वा अन्य कुनै कारणले नोक्सान भई सो स्थान रिक्त भएकोले नयाँ सलाँ अपा स्थापना गरियो। साथै पश्चिमतर्फको छानाको दक्षिण पश्चिमतर्फ रहेको एक बिलम्पू जीर्ण भई प्रयोग गर्न नमिल्ने भएकोले सो को स्थानमा नयाँ बिलम्पू बनाई स्थापना गरियो। पुरानो बिलम्पू भक्तपुर नपाको सम्पदा शाखामा बुझाइएको छ। पाँचौं तला पुनःनिर्माणको लागि ५७५ वटा दाची अपा र ३०० वटा दाची कुं अपा प्रयोग भएको छ। दक्षिण


बैठकमा प्रतिवेदन प्रस्तुत गर्नुहुँदै उपभोक्ता समितिका अध्यक्ष केशव तमखू

पूर्व कुनामा रहेको ल्हाकै अपा पनि जेनतेन काम चलाउ र पुनः प्रयोग गर्न नमिल्ने भएको हुँदा नयाँ राखिएको छ। यस तलाको छानामा अघिल्लो चरणको संरक्षण कार्यमा चारवटै ग्वंग अपा सिमेन्टबाट बनाएर प्रयोग गरिएकोमा सो को ठाउँमा तिलमाधव नारायण मन्दिरबाट प्राप्त भएको ग्वंग अपा प्रयोग गरिएको छ।

**लकडाउनको चुनौती :**

मन्दिरको संरक्षण कार्य सम्पन्न नहुँदै विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ को महामारीको कारण अचानक कार्य रोक्नुपर्दा अचाक्ली चिन्ता हुन थाल्यो। मिति २०७६ चैत्र ११ गतेदेखि २०७७ वैशाख ५ गतेसम्म मन्दिरको सम्पूर्ण कार्य ठप्प नै भयो। साथै निकट भविष्यमा शुरु हुन लागेको मनसुनको वर्षाले थप चुनौती श्रृजना गर्न सक्ने हुनाले भक्तपुर नपाका मेयर तथा निर्देशक समितिका अध्यक्ष श्री सुनिल प्रजापतिको निर्देशनपछि वैशाख ६ गतेबाट कार्य पुनः शुरु गरियो। सम्बन्धित सरोकारवाला निकाय र प्रशासनको जानकारीमा कार्य पुनः सुचारु गरेको हुँदा काममा संलग्न कालिगड तथा ज्यामीहरूलाई प्रहरी प्रशासनबाट पनि सहयोग प्राप्त भयो। विषम् परिस्थिति र प्रतिकूलता समेतलाई सामना गरी पुर्खाको धरोहर संरक्षणमा हाम्रा कालिगड तथा ज्यामी दाजुभाइहरू दत्तचित्त भई लाग्नुभयो। लकडाउनको प्रतिकूलतामा पनि निरन्तर कार्य गरेर २०७७ वैशाख २४ गते मन्दिरको गजूर स्थापना गर्न सफलता मिल्यो।

**छाना छाउने कार्य र जनश्रमदान :**

मन्दिरको पाँचौं तलाको छाना छाउने कार्य मिति

२०७७ वैशाख २८ गतेबाट शुरु भई सोही महिनाको ३१ गतेसम्ममा पाँचौं तलाको छाना छाउने कार्य सम्पन्न भयो। यसभन्दा अगाडिको कार्य बढी जोखिमपूर्ण रहेकोले मन्दिरको लागि जनश्रमदान गर्न इच्छुकहरूलाई समावेश गरिएन। चौथो तलाको छाना छाउने कार्य आरम्भसँगै स्थानीय जनताहरूबाट जनश्रमदान पनि थालनी गरियो। फलस्वरूप चौथो तलाको छाना छाउने कार्य मिति २०७७ जेठ ६ र ७ गरी दुई दिनमा सम्पन्न भयो। त्यसैगरी तेश्रो तलाको छाना छाउने कार्य जेठ १४ गतेदेखि १७ गतेसम्ममा सम्पन्न भयो भने दोश्रो तलाको छाना छाउने कार्य जेठ २८ गतेदेखि असार ३ गतेसम्ममा र पहिलो तलाको छाना छाउने कार्य असार १३ गतेदेखि असार १८ गतेसम्ममा सम्पन्न भयो। छानाको कार्य आरम्भ भए सँगै श्रमदानमा सहभागी हुन चाहने मनकारीहरूको बाढी नै आयो। विषम परिस्थिति समेतलाई विचार गरी उहाँहरूको नाम सूचीकृत गरी पालैपालो श्रमदानको दिन निर्धारण गरी पालो दिइयो। सोही क्रममा भक्तपुर नगरपालिकाका मेयरज्यूसहित ३८ जना जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत समेतले श्रमदान गर्नुभयो।

पुर्खाको धरोहरको संरक्षणमा आएको जनलहरसँगै कोरोनाको डर पनि उत्तिकै थियो। त्यसैले उपभोक्ता समितिको तर्फबाट श्रमदानमा आउनुहुने महानुभावहरूको लागि मास्क र पञ्जालगायतका सुरक्षा सामग्री व्यवस्था गरी सावधानी अपनाई जनश्रमदानलाई व्यवस्थित गर्ने कार्य भयो। सोही क्रममा कतिपय दाताहरूबाट स्वत:स्फूर्त रूपमा मास्क वितरणको कार्य पनि भयो। साथै सहभागी महानुभावहरूलाई विभिन्न सङ्घ–संस्था र व्यक्तिहरूले पानी खुवाउने, चकलेट–जुस बाँड्ने, चिसो पेय बाँड्ने, दही तथा चिउरा उपलब्ध गराउनेलगायत विभिन्न गतिविधिहरू पनि भए। मिति २०७७ असारको २७ गतेसम्ममा मन्दिरको सरसफाइलगायत इस्टिमेट अनुसारको सम्पूर्ण कार्य सम्पन्न भयो।

**थप सामग्रीको प्रयोग :**

भूकम्पको कारणले गर्दा मन्दिरमा रहेका केही सामग्रीहरूको नोक्सान भएको र केही सामग्री पुरानो भई काम नलाग्ने भएको हुनाले देहाय बमोजिम थप सामग्रीहरू प्रयोग गरियो –

प्रयोग भएको नयाँ सामग्रीको विवरण

| क्र.सं. | सामानको नाम | सङ्ख्या | प्रयोग भएको स्थान |
|---|---|---|---|
| १ | सलाँ अपा | १ | दक्षिणपूर्व कुना पाचौं तला |
| २ | बिलम्पू | १ | पश्चिम छानाको दक्षिणतर्फ |
| ३ | ल्हा कै | १ | पाँचौं तलाको दक्षिणपूर्व |
| ४ | भैरवको मुखाकृति | १ | पाँचौं तलाको पश्चिम झ्याल |
| ५ | सिंख्व | ५ | पाँचौं तलाको पश्चिमतर्फ |
| ६ | झ्यः मा | २ | पाँचौं तलाको उत्तर र पूर्वतर्फको झ्याल |
| ७ | ग्वंग अपा पुरानो | ४ | पाँचौं तलाको छानाको चार कुना |
| ८ | दाची अपा | ५७५ | पाँचौं तला |
| ९ | दाची कुं अपा | ३०० | पाँचौं तला |
| १० | क्वप् पुरानो | ४०० | विभिन्न तलामा |
| ११ | क्वप् नया | १००० | पहिलो तल्ला |
| १२ | फय् गां को पात | १२७ | विभिन्न तलामा |
| १३ | माटो | ६ | टिप छाना छाउन |
| १४ | झिँगटी | १७६७० | छाना छाउन |
| १५ | गरुडको टाउको | १ | भुइँ तलाको अग्रभागको तोरण |
| १६ | अग्राखको काठ | | पाँचौं तला र विभिन्न तलाको छाना |

**स्थानीय श्रोत साधन तथा जनशक्तिको उपयोग :**

मध्यकालका राजा भुपतिन्द्र मल्लको पालामा भक्तपुर तथा यसका उपसहरहरूका जनताको परिश्रमको उत्कृष्ट नमुनाको रूपमा रहेको ङातापोल्हँको पछिल्लो संरक्षण कार्यको लागि सामग्री सङ्कलनको सम्बन्धमा विभिन्न तर्क वितर्कहरू भए। अन्तमा आधुनिक पाइपको पोलभन्दा स्थानीय रूपमा उपलब्ध हुने बाँसको लागत पनि कम हुने र संरक्षण कार्यमा स्थानीय प्रविधि तथा परम्परा पनि जोगिने निष्कर्ष सहित खः बाँध्नको लागि स्थानीय सामग्री बाँस र डोरी नै उपयोग गरियो। यसका साथै संरक्षण कार्यमा कुशल स्थानीय कालिगडहरूले नै उत्साहपूर्वक कार्य गर्नुभयो।

**सरसल्लाह र निर्देशन बमोजिम कार्य :**

ङातापोल्हँ भक्तपुरवासीको मात्र गौरवको विषय होइन। समग्रमा सारा देशवासीको प्रतिष्ठासँग जोडिएको र विश्वसम्पदामा सूचीकृत भएको नाताले विश्वकै सम्पत्ति हो। तसर्थ यस्ता सम्पदाको संरक्षण कार्यमा सामेल हुनु गौरवको विषय हुनुको साथै चुनौतीपूर्ण पनि छ। यसै तथ्यलाई मध्यनजर गरी ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि विभिन्न समितिहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन्। उपभोक्ता समितिको कार्यको आवश्यक रेखदेखको लागि अनुगमन समितिले कार्य गरेको थियो। साथै आवश्यक प्राविधिक अध्ययन तथा परामर्शको लागि विज्ञ तथा प्राविधिकहरूको प्राविधिक समिति, सम्पदाविद् र संस्कृतिविद्हरूको सल्लाहकार समिति तथा भक्तपुर नपाका मेयरज्यूको अध्यक्षतामा निर्देशक समिति गठन भएको थियो। उपभोक्ता समितिले उल्लेखित विभिन्न समितिहरूको राय, सल्लाह र सुझावहरूलाई मनन गर्दै हजारौं भक्तपुरवासी दाजुभाइ तथा दिदिबहिनीहरूको उत्साहपूर्ण सहभागितामा ङातापोल्हँ मन्दिरको संरक्षण कार्य सम्पन्न गऱ्यौं।

**आर्थिक तथा भौतिक सहयोग :**

ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि भक्तपुर नगरपालिकाको तर्फबाट रु.६५,१३,३५८।२७ विनियोजन भएको थियो। साथै ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि हजारौं सङ्ख्यामा जनश्रमदान प्राप्त भयो, जसलाई मौद्रिक रूपमा भन्दा पनि भावनात्मक रूपमा मूल्याङ्कन गर्नु उचित हुन्छ। साथै विभिन्न सहृदयी महानुभावहरूबाट रु.१५,४७,५७०।-आर्थिक सहयोग पनि प्राप्त भएको छ। यसका साथै भैरवनाथ मन्दिरबाट १६०० ओटा र ख्वप इन्जिनियरिङ कलेजबाट ११० वटा गरी जम्मा १७१० ओटा बाँस, तिलमाधव नारायण मन्दिर, लोकेश्वर मन्दिरलगायत विभिन्न महानुभावहरूबाट १७६७० झिँगटी, ४०० भन्दाबढी क्वप् अपा, ४ ओटा ग्वंग अपा, १ ओटा सलाँ अपा र माटोलगायत विभिन्न सामग्रीहरू सहयोगको रूपमा प्राप्त भयो। उक्त सामग्रीहरूको बजार मूल्य मुल्याङ्कन गर्दा देहायबमोजिम हुन आउँछ।

भौतिक सामग्री सहयोग प्राप्त

| क्रसं | नाम | थान | अनुमानित प्रतिदर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | बाँस | १७१० | २००।- | ३,४२,०००।- |
| २ | झिँगटी | १७६७० | १०।- | १,७६,७००।- |
| ३ | क्वपु अपा | ४०० | ५०।- | २०,०००।- |
| ४ | ग्वंग अपा | ४ | ५०००।- | २०,०००।- |
| ५ | सलाँ अपा | १ | ५०००।- | ५,०००।- |
| | **जम्मा अनुमानित रकम** | | | **५,६३,७००।-** |

**जनश्रमदान - भक्तपुरको पहिचान :**

सार्वजनिक सम्पत्ति संरक्षण कार्यमा जनसहभागिताको कुरा भक्तपुरको लागि नौलो होइन। भक्तपुरका समाजसेवीहरूले विगत लामो समयदेखि जनताको चेतनास्तर उकास्नको लागि खेलेको भूमिकाको यसमा महत्त्वपूर्ण स्थान छ। आफ्ना पिता पुर्खाले निर्माण गरेका सम्पदाहरू हामी आफैले नै संरक्षण गर्नुपर्ने कुरामा यहाँका जनता सचेत छन्। यहाँको भौतिक सम्पदा संरक्षण र विकास निर्माणमा जनसहभागिता एउटा परम्परा नै बनिसकेको छ। ङातापोल्हँ मन्दिर संरक्षण कार्यमा पनि त्यसले निरन्तरता मात्र पाएको हो। विश्वसम्पदा भएको नाताले यसको संरक्षणमा केही थप उत्साहको सञ्चारमात्र भएको हो।

श्रमदानका लागि भक्तपुरका सम्पूर्ण वडाहरूको विभिन्न क्षेत्रका दाफा, गुथि सङ्घ–संस्था तथा कतिपयले स्वतःस्फूर्त रूपमा सहभागिता जनाउनु भयो। श्रमदानको उत्साहलाई व्यवस्थापन गर्नको लागि हामीले उहाँहरूलाई नामावली तयार गरी मिति नै तोकेर पालो दिनुपर्‍यो। कतिपय सङ्घ–संस्थालाई हामीले पालो नै पुर्‍याउन सकेनौं।

## प्रतिवेदनबाट

- मिति २०७६ कार्तिक ७ गते केशव तमखुको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति गठन
- कार्तिक २० गतेबाट बाँस सङ्कलन,
- मंसिर ७ गतेदेखि खः बाँध्ने काम शुरू
- मंसिरको २५ गतेबाट छानाको झिँगटी निकाल्ने कार्य शुरू
- फागुन १७ गते मन्दिरको गजूर निकालियो
- फागुन २८ गते पाँचौं तलाको पुनःनिर्माण थालनी, चैत्र १ बाट गारो लगाइयो, चैत्र ८ गते गजूरको काठ स्थापना
- लकडाउनले रोकिएको काम वैशाख ६ गतेबाट पुनः शुरू
- २०७७ वैशाख २४ गते मन्दिरको गजूर स्थापना
- छाना छाउने कार्य - पाँचौं तलाको वैशाख २८-३१ गते, चौथो तलाको जेठ ६ र ७ गते, तेश्रो तलाको जेठ १४-१७ गते, दोश्रो तलाको जेठ २८ गतेदेखि असार ३ गते, पहिलो तलाको असार १३-१८ गतेसम्ममा सम्पन्न
- मंसिर ७ गतेदेखि खः बाँध्ने काम शुरू भई मिति २०७७ असारको २७ गतेसम्ममा मन्दिरको सरसफाइलगायत इस्टिमेट अनुसारको सम्पूर्ण कार्य सम्पन्न
- भूकम्पले गर्दा र पुरानो केही सामग्रीहरू थप प्रयोग
- ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि भक्तपुर नगरपालिकाको तर्फबाट रू.६५,१३,३५८।२७ विनियोजन
- आर्थिक सहयोग प्राप्त रू.१५,४७,५७०।-
- भौतिक सामग्री सहयोग जम्मा अनुमानित रकम ५,६३,७००।-
- श्रमदान जम्मा ४१८७ जना
- ज्यालामा काम गर्ने जम्मा २३६१ जना
- जम्मा नगद रू.३८,७७,६२८।४१ मा इष्टिमेट अनुसारको सम्पूर्ण कार्य सम्पन्न
- उक्त खर्च रकममध्ये ज्यालातर्फ रू.२६,१७,५००।-, सामग्रीतर्फ रू.११,०२,४७८।४१ र भाडातर्फ रू.१,५७,६५०।- खर्च
- बाँकी रकम रू.६,६९,९४१।- भक्तपुर नगरपालिकाको खातामा जम्मा
- बढी भएको ५५०० वटा झिँगटी, २९० वटा क्वपू र ३ (तीन) ट्याक्टर मुछेको माटो चपाल भैरवनाथ द्योछँ पुनः निर्माणको लागि पठाइयो।

झिँगटी सफा गर्न १५ समूहबाट ३२१ जना र छाना छाउनको लागि ५४ समूहबाट ३८६६ जना गरी जम्मा ४१८७ जना सम्पदाप्रेमी महानुभावहरूले श्रमदान गर्नुभएको तथ्याङ्क छ। साथै उपभोक्ता समितिको जानकारीबिना नै सयौँको सङ्ख्यामा जनश्रमदानको लागि आउनु भएको होला। जसको हामीले रेकर्ड राख्न समेत सकेनौँ।

**ठेक्कामा होइन जनतामा विश्वास :**

भक्तपुरका जनताले ठेकेदारलाई विश्वास गर्दैनन्। ठेक्कामा काम गर्नेको प्रमुख उद्देश्य उसले गरेको कामको दिगोपनाभन्दा पनि नाफा कमाउनु हो। नाफाको लागि गुणस्तरहीन कार्य भएका थुप्रै उदाहरण हाम्रा सामु छन्। त्यसको विपरीत उपभोक्ता समितिले गरेका कार्यहरूमा कसैलाई नाफाघाटाभन्दा पनि कार्यको दिगोपनामा विशेष ध्यान दिने गरिन्छ। आफ्नै घर आँगन, टोल-छिमेक र पिता पुर्खाको धरोहरको संरक्षणमा स्थानीय जनता आफ्नोपन र गर्वको महसुस गर्दछन्। यसले गर्दा विकास निर्माण तथा सम्पदा संरक्षणको कार्यहरू अनुमानितभन्दा पनि कम लागत र तोकिएको समयभन्दा चाँडो सम्पन्न भएका प्रसस्त उदाहरण भक्तपुरमा देख्न पाइन्छ। त्यसको ठिक उल्टो ठेकेदारले गरेका कार्यहरू समयमा सम्पन्न नहुने, कमसल काम गर्ने र अनुमानित लागतभन्दा धेरै गुणा लागत परेको उदाहरण पनि हाम्रै सामु छ।

ङातापोल्हँको सन्दर्भमा पनि जनताप्रतिको विश्वासलाई झन् बलियो बनाइदिएको छ। संरक्षण कार्यको सिलसिलामा संरक्षण कार्य अवधिभर ज्यामी, मिस्त्री, सिकर्मी, ताम्रकर्मी र पोल्हँकर्मीसमेत गरी जम्मा २३६१ जनाले ज्यालामा काम गरेको र उक्त सङ्ख्याको करिब दोब्बर जनताले श्रमदान गरी जनताको धरोहर संरक्षण कार्यमा योगदान गरे। यो हामी सबैको लागि खुशीको कुरा हो।

**स्थानीय सीप र स्वदेशको पौरख :**

भक्तपुरका सम्पदा संरक्षणको लागि विदेशीले सहयोग गर्ने पत्र-पत्रिकामा प्रकाशित समाचार हामीले पनि पढेका छौं। तर त्यसरी आउने सहयोगमा देशको स्वाभिमानमा चोट पुऱ्याउने खालका बन्धनहरू जोडिएर आएको हुनाले त्यसलाई अस्वीकार गरिएको कुरा पनि प्रकाशमा आएको थियो। शर्तसहितको सहयोगले देश र समाजलाई पराधिन बनाउने प्रबल सम्भावनालाई विचार गरेर ती सहायता नलिएको होला। तर विदेशीको सहयोग नभए पनि हाम्रो नगरको सम्पदा संरक्षणको कार्य रोकिएन। बरु विदेशीको भर पर्नुभन्दा आफ्नै पौरख र पसिनाले काम गर्ने भावनासहित व्यापक जनताले सम्पदा संरक्षणमा योगदान गर्नुभयो।

**जनताको सीप र पौरख पोखिएको ङातापोल्हँ :**

मल्लकालमा पनि यसमा हजारौँ जनताले आफ्नो सीप र कौशल पोखेको इतिहास पढ्न पाइन्छ। यसपटक पनि ङातापोल्हँ मन्दिरको संरक्षण कार्यमा भक्तपुरका सम्पूर्ण क्षेत्रका जनताले उत्साहपूर्वक श्रमदान गर्नुभयो। डाक्टर, इन्जिनियरदेखि समाजका विभिन्न पेशा व्यवसायमा आवद्ध महानुभावहरूले गर्नुभएको समर्पणले जनताको पौरखले बनेको ङातापोल्हँ उपमा नवीकरण भएको जस्तो आभास भयो। तसर्थ यस पुनित कार्यमा श्रमदान तथा आर्थिक एवं भौतिक सहयोग गर्ने सम्पूर्णजनमा उपभोक्ता समितिको तर्फबाट विशेष आभारका साथ धन्यवाद दिन चाहन्छु।

**बढी भएको सामग्री व्यवस्थापन :**

जनताको असिम माया र सदभावले ङातापोल्हँको लागि प्राप्त भएको सामग्रीमध्ये केही सामग्री बढी भए। ती सामग्रीहरू भक्तपुर नपाकै पहलमा पुनः निर्माण भइरहेको भैरवनाथ द्योछँको कार्यमा उपयोग गर्न उपलब्ध गराइयो। ङातापोल्हँबाट ५५०० वटा झिँगटी, २९० वटा क्वपू र ३ (तीन) ट्याक्टर मुछेको माटो उक्त कार्यको लागि पठाइयो।

**पेश्कीको बाँकी रकम फिर्ता :**

ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि पहिलो पेश्की स्वरूप रु.३० लाख र चन्दा रकम रु.१५,४७,५७०।- गरी जम्मा रु.४५,४७,५७०।- उपभोक्ता समितिलाई प्राप्त भएकोमा व्यापक जनश्रमदान र विभिन्न महानुभावहरूले उपलब्ध गराउनु भएको आर्थिक तथा भौतिक सहयोगले गर्दा जम्मा नगद रु.३८,७७,६२८।४१ को खर्चमा इष्टिमेट अनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको छ। उक्त खर्च रकममध्ये ज्यालातर्फ रु.२६,१७,५००।-, सामग्रीतर्फ रु.११,०२,४७८।४१ र भाडातर्फ रु.१,५७,६५०।- खर्च भई बाँकी रकम रु.६,६९,९४१ भक्तपुर नगरपालिकाको पूँजीगत खर्च खाता नं ०१९०३००००२००४००००१ मा जम्मा गरिसकेको छु।

**पुर्खाको धरोहरमा आजको पुस्ताको योगदान :**

ङातापोल्हँ पुर्खाको धरोहर हो। त्यही पुर्खाले सिर्जेको सम्पत्ति नै आज विश्वसमक्ष नेपालीको गौरवको रूपमा परिचित रहेको छ। भूकम्पले यस्ता सम्पदामा क्षति पुग्नु दुःखको कुरा हो। साथै आजको पुस्ताले पुर्खाको धरोहर संरक्षण कार्यमा थोरै भए पनि योगदान गर्न पाउनु गौरवको कुरा हो। यस्तो महत्त्वपूर्ण सम्पदा संरक्षण कार्यको लागि विश्वास गर्नुभएकोमा सम्पूर्ण उपभोक्ता समिति तथा अनुगमन समितिको तर्फबाट भक्तपुर नगरपालिकाका मेयरज्यू लगायत सम्पूर्ण सरोकारवाला सङ्घ-संस्थामा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु।

**केशव तमखु,अध्यक्ष**

**ङातापोल्हँ मन्दिर संरक्षण कार्य योजना उपभोक्ता समिति**

२०७७/४/२३

# मालपोत कर र घर–जग्गा दररेटसम्बन्धी अभिमुखीकरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिड १९ सङ्क्रमणको जोखिमका कारण भक्तपुर नगरपालिकाको आम्दानीमा कमी आएको हुँदा नगरपालिकाले हरेक काममा मितव्ययिता अपनाउनुपर्ने बताउनुभयो।




भक्तपुर नगरपालिकाको आयोजनामा साउन २२ गते सम्पन्न आर्थिक वर्ष २०७७/७८ को लागि निर्धारित मालपोत कर र घर–जग्गाको दररेटसम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले कर्मचारीहरूको व्यवहारले जनतालाई खुशी बनाउनुपर्ने बताउनुभयो।

जनप्रतिनिधि र कर्मचारीहरूका कामहरूबाट बिचौलियालाई खेल्ने अवसर दिनुहुन्न भन्नुहुँदै उहाँले मालपोत कार्यालयमा आर्थिक अनियमितता भए सिङ्गो जिल्लाकै बद्नाम हुनेतर्फ सजग रहनुपर्ने बताउनुभयो।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरका नायब सुब्बा कुलबहादुर बस्नेतले नगरपालिका र मालपोत कार्यालयबीचको आपसी समन्वयले काम गर्न सहज हुने बताउनुहुँदै भक्तपुरको जग्गाको न्यूनतम मूल्याङ्कनबारे केही अस्पष्ट भएका विषयहरूमा स्पष्ट पार्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त अभिमुखीकरण कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, वडा सचिव, कर्मचारीहरूको उपस्थिति रहेको थियो।

# बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा साउन २९ र ३२ गते गपलीमा विभिन्न पसलहरूको अनुगमन गरियो। कोभिड १९ को महामारीको समयमा कालाबजारी, मुल्यवृद्धिलाई मध्येनजर गरी अनुगमन जारी राखेको छ।


साउन २९ गते साख मल्टी स्टोर्स किराना पसलमा र एस.आर. स्टोर खाद्य पसलमा दर्ता भएकोले मिनिमार्टमा दर्ता गर्न पटक पटक अनुगमनमा निर्देशन दिंदासमेत दर्ता नगरेको पाइयो।

त्यस्तै अन्य मिनिमार्केटमा म्याद नाघेको समान भए नभएको समय समयमा चेक गर्न, गेडागुडीलगायतका प्याकेजिङ्ग सामानमा खाद्यको अनुज्ञापत्र लिएर मात्र लेबल राख्न, तयारी म:म: प्याकेजिङ्गमा लेबल नभएको पाइएकोले लेबल राख्न र दर्ता नवीकरण नभएकोले तीन दिन भित्र दर्ता नवीकरण गर्न निर्देशन दियो।

साउन ३२ गते गपलीमा नै गरिएको अनुगमनमा दर्ता नवीकरण गर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, नियमित सरसफाइ गर्न, दर्ता प्रमाणपत्र पसलमा सबैले देखिने गरी राख्न, पसलको श्रेणी बढाउन, साईन बोर्ड राख्न निर्देशन दियो।

त्यस्तै म्याद नाघेका सामानहरू नष्ट गरी तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन तथा प्याकेजिङ्ग सामानमा खाद्यको अनुज्ञापत्र लिएर मात्र लेबल राख्न र गोदाममा म्याद नाघेको र बिग्रेको सामान छुट्ट्याएर राख्न निर्देशन दियो।

अनुगमनमा समितिका सदस्यहरू कार्यपालिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी राजकुमार दनुवार, उद्योग वाणिज्य सङ्घका पञ्चकृष्ण श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका प्रेमकृष्ण खर्बुजा र लक्ष्मीप्रसाद बाटी, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारीलगायतका प्रतिनिधिहरू सहभागी रहेको थियो।




# aftfkf]xFgdf(f syf -^_

- डा. जनकलाल वैद्य



**(अध्याय ३...)**

३) मन्दिर निर्माण कार्यका चरणै पिच्छे सम्पन्न गर्नु पर्ने वास्तु शास्त्रीय पूजा अथवा वैदिक अनुष्ठान कृत्य अथवा तान्त्रिक बलिपूजा विशेषका लागि चाहिने सामग्री सूची तयार गरी ती सामग्री खरीद गर्दा अथवा जोहो गर्दा भए गरेका खर्चको हिसाव अभिलेख राख्नुलाई मन्दिर निर्माणको कुनै चरणमा सम्पन्न गरिने त्यस्ता पूजा कार्यका नाम सङ्केत गरिराख्ने गर्दा रहेछ, र

४) **पाँचतले मन्दिर** निर्माण कार्य सिद्ध भएको हर्ष बढाइँको बेलामा सम्बद्ध पुरोहित वर्गहरू, कालिगडहरू, राम्रो रेखदेख पुऱ्याउने चिताइदारहरू, प्रमानहरू र भण्डारेहरूलाई कृत्य अनुष्ठान सम्पन्न गराउँदाको दक्षिणा भेटी, पुरस्कार उपहार मिठाइ इत्यादि दान प्रदान वितरण गरेको खर्च हिसाब टिप्ने सिलसिलामा **पाँचतले मन्दिर** अथवा देवल छँ निर्माण कार्यका कुनै खण्डको उल्लेख सङ्केत गर्ने गरेको पाइन्छ।

**पाँचतले मन्दिर** निर्माण कार्यलाई चाहिने निर्माण सामग्री जोहो गर्दागर्दै अथवा स्थानीय स्रोतबाट र इलाका गाउँहरूबाट तथा छिमेकी राज्य देश ललितपुर र तिनका इलाका गाउँठाउँहरूबाट त्यस्ता निर्माण सामग्री उपलब्ध हुँदाहुँदैका स्थितिमा उपयुक्त निर्माणका आधारभूत प्रारम्भिक कार्यहरू न्यातपुल भत्काउने, जग्गा अधिग्रहण गर्ने, भूमिशोधण – वास्तुपूजा गर्ने, मित सोङा – पादस्थापना अर्थात जग हाल्ने पूजा अनुष्ठान कृत्यहरू सम्पन्न भए गरेका चर्चा भइसकेका छन (पृ २६)। त्यसपछि धेरै समय लाग्ने कामहरू जस्तो फसगाथ (हावाको गतिसाथ बज्ने बलेसीका घण्टी) बनाउने, गजूर बनाउने, कलि अर्थात नकर्मीहरूले फलामका ज्यावल उपकरण इत्यादि बनाउने काम बारेमा पनि माथि नै चर्चा भइसकेका छन् (पृ ३०, ३१, ३७)। उपर्युक्त आधारभूत प्रारम्भिक निर्माण कार्य पछिका **पाँचतले मन्दिर** निर्माणका खास कबार्यहरू अब यहाँ चरणबद्ध रूपमा चर्चा गरिन्छ –

**द्वार स्थापना** – प्रस्तुत अभिलेख ग्रन्थमा पाँचतले मन्दिर निर्माण कार्यहरू मध्ये त्यस मन्दिरको द्वार स्थापन संवत् ८२२ फाल्गुण वदि ६ (वि.सं. १७५८) मा भयो भनेर सामान्य टिपोट जस्तो गरेर पत्राङ्क १३२ ख र १४२ क मा लिपिबद्ध गरिराखेको देखिन्छन्। सोही अभिलेख गन्थको पत्राङ्क १ ख मा उल्लिखित कार्यक्रम सूचीहरूका प्रसङ्गमा **'सम्वत् ८२२ फाल्गुण कृष्ण षष्ठी ज्येष्ठ नक्षत्र सुद्वियोग आदित्यवार थ्व कुन्हु देवलया द्वार स्थापन'** भनेर संवत्, महिना, पक्ष, नक्षत्र, योग र वार समेत उल्लेख गर्नेदेखि बाहेक द्वार स्थापन विषयमा वास्तु शास्त्र सम्बन्धी भनौं या निर्माण सम्बन्धी प्राविधिक कुरा केही लेखिएको पाइएन। **पाँचतले मन्दिर**को पाँचौ तलाको फले पेटीमाथि उक्त मन्दिरको मूल प्रवेशद्वार दक्षिण अभिमुख भएर स्थापित भई राखेको देखापर्छ। उक्त मन्दिरमा पूर्व, उत्तर र पश्चिममा पनि उति उति नापोकै उस्तै उस्तै कलापूर्ण बुट्टा बान्की र देवदेवीका मूर्ति, भक्तहरूका मूर्ति, जीवजन्तुका मूर्ति कुँदिएका द्वार स्थापित भएका मौजुद देखिन्छन्। पश्चिम दिशातर्फको द्वार नजा देखिन्छ। वि.सं. २०५३/५/१६ देखि २०५५/४/१५ को समयावधिभित्र भक्तपुर नगरपालिका र श्री ५ को सरकारको संयुक्त प्रयासद्वारा उक्त मन्दिरको जीर्णोद्धार हुँदाका बखत उक्त पश्चिमतर्फको द्वार फेरिएको औ नजा बनाई जडान भएको बुझिन्छ। तर **भक्तपुर मासिक** पत्रिका (अङ्क १५० पृ. १८-२४ मा) प्रकाशित **'ङातापोल जीर्णोद्धारको विवरण'** मा साल काठको पुरानै नमूना अनुसारको १४२x९३x१४ से.मि. साइजको तोरण बनाई जडान गरिएको (पृ. २३ को १६ औं सङ्ख्याको विवरण टिपोट) भन्ने उल्लेख मात्र देखिन्छ, तर द्वार फेरिएको बारे त्यस विवरणमा कहिँ कतै उल्लेख देखिएन। उक्त मन्दिरमै स्थलगत निरीक्षण गर्दा (वि.सं. २०५८/१/२५/३) मा दक्षिण, पूर्व र उत्तरका द्वारहरू स्थापना कालकै प्राचीन मौलिक द्वारै देखिन्छन्। पश्चिमको द्वार नजा देखिन्छ (फोटो

नं. २ हेरेमा स्पष्ट देखिन्छ) औ त्यसैद्वारको दायाँतिरको गाह्रोको ईँट माटो जोडाइ (सिमेन्टको ?) पनि ताजा देखिन्छ ।

उपर्युक्त द्वार स्थापना सम्बन्धी टिप्पणी तथ्यका साथै द्वारस्थापन गर्नलाई सम्पन्न गरिने होम यज्ञ र तान्त्रिक बलि पूजा–कर्मबलि र देश पूजा कृत्यहरूलाई चाहिने सामग्री सूचीमात्र उल्लिखित भएका छन् (पत्राङ्क १३२ ख र १४२ क मा) । उक्त द्वार स्थापन हुँदा तीन बोका बलि चढाई पूजा गरिएका देवदेवीहरू पुरक्व इनाय, एउटा हाँस बलि चढाई दुमाजु पूजा र दिग पूजा, कुम्हल भुजा पूजा, मता पूजा/ती पूजा सम्पन्न गरी समयबजि प्रसाद वितरण गरिएका थिए ।

उक्त मन्दिरको दक्षिणपट्टिको द्वार मूल प्रवेश द्वार हो । मन्दिर भित्रका देवदेवीहरू पनि आआफ्नो यथायोग्य पवित्र आसन स्थापना दक्षिण अभिमुख गरेरै स्थापना गरिएका छन् । उक्त मन्दिरका चारै दिशातर्फका चारै द्वारहरूमा नेपाल उपत्यकाका स्थापत्य कलाका आदर्श परम्परा अनुरूपका सबैजसो अङ्ग स्वरूप युक्त देखिन्छन् । ती द्वारहरूमा उत्कीर्ण काष्ठकलाले तत्कालीन नेपाल उपत्यकामा प्रख्यात एवं मान्य कला, धर्म, दर्शन र तन्त्रका गहन भाव सन्देश इंगित गरिरहे झैँ लाग्छ । कला, दर्शन र तन्त्र विषयका अनुसन्धानाता विद्वान्हरूले ती काष्ठकला कृतिका आधारमा ती ती विषयका छुट्टाछुट्टै अनुसन्धान अध्ययन विश्लेषण गर्ने बेला आएको छ । यी पङ्क्तिलेखकले एक वर्ष छोटो र सीमित समयावधिभित्र प्रस्तुत अभिलेख ग्रन्थको नेपाली भाषामा अनुसन्धान प्रबन्ध तयार गर्नु पर्ने भएकाले र आफ्नो सीमित ज्ञानको आधारमा ती द्वारहरू अवलोकन गर्दा आफूलाई लागेको अनुभव साधारण पाठकको र दर्शकको दृष्टिकोणले प्रस्तुत गर्दछ –

पुग नपुग तीन सय वर्ष प्राचीन यो मन्दिरका काष्ठ निर्मित द्वारहरू हावा, घाम र पानीका बाछिटाका संसर्गले गर्दा केही केही चिरा चिरा परेका छन् तापनि हिसी परेका वयः वृद्ध–वृद्धाका चाउरिएका अनुहारका झैँ सौन्दर्य र आकर्षण ती काष्ठ मूर्ति कलामा देख्न पाइन्छन् । धन्य, असल जातको काठमा कुँदिएका हुनाले ती काष्ठकला जीवन्त नै देखिन्छन् ।

दक्षिणपट्टिको मूल प्रवेशद्वारमाथि तीन तह छत्र भएको (गजूर युक्त ?) तोरणको काष्ठकला दर्शनीय र अध्ययनीय लाग्छ । उक्त तोरणको मास्तिर बीचमा पूर्णकदको गरूडको मूर्ति अभिवादन मुद्रामा बनाइएको देखिन्छ । गरूडका अरू दुई हातमा आयुध छन् । पछिल्तिर फैलिएका दुवै पखेटामा मानिसका जस्ता हातका आकृति देखिन्छन् । गरूड मूर्तिको पनि दायाँबायाँपट्टि महिषमर्दिनी भगवतिका मूर्तिहरू देखिन्छन् । गरूडको मूर्ति मास्तिर ठीक बीचमा देवदेवीको युगल मूर्ति (शिव शक्ति ?) जस्तो देख्न सकिन्छ । त्यसको तलतिर दायाँबायाँपट्टि अष्टभुजा देवीका एक जोर मूर्तिहरू त्यस काठको तोरणमा कुँदिएका छन् । गरूड मूर्तिको तल बीचैमा अरू सबै मूर्तिहरूभन्दा केही ठूलो देखिने मूलदेवी महिषमर्दिनी भगवतिको देदिप्यमान र ओजस्वी मूर्ति – सिंहमाथि आफ्ना पाउ टेक्दै महिषासुरलाई भालाले प्रहार गरिरहेकी देखिन्छिन् । देवीको वाहन सिंहले पनि महिषासुरलाई आक्रमण गर्न तम्सिरहेको देखिन्छ । अभय वर मुद्रा धारण गरिरहेकी ती देवीलाई पाँच नागहरूले आ–आफ्ना (फणा) शिरले छाता जस्तो ओढाइरहेका देखिन्छन् । ती पाँच नागका शरीर एकापसमा चुल्ठो झैँ बाटिएर देवीका मूर्तिका दायाँबायाँ लहरिएका देखिन्छन् । त्यस तोरणका दुवै पट्टिका तल छेउ कुनामा हिति मंगःबाट जलधारा प्रवाहित भई त्यसको पछिल्तिर जल भूमरीको रूपमा देखापरेका छन् । त्यस तोरणमा देखिने जम्मा जम्मी नौवटा मूर्तिहरू देवी भगवतिका हुन् भनी सहजै ठम्याउन सकिन्छ । मूल भगवति देवीको पादपीठमा र तोरणको पनि पादपीठमा कमलका पातहरू औ तोरणको मास्तिर छेउछेउमा ज्वाला र लहराका आकृति ठम्याउन सकिन्छ । उक्त, पाँचतले मन्दिरका अन्य तीन द्वारहरूमाथि पनि त्यस्तै तोरण शोभिएका छन् (फोटो नं. १ ख) । **भक्तपुर मासिक** पत्रिका अङ्क १५० मा प्रकाशित **'ङातापोल जीर्णोद्धार विवरण'** अनुसार ती तोरणहरू सालको काठद्वारा निर्मित (१४२ x ९३ x १४ सेमि साइज नापोका) छन् ।

उपर्युक्त तोरणको वर्णनका साथै दक्षिणतर्फकै मूल प्रवेशद्वारको पनि वर्णन गर्नु उपर्युक्त ठान्छु । त्यस पाँचतले मन्दिरको प्रवेशद्वार र अरू तीन द्वारहरू नेपाल उपत्यकाका प्राचीन मन्दिर प्रासाद बिहारको स्थापत्य कलाको आदर्श स्वरूप सौन्दर्य झल्किने गरी, प्राचीन द्वारका प्रायः सबै अङ्ग पूर्ण देखिन्छन् । ती द्वारहरूमा हेर्नासाथै काष्ठ कलायुक्त तीन तह चौकोस एक आपसमा मजबुतसाथ जडिएका देखिन्छन् । त्यस प्रवेशद्वारको चौकोसका दायाँ–बायाँपट्टिका कलापूर्ण बुट्टाले सिँगारीएका काठहरू, त्वलं थां, नाग्वः थां छन् । ती कलापूर्ण मूबाहा थां भन्ने काठहरू माथिको मुतागः काठको ठीक बीचमा देवीका तीन ससाना मूर्तिहरू तीन ससाना कोष्ठहरूभित्र पारी कुँदिएका देखिन्छन् । ती कोष्ठहरूका माथिल्लो भाग अर्द्धवृत्तकारका छन् त तल्लो भाग चारकुने जस्तो देखिन्छन् । ती तीन मूर्तिहरू माथिको अरूको काठमा पनि एक अर्द्धवृत्ताकार कोष्ठमा देवीको एक मूर्ति कुँदिएको देखिन्छ । त्यसको पनि माथि त्यस्तै अर्को अलिक ठूलो मूर्ति कुँदिएको देखिन्छ । मूबाहा काठका बीच बीचमा पनि एकेक सानो चौकोण कोष्ठभित्र एकेक भक्तको मूर्ति कुँदिएको देखिन्छ । ती मूबाहा काठका सँघारनेरको छेउमा पनि एकेक संरक्षक देवदेवीका मूर्ति कुँदिएका देखिन्छन् । संप्रति ती मूर्तिहरू मध्ये कुनै कुनै चिन्नै नसकिने अवस्थामा पुगिसकेका छन्, अस्पष्ट भइसकेका छन् । ती मूर्तिहरूका अतिरिक्त ती मूबाहा काठमा र मूतागः काठमा सबैतिर उनिएका फूलका माला जस्ता बुट्टा कुँदिएका राम्रा देखिन्छन् ।

ती चारै द्वारमा एकेक जोर खापा छन् । ती खापामा

आँखी झ्याल जस्तै देखिने ससाना चौकुने प्वाल जस्ता बुट्टा कुँदिएका छन् । ती खापाहरू पनि काष्ठकलापूर्ण मूर्ति र बुट्टाले शोभिएका छन् । ती प्रत्येक खापाको बीच भागमा भोटे ताला लगाउनका लागि खापाका दुवै पाटामा अलिक ठूलो फलामे खैमल जडान गरिएका छन् । ती खैमलका दायाँ र बायाँपट्टि विपरीत दिशातिर हेरिरहेको एकेक फूर्तिला सिंहका मूर्तिहरू पहरेदार संरक्षक रूपमा कुँदिएका छन् । धर्म, नैतिकता र अनुशासन जस्ता गुण भएका त्यस बखतका जनसमुदायका लागि त्यस्ता मूर्ति कलाकृतिबाट पनि देशको अनमोल धार्मिक, सांस्कृतिक र कलात्मक सम्पदा संरक्षण गर्ने गराउने कर्तव्य निर्वाह गराउने चेतना बोधको लागि मनग्गे पुग्दो रहेछ ! सँघारको ठेला काठभन्दा अलिकति मास्तिर पनि ती खापाका दुवै पाटामा जडिएका खैमलबाट एकेक फलामे सिक्री सँघारकै ठेला काठका बीचमा जडान गरिएका खैमलका प्वालमा मिलाई घुसारी भोटे ताला लगाउने गरिन्छ । सँघारको काठको ठेलाका दुवै छेउपट्टि त्वलंथांको फेदमा पनि एकेक सानो कोष्ठभित्र पनि सुरक्षार्थ पहरा दिइरहने सिंहका एकेक मूर्ति कुँदिएका छन् । यसरी तल माथि, दायाँ बायाँ, अगाडि-पछाडि संरक्षण गर्ने भैरव जस्ता देवता र सिंह जस्ता जन्तुका काष्ठ मूर्ति कुँदेर सिंकर्मी कलाकारले देशको अमूल्य धार्मिक संस्कृति कला सम्पदा संरक्षण गर्ने कर्तव्य बोध र सजगताको उपायतिर ध्यान आकृष्ट गरिरहेको प्रतीत हुन्छ । त्यसद्वारका मूतागः मास्तिरका लापु र पुरात्वमा, देविक्व, भैरक्व इत्यादि खण्डहरूमा पनि चन्द्र-सूर्य मूर्तिद्वारा त्यस मन्दिर चन्द्र सूर्य उदाउञ्जेल अमर रहिरहोस् भन्ने चिरस्थायीत्वको कामना गरिएको, तोरणका गरूड मूर्ति र हिति मंगःका जलधारा जल भूमरीका प्रतीक चिन्हले उक्त मन्दिरलाई हुरीबतास र झरी पानीले क्षति नपुऱ्याओस्, एउटै शक्तिदेवीका भिन्नाभिन्नै र भिन्नाभिन्नै भएर पनि एकै देवीको मूर्ति कुँदेर सिंकर्मी कलाकारले अनेकतामा एकता कायम भएमा देशको कीर्ति गौरव गरिमा युगौँ युगसम्म चिरस्थायी भइरहन्छ भन्ने भाव अभिव्यक्त गरिरहे झैँ लाग्छ । यस्ता भाव प्रतिबिम्बित गरिरहन सक्ने कला सिर्जनाका काम धेरै समय लगाएर साधना गरिएको हुनुपर्छ । कमसेकम ने.सं. ८२२ मार्गशिर शुल्क १२ का दिन काममा नियुक्त भक्तपुरकै प्रतिभाशाली एवं कला प्रवीण सिंकमीहरूले ती द्वार, तोरण र द्वारका दायाँबायाँ जडान भएका कलापूर्ण गवाक्ष (फोटो नं. ५) देवताका झ्यालहरू रचना सिर्जना गरिएका हुनुपर्छ । तर प्रस्तुत अभिलेख ग्रन्थमा ती उत्कृष्ट कलाकृति सिर्जना रचना साधना (द्वारका काल स्वरूप, तोरण गवाक्ष इत्यादिका) स्रष्टा कलाकार कालिगडहरूका नामै उल्लेख नगरिनु उदेकलाग्दो मात्र होइन दुःखलाग्दो पनि हो !

**निदाल चढाउने** – प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्क १४२ क, १३४ ख मा **निराल, निलाल, निरार** नामले परिचित गराइएको दलीन अड्याइने गारोमाथिका र थामो मेठमाथि जडान गरिएका लामा मोटा र बलीया काठ विशेषलाई नेपाली भाषामा निदाल भन्ने गरिएको पढ्न पाइन्छ । प्रस्तुत अभिलेख ग्रन्थमा 'ने.सं. ८२२ (वि.सं. १७५९) फाल्गुण कृष्ण ११ एकादशी धनेष्ठ नक्षत्र सिद्धियोग, शुक्रवारका दिन (पाँचतले) मन्दिरका निदाल चढाइए' भन्ने तथ्य उल्लिखित देखिन्छ (पत्राङ्क १ ख), अरू पत्राङ्कहरू १३४ ख, १४२ क, १६३ ख, १६८ ख-१६९ क मा सोही तथ्य उल्लिखित भएका छन् । तर ती पत्राङ्कहरूमा न्यातपोलल देवल अर्थात पाँचतले मन्दिरमा निदाल जडान गर्नलाई सम्पन्न गर्नु पर्ने **शिरहोम, दुनेयाता पूजा, दुमाजु पूजा, कुम्हल पूजा, भैरव पूजा, मता पूजा, पुरक्व इनाय पूजा, कर्म्म बलिपूजा, देश बलिपूजा** अनुष्ठान कृत्यका लागि जोहो गर्नुपर्ने सामग्री सार्जाम सूचीमात्र लेखिएका रहेछन् । निदाल जडान विषय वास्तु शास्त्र प्राविधिबारे केही तथ्य उक्त अभिलेख ग्रन्थमा कहीँ कतै लेखिएको देखिएन । निदाल काठका नापो, सङ्ख्या औ जडान गरिने स्थान विशेष पनि कहीँ कतै उल्लिखित भएको देखिँदैन । जे होस् कुनै पनि मन्दिर प्रासाद भवन नव निर्माण गर्दा निदाल चढाउनु अगि पनि होम, पूजा, बलिपूजा गर्नु पनि त्यस बखतको नेपाल उपत्यकाको थिति चलन रहेछ भन्ने तथ्यको जानकारी मिल्न आएको छ । अद्यापि, त्यस्ता कृत्य केही न केही अंशमा कतै कतै हुँदो छ ।

मन्दिर, प्रासाद, भवन, घर निर्माण कार्य गर्दा भुइँ तलाको निर्माण कार्य सकिएपछि माथिल्ला तलाहरूका निर्माण कार्य क्रमबद्ध रूपमा थाल्नलाई दैवी, आधिदैविक शक्तिसित अनुमति पाउनलाई गरिने ती अनुष्ठान कृत्य हुन कि जस्तो लाग्छ । मन्दिर, प्रासाद, भवन निर्माण कार्य भइरहँदा र निर्माण कार्य पूरा भइसकेपछि सो मन्दिर, प्रासाद, भवनका माथिल्ला तलाका भार थामिरहन सकून् औ त्यस भूखण्डले उक्त मन्दिर भवनको सम्पूर्ण बोझ थामिराख्न सकून तथा निर्माण समयावधिभित्र र त्यसपछि पनि कसैलाई कुनै आपत्ति-विपत्ति पर्न नआवस् भनी स्वेष्ट स्थानीय देवदेवी र यत्रतत्र छरिएर रहेका पीठ देव देवीहरू प्रसन्न पारी ग्रह दशा शान्त पार्ने उपाय हुन् ती अनुष्ठान कृत्य । ती होम र पूजा कृत्य सम्पन्न गरिँदा उच्चारित हुने गुह्य मन्त्र विधि स्तोत्र पाठमा त्यस्ता भाव अन्तर्निहित हुन्छन् ।

**पाँचतले मन्दिर**का द्वार स्थापन भएको तिथि र निदाल चढाएको तिथि दिन बीच सिर्फ ६ दिनको फरक देखिन्छ । निदाल काठहरू पनि जहाँ जहाँ चढाई जडान गर्नुपर्ने हो सो ठाउँलाई मिल्ने गरी ताछेर सम्याएर ठीक पारिराखेको हुनुपर्छ । उक्त मन्दिरका २० वटै थामहरू चारैतिर जडान गरिसकेपछि ती थाममाथि मेठ काठ पनि जडान भइसकेको हुनुपर्छ निदाल चढाउनु अघि गर्भगृहका चारैपाटा गारोको उच्चाइ र थामहरू (मेठसहित) का उच्चाइ बराबर र समान पारिन्छ । ती माथि चढाइने निदालहरूका र सम्बन्धित कालिगड कर्मी-सिकर्मीहरूलाई

पूजा गरिन्छ, दक्षिणा प्रदान गरिन्छ र अनि विधिवत ती निदालहरू गारो र थामहरूमा (मेठ सहितको) चढाई जडान गरिन्छन् । त्यसपछि काठका दलिनहरू केही दूरी पर समानान्तर स्थितिमा एकेक गरी ती निदालहरूमाथि तेर्स्याइन्छन् । ती दलिनको एक छेउ गर्भगृहको गारोमा र अर्को छेउ मेठ सहितको थाममाथि अड्याइएका छन् । ती दलिनहरू चलहल गरी यताउता सर्न नपाउने गरी दलिनको छेउ छेउमा प्वाल पारी तिनमा काठका चुकुल हालिराखेको देखिन्छन् । कुनै कुनै चुकुल दलिनका प्वाल र निदालको प्वालबाट पनि छिराई राखेका हुन्छन्, कुनै चुकुल गारोभित्र पनि घुसारी राखेका हुन्छन् ।

पाँचतले मन्दिरमा हेर्दा ती निदाल काठहरू मन्दिरको मेठसहितका दुई तीन थाम माथि पर्ने गरेर अड्याइएका पनि देखिन्छन् । त्यस्ता निदालहरू चलूसाः जोडनी प्रविधिद्वारा एक आपसमा मजबूतसाथ जोडिएका देखिन्छन् । गर्भगृहका गारोमाथि पनि निदालहरू त्यस्तै गरी अड्याई जडान गरिएका देखिन्छन् । ती निदालमाथि केही फरक फरक दूरीमा समानान्तर पारी लहरै तेर्स्याईएका ३८/४० ओटा दलिनहरूका एकेक छेउ टुप्पा गर्भगृहको माथि रहेको निदालमाथिबाट पार गराई भित्र छिराई चुकुल हालिराखेका देखिन्छन् । त्यस्ता चुकुलहरू गर्भगृहको भित्तामा/गारोमा टम्म मिलेका औ ती दलिनका टुप्पामा रंगीन फूल बुट्टा र मूर्तिद्वारा सिँगारिएका देखिन्छन् । न्यातापोलल देवल अर्थात पाँचतले मन्दिर हेरेमा ती निदाल, दलिन र दलिनका टुप्पा र चुकुल स्पष्ट देख्न सकिन्छ (फोटो नं. १ क, ५,६ ख १४ र १८) ।

यसरी, **न्यातपोलल** मन्दिर अर्थात **पाँचतले मन्दिर**का निदालहरू र ती माथिका दलिनहरूले उक्त मन्दिरको पाँचै तलाहरू एकमाथि अर्को थपिन्दै गजूरसम्म चुलिंदै गइरहेका सम्पूर्ण भार थापिरहेका थामिरहेका जस्ता देखिन्छन् ।

**झ्यालहरू जडान** – प्रस्तुत अभिलेख ग्रन्थमा झ्याल जडानको कुरा पनि पाँचतले मन्दिर नव निर्माण भइरहेको उक्त मन्दिरमा झ्याल जडान गर्नु अघि सम्पन्न गरिनुपर्ने शिरहोम, कर्मबलि र देशबलि कृत्य, तलेजु र दुमाजु पूजा, भेलजु र कुम्हलजु पूजा जस्ता अनुष्ठान कृत्यहरूका लागि चाहिने पूजा–बलि सामग्री सूची ती सामग्री जोहो गर्ने कुरामा केन्द्रित देखिन्छन् । (पत्राङ्कहरू १३५ ख, १४२ क, १६३ ख, १६४ क) । ती पत्राङ्कहरूमा दिइएका संवत् तिथि ८२२ चैत्र शुल्क ७ झ्याल र गवाक्ष जडान गरेको संवत् तिथि हुन् भनेर प्रमाणित भएका छन् । ती पत्राङ्कहरूमा झ्यालका सङ्ख्या, नापो, बनोट र तिनीहरूका अङ्ग तिनीहरूमा कुँदिएक बुट्टा मूर्ति इत्यादिका कुनै तथ्य उल्लिखित भएका देखिंदैन । पाँचतले मन्दिर हेरेमा पहिलो तलाका प्रत्येक पाटामा ३ जोर (एक देव झ्याल र त्यसैका अगल बगल दुई दुई, गवाक्ष झ्यालहरू) जडान भइराखेका त्यस तलाका दुई दुई टुनालका बीच हेरेमा टड्कारै देखिन्छन् । त्यस पहिलो तलामा मात्रै पनि चार दिशाका प्रत्येक बीचको मुख्य झ्यालमाथि झ्यालको आकार सुहाउँदो तोरण एकेक पनि देखिन्छ । तोरणमा छेफः, तीन छत्र, गजुर, हिति मंगः, जल भुमरी चक्र र बीचमा देवीको मूर्ति र अन्य बुट्टाहरू कुँदिएका औं रंग चढाएर सिङ्गारिएका देखिन्छन् । त्यस झ्यालको माथिलो चारकुने खण्ड खुला देखिन्छ । त्यसको तल्लो खण्ड चाहिं मूर्ति र बुट्टायुक्त दुई तह चौकास आपसमा जोडी बनाइएका देखिन्छन् । त्यस झ्यालको खुला प्वाल अर्द्धवृत्ताकार देखिन्छ । त्यस झ्यालका दायाँ बायाँ रहेका गवाक्ष झ्यालहरूमा पनि छत्र आकारका गजुर, फूलमालाका घेरा र बीचमा शक्तिदेवीको प्रतीक स्वरूप खड्ग देखिन्छ । गवाक्ष झ्यालको अर्द्धवृत्ताकार प्वालमा देवदेवीका शिरो भाग एक एकमात्र देखिन्छ । त्यस झ्याल (गवाक्ष) को तल्लो भागमा अर्द्धचन्द्राकार दुई वृत्त जस्ता देखिने खण्डहरू जोडिएका छन् । त्यसका छेउ छेउमा र बीचमा बुट्टा छन् ( फोटो नं. ६ क,ख,ग) । गवाक्ष झ्यालहरूका पूर्वपट्टि र पश्चिमपट्टि (क्रमशः बायाँ र दायाँतिर) पनि एकेक तोरण युक्त बीचको झ्याल जस्तै एकेक झ्यालहरू (ती मध्ये दुई गवाक्ष झ्यालहरू) जडान गरिएका देखिन्छन् । दोस्रो तलामा पनि त्यस्तै विधिले प्रत्येक पाटामा पनि ३/३ झ्यालहरू लहरै तर नजोडिएर जडान भएरहेका त्यहाँका टुनालहरूका बीच बीचबाट देखिन्छन् । चौथो तलामा भने बीचमा एउटा झ्याल भई त्यसको दायाँ र बायाँ एकेक गवाक्ष झ्याल जडान भएका देखिन्छन् । त्यस्तै पाँचौ तलामा पनि बीचमा एउटा झ्याल दायाँ बायाँ गवाक्षहरू देखिन्छन् । ती झ्यालहरू सबैका (दोस्रो पाँचौ तलाका झ्यालहरूका चित्र राम्रो र स्पष्ट नदेखिनाले तिनीहरूका वर्णन गरिएको छैन । पाँचतले मन्दिरमा काष्ठकलाले सुन्दर देखिने झ्यालहरूका सङ्ख्या जम्मा ३६ र गवाक्ष झ्यालहरू ४० ओटा जडित भएका छन् ।

ती काष्ठकलापूर्ण सुन्दर झ्याल र गवाक्षहरू ने.सं. ८२२ मार्ग शुल्क १२ र सोही साल मार्ग वदि १ मा नियुक्त भएका भक्तपुरका सिकर्मीहरूले र बनेपाली र ठिमीले सं. ८२२ चैत्र शुल्क ७ मा विधि पूजा गरी जडान गर्न भ्याउने गरी करीब ४ महिना समयावधि भित्र बनाई तयार गरेको बुझिन्छ । ती झ्यालहरू र गवाक्षहरू पहिलो, दोस्रो, तेस्रो, चौथो तलाका क्रमशः स–साना बनाइएका छन् । पत्राङ्क २४६ क मा पहिला तलाको झ्याल जडान गर्ने ठाउँमा उचाइ साढे ५ हात, दोस्रो तलाको झ्याल जडान गर्ने ठाउँका उचाइ साढे पाँच हात, तेस्रो तलाको झ्यालको ठाउँको उचाइ साढे चार हात, चौथो तलाको झ्यालको ठाउँको उचाइ चार हात दुई अङ्गुल र पाँचौं तलाको झ्यालको ठाउँको उचाइ दुई हात भनी उल्लिखित गरेका देखिन्छन् । तर त्यसमा ती झ्यालहरूकै लमाइ (उचाइ) र चौडाइ दिएका छैनन् । गवाक्ष झ्यालहरूका त कुनै नापो उल्लिखित भएको देखिंदैन । नव निर्माण भइरहेको पाँचतले मन्दिरमा निदाल चढाएको दिन तिथि संवत् ८२२ फागुन कृष्ण

११ को १२ दिन जतिपछि सं. ८२२ चैत्र शुल्क ७ तिथिका दिन झ्याल जडान गर्ने कार्यका निम्ति अनुष्ठान कृत्यहरू पहिलो तलाका झ्याल जडान गर्नका लागि मात्र सम्पन्न गरिएका थिए। त्यसबेला शिरहोम, कर्म्मबलि र देश बलि पूजामा बोकाहरू तथा दुमाजु पूजामा हाँस बलि चढाई पूजा सम्पन्न गरेका देखिन्छन्। त्यस्ता पूजा अवसरमा सम्बन्धित कालिगडहरूलाई तलै पिच्छेका झ्याल जडान गरे वापत विभिन्न दरको दक्षिणा दिएका देखिन्छन्। (पत्राङ्क २४९ ख, परिशिष्ट नं. ५८ ग, घ, ङ)। निदाल र दलिनहरू जडान गरे पछिका १२ औँ दिनमा पहिलो तलाका झ्यालहरू जडान गर्नु अघि गर्भगृहको गारोमा नागो लेविसि बुट्टा, चारैतिर टुनाल त्वाकल काठ जडान गर्ने र गारो केही उठाई सकेको हुनुपर्छ (फोटो नं. ६ क र ७ ख)। एवं प्रकारले दोस्रोदेखि पाँचौ तलासम्म पनि त्यस्ता निर्माण कार्य भइसक्नु पर्ने बुझिन्छ। पहिलो तलाका झ्यालहरू जडान गरेको ११/१२ दिनजति पछि दोस्रो तलाका झ्यालहरू, दोस्रो तलाका झ्यालहरू जडान गरेको ४ दिनजति पछि तेस्रो तलाका झ्यालहरू, तेस्रो तलाका झ्यालहरू जडान गरेको ५ दिनजति पछि चौथो तलाका झ्यालहरू, चौथो तलाका झ्यालहरू जडान गरेको ३ दिनजति पछि पाँचौ तलामा क्रमश: सं. ८२२ चैत्र शुल्क सप्तमी, चैत्र कृष्ण तृतीया, चैत्र कृष्ण सप्तमी, चैत्र कृष्ण एकादशी र चैत्र कृष्ण त्रयोदशीका तिथि दिनहरूमा जडान गरिएका बुझिन्छन्। यताबाट एक तलामा झ्याल जडान गरेको लगतै पछि उपल्ला तलाका झ्यालहरू जडान गर्नु पहिले माथि भने झैँ गर्भगृहको गारो बनाउने, नागो लेबिसि बुट्टा निकाल्ने, टुनाल त्वाकलहरू राख्ने इत्यादि काम पनि हुँदै गएको हुनुपर्छ। अभिलेख ग्रन्थमा यिनीहरूका बारेमा विवरण नखुलाई होम पूजादि कृत्य सम्मन्न गराई ती झ्यालहरू पहिलोदेखि पाँचौ तलासम्म जडान भएका संवत तिथि दिन र ती कृत्यका निम्ति चाहिने सामग्री औ तिनमा भए गरेका खर्चमात्र लेखिएका छन्।

**चुरिका, चूलिका, चुका चढाउने**- यसबारेमा पनि वास्तु शास्त्रीय र प्राविधिक (चुलिका काठको बनोट, नापो, जडान प्रविधि इत्यादिका) केही तथ्य विवरण नलेखिकन यज्ञ-होम (शिर होम), कर्म्मबलि, पिथि पूजा, भैरव, कुमारी, तलेजु र दुमाजु पूजा, षट्चक्र पूजा, दिक पूजा कृत्यहरूलाई चाहिने पूजा जज्ञ सामग्री, राँगो, बोका, हाँस इत्यादिका सूचीमात्र लेखिएका देखिन्छन्। चुलिका चढाउन ती कृत्यहरू सम्पन्न भएका सम्म यताबाट जानकारी मिल्न आउँछ। नव निर्मित पाँचतले मन्दिरको टुप्पामा स्थापना गरिने गजूर अड्याउने काठ विशेषलाई चुलिका भनिंदो रहेछ। त्यसै हुँदा त्यसबेलाको चलन रीति थिति र वास्तु शास्त्रीय प्रविधि अनुसार चुलिका स्थापना अगावै त्यस्ता जज्ञ होम र पूजादि कृत्यहरू देवदेवीहरूमा पशुपंछी बलि चढाई सम्पन्न गरिएका बुझिन आउँछ। त्यस बखतको धार्मिक विश्वासअनुसार मन्दिरको गजूर र मन्दिरलाई त्यस्ता कृत्यहरूले सन्तुलन गरिराख्छ, दैविक र प्राकृतिक उत्पात-घटनाबाट सुरक्षित राख्छ भन्ने रहेछ। प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्कहरू २ क, १३७ क, १४२ क, १६३ ख-१६४ क मा ती कृत्यका सामग्री सूची र केही खर्च टिपिएका देखिन्छन्। उपर्युक्त पत्राङ्कहरूमा पाँचतले मन्दिरमाथि चुलिका काठ चढाउनका लागि सम्पन्न गरिएका अनुष्ठान कृत्यहरूका संवत् तिथि सं. ८२२ वैशाख शुल्क तृतीया वृहस्पतिबार एउटै दिन तिथि उल्लिखित भएको देखिन्छ। उक्त मन्दिरको पाँचौ तलामा झ्यालहरू जडान भएको ३ दिन पछि चुलिका काठ चढाउनका निम्ति उपयुक्त यज्ञ होम र बलि पूजा गरिकन त्यसको ५/६ दिन पछि अर्थात् सं. ८२२ वैशाख शुल्क तृतीयाका दिन उक्त मन्दिरमाथि टुप्पामा चुलिका काठ चढाई जडान गरिएको बुझिन्छ। उक्त चुलिका काठ जडान गर्नु अगाडि सम्पन्न भएका अनुष्ठान कृत्य अवसरमा सम्बद्ध कालिगड काठ जडान गर्नु अगाडि सम्पन्न भएका अनुष्ठान कृत्य अवसरमा सम्बद्ध कालिगड नाइकेलाई सम्मान पूर्वक पूजा गरी दक्षिणा भेटी मो ८ दं १४ दिएको तथ्य पत्राङ्क २४९ ख परिशिष्ट नं. ५८ ग बाट थाहा हुन्छ।

**छाना छाउने काम**- पाँचतले मन्दिर अर्थात् ङाता पोलल देवल नाम सार्थक र प्रख्यात तुल्याइरहेको काम साँच्चै भन्नुपर्‍यो भने उक्त मन्दिरका पाँचै तलाका छानाहरूमा झिँगटी इँट, कुना कुनामा कुंपा, गोंग:पा इत्यादि झिँगटी इँट छाउने सीप हो। यस कामलाई उक्त मन्दिरको निर्माण कार्यको पूर्ण स्थितिको सन्निकट अन्तिम चरण भनेमा अत्युक्ति परोइन। छानामा झिँगटी छाउने अवालेहरूका ती महत्त्वपूर्ण कामबारेमा केही कुरा यसै पुस्तकको पृ.३९-४० मा गइसकेको छ। पाँचतले मन्दिर निर्माणका क्रमिक चरणबद्ध कार्यक्रम अनुसार जग हाल्ने अर्थात् मित सोङादेखि चुलिका जडानको कामसम्मको कुरा लेख्तै लेख्तै झिँगटी छानाछाउने काम सम्बन्धी तथ्यहरू प्रस्तुत अभिलेख ग्रन्थमा खोजी पस्दा यसको बारेमा पनि झिँगटी छाना छाउनु अगाडिका धेर प्राविधिक कामहरूको तथ्य वर्णन जस्तो तलैपिच्छे टुनालहरू, पाखा धलिं अर्थात् बलेसी दलिनहरू (जम्मा जम्मी ५२८ ओटा जति ती प्रत्येकको बलेसी छेउनेर एकेक फस गाँथ अर्थात् बतासे घण्टी झुण्ड्याउन खैमल जडान भएका), ती दलिनहरू अड्याउन भित्रपट्टि गारोमाथि निदाल काठहरू, टुनालका माथिल्लो छेउ अड्याउने चलु मुसी बाहा, मुसी, जँचु, टुनालहरू जम्मा १०८ ओटा (कुनामा रहेका २० ओटा, पहिलो र दोस्रो तलामा गरी २४+२४, तेस्रो र चौथो तलामा १६+१६, र पाँचौंमा ८, पहिलो तलाका चारै पाटाका बिलंपौ भएका टुनालका अगल बगलमा २/२ ओटा अलगगै गन्न पर्ने देखिन्छन्), पाखा दलिनहरूमाथि फलेक जडान गर्ने, मुठल सी काठ जडान गर्ने, आनापति जोलपति हाल्ने जस्ता थुप्रै काम

सकिएपछि अवालेहरूले पाखा दलिनहरूमाथि फलेकमा असल जातका लेसिलो र राम्ररी मुछिएका माटो हालिकन त्यसमाथि झिँगटी छाना छाउने काम गर्ने हुन्। छानाका कुनामा ग्वंग:पा, आनापति इत्यादि निर्माण सामग्री जोहो गरिएका मात्र उल्लेख गरेका देखिन्छन् (परिशिष्ट सङ्ख्या १८, १९ ख, २० /२० क यसै पुस्तकका पृ.११२-११८)। भैरवलाई राँगो बोका १/१ भोग बलि चढाई जज्ञाँ होम पूजा जस्ता अनुष्ठान कृत्य सम्पन्न गरिएका तथ्य ती कामका निम्ति चाहिने सामग्री सूची पत्राङ्क १४० क र १६३ ख मा दोस्रो भागको पृ.२०३-२०४ र २३८ मा उल्लिखित भएकाले ज्ञात हुन आएको छ। सबभन्दा पहिले पाँचौं तलाको छानामा सं. ८२२ वैशाख शुल्क ७ का दिनमा, चौथो तलामा दुई दिनपछि वैशाख शल्क ९ का दिनमा, तेस्रो तलामा पनि दुई दिनपछि नै वैशाख शुल्क ११ मा, दोस्रा तलामा ५ दिनपछि वैशाख कृष्ण प्रतिपदाका दिनमा, त्यसको पनि पछि आठौं दिनमा वैशाख कृष्ण अष्टमीका दिनमा पहिलो तलामा गरी यसरी क्रमश: माथिल्लो तलादेखि तल्लो तलामा झिँगटी छाना छाइएको थाहा हुन्छ।

यहाँनिर स्मरणीय र जिज्ञासा लायकको कुरा यो छ कि झिँगटी इँट छाउनु अघि सिध्याई राख्नुपर्ने उपर्युक्त निदाल काठहरू, टुनालका माथिला टुप्पा अड्याउने चलु सिं भन्ने काठ, छानाका दलिनहरू, टुनालहरू, मुसी, मुसी वाहा काठहरू, जँचुकाठहरू, फलेकहरू र मुठलसी काठ जडान गर्ने कामहरू थोरै नै समयमा द्रुत्ततर गतिमा सिध्याइदिएका आश्चर्यजनक लाग्छ। छाना सम्बन्धी काममा कर्मी सिकर्मीहरूले गर्नुपर्ने उपर्युक्त काठहरू जडान गर्ने काम, नकर्मीहरूले आनापति जापति र कुंया ग्वंग:पा इँटहरूमा मजबूतसाथ कीला ठोकी जडान गर्ने काम र टम्म सम्म मिल्ने गरी झिँगटी इँट र कुना-कुनामा ग्वंग:पा कुपा इँटहरू छाउँदै पाँचै तलाका छानाहरूलाई सुन्दर आकर्षक स्वरूप प्रदान गर्ने सीप भएका अवालेहरूका काममा भएका पारस्परिक समन्वय, एकाग्रता र लगनधुन अवश्यमेव अनुकरणीय र स्तुत्य दृष्टान्त मान्न लायकका छन्। पाँचौदेखि पहिलो तलासम्मका छाना छाउने काम सकिएपछि **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** निर्माण कार्य सिद्धिए सरह भयो। उक्त मन्दिरमाथि गजूर चढाउने, मन्दिरमा बेताली पगरी पताका फहराउने र मन्दिरभित्र स्वेष्टदेवदेवीको प्रतिमा धार्मिक विधि पूर्वक स्थापना हुने वर्णन यहाँपछि यथा-यथा स्थानमा लेखिने छन्। केही शेष निर्माण कार्यहरू मन्दिरका पाँचै तहका फले-पेटीहरू बनाउने काम भइरहेका तथ्य तिथि दिनहरू ज्येष्ठ कृष्ण १२, आषाढ शुल्क ६, भाद्र कृष्ण १ र आश्विन शुल्क १० मा म्होय (मोही) र बितमिहरू काममा लगाई चालु रहेका तथ्य पत्राङ्क २५६ ख - २५७ क, ख मा दोस्रो भागका पृ. ३९३-३९४ मा उल्लिखित भएका देखिन्छन् त तोरण (द्वारहरू र झ्यालहरू माथिका) जडान गर्ने तथा टुनालहरूमा बिलंपौ जडान गर्ने काम पनि छानाको काम सिद्धिएपछि भएको भन्ने तथ्य आषाढ वदि ४ तिथि दिन उल्लेखका साथ पत्राङ्क १९८ ख मा दोस्रो भागकै पृ.२६८ -२८७ मा सूचित गरिएको देखिन्छ। यति हुँदाहुँदै पनि मन्दिरको प्रस्तर भरेङ्ग खुड्किला पेटीहरू र त्यसका दायाँबायाँका जोडा मूर्तिहरू जयमल प्रताप, हात्ती, सिंह, शार्दुल र सिघिनी व्याघिनी देवीहरूका मूर्तिहरू बनाई त्यहाँ स्थापना गरिएका तथ्य उल्लिखित भएको पाइएन।

यहाँनेर, पाँचतले मन्दिरका टुनालहरू बारेमा केही वर्णन गरिन्छ। पहिलो तलाका छानामुनि चारै कुनामा एक एक टुनाल र चारै दिशाका बीच बीचमा छ छ ओटा टुनालहरू जडान भएका देखिन्छन्। बीचका छ ओटा टुनालले प्रत्येक पाटामा ५/५ कवल खण्ड जस्तो छुट्याइराखेको देखिन्छ। ती खण्डहरूबाट सो तलाका प्रत्येक पाटाका तीन तीन झ्यालहरू र दुई दुई गवाक्ष झ्यालहरू देखिन्छन्। दोस्रो तलाका चारै पाटाका र चारै कुनाका टुनालहरूका सङ्ख्या पनि त्यत्तिकै छन् औ तिनीहरूका स्थिति पनि त्यस्तै छन्। तिनीहरूका आकार र क्षेत्रफलमात्र समानुपातिक हिसावले अलिक कम भएका देखिन्छन्। कुनामा रहेको प्रत्येक टुनालमा सबभन्दा तल एउटा बसिरहेको हात्ती देखिन्छ। त्यस हात्तीका दुई दन्त छन्, सुँड गुजुल्ट्याइएको देखिन्छ। त्यस हात्तीको टाउकोमा दुई खुट्टाले टेकेर उभिरहेको एक शूरो सिंह देखिन्छ। त्यस सिंहमाथि गरुडको जस्तो मुखाकृति भएको अर्को अलौकिक जन्तु सिंहको टाउकोमाथि खुट्टा राखेर बसिरहेको देखिन्छ। त्यस अलौकिक जन्तुमाथि पनि त्यसको टाउकोमा टेकेर उफ्रन लागेको जस्तो देखिने अर्कै अद्भूत जीव देखिन्छ। त्यस टुनालको चार चार जति दलिनको दूरीमा अन्य अगल बगल एकेक जोर टुनाल देखिन्छ। त्यो टुनाल अरुभन्दा केही ठूलो र चौडा देखिन्छ। त्यसमा विविधि आयुध धारणा गरिरहेकी अठाह्र हात भएकी देवी देखिन्छ। त्यस देवीको मूर्तिमुनि देवताको मूर्ति देखिन्छ। त्यस चौडा टुनालको दुवैपट्टि अपेक्षाकृत ससाना टुनालहरूमा एक एक उनिएको फूल माला जस्तो बुट्टा देखिन्छ। बीचको चौडा टुनालमा रहेकी देवीको मूर्तिमाथि पनि चार ओटा फूलमाला लत्रिरहेका जस्ता बुट्टा कुँदिएका छन् (फोटो नं. ७ क-च)। कुनामा रहेका टुनालहरूमुनि रहेका काठका हर्थुङ्गो बुट्टा र इँटका हत्केला आकृतिका बुट्टा बनोटहरूले टुनालहरूकै शोभा र चहकमहक बढाई आधार दिइरहे झैँ लाग्छ। चारै दिशाका चारै पाटाका बीच बीचका टुनालहरूका बनोट, स्थान-स्थिति र तिनीहरूको अलगबगलका ससाना टुनाल जोडाहरूका स्थान स्थिति औ तिनीहरूमा कुँदिएका बुट्टा बान्की त्यस्तै देखिन्छन्। पहिलो र दोस्रो तलाका टुनालहरूमा कुँदिएका काष्ठ मूर्तिहरू ब्रम्हायणी, महेश्वरी, कौमारी, वैष्णावी, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी नामका अष्टमातृका देवीहरूका हुन्। ➲

# स्क्रब टाइफस के हो ? लक्षण र बच्ने उपाय

धेरै सरुवा रोगहरू मध्येको एक हो स्क्रब टाइफस । यो रोग मुसामा लाग्ने किर्ना जस्तो देखिने कीरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orientia tsutsugamushi) भन्ने जीवाणुबाट लाग्दछ । माइट प्रायःजसो झाडी, खेतबारी, वनजङ्गल, घर वरपरको झाडी तथा घुरान हुने ठाउँमा देखिने गर्दछ ।



स्क्रब टाइफस कीरा (माइट)

स्क्रब टाइफसको सङ्क्रमण बाह्रै महिना देखिने र मुलुकका सबै जिल्लामा फैलिने विज्ञहरूले बताउँदै आएका छन् । विशेषगरी असारदेखि अजोससम्मको समयलाई यो रोगको जोखिम अवधि मानिन्छ ।

**लक्षण**

सामान्यतया सङ्क्रामक परजीवीले टोकेको ५ देखि १४ दिनको अवधिमा लक्षण देखिन थाल्छ । स्क्रब टाइफस भएका मानिसहरूमा धेरै जरो आउने १०४ डिग्रीभन्दा बढि र काम जरोसमेत आउन सक्दछ । धेरै टाउको दुख्ने, पसिना धेरै आउने, आँखा रातो हुने, शरीरका भागहरूमा स-साना बिमिरा देखिने, झाडापखला लाग्ने, बिस्तारै शरीरका मुख्य अङ्गहरूले काम गर्न छोड्ने, समयै उपचार नभएमा कडा खालको स्वासप्रस्वास समस्या जस्तै दम बढ्नु, सास फेर्न गाह्रो भई बिरामी सिकिस्तसमेत हुन सक्छ । टोकेको ठाउँमा पछि गएर कालो दाग बस्न सक्छ ।




शरीरमा देखिने बिमिरा

**बच्ने उपाय**

सामान्यता मानिसले आफ्नो घरवरपर मुसा आउन नदिने वातावरण तयार गर्नुपर्छ । खेतीबारीमा काम गर्दा, वनजङ्गल, झाडीमा तथा घाँस काट्न जाँदा पूरा शरीर ढाकीने कपडा लगाउने, सम्भव भए बुट नभए जुत्ता लगाउने, घाँसबारी वा चौरमा नबस्ने बस्नै परे गुन्द्री वा दरी ओछ्याएर बस्ने, सम्भव भएसम्म भुईंमा नबस्ने, खाटमा वा अग्लो स्थानमा सुत्ने बस्ने, मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डारण गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सिर्जना गर्ने ।

रोगको लक्षण देखापरेमा उपचारका लागि छिटो अस्पताल जाने ।

---

➲ तेस्रो तलाका टुनालहरूमा लोकेश्वरका मूर्तिहरू कुँदिएका छन् । चौथो तलाका टुनालहरूमा महालक्ष्मीका विविध मूर्तिहरू कुँदिएका छन् । पाँचौ तलाका टुनालहरूमा शिवशक्तिका मूर्तिहरू कुँदिएका छन् (**भक्तपुर, मासिक पत्रिका** अङ्क ११९ मा प्रकाशित ‘न्यातपोलल सम्झिंदा’, स्व.सत्यरानायण प्रजापतिको लेखअनुसार, पृ.४२) । दोस्रोदेखि पाँचौं तलासम्मका टुनालहरू र झ्यालहरूका काष्ठ मूर्तिहरूका फोटो चित्र स्पष्ट आएनन् । त्यसो हुँदा ती टुनालहरू र झ्यालहरूमा कुँदिएका काष्ठकलाका परिचयात्मक वर्णन यहाँ गरिएन । ती काष्ठ मूर्तिहरू पुराना भएकाले र तिनमा लगाइएका रङ्ग उडिसकेका कारणले पनि कुन कुन देवदेवीका मूर्ति कुन कुन टुनालमा रहेका छन् औ के केका बुट्टा कुँदिएका छन् चिन्न मुश्किल छ ।

जे होस्, पाँचतले मन्दिरका खामाहरू, मेठ, निदालहरू र टुनालहरू हेर्दा यस्तो लाग्छ- ती खामाहरू, मेठहरू, निदालहरू, साना-ठूला औ पातला चौडा बनोटका काष्ठकलापूर्ण टुनालहरू सबैका सबैले परस्पर मिलेर आ-आफ्नो स्थानमा स्थिर रही उक्त **न्यातपोल देवल** अर्थात् **पाँचतले मन्दिर**का सम्पूर्ण बोझ थाम्ने कर्तव्य अभिभारा सन्तुलित र समन्वित हिसावले निर्वाह गरिरहेकाले त्यस **न्यातपोलल देवल** अर्थात **पाँचतले मन्दिर**को प्रख्याति विश्वभर फैलिएर सुरक्षित भए झैँ हामी वर्तमान नेपालीहरू पनि आ-आफ्नो जिम्माको काम सहकर्मी बन्धुहरूसित मिलिजुली काँधमा काँध मिलाई सम्पादन गर्ने गरेमा आ-आफ्नो काम कीर्ति सदियौँ वर्षसम्म चिरस्थायी राख्न सकिन्छ, विश्वभर प्रख्यात तुल्याउन सकिन्छ भन्ने सन्देश दृष्टान्त प्रकट गरिरहे झैँ लाग्छ ।(**क्रमशः**)

पाठकपत्र

## कर उठाउनेतिर नगरपालिकाको ध्यान पुगेन की ?

'भक्तपुर' मासिक साउनको सातौँ नगरसभाको विशेष अङ्क हेर्ने मौका पाएँ । त्यसमा धेरै शीर्षकहरू मिलाउनु पर्ने, थप्नु पर्ने देखिएको अनुभव भएकोले पाठक पत्र लेख्दै छु । नपाको करको शीर्षकमा खाद्यान्न पसलहरूको क श्रेणीमा नै वार्षिक रु. १५०० मात्र छ । किराना पसल र खाद्यान्न एउटै शीर्षक अथवा सोही दररेटमा शुल्क लगाउनु पर्ने महसुस भएको छ । साथै महिनाको लाखौँलाख नाफा लिने वा वर्षमा करोडौँ नाफा लिने मिनिमार्टहरू खाद्यान्न र किराना पसलमा दर्ता गरिराखेका धेरै छन् । ती मिनिमार्ट पसलहरूलाई किन सोही शीर्षकमा पसल दर्ता गराउन कडाइ गर्नुपने देखिन्छ । अनुगमन समितिले मिनिमार्टमा दर्ता गर्न सुझाव पनि अटेर गर्नेलाई ठूलै जरिवाना गर्नुपर्छ । त्यसो नगर्दा कतै भक्तपुर नगरपालिकाको राजस्व गुमेको त छैन ?

ब्युटिसियसन र पार्लरहरू पनि राष्ट्रिय अन्तराष्ट्रियदेखि सामान्य लोकल दिदीबहिनीहरूलाई मेकअप गर्ने पनि छन् । करको शीर्षक ठूलोलाई अलि बढी नै गर्नुपर्ने हो कि ? साथै भोजनालय, खाजाघर, पकाएको खानेकुरा र साधारण रेष्टुराँ र चिया पसल शीर्षक धेरै तर करको दायरा पनि फरक नभएकोले त्यसमा पनि मिलाउनु पर्ने हो कि ? त्यस्तै डेस्कटपको काम गर्ने पसलहरू बढ्दै छ । त्यसैले डेस्कटपको शीर्षक थप्नुपर्ने होकि भन्ने लागेको छ ।

त्यस्तै भक्तपुर नगरभित्र विभिन्न स्थानमा चारपाङ्ग्रे दुईपाङ्ग्रे सवारी साधनहरू पार्किङ्ग गर्ने स्थानहरू धेरै छन् जसमा क्यान्सर अस्पताल अगाडि, सिद्धपोखरी, नपुखु, कमलविनायकको बाटो छेउ, च्याम्हासिंह लगायत छन् । ती पार्किङ्ग क्षेत्रहरूमा नगरपालिकाले पार्किङ्ग शुल्क उठाए व्यवस्थितमात्र होइन सुरक्षित पनि हुने हुँदा यतातिर ध्यान जानुपर्ने हो कि ? अझ क्यान्सर अस्पताल अगाडिको पार्किङ्ग शुल्क उठाउनको लागि निवेदन दिइसक्दा पनि बेवास्ता भएको हो कि भन्ने महसुस भएको छ ।

त्यस्तै अहिले भक्तपुर नगरभित्रका खुल्ला स्थानहरूमा भक्तपुर नगर बाहिरकाहरूको डेरा, व्यवसाय, पसलहरू अत्याधिक बढेको पाइन्छ । तिनीहरूले नगरपालिकामा न व्यवसाय कर तिर्छ, न सफाइ शुल्क तिर्छ, न अन्य कुनै कर तिर्छ । अव्यस्थित पनि छ । त्यसमा अत्याधिक रूपमा तरकारी पसलेहरू छन् । जसमा विचौलिया र व्यापारीहरूलाई बढी नाफा छ भने किसानहरूले श्रमको मूल्य पाइरहेका छैनन् । त्यसैले ती तरकारी पसलहरूबाट घुम्तिकर उठाउनु पर्ने देखिन्छ । नत्र फोहोर र रोग सबै भक्तपुर नगरवासीलाई, नाफा सबै बाहिरका व्यापारीलाई हुनेछ । साथै ढावा पसलहरूबाट पनि घुम्ति कर उठाउनु पर्ने हो कि ?

*एक सचेत नागरिक टेजा*

## राममन्दिरको शौचालयमा कार्य गर्ने ठेक्का हो कि कर्मचारी ?

सफाइमा नमुना बनेको भक्तपुर नगरको राममन्दिरको शौचालयबारे पटक पटक पाठक पत्र 'मजदुर' दैनिक र 'भक्तपुर' मासिकमा पढ्ने मौका पाएँ । तर सुधार हुनसकेको छैन । राम्रोसँग कार्य नगरेको, दुर्गन्धित भएको, शौचालयमा कार्यालय समय अवधिभर नबसेको कुराबारे वडा कार्यालयसम्म गुनासो पुग्दा पनि कारबाही नभएकोमा स्थानीयहरू अचम्भित छन् ।

यसमा वडा निरीक्षक वा वडा समिति अथवा नगरपालिका कसको ध्यान नपुगेको हो ? यसबारे नगरपालिकाको कुरा काट्न थालिएकोले यो पाठक पत्र नगरपालिकासमक्ष पुगोस् भनेर लेख्दै छु ।

*एक स्थानीय व्यक्ति, राममन्दिर, भेलुखेल*

### कोरोना महामारी

**जतातत फैलिरहेकोले**



अत्यावश्यक काममा बाहेक घर बाहिर नजाऔँ, मास्कबिना जाँदै नजाऔँ ।

बाहिरी वस्तु छोएपछि हरेक पटक साबुन पानीले हात धुन वा सानिटाइजर लगाउन नबिसौँ ।



भौतिक दूरीको सधैँ ख्याल गरौँ,



अरुसँग मास्क झिकेर कहिल्यै कुरा नगरौँ ।

हात नधोई आँखा नमिचौँ, नाक नकोट्याऔँ र मुख नछोऔँ ।

सावधानी, सचेतता र सतर्कताको स्वस्थकर बानी बसालेर आफू बचौँ र अरुलाई पनि बचाऔँ ।

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१०)

**परिच्छेद - ३...**

१२. वडा समितिको काम, कर्तव्य र अधिकार :

(१) वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछः–

क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

(१) सहभगितामूलक योजना तर्जुमा प्रणालीअनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

**ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सकंलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

**ग. विकास कार्य**

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाइ, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सङ्कलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(१५) पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख

राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदनसहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त, सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

**घ. नियमन कार्य**

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योगधन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

**ङ. सिफारिस तथा प्रमाणित गर्ने**

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) प्रचलित कानूनअनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

**(३)** उपदफा (१) बमोजिम कार्यपालिकाबाट वडा समितिको काम, कर्तव्य र अधिकार नतोकिएसम्म वडा समितिले उपदफा (२) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ ।

(४) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ ।

**(क्रमशः)**




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 52

## CHAPTER XXIV...

In accordance with this verdict, the sentence of death was immediately executed upon the leaders of the Pandis, and on some of their adherents. Karbar Pandi and Kulraj Pandi, the most active members of the ministry which, under the nominal premiership of their brother, Ranjang Pandi, had murdered Bhim Sen, were beheaded. Ranjang Pandi himself was brought to the place of execution, but being at the time in a dying state, he was merely shown to the people and then removed to his own house, where he died naturally a few hours afterwards. Indar Bir Thappa and Rambam Thappa, two treacherous deserters of Bhim Sen's, and, in the hands of the Pandis, the most active agents of mischief against their own party, were also beheaded, and with them was executed Kanak Sing Mahat, the late Chief Justice, or Ditha, who had drawn up the fictitious confession of guilt, under colour of which Bhim Son had suffered. The Ditha is said to have been an honest man, and to have had no option as to the paper of confession, which was penned under the Rajah's own eye, and at his dictation. Bodman Karki was deprived of his lips and nose, and Bansraj Bashniat of his nose. Upwards of forty other Pandis with their families were banished to the plains, and their property confiscated.

**PUNISHMENT OP THE PANDIS.**

During the remainder of the year Fathe Jang continued in office as Premier, and no changes were made among his colleagues in the Cabinet.

Martabar remained out of office; he became the most influential person in the Darbar, and though the leaders of all sides paid court to him, he carefully held aloof, biding his time, and openly identified himself with none of the rival parties in the State.

The King appears to have distrusted Martabar and suspected that ho was in league with the Queen, and would assist hey in achieving her own objects of ambition at the expense of himself and the Heir- Apparent. For this reason, the King kept delaying to appoint Martabar as Premier, and pushed forward the Heir- Apparent,* encouraging him to take upon himself an undue assumption of authority, in order that the young Prince might be in a better position to defend his own and his father's rights.

At last, however, the King was obliged to yield to the constantly exerted influence of his Queen, and the loudly expressed desire of his subjects, that the existing weak Cabinet of Fath Jang should be dissolved, and that the reins of government should be placed in the hands of Martabar Singh.

* He was married in May 1843.

On the 25th of December 1843, General Martabar Singh was formally appointed Prime Minister and Commander-in-Chief. His appointment took place in a very full Darbar, and apparently met with general approval of all parties in the State, including even the Chautrias. (At this time Ranbir Thappa, brother to Bhim Sen, and uncle to Martabar, was living in Kathmandu in the guise and manner of a Fakir.)

Martaber's violent temper and arrogant bearing made him personally unpopular with the other Sardars, but he was most cordially supported by the whole of the army, with whom he had ever been a favourite. He soon felt the difficulty of the "double government" of the King and Heir- Apparent, and openly expressed his unwillingness to serve "two masters." His remonstrances appear to have given offence to his royal masters, and in his bearing towards them he probably arrogated to himself more than either King or Prince were disposed to concede.

In May 1844 he resigned his appointment as Minister, and expressed his desire to quit the country for the plains. He was persuaded to continue to act "until his successor should be appointed," and in October, he consented formally to "officiate" as Premier, in order, as be said, "to keep the soldiery quiet." His resignation and reappointment were doubtless only a party move, to ascertain the strength of his hold on the King and on the Court. The violent excesses of the Heir-Apparent continued to cause great discontent throughout the country; among other amusements, he took to maltreating even Brahmans and cows.** His violent conduct had at first been encouraged by his father for party purposes, partly with a view to check the schemes of the Queen, and partly as a means of drawing out the opinions of the leading Sardars, and eliciting their supposed treasonable designs. His violence, however, at length became quite uncontrollable, and became the more serious as he' now openly avowed his intention of making the King abdicate in his favour, and it was feared that, in the unsettled state of the country, and with so many opposing parties at Court, his wild and reckless conduct might excite a revolution.

**EXCESSES OF THE HEIR-APPARENT.**

In December 1844 the Heir- Apparent, in disgust that his father would not abdicate, suddenly left the valley with a large body of troops and a number of the leading Sirdars, and repaired to the Terai, declaring that he would not return until the throne was vacant. The King and Martabar very shortly joined him. At Hi to

** Sir Henry Lawrence writes that the "most fruitful sources of disturbance in Nipal are women and cows! )



*SKETCH FROM THE BOOK-The Market Place, Kathmandu, The building (from which the City derives its name) was erected A. D.1596*

war as the Rajah and Prince had a violent quarrel, the latter threatening to lead the troops across the British frontier. The troops and the Sardars, headed by Martabar, sided with the Prince, and induced the King to a partial abdication; the King agreeing to remain on the throne, but investing his son with authority to issue all orders, and to enforce their obedience.

Ever since his return to Nipal, Martabar had secretly been anxious to induce the King to abdicate in favour of the Heir- Apparent. At first, he proposed that, in case of the King's abdication, the Queen should be made Regent, and he himself be Premier. Gagan Singh and Abhiman Ran a were in league with him to effect this change, but they were so anxious to secure all the power in their own hands, that Martabar abandoned the scheme of a Regency, and openly advocated the claims of the Heir-Apparent. This made for him a mortal enemy in Gagan Singh as well as in the Queen. The latter would. have been delighted at being made Regent, as she then hoped to be able to carry out her favourite plan of setting aside the Heir-Apparent, on the plea of insanity, which the extravagance of his conduct might have easily been made to bear out. Martabar knew both father and son well; and calculated that he could control the youthful extravagances of the Prince more easily than he could the cowardly, cunning, and vacillating character of the Rajah. The sudden expedition to the Terai, and the threat to cross the British frontier with troops, was merely a ruse, done with the hope that the angry remonstrances of the British Government on the occasion of such an outrage would frighten the timid monarch into a surrender of the throne to his son. After this scene was over at Hitowara, the King, with his son, Martabar, and the whole camp, returned to Kathmandu. Before leaving the Terai, however, the Prince indulged his love of bloodshed by causing sixteen officers and soldiers, who had used threatening language to Martabar Singh, and had remonstrated against the transfer of authority from the King to his son, to be summarily executed, without trial or confession, in his presence.*

**RIVAL POWERS AT COURT.**

Martabar appears to have made up his mind as to which of the three rival powers at Court - the King, the Queen, and the Heir- Apparent- he should support against the other two. The King had mistrusted him all along; the Queen, in effecting his restoration to power, had calculated on obtaining a powerful but willing instrument to carry out her own views; she now fount out how mistaken she was in her estimate of Martabar's character, who, though violent in temper, and vindictive too, was too loyal and high-minded a statesman to be capable of perpetrating an act of treason and gross injustice.

In advocating the King's voluntary abdication in favour of the Heir- Apparent, lie was guilty of no disloyalty, but he made mortal enemies of both the Rajah and the Queen. They concealed their resentment for a time, from fear of the army, with whom Martabar was a favourite; but from the date of this excursion to Hitowara they both determined that their too powerful and courageous Minister must be got rid of.

Kaji Jang Bahadur warmly supported his uncle in advocating the cause of the Heir- Apparent. He could personally bear the Prince no good will; the Prince having frequently beaten and maltreated him, and on one occasion made him jump into a well to escape with his life. Jang showed his foresight and sagacity by adhering to the side of the Prince, which he knew would in the end be successful. He was somewhat of h time-server, having warmly supported the Chautrias so long as they were in possession of power. After his. return from the Terai, the King seems to have summoned courage and retracted his abdication, and reasserted his own position as ruler of the country, the Prince only acting as Minister of his orders. He arranged that he would consult with the Prince in all matters; that the Prince should give orders to the Minister, who should see to their execution.

The better to throw Martabar Singh' off his guard, and remove any suspicions he might entertain of secret ill-will being felt towards him by the King or Queen, ' he was publicly invested by the Rajah as Minister for life, on the 4th of January 1845; honours were heaped upon him by. the King, and his power and services appeared to be recognised universally.* * He seemed to have reconciled father and son, and to have gained equal power over both of them. The other chiefs and Sirdars submitted to his authority without opposition, and, excepting the Thappas, he kept most of them in the background.

* This took place at Dhupoabasa, half-way between Bichalesh and the Cheryaghatti pass.

** He was publicly invested by the King with some gold medals (which Martabar wore round his neck till the day of his death) recording that he had saved the life and throng of the King and of the Prince.

**(To be continued)**

सम्पादकको पृष्ठ

# कोरोनासँग निहुँ नखोजौँ

रोग निम्त्याउने चाहना कसैको हुँदैन तर विभिन्न कारण र अवस्थाले मानिस सङ्क्रमित र रोगी हुन्छन् । कतिपय रोग व्यक्तिको आफ्नै अज्ञानता र लापरबाहीले पनि लाग्नसक्छ ।

कोरोना महामारीले विश्व आक्रान्त भएको बेला नेपाल र नेपाली अछुतो हुने कुरै भएन । सरकारले २०७६ चैत ११ गते देशव्यापी लगाएको 'लकडाउन' २०७७ साउन ६ गते अन्त्य गरेपछि देशमा सङ्क्रमण व्यापक रूपमा फैलिएको छ । 'लकडाउन' को बेला झण्डै नियन्त्रणको अवस्थामा रहेको कोभिड-१९ साउन ६ गतेपछि सुख्खा याममा लागेको वन डढेलो जस्तै फैलन थालेको छ । अहिलेसम्मकै धेरै सङ्क्रमित र मृत्युको दैनिक जानकारी स्वास्थ्य मन्त्रालयले पटक पटक दिन थालेको छ । यद्यपि महामारीको परिभाषा अनुरुप भयावह रूप लिइसकेको छैन । तर समयमै सचेत र सतर्क नहुने, सावधानी नअपनाउने हो भने स्थिति भयावह हुने पूर्वानुमान सर्वत्र गर्न थालिएको छ । त्यसबेला स्थिति कति विकराल र भयावह होला अज्ञात छ । तर त्यसको पूर्वसङ्केत दिने केही स्थिति आजै देखिएको छ –

१) अस्पतालमा बेडको अभाव,

२) आईसीयू कक्ष अभाव,

३) भेन्टिलेटर अभाव,

४) अस्पताल र चिकित्सकको कमी,

५) पीपीइलगायतका सुरक्षा सामग्रीको अभावको सम्भावना,

५) कोभिड-१९ को उपचारमा प्रयोग भइरहेको औषधीको कमी वा अभाव,

६) आईसोलेसन स्थानको कमी (अव्यवस्थित पनि) र सङ्क्रमितलाई आफ्नै घरमा बसाउने,

७) परीक्षण सुस्त .... आदि ।

यस्तो परिवेशमा कोरोनासँग निहुँ खोजेर रोग निम्त्याउनु कुनै पनि दृष्टिले बुद्धिमानी होइन । यद्यपि कोरोनामाथि विजय प्राप्त गर्नैपर्छ । विजय प्राप्त गर्ने उपाय र तयारी पनि कुनै जटिल र कठीन छैन । स्वस्थ रहन चाहने प्रत्येक व्यक्तिले कम्तीमा बेला बेलामा हात धुने, अत्यावश्यक नपरी घर बाहिर नजाने, जानै परे मास्क लगाउने र भौतिक दूरी कायम राख्ने हो भने कोभिड-१९ नियन्त्रणमात्र होइन परास्त पनि गर्न सकिनेछ । विश्वमा यसको उदाहरण र प्रमाण देखिसकेकोले त्यसको अनुकरण गर्दा भोलि हामी पछुताउनु पर्ने छैन । अन्यथा, सत्ताधारी दल 'कुर्सीको आन्तरिक विवाद' मा अति व्यस्त रहेको र निर्देशनको चिठी पठाएर कर्तव्य निर्वाह गरिरहेको बेला कोरोनाबाट हामीलाई कसले बचाउँछ ? यस्तो स्थितिमा कोरोनाबाट बच्ने र बचाउने तपाईँकै हातमा छ – सबैलाई चेतना भया ।



संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) केन्द्रीय समितिको
पूर्ण बैठक (साउन ३० गते)




सहकारी संस्थाको साधारणसभा सञ्चालनबारे अन्तरक्रिया (साउन २४ गते)



चपाल भैरवनाथ द्यःछेँ (वडा नं. ४) पुनर्निर्माणको अन्तिम चरणमा